# पहिलो परिच्छेद
# शोधपरिचय

## १.१ विषयपरिचय

प्रस्तुत शोधकार्यको मुख्य विषय हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा विश्वदृष्टिको अध्ययन रहेको छ । उनका उपन्यासको विभिन्न कोणबाट अध्ययन भएको भए तापनि विश्वदृष्टिका सन्दर्भमा प्रधानका उपन्यासको अध्ययन भएको छैन । उनका उपन्यासमा विश्वदृष्टिको जे जस्तो प्रयोग भएको छ, त्यसको विश्लेषण गर्नु नै यस शोधकार्यको मूल विषय हो ।

हृदयचन्द्रसिंह प्रधान (१९७२-२०१६) नेपाली साहित्यका बहुमुखी प्रतिभा हुन् । उनले निबन्ध, कथा, कविता, उपन्यास, समालोचनाजस्ता विभिन्न विधामा योगदान दिएका छन् । आधुनिक उपन्यासको प्रगतिवादी तथा यथार्थवादी धारामा देखापरेका प्रधानका *स्वास्नीमान्छे* (२०११) र *एक चिहान* (२०१७) गरी दुईवटा उपन्यास प्रकाशित छन् । उनले आफ्ना उपन्यासको विषयवस्तुको स्रोत समाजलाई नै बनाएको पाइन्छ । *स्वास्नीमान्छे* उपन्यास नेपाली समाजमा नारीले भोग्नुपरेको लैङ्गिक तथा वर्गीय विभेदजस्ता विविध सामाजिक समस्यामा केन्द्रित छ । यस उपन्यासमा पारिवारिक बेमेलका कारण शत्रुहरूले त्यसको प्रत्यक्ष फाइदा कसरी लिएका छन् र एउटी स्वास्नीमान्छेको शत्रु कसरी स्वास्नीमान्छे नै हुन्छन् भन्ने विचार पनि एकातिर छ भने अर्कोतिर स्वास्नीमान्छेको पीडा स्वास्नीमान्छेले नै बुझ्न सक्छ भन्ने विचार रहेको पाइन्छ । यस्तै *एक चिहान* उपन्यास २०१७ सालमा प्रकाशित भएको हो । यस उपन्यासमा काठमाडौँ उपत्यकामा पर्ने थापाथलीनजिकैको कुरिया गाउँ र त्यस वरपरको तत्कालीन समाजको चित्रण गरिएको पाइन्छ । यस उपन्यासमा वर्गीय, जातीय, भौगोलिक, आर्थिक, राजनीतिक आदि पक्ष व्यापक रूपमा समेटिएको पाइन्छ । यसरी यी दुई उपन्यासमा नेपाली समाजमा प्रचलित सामाजिक एवम् सांस्कृतिक संरचनाले निर्माण गरेका पारिवारिक, राजनीतिक, सांस्कृतिक, आर्थिक, भौगोलिक, लैङ्गिक, धार्मिक आदि सामाजिक संरचना छन् । यिनै सामाजिक संरचनाको आधारमा उक्त उपन्यासमा विश्वदृष्टिको खोजी गरेर त्यही सैद्धान्तिक आधारमा उपन्यासको विश्लेषण गर्ने कार्य यस अध्ययनमा भएको छ ।

गोल्डमानले उत्पत्तिमूलक संरचनावादको मूल सैद्धान्तिक स्वरूपभित्र विश्वदृष्टि-सम्बन्धी समाजशास्त्रीय मान्यता प्रस्तुत गरेका छन् । साहित्य विश्लेषणका विभिन्न आधारहरूमध्ये विश्वदृष्टि उनको सबैभन्दा प्रमुख मान्यता हो । उनको समाजशास्त्रको मूलभूत पक्ष भनेको एउटा वर्ग वा समुदायको पूर्ण सम्भावित चेतनाबाट विश्वदृष्टिको निर्माण हुन्छ भन्ने हो । उनका अनुसार एउटा वर्ग वा समूहको जीवन र जगत्का बारेमा सुसङ्गत दृष्टि नै विश्वदृष्टि हो । उनी समाज वा समुदायको सामूहिक चेतनालाई विश्वदृष्टि मान्दछन् । यसको विकास कुनै एउटा वर्ग वा समूहबाट हुन्छ, जसमा विभिन्न किसिमका सम्बन्धहरू निर्माण हुनुका साथै विभिन्न भाव र विचारको एउटा व्यवस्था वा संरचना निर्माण हुन्छ । यसरी निर्मित वर्ग र समुदायको चेतनाको व्यवस्था र संरचनाबाट विश्वदृष्टि निर्माण हुन्छ । यो सामाजिक संरचना एक परिवर्तित अवधारणा हो । यसमा पारिवारिक, धार्मिक, आर्थिक, समुदायगत, शैक्षिक, वैवाहिक नातासम्बन्ध, विभिन्न जाति, प्रजातिलगायतका पक्षहरूको एकीकृत पद्धतिलाई सामाजिक संरचनामा समेटिन्छ । यो परिवार, समुदाय, वर्ग, जाति, भाषा, संस्कृतिबिचको अन्तरसम्बन्धका साथै विभिन्न पेसा, व्यवसायमा संलग्न समग्र मानिसको जीवनपद्धतिसँग आबद्ध भएको हुन्छ । यस कारण समुदायको समूहिक विचार नै विश्वदृष्टि हो, जसले समाजको सुसङ्गत चेतनाको निर्माण र विकास गर्छ । यसरी विकसित विश्वदृष्टिले सामाजिक संरचना र त्यस समाजको गतिशील अवधारणालाई सङ्केत गरेको हुन्छ । सामाजिक संरचनामा आएका परिवार, समुदाय, लैङ्गिकता, धर्म, वर्ग जस्ता पक्षलाई आधार मानी प्रधानको उपन्यासमा विश्वदृष्टिको खोजी गर्न सकिन्छ । यसरी सामाजिक संरचनाका विभिन्न पक्ष र गोल्डमानको विश्वदृष्टिसम्बन्धी मान्यतालाई आधार बनाएर प्रस्तुत शोधकार्यमा हृदयचन्द्रसिंह प्रधानका उपन्यासको विश्लेषण गरिएको छ ।

## १.२ समस्याकथन

हृदयचन्द्रसिंह प्रधानका उपन्यासहरू सामाजिक विषयवस्तुमा आधारित छन् । यी उपन्यासमा प्रधानले नेपाली समाजको सामाजिक स्वरूप एवं सामाजिक अन्तर्विरोधलाई वर्गीय दृष्टिबाट प्रस्तुत गरेका छन् । उनका उपन्यासमा व्यक्त सामाजिक संरचना र वर्गीय अन्तर्विरोधकै विश्वदृष्टि के कस्तो छ भन्ने जिज्ञासा नै यस शोधकार्यको मुख्य समस्या हो । प्रस्तुत समस्यालाई स्पष्ट पार्नका लागि निम्नानुसारका शोधप्रश्न निर्माण गरिएको छ :

(क) हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा सामाजिक संरचना के कस्तो छ ?

(ख) हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा के कस्तो वर्गीय विश्वदृष्टिको प्रयोग गरिएको छ ?

## १.३ शोधकार्यको उद्देश्य

साहित्यको समाजशास्त्रीय अध्ययनमा लुसिएँ गोल्डमानको विश्वदृष्टि एउटा महत्त्वपूर्ण मान्यताका रूपमा रहेको छ । प्रस्तुत शोधकार्यको उद्देश्य सोही मान्यताका अनुरूप उपन्यासकार हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा विश्वदृष्टिको तथा सामाजिक संरचनाको निर्माण के कसरी भएको छ त्यसलाई निरूपण गर्नु हो । यसरी गोल्डमानद्वारा प्रतिपादित सिद्धान्तहरूमध्ये मुख्य मानिएको विश्वदृष्टिलाई नै आधार मानेर प्रधानका उपन्यासहरू अध्ययन गुर्न नै यसको मुख्य उद्देश्य रहेको छ। यसका लागि शोधप्रश्नहरूसित सम्बद्ध रहेर निम्नानुसारका उद्देश्यहरू सुनिश्चित गरिएका छन् :

(क) हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा सामाजिक संरचनाको विश्लेषण गर्नु

(ख) हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा वर्गीय विश्वदृष्टिको विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

हृदयचन्द्रसिंह प्रधान आधुनिक नेपाली साहित्यको प्रगतिवादी धाराका एक सशक्त उपन्यासकारका रूपमा चिनिएका छन् । प्रस्तुत शोधकार्यमा गरिने मुख्य अध्ययन उपन्यासकार हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा प्राप्त विश्वदृष्टिको खोजी हो । प्रधानका *स्वास्नीमान्छे* र *एक चिहान* उपन्यासको अन्य विभिन्न कोणबाट अध्ययन भएको भए तापनि विश्वदृष्टिलाई आधार बनाएर उपन्यासको गहन अध्ययन गरेको देखिँदैन तर अन्य वैचारिक हिसावले उनका उपन्यासको निकै अध्ययन भएको छ । त्यसैले विश्वदृष्टिसँग सम्बन्धित रहेर गरिएका अध्ययनहरूको समीक्षा तथा विवेचना प्रस्तुत शोधकार्यका लागि आवश्यक हुने भएकाले सोहीअनुसार उपन्यासको विश्लेषणमा विश्वदृष्टिसित सम्बद्ध पूर्वकार्य तथा हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा गरिएका पूर्वकार्यहरूको समीक्षात्मक विवरण कालक्रमअनुसार तल उल्लेख गरिएको छ ।

वंशी श्रेष्ठ (२०३०) ले *स्वास्नीमान्छे* : केही टिप्पणी शीर्षकको लेखमा हृदयचन्द्रको *स्वास्नीमान्छे* उपन्यासलाई विभिन्न कोणबाट विश्लेषण गरेका छन् । यसमा श्रेष्ठले प्रधानलाई प्रगतिवादी, सुधारवादी र क्रान्तिकारी वैचारिक पृष्ठभूमि भएका उपन्यासकारका रूपमा चिनाउँदै विवेच्य उपन्यासमा लैङ्गिक उत्पीडनको अन्त्य गर्ने विचार प्रस्तुत गरेका छन् । यसमा प्रधानको वैचारिक पक्षको चित्रण गरिएको पाइन्छ । यसबाट विश्वदृष्टिका लागि चाहिने वैचारिक पक्षमा सहयोग लिन सकिन्छ ।

ऋषिराज बराल (२०४८) ले प्रगतिवादी नेपाली उपन्यासका मूलप्रवृत्ति शीर्षकको शोधप्रबन्धमा *स्वास्नीमान्छे* उपन्यासमा नारीमाथि हुने शोषण, अन्याय, अत्याचारको चित्रण गरेका छन् । यसका विरुद्ध उनीहरू स्वयम् एकजुट भई प्रतिकार गर्दा आफ्नो हकअधिकार प्राप्त गर्न सफल भएकाले *स्वास्नीमान्छे* उपन्यासलाई नारी स्वतन्त्रताको पहिलो उद्घोष भनी टिप्पणी गरेका छन् । उनले *एक चिहान* उपन्यासमा जमिन्दार र सामन्त वर्गको शोषणबाट किसानहरू शोषित भएका र त्यस विरुद्ध उनीहरू जागृत हुँदै गएको चेतनालाई प्रमुख प्रवृत्ति बनाउने पहिलो प्रगतिशील उपन्यासकारका रूपमा प्रधानलाई लिँदै उपन्यासलाई पहिलो प्रगतिशील उपन्यास मानिएको छ । बरालको उक्त विश्लेषणमा उत्पीडित नारीहरूले उत्पीडनका विरुद्ध सङ्गठित भएर प्रतिरोध गरेका र आफ्नो हकअधिकार प्राप्त गर्न सफल भएको धारणा व्यक्त गरिएको छ । यसमा लैङ्गिक उत्पीडन र प्रतिरोधसम्बन्धी अवधारणा प्रस्तुत भएकाले यसबाट उपन्यासमा रहेको वर्गीय, लैङ्गिक विश्वदृष्टिबारे अध्ययन गर्नका लागि सघाउ पुगेको छ ।

कृष्णचन्द्रसिंह प्रधान (२०५२) ले *नेपाली उपन्यास र उपन्यासकार* शीर्षकको पुस्तकमा *स्वास्नीमान्छे* र *एक चिहान* उपन्यासको विश्लेषण गरेका छन् । उनले हृदयचन्द्रसिंह प्रधानका उपन्यास वैचारिक पृष्ठभूमिमा सृष्टि हुनका साथै समाजका अनैतिक र रूढिवादी विरुद्ध प्रगतिशील दृष्टिकोण अँगालेर निर्माण भएको विचार उल्लेख गरेका छन् । प्रधानले *स्वास्नीमान्छे* उपन्यास आफूलाई भोग्या, दयनीय र कमारी बनाएर वेश्या हुन बाध्य पार्ने परिस्थितिका विरुद्ध स्वास्नीमान्छेमा देखा परेका आक्रोशको प्रतिशोधात्मक प्रतिक्रिया हो भनी टिप्पणी गरेका छन् । प्रधानको यस लेखको प्राप्ति भनेको वासनापूर्तिको साधन ठानी वेश्या बन्न बाध्य बनाउने पितृसत्तात्मक सामन्ती संरचनाविरुद्ध उनीहरूमा आएको प्रतिरोध चेतना नै हो भन्ने स्पष्ट भएको छ । प्रधानले विश्वदृष्टिको अध्ययन नगरे तापनि नारी

उत्पीडन र प्रतिरोधका बारेमा अध्ययन गरेका छन् । यस अध्ययनले सामाजिक संरचना र विश्वदृष्टिको खोजीमा सघाउ पुगेको छ ।

इन्द्रबहादुर राई (२०५८) ले *नेपाली उपन्यासको इतिहास* शीर्षकको पुस्तकमा प्रधानका दुई उपन्यास प्रगतिशीलताका प्रतिनिधि कृतिहरू हुन् भनेका छन् । राईले *स्वास्नीमान्छे* उपन्यासमा उपन्यासकारले सती भएर पनि वेश्या बन्न बाध्य भएका स्वास्नीमान्छे रोइरहेकाले नै आज संसारमा प्रगति रोकिरहेको तर्क गर्दै समाजको आर्थिक अधोगतिले स्वास्नीमान्छेलाई वेश्या बन्न बाध्य बनाएको चित्रण गरेका छन् । उनले समाज सुधारकै स्वरूपमा *स्वास्नीमान्छे* भन्दा *एक चिहान* धेरै अगाडि भएको धारणा प्रस्तुत गरेका छन् । राईको उक्त लेखमा पितृसत्तात्मक सामन्ती आर्थिक व्यवस्थाका कारण उपन्यासमा नारीको प्रतिनिधित्व सतीका रूपमा भए पनि पहिचान वेश्याका रूपमा हुन पुगेको प्रस्ट विचार दिएका छन् । प्रस्तुत लेखमा प्रधानका उपन्यासहरूको विश्वदृष्टिका कोणबाट व्याख्या, विश्लेषण नगरिए पनि यसमा विभिन्न वैचारिक पक्षलाई देखाइएको हुँदा यो लेख उपयोगी हुन्छ ।

कृष्णचन्द्रसिंह प्रधान (२०५८) ले *आधुनिक उपन्यासको विकास* पुस्तकमा प्रधानलाई शोषण, अन्याय, अत्याचार, अन्धविश्वास र रूढिवादी धारणाको विरोध गर्ने तथा नारी समस्या उर्जागर गर्ने उपन्यासकार हुन् भनेका छन् । प्रधानले उनका उपन्यासमा अनमेल विवाह, वहुविवाह, किसानहरूको दुर्दशा, अन्तर्जातीय विवाह तथा नारी उत्पीडनलाई मार्मिक रूपमा चित्रण गरिएको हुन्छ भन्ने अभिव्यक्ति दिएका छन् । प्रधानको उक्त लेखमा विश्वदृष्टिका कोणबाट अध्ययन नभए पनि उक्त लेख नारी समस्यामा केन्द्रित भएकाले यसले पनि नारीका सामूहिक विचारको प्रतिनिधित्व गरेको देखिन्छ । त्यसैले प्रस्तुत शोधमा विश्वदृष्टिका कोणबाट विश्लेषण गर्न यस पूर्वकार्यको प्रयोग गरिएको छ ।

कृष्णहरि बराल र नेत्र एटम (२०५८) ले *उपन्यास सिद्धान्त र नेपाली उपन्यास* नामक पुस्तकमा प्रधानका *स्वास्नीमान्छे* र *एक चिहान* उपन्यासको विश्लेषण गरेका छन् । उनीहरूले *स्वास्नीमान्छे* र *एक चिहान* उपन्यासमा उपन्यासकारले नारीमाथि गरिने भेदभाव र भोगवादी प्रवृत्तिलाई चुनौती दिँदै सङ्घर्षका लागि एकजुट हुने प्रेरणा दिएको बताएका छन् । समाजमा रहेका शोषक-सामन्तको छद्म क्रियाकलापलाई उदाङ्गो पारी नारी शोषणको अन्त्य गर्न आवाज उठाइएको तथा वेश्यासम्बन्धी सामाजिक धारणा परिवर्तन हुनुपर्ने कुरामा

जोड दिएका छन् । *एक चिहान* उपन्यासमा नारीलाई यौनतृप्तिको साधन ठान्ने डाक्टर गोदत्तप्रसादजस्ता जाली, फटाहा पुरुषका विरुद्ध उसकै पत्नी रञ्जनादेवी लाग्नु र नानीथकुं-लाई आफ्ना पतिका लैलैमा नलाग्न सम्झाउने क्रियाकलापले नारीहरू चेतनशील भई आफूमाथि भएका अन्यायका विरुद्धमा प्रतिकार गर्न एकजुट भएको निष्कर्ष निकालेका छन् । बराल र एटमको उक्त समालोचनात्मक लेखमा विश्वदृष्टिका कोणबाट अध्ययन नगरे तापनि उनीहरूले नारीमाथि भएको उत्पीडन र त्यसका विरुद्ध पीडितमा आएको प्रतिरोध चेतनाको अवस्था विश्लेषण गरेका छन् । प्रस्तुत लेखमा प्रधानका उपन्यासहरूको विश्वदृष्टिका कोणबाट व्याख्या, विश्लेषण नगरिए पनि यसमा विभिन्न वैचारिक पक्षलाई देखाइएको हुँदा यो लेखले सहयोग पुगेको छ ।

दुर्गाबहादुर घर्ती (सन् २०११) ले साहित्यको समाजशास्त्रको प्रमुख मान्यता नामक लेखमा साहित्यको समाजशास्त्रको परिचयात्मक स्वरूपको चर्चा गर्दै साहित्यको समाजशास्त्रीय पद्धतिको व्याख्या गरेका छन् । यस लेखमा साहित्यको समाजशास्त्रका प्रमुख मान्यताहरूमध्ये तेनको प्रत्यक्षवाद, लियो लावेन्थलको आलोचनात्मक समाजशस्त्र, गोल्डमानको उत्पत्तिमूलक संरचनावाद र रेमन्ड विलियम्सको अनुभूतिको संरचनाको परिचय दिइएको छ । साहित्यको समाजशास्त्रीय अध्ययन पद्धतिको महत्त्वमाथि प्रकाश पारिएको प्रस्तुत लेख सैद्धान्तिक आधारका लागि उपयोगी रहेको छ ।

सुधा त्रिपाठी (सन् २०१२) ले स्वास्नीमान्छे उपन्यासको नारीवादी प्रवृत्तिको विश्लेषण शीर्षकको लेखमा *स्वास्नीमान्छे* उपन्यासलाई नारीवादी कोणबाट विश्लेषण गरेकी छिन् । त्रिपाठीले पुरुषलाई बहुविवाह गर्न समाजले नै छुट दिनु, पुरुषको स्वेच्छाचारितालाई समाजले मान्यता दिनु, नारीको आर्थिक हैसियतहीनता, श्रीमान्बाट पाएको पीडा र यातनालाई नारीले आफ्नै कर्मको फल सम्झन बाध्य हुनु, वेश्यावृत्ति समाजको कलङ्क हो भन्ने थाहा पाउँदापाउँदै पनि नारीले त्यसलाई आयआर्जनको माध्यम बनाउन विवश हुनु तथा लैङ्गिक चेतनाको अभावले नारी स्वयम् नारीको विरोधी हुनु तथा लैङ्गिक चेतनाको अभावले स्वयम नारीको विरोधी हुनुपरेकाले उपन्यासमा नारी उत्पीडनको चरम अवस्था भएको निष्कर्ष निकालेकी छिन् । यसले सामाजिक संरचनागत नारीको लैङ्गिक स्थिति केलाउनमा सहयोग पुगेको छ ।

हिरामणि शर्मा पौडेल (२०६१) ले हृदयचन्द्रसिंहका औपन्यासिक विशेषता  शीर्षकको लेखमा *स्वास्नीमान्छे* पितृसत्तात्मक समाजमा पुरुषको अन्याय-अत्याचार, दमन र शोषणबाट नारीलाई मुक्ति दिलाउने उद्देश्य लिएर लेखिएको उपन्यास हो भनी टिप्पणी गरेका छन् । उनका अनुसार उपन्यासमा निहित पात्रका माध्यमबाट विद्रोहशील नारीहरूको प्रतिनिधित्व गराई सङ्गठित रूपमा नारी मुक्तिका लागि अत्याचारी पुरुषविरुद्ध सङ्घर्ष गर्न प्रेरित गरिएको छ । पौडेलको उक्त लेखमा नारी शरीरमाथि भएको शोषण, अन्याय, अत्याचार तथा दमन र त्यसको प्रतिकारको अवस्था उल्लेख गरिएको छ । पितृसत्तात्मक सोचले ग्रस्त पुरुषप्रति घृणा र विद्रोह गरिनाले नारी लैङ्गिक विभेदमा परेको स्पष्ट देखिन्छ । प्रस्तुत लेखमा प्रधानका उपन्यासहरूको विश्वदृष्टिका कोणबाट व्याख्या, विश्लेषण नगरिए पनि यसमा विभिन्न वैचारिक पक्षलाई देखाइएको हुँदा यो लेख उपयोगी रहेको छ ।

ऋषिराज बराल (२०६३) ले *उपन्यासको सौन्दर्यशास्त्र* पुस्तकमा *एक चिहान* उपन्यासले समाजमा हुने शोषणविरुद्ध सङ्घर्षको आह्वान गरेको उल्लेख गरेका छन् । बरालको प्रस्तुत विश्लेषणमा हृदयचन्दसिंह प्रधानको *एक चिहान* उपन्यासले समाजमा विद्यमान अन्याय, अत्याचार, शोषण, दमन तथा उत्पीडनका विरुद्ध प्रतिरोध गरेको स्पष्ट भएको छ । बरालको उक्त पूर्वकार्य प्रस्तुत शोधको शीर्षकसँग प्रत्यक्ष रूपमा सम्बद्ध नभए पनि यसले विश्वदृष्टिको अवधारणा निर्माण गर्न उपयोगी भूमिका निर्वाह गरेको छ ।

कमला उप्रेती (२०६३) ले स्वास्नीमान्छे उपन्यासको कृतिपरक अध्ययन शीर्षकको शोधपत्रमा पुरुषप्रधान सामन्ती संरचानाद्वारा दबाइएका तथा वेश्या बन्न बाध्य बनाइएका नारीहरूलाई मुक्त गरी महिला अधिकार प्रदान गर्नु अनि एउटा छुट्टै सुधारिएको तथा प्रगतिशील समाजको स्थापना गर्नु नै *स्वास्नीमान्छे* उपन्यासको उद्देश्य रहेको कुरा उल्लेख गरेकी छिन् । उप्रेतीको उक्त विश्लेषणको प्राप्ति भनेको पितृसत्तात्मक  सामन्ती संरचनाद्वारा लैङ्गिक उत्पीडनमा पर्न बाध्य भएका नारीहरूलाई मुक्त गरी उनीहरूको हकअधिकार स्थापित गर्नु नै हो भनी देखाउनु रहेको छ । प्रस्तुत शोधकार्यमा प्रधानका उपन्यासहरूको विश्वदृष्टिका कोणबाट व्याख्या, विश्लेषण नगरिए पनि यसमा विभिन्न वैचारिक पक्षलाई देखाइएको हुँदा यो सामग्री उपयोगी रहेको छ ।

उदय क्षेत्री (२०६४) ले समाजशास्त्रीय दृष्टिमा इन्द्रबहादुर राईका आख्यानको अध्ययन शीर्षकको शोधप्रबन्धमा इन्द्रबहादुर राईका कथा र उपन्यासको अध्ययन

समाजशास्त्रीय कोणबाट गरेका छन् । उनले समाजशास्त्रीय दृष्टिमा साहित्यिक अध्ययनका आधारहरू पहिल्याउँदै राईका आख्यानको अध्ययन, विश्लेषण गरेका छन् । प्रस्तुत शोधप्रबन्धमा प्रधानका उपन्यासहरूको विश्वदृष्टिका कोणबाट व्याख्या, विश्लेषण नगरिए पनि यसमा विभिन्न वैचारिक पक्षलाई देखाइएको हुँदा यो शोधप्रबन्धका लागि उपयोगी हुन्छ ।

विष्णुप्रसाद अर्याल (२०६७) ले काठमाडौँमा कामरेड कथा सङ्ग्रहको समाजशास्त्रीय अध्ययन शोधपत्रमा सामाजिक सिद्धान्त तथा साहित्यिक समाजशास्त्रको परिचय दिएका छन् । अर्यालले समाजशास्त्रको सैद्धान्तिक पक्षबाट कथासङ्ग्रहको अध्ययन गर्नेलगायतका उद्देश्यहरू राखेका छन् । उक्त अध्ययनबाट उनले देशको द्वन्द्वग्रस्त अवस्था, सामाजिक, आर्थिक, धार्मिक एवम् राजनैतिक विकृति र विसङ्गतिलाई यथार्थ ढङ्गले चित्रण गरेका छन् । अतः उनको शोधपत्रबाट सामाजिक संरचनाका साथै वर्गीय विश्वदृष्टिको विश्लेषण गर्न सहयोग पुगेको छ ।

ऋषिराज बराल (२०६७) को *मार्क्सवाद र उत्तरआधुनिकतावाद* नामक समालोचनात्मक पुस्तकमा साहित्यको सामाजशास्त्र र मार्क्सवादी सौन्दर्यशास्त्र शीर्षकको लेख प्रस्तुत छ । यस लेखमा उनले नेपाली साहित्यमा समाजशास्त्रीय चिन्तनको अध्ययनलाई नयाँ विषय मान्दै समाजपरक र समाजशास्त्रीय चिन्तन भनेको मार्क्सवादी साहित्यिक चिन्तन नै हो भन्ने चर्चा गरेका छन् । उनले साहित्यको समाजशास्त्रलाई छली चिन्तनका रूपमा चित्रण गर्दै यसले मार्क्सवादी सौन्दर्यशास्त्रलाई भ्रष्टीकरणको दिशातिर लैजाने विचार अभिव्यक्त गरेका छन् । यसबाट साहित्यको समाजशास्त्रीय सिद्धान्तबारे बुझ्न सहयोग पुगेको छ ।

अमृतप्रसाद आचार्य (२०६९) ले आख्यानकार हृदयचन्द्रसिंह प्रधान : लैङ्गिक समानताका प्रवक्ताका रूपमा शीर्षकको लेखमा *स्वास्नीमान्छे* र *एक चिहान* जस्ता आख्यानात्मक कृतिका माध्यमबाट प्रधानले लैङ्गिक समानता प्राप्तिका लागि नारी जागरण अभियान नै चलाएको बताएका छन् । उनले नारीहरू अबला, काँतर, पुरुष अधीनस्थ नभएकाले आफूमाथि गरिने सबै प्रकारका थिचोमिचोविरुद्ध डटेर लड्न सक्छन् भन्ने सन्देश *स्वास्नीमान्छे* उपन्यासले दिएको छ भने आफूभित्र रहेको आन्तरिक शक्तिको पहिचान गर्न नसकेर दुःख पाइराखेका नारीलाई आफ्नो अस्तित्व बोध गराउन *एक चिहान* उपन्यास

सफल भएको उल्लेख गरेका छन् । आचार्यले  लैङ्गिक कोणबाट प्रधानका दुवै उपन्यासको अध्ययन  गरेको भए तापनि विश्वदृष्टिको आधारमा अध्ययनलाई समेटेको देखिँदैन । प्रस्तुत शोधकार्यमा यस लेखले उपन्यासभित्रका लैङ्गिक पक्षको अध्ययनमा केही सघाउ पुगेको छ ।

खगेन्द्रप्रसाद लुइटेल (२०६९) ले *नेपाली उपन्यासको इतिहास* नामक पुस्तकमा हृदयचन्द्रसिंह प्रधानलाई समाजवादी यथार्थवादी उपन्यासकारका रूपमा चिनाएका छन् । उनका अनुसार प्रधानको *स्वास्नीमान्छे* उपन्यास पितृसत्तात्मक सामन्ती संस्कारका विरुद्ध नारी अधिकार र नारीमुक्तिका लागि नारीलाई नै सङ्गठित र जागरूक बनाउन सक्षम उपन्यास हो भने *एक चिहान* पनि दुई भिन्न वर्गका (जमिन्दार र किसान वा शोषक र शोषित) बीचको अन्तर्सङ्घर्षका रूपमा प्रस्तुत उपन्यास हो । उपन्यासमा रूढिवादी प्रचलन हटाउन, आर्थिक शोषणको अन्त्य गर्न, साहुहरूबाट नलिन र उनीहरूको प्रलोभनमा नपर्ने आग्रह गरी शोषणलाई हटाउन सङ्घर्ष गर्ने चुनौती दिइएको छ । लुइटेलले उपन्यासमा सामाजिक समानताका लागि नारी उत्पीडनको अन्त्य गरी उनीहरूको सम्मान गर्न आग्रह, साम्प्रदायिकता हटाउन अन्तर्जातीय सम्बन्ध बढाउने सुझाउ, शोषक वर्गको जालझेल र षड्यन्त्रबाट सचेत रहने उत्प्रेरणाजस्ता समाजवादी वा प्रगातिवादी विचार प्रस्तुत गरेको उल्लेख गरेका छन् । प्रस्तुत कृतिमा प्रधानका दुवै उपन्यास समाजवादी यथार्थवादी उपन्यासका रूपमा परिचित गराइएका छन् । उपन्यासका विषयवस्तु समाजबाटै ग्रहण गरेर समाजमा विद्यमान समस्यालाई केलाइएको छ । यसमा पितृसत्तात्मक सामन्ती संस्कारका विरुद्ध नारी अधिकार र नारी मुक्तिको आवाज उठाएर सामाजिक समानता कायम गर्ने अथवा जुन समतामूलक समाज निर्माण गर्ने विचार व्यक्त गरिएको छ, त्यो जुन समाजशास्त्रीय अध्ययनअन्तर्गत पर्ने नारीवादसँग सम्बन्धित छ । यसमा विश्वदृष्टिको अध्ययन नगरिए तापनि यसबाट विश्वदृष्टिको एउटा नारीवादी विचारलाई प्रस्तुत गर्नका लागि यस शोधकार्यमा सहयोग पुगेको छ ।

ज्ञानू पाण्डे (२०६९) ले स्वास्नीमान्छे उपन्यासको लैङ्गिक विश्लेण शीर्षकको लेखमा *स्वास्नीमान्छे* उपन्यासमा प्रयुक्त नारी तथा पुरुष पात्रमा केन्द्रित भएर अध्ययन गरेको देखिन्छ । यसै सन्दर्भमा उनले *स्वास्नीमान्छे* उपन्यासलाई लैङ्गिक विभेदीकरणले उब्जाएको सामाजिक समस्याप्रति गम्भीर चिन्ता व्यक्त गर्ने पहिलो नमुना नेपाली उपन्यासका रूपमा चर्चा गरेकी छिन् । उनले पितृसत्तात्मक मूल्यमान्यताका त्रुटिहरू पहिल्याउँदै पुरुषलाई केवल

नारी मात्रको स्वार्थको कुरा नठानी त्यो सिङ्गो समाज विकासको सन्दर्भमा जोडिएको विषय हो भनी टिप्पणी गरेकी छिन् । पाण्डेले पितृसत्तात्मक सामन्ती सोच भएका पुरुषबाट नै नारी उत्पीडनमा परेका साथै पितृसत्ताले नै पुरुषछविलाई विद्रूप तुल्याउन सघाउ पुऱ्याइरहेको सङ्केत गरेकी छिन् । पाण्डेको उक्त विश्लेषणमा पितृसत्ताले नारीलाई मात्र उत्पीडनमा पारेको छैन, स्वयम् पुरुषको छवि पनि विद्रूप बनाउन सहयोग पुऱ्याइरहेको छ भन्ने धारणा प्रस्तुत भएको छ । लैङ्गिक उत्पीडनमा र लैङ्गिक प्रतिनिधित्व र पहिचानको अवस्थाको अध्ययनमा केन्द्रित भएको यस लेखले विश्वदृष्टिसँग सम्बन्धित अध्ययनमा सघाउ पुगेको छ ।

उषा श्रेष्ठ (२०६९/२०७०) ले ऋषिराज बरालका कथामा विश्वदृष्टि शीर्षकको शोधप्रबन्धमा साहित्यको समाजशास्त्रीय अध्ययन परम्परामा लुसिएँ गोल्डमानको प्रमुख मान्यता विश्वदृष्टिको पहिचान गरेको देखिन्छ । यसमा श्रेष्ठले बरालका पच्चीस वटा कथाहरूलाई अध्ययन विश्लेषण गरिएको पाइन्छ । यो शोधप्रबन्ध हृदयचन्द्रसिंह प्रधानका उपन्याससँग सम्बन्धित नभए तापनि यसको विश्वदृष्टिसम्बन्धी अध्ययनले प्रस्तुत शोधकार्यमा सहयोगी सामग्रीका रूपमा टेवा पुगेको छ ।

जीवन श्रेष्ठ (२०७०) ले आफ्नो टेस्टट्युब बेबी र मेरी प्रेमिका कथा र लुँसिए गोल्डमानको समाजशास्त्र शीर्षकको लेखमा समाजशास्त्रीय अध्ययनको सैद्धान्तिक पर्याधार प्रस्तुत गरेका छन् । यसमा श्रेष्ठले गोल्डमानका मुख्य मान्यता उत्पत्तिमूलक संरचनावादका चार वटा आधारहरू विश्वदृष्टि, समस्याधर्मी नायक, कृतिबाहिरको समाज उल्लेख गर्दै तिनैका आधारमा अनमोलमणि पौडेलको *टेस्टट्युब बेबी र मेरी प्रेमिका* शीर्षकको कथाको विश्लेषण गरेका छन् । उनले सृष्टिप्रदत्त प्रजनन गुण र क्षमतालाई विज्ञानले विस्थापित गरिरहेकाले एक दिन समग्र मानव समाज विज्ञानबाट नियन्त्रित हुन सक्ने र त्यसबेला मानवीय मूल्य र अस्तित्व नै कृत्रिमताको सिकार बन्न सक्ने चेतनशील वर्गको दूरगामी विचार प्रस्तुत कथामा विश्वदृष्टि बनेर आएको चर्चा गरेका छन् । यसबाट विश्वदृष्टिसम्बन्धी विचारको उपयोग गर्न सघाउ पुगेको छ ।

यादवप्रसाद शर्मा (२०७०) ले हुरी चल्यो कथामा विश्वदृष्टि शीर्षकको लेख लेखेका छन् । उनले लेखमा गोल्डमानको विश्वदृष्टिको आधारमा इन्द्रबहादुर राईको *रातभरी हुरी चल्यो* कथाको सङ्क्षिप्त विश्लेषण गर्दै आशावादी जीवनदृष्टि नै प्रस्तुत कथाको विश्वदृष्टि

भएको बताएका छन् । उक्त लेखले यस शोधकार्यमा विश्वदृष्टिको विवेचनामा सघाउ पुगेको छ ।

भीमप्रसाद दाहाल (२०७०) ले तीन बास कथामा विश्वदृष्टि शीर्षकको लेखमा प्रदीप नेपालको कथाको विश्लेषण गरेका छन् । उनले लुसिएँ गोल्डमानको विश्वदृष्टिसम्बन्धी सैद्धान्तिक मान्यताका आधारमा उक्त कथाको विश्लेषण गरेका छन् । उनले *तीन बास* कथामा विश्वदृष्टिको निर्माण कसरी भएको छ भन्ने निरूपण गर्दै कृतिभित्रको विश्वदृष्टि र समुदायको विश्वदृष्टिबीच संरचनाको समानधर्मितासमेत प्रस्तुत गरेका छन् । *तीन बास* कथामा कथाकार नेपालले नेपाली समाजको यथार्थ घटनालाई आधार बनाएर एउटा ठोस विचारको निर्माण गरेका छन् । उनले तत्कालीन नेपालको जनयुद्धको घटनालाई द्वन्द्व र हिंसाप्रति विमति प्रकट गर्ने र शान्तिपूर्ण जीवन बिताउन चाहने समुदायको विश्वदृष्टिलाई प्रस्तुत गरेको र त्यसले एउटा ठुलो समुदाय वा वर्गसँग समानधर्मिता राखेको निष्कर्ष निकालेका छन् । यस लेखले प्रस्तुत शोधकार्यमा सैद्धान्तिक र प्रायोगिक अध्ययनका लागि सघाउ पुगेको छ ।

भागीरथी भेटवाल (२०७१/७२) ले *हृदयचन्द्रसिंहका उपन्यासमा सामाजिक यथार्थ* शीर्षकको शोधप्रबन्धमा प्रधानका उपन्यासभित्रको सामाजिक यथार्थको चित्रण गरेको पाइन्छ । उक्त अध्ययन विश्वदृष्टिसँग सम्बन्धित नभए तापनि यो अध्ययन प्रधानका उपन्याससँग सम्बन्धित भएकाले विश्वदृष्टिको धारणा निर्माण गर्न सघाउ पुगेको छ ।

विन्दुदेवी खनाल (२०७२) ले महेशविक्रम शाहका कथामा अनुभूतिको संरचना शोधप्रबन्धमा *सटाहा, अफ्रिकन अमिगो, सिपाहीकी स्वास्नी, छापामारको छोरो, काठमाडौंमा कामरेड* कथासङ्ग्रहका कथाहरूको पिँढी र प्रभुत्व तथा दबाब र तनावका दृष्टिले विश्लेषण गरेकी छिन् । यसमा उनले शाहका कथामा परम्परागत प्रभुत्वशाली वर्गको समुदाय र अधीनस्थ पिँढी र समुदायको द्वन्द्व र सङ्घर्षको अवस्था रहेको निष्कर्ष निकालेकी छिन् । अतः उनको शोधप्रबन्धबाट सामाजिक संरचनाका साथै वर्गीय विश्वदृष्टिको विश्लेषण गर्न सहयोग पुगेको छ ।

ताराकान्त पाण्डेय (२०७३) ले *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र* नामक पुस्तकमा महेशविक्रम शाहको *छापामारको छोरो* कथाको

समाजशास्त्रीय अध्ययनका विभिन्न आधारहरूमध्ये लुसिएँ गोल्डमानको विश्वदृष्टिलाई मूल आधार बनाएका छन् । उक्त कथाको अध्ययन गर्दा सामाजिक संरचनाको समेत चर्चा गरेका छन् । पाण्डेयको उक्त कृतिमै *अनुभूतिको संरचनाको परिप्रेक्ष्यमा बसाइँ उपन्यासको समाजशास्त्र* नामक अर्को लेखमा लीलबहादुर क्षेत्रीको *बसाइँ* उपन्यासको समाजशास्त्रीय कोणबाट विश्लेषण गरिएको छ । अनुभूतिको संरचनालाई आधार बनाएर गरिएको उक्त विश्लेषणमा उनले उपन्यासका पात्र धनेले भोगेको दबाब र तनावजन्य जीवनदशा र उसका विशिष्ट अनुभूतिलाई पिँढीगत रूपमा चर्चा गर्दै उन्यासमा प्रभुत्वशाली  पिँढीकै आधिपत्य रहेको र विकल्पमा नयाँ संस्कृतिको निर्माण भइनसकेको निष्कर्ष निकालेका छन् । यिनीहरूबाट सामाजिक संरचनाको अध्ययनमा यस शोधकार्यलाई सघाउ पुगेको छ ।

ईश्वर चौहान (२०७४) ले हृदयन्द्रसिंह प्रधानका उपन्यासमा जाति, क्षण र पर्यावरण शीर्षकको शोधप्रबन्धमा साहित्यको समाजशास्त्रको अध्ययन परम्परामा देखा पर्ने चिन्तक लुसिएँ गोल्डमानको साहित्य विश्लेषणको प्रमुख मान्यता नभए तापनि तेनको जाति, क्षण र पर्यावरणका आधारमा विश्लेषण गरिएको छ । यसमा चौहानले गरेको अध्ययन हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा केन्द्रित समाजशास्त्रीय अध्ययन नै भएकाले प्रस्तुत शोधकार्यका लागि उक्त शोधप्रबन्धलाई सहयोगी सामग्रीको रूपमा प्रयोग गरिएको छ ।

नारायणप्रसाद गडतौला (२०७४) ले *समकालीन नेपाली कवितामा समाजशास्त्र* पुस्तकमा साहित्यको समाजशास्त्रीय चिन्तनमा विश्वदृष्टि महत्त्वपूर्ण विषय हो भनेका छन् । गडतौलाले विश्वदृष्टिको सैद्धान्तिक रूप लुसिएँ गोल्डमानबाट बनेको धारणा राखेका छन् । उनले कुनै कृति बाह्य संरचनाले मात्र सुसङ्गत र पूर्ण हुँदैन त्यसमा लेखकीय विश्वदृष्टिले त्यसको अभ्यन्तरलाई सुसङ्गठित गर्दछ भन्ने अभिव्यक्ति दिएका छन् । प्रस्तुत पुस्तक सैद्धान्तिक आधार निर्माण गर्न सहयोगी पुगेको छ ।

राजेन्द्र खनाल (२०७५) ले पूर्ववर्ती नेपाली उपन्यास शीर्षकको लेखमा *स्वास्नीमान्छे* उपन्यासको चर्चा गरेका छन् । उनले उपन्यासकी प्रमुख नारी पात्र मोतीमायाको जीवनलाई केन्द्रविन्दु बनाएर उसले भोगेका पीडालाई प्रस्तुत गरी लैङ्गिक चेतना र सशक्तीकरणको आह्वानमा क्रान्ति र परिवर्तनको परिणतिमा पुगेको उपन्यास भनी टिप्पणी गरेका छन् । खनालले पितृसत्तात्मक सामाजिक संरचनाका कारण नारीहरू वेश्या बन्न बाध्य पारिएका घटनाहरू प्रस्तुत गर्दै लैङ्गिक हिंसा तथा अन्यायको अन्त्यका लागि वेश्यावृत्ति जस्तो

पेसालाई पनि रचनात्मक र क्रान्तिकारी ढङ्गले उपयोग गरी समानतामूलक समाज निर्माण गर्नुपर्ने आशय उपन्यासमा व्यक्त भएको उल्लेख गरेका छन् । खनालको उक्त लेखमा लैङ्गिक उत्पीडन तथा प्रतिरोधका कोणबाट सामान्य अध्ययन भए पनि विश्वदृष्टिसम्बन्धी अध्ययन भएको छैन । विश्वदृष्टिसम्बन्धी अध्ययन नभए तापनि विश्वदृष्टिसम्बन्धी अवधारणा निर्माण गर्न उक्त लेखलाई पूर्वकार्यमा समेटिएको छ ।

जीवनाथ तिवारी (२०७६) ले भागीरथी श्रेष्ठका कथामा विश्वदृष्टि शीर्षकको शोधप्रबन्धमा साहित्यको समाजशास्त्रको अध्ययन परम्परामा देखा पर्ने चिन्तक लुसिएँ गोल्डमानको साहित्य विश्लेषणको प्रमुख मान्यता विश्वदृष्टिका आधारमा श्रेष्ठका कथाको विश्लेषण गरिएको छ । यसमा तिवारीद्वारा कथाहरूलाई विद्यमान यथार्थ र सम्भावित यथार्थ तथा समुदायगत यथार्थको खोजी गरी विश्वदृष्टिको अध्ययन गरिएको छ । प्रस्तुत शोधकार्यका लागि उक्त शोधप्रबन्धलाई सहयोगी सामग्रीको रूपमा प्रयोग गरिएको छ ।

उल्लिखित पूर्वकार्यहरूको अध्ययन गर्दा प्रधानका उपन्यासका बारेमा विभिन्न समयमा विभिन्न विद्वान् तथा अध्येताहरूबाट अध्ययन, विश्लेषण भएको पाइन्छ । वंशी श्रेष्ठले प्रधानलाई प्रगतिवादी, क्रान्तिकारी र सुधारवादी वैचारिक पृष्ठभूमिका उपन्यासकारका रूपमा चिनाएका छन् भने ऋषिराज बरालले पनि प्रधानलाई प्रगतिशील उपन्यासकारका रूपमा चिनाएका छन् । कृष्णचन्द्रसिंह प्रधानले र इन्द्रबहादुर राईले पनि हृदयचन्द्रसिंह प्रधानलाई उपन्यासको वैचारिक पृष्ठभूमिमा सृष्टि भएका समाजका अनैतिक रूढिवादी प्रवृत्तिका विरुद्ध प्रगतिशील दृष्टिकोण अँगाल्ने उपन्यासकारका रूपमा चिनाएका छन् । सुधा त्रिपाठीले प्रधानलाई नारीवादी उपन्यासकारका रूपमा चिनाएकी छिन् भने खगेन्द्रप्रसाद लुइटेलले पनि प्रधानलाई समाजवादी यथार्थवादी उपन्यासकारका रूपमा चिनाएका छन् । यसरी विभिन्न अध्येताहरूले प्रधानका उपन्यासको खोज अनुसन्धान गरेका छन् । अध्येताहरूले विभिन्न ढङ्गबाट प्रधानका उपन्यासको अध्ययन गरे तापनि विश्वदृष्टिको बारेमा भने छुट्टै अध्ययन गरेको पाइँदैन । प्रधानका उपन्यासमा विश्वदृष्टिको अध्ययन नभएको हुँदा प्रस्तुत शोधकार्यमा विश्वदृष्टिको अध्ययन गरिएको छ । यस पूर्वकार्यको समीक्षामा विभिन्न अध्येताहरूले राखेका विचारहरूलाई समेटिएको छ । यी कृतिहरू यस शोधकार्यका निम्ति सैद्धान्तिक र प्रायोज्गिक दृष्टिले उपयोगी भए पनि गोल्डमानको विश्वदृष्टिले स्थापित गरेका सामाजिक संरचना र वर्गीय विश्वदृष्टिको पक्षबाट

हृदयचन्द्रसिंह प्रधानका उपन्यासहरूको शोधकार्य भएको देखिदैन । यसर्थ समाजशास्त्रीय अध्ययनअन्तर्गत विश्वदृष्टिका कोणबाट प्रधानका उपन्यासहरूको शोध गर्नु आवश्यक देखिएको छ ।

## १.५ शोधको औचित्य

हृदयचन्द्रसिंह प्रधानका उपन्यासहरूमा तत्कालीन नेपाली समाजको चित्रण गरेको भेटिन्छ । तत्कालीन नेपाली समाजको चित्रण गर्दा उनका उपन्यासमा पारिवारिक, सामुदायिक, लैङ्गिक र धार्मिक सामाजिक संरचना तथा वर्गीय विश्वदृष्टिको प्रयोग भएको पाइन्छ । यिनै सामाजिक संरचना तथा वर्गीय विश्वदृष्टिका कोणबाट उनका उपन्यासको अध्ययन भएको देखिदैन तर सामाजिक संरचना तथा वर्गीय विश्वदृष्टिको कोणबाट उनका उपन्यासको अध्ययन गर्दा सही मूल्याङ्कन हुन्छ । अत : तत्कालीन नेपाली समाजको सामाजिक संरचना तथा वर्गीय विश्वदृष्टिका कोणबाट प्रधानका उपन्यासहरूको विश्लेषण प्रस्तुत शोधकार्यमा गरिएकाले उपन्यासको सही मूल्याङ्कन भएको छ र यो शोधकार्य औचित्यपूर्ण रहेको छ । यसका साथसाथै उपन्यासकार प्रधानका उपन्यासहरूलाई साहित्यको समाजशास्त्रको एउटा पद्धति सामाजिक संरचना तथा वर्गीय विश्वदृष्टिका सन्दर्भमा बुझ्न चाहने अध्येता, समालोचक र अनुसन्धानदाताहरूका लागि उपलब्धिमूलक भएकाले शोधकार्यको महत्त्व वा औचित्यपूर्ण रहेको पाइन्छ ।

## १.६ शोधको सीमाङ्कन

प्रस्तुत शोधकार्यको सीमाङ्कन हृदयचन्द्रसिंह प्रधानका *स्वास्नीमान्छे* र *एक चिहान* उपन्यासमा सामाजिक संरचना तथा वर्गीय विश्वदृष्टिमा आधारित छ । साहित्यको समाजशास्त्रीय अध्ययनका अनेक सम्प्रदाय तथा पद्धतिहरू छन् । तीमध्ये लुसिएँ गोल्डमानका विश्वदृष्टिसम्बन्धी मान्यतालाई केन्द्रमा राखेर प्रधानका उपन्यासहरूको पारिवारिक, सामुदायिक, लैङ्गिक, धार्मिक सामाजिक संरचना तथा वर्गीय विश्वदृष्टिका कोणबाट मात्रै अध्ययन गरिएको छ । विश्वदृष्टि पहिल्याउने क्रममा सामाजिक संरचना र वर्गीय विश्वदृष्टिको उपन्याका विभिन्न साक्ष्यहरूबाट खोजी गरी विश्लेषण गरिएको छ । यसरी हृदयचन्द्रसिंह प्रधानका उपन्यासलाई लुसिएँ गोल्डमानद्वारा स्थापित विश्वदृष्टिको

सैद्धान्तिक दृष्टिबाट मात्र विश्लेषण गरिएको छ । सामाजिक संरचना र वर्गीय विश्वदृष्टिको पहिचान गरी प्रधानका उपन्यासको विश्लेषण यस शोधकार्यमा गरिएको छ ।

## १.७ शोधविधि

प्रस्तुत शोधकार्यका लागि प्रयोग गरिएका सामग्री सङ्कलन विधि र विश्लेषण विधि निम्नानुसार छन् :

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधमा मुख्य शोध्य सामग्रीका रूपमा हृदयचन्द्रसिंह प्रधानका उपन्यासहरू रहेका छन् । प्रधानका *स्वास्नी मान्छे* (२०११) र *एक चिहान* (२०१७) उपन्यासलाई प्राथमिक सामग्रीको रूपमा राखिएको छ । द्वितीयक सामग्रीका रूपमा साहित्यको समाजशास्त्रीय सिद्धान्तका पुस्तक, शीर्षकसँग सम्बद्ध शोधप्रबन्ध, हृदयचन्द्रसिंह प्रधानका उपन्याससम्बद्ध लेखरचना र अनुसन्धानात्मक ग्रन्थहरू सामग्रीका रूपमा सङ्कलन गरिएका छन् । उक्त दुवै प्रकारका सामग्रीहरू पुस्तकालयबाट सङ्कलन गरिएको छ ।

### १.७.२ विश्लेषण विधि

प्रस्तुत शोधकार्यमा हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा विश्वदृष्टि पहिल्याउनका लागि लुसिएँ गोल्डमानद्वारा प्रतिपादित विश्वदृष्टिलाई मूल सैद्धान्तिक आधार मानिएको छ । गोल्डमानले स्थापित गरेका सामाजिक संरचनाको स्वरूप र वर्गीय विश्वदृष्टिलाई सैद्धान्तिक आधार मानेर तिनले स्थापित गरेका पारिवारिक, सामुदायिक, लैङ्गिक र धार्मिक सामाजिक संरचना तथा वर्गीय विश्वदृष्टिका आधारमा हृदयचन्दसिंह प्रधानका उपन्यासको विश्लेषण गरिएको छ । उनका उपन्यासको सूक्ष्म पठन गरी साक्ष्यको छनोट गरिएको छ । तिनै साक्ष्यका आधारमा उपन्यासमा निहित सामाजिक संरचना र वर्गीय विश्वदृष्टि खोजेर त्यसलाई पाठात्मक विधिबाट व्याख्या र विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

## १.८ शोधप्रबन्धको रूपरेखा

प्रस्तुत शोधप्रबन्धलाई निम्नलिखित परिच्छेदहरूमा विभाजन गरिएको छ :

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा सामाजिक संरचना

तेस्रो परिच्छेद : हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा वर्गीय विश्वदृष्टि

चौथो परिच्छेद : सारांश तथा निष्कर्ष

सन्दर्भ सामग्रीसूची

# दोस्रो परिच्छेद
# हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा सामाजिक संरचना

## २.१ विषयपरिचय

प्रस्तुत परिच्छेदमा हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा सामाजिक संरचनाको विविधता र तिनको उपन्यासगत प्रस्तुतिको अध्ययन गरिएको छ । त्यस क्रममा प्रथमतः सामाजिक संरचनाको सैद्धान्तिक आधार निरूपण गरिएको छ । सामाजिक संरचनाको चिनारी दिएपछि त्यसैका आधारमा प्रधानका *स्वास्नीमान्छे* (२०११) र *एक चिहान* (२०१७) उपन्यासहरूको पारिवारिक, सामुदायिक, लैङ्गिक, धार्मिक सामाजिक संरचनाका आधारमा विश्लेषण गरिएको छ ।

## २.२ सामाजिक संरचनाको सैद्धान्तिक स्वरूप

एउटै रहनसहन, व्यवस्था, धर्म अँगालेर एकै स्थानमा बसोबास गर्ने मानिसहरूको समूहलाई समाज भनिन्छ । कुनै पनि व्यक्ति, संस्था, समूह लगायतका अनेकौं तह र पक्षका बीचको आपसी सम्बन्ध, व्यवहार र अन्तरक्रिया नै समाज हो । समाजका आवश्यकीय पक्षहरूका रूपमा मानिस-मानिसबीचको पारस्परिक सहयोग, सम्बन्ध, अन्तरक्रिया, चालचलन, सामाजिक मूल्यमान्यता आदिलाई लिइन्छ । समाज व्यक्तिहरूको अन्तरनिर्भरतामा आधारित एउटा गतिशील अवधारणा हो जहाँ समाजका एकाइहरूबीच सहयोग, सद्भाव र सङ्घर्ष हुन्छ । सामाजिक संरचना विभिन्न सामाजिक एकाइहरूबीचको अन्तरसम्बन्धमा आधारित निरन्तर चलिरहने प्रक्रिया हो जसभित्र रहेका सामाजिक तत्त्व वा एकाइका पक्षहरूबीच अन्तरसम्बन्ध हुन्छ । यस प्रक्रियामा द्वन्द्व र अन्तर्विरोध पनि हुन्छ । यसबाट सामाजिक परिवर्तनको सम्भावना पनि रहन्छ तर एउटा संरचना अस्थायीभन्दा पनि स्थायी प्रकृतिको बढी हुन्छ । सामाजिक एकाइहरूमा परिवर्तन जति स्वाभाविक रूपले हुन्छ त्यसको मूल संरचना पनि न्यून दरले परिवर्तन हुन्छ । सामाजिक एकाइमा परिवर्तन हुँदा सामाजिक संरचनामा पनि परिवर्तन हुन्छ । तुलनात्मक रूपमा सामाजिक संरचना स्थिर अवधारणा हो (आचार्य, २०६९, पृ.४७) । समयानुसार सामाजिक संरचना परिवर्तशील हुन्छ ।

भौतिक जगत्को उच्चतम अवस्था समाज हो अथवा मानव क्रियाकलापको ऐतिहासिक विकासमान अवस्था नै समाज हो । समाजको केन्द्रका रूपमा मान्छे रहेको हुन्छ । मान्छे र समाजका बीच विषय र विषयीको सम्बन्ध रहेको हुन्छ । समाजमा मान्छेले विभिन्न सम्बन्धहरू विकसित गर्दछन् । यिनै अन्तर्सम्बन्धहरूको समष्टि नै समाज हो । समाज भनेको मानिसहरूको माझमा चलिरहने पारस्परिक अन्तर्क्रियाहरूको एउटा अवस्था हो । मानव समाज एउटा विशाल कार्यशाला हो, जहाँ मानिसहरू कुनै न कुनै काममा लागेका हुन्छन् । यही कामको प्रक्रियामा उनीहरूका माझमा भौतिक सम्बन्ध कायम हुन्छ । सामाजिक संरचनाका आधारहरूमा पारिवारिक, आर्थिक, राजनीतिक, सांस्कृतिक तथा भौतिक विषयहरू पर्दछन् । यसरी एउटा रहनसहन धर्म अँगाल्ने, एकै स्थानमा बसोबास गर्ने मानिसहरूको समूहलाई समाज भनिन्छ । यस्तो समाजमा व्यक्तिका इच्छा, आकांक्षा पनि समय, परिस्थितिअनुसार प्रभावित हुँदै निरन्तर परिवर्तन हुँदै जान्छन् । यसरी समाजमा बस्ने व्यक्तिहरूका इच्छा र आकांक्षाहरू परस्पर सम्बद्ध हुँदा एउटा विचारको जन्म हुन्छ । यस्तो विचार समयक्रमसँगै परिवर्तन हुँदै जान्छ । यसरी समाजको विशिष्ट संरचना स्थिर नभई गतिशील हुन्छ । यसको विकास र निर्माणको प्रक्रिया निरन्तर चलिरहन्छ । समाजको समाजिक संरचनालाई चर्चा गर्ने सन्दर्भमा मार्क्स, लुइविगरिख एङ्गेल्स जस्ता समाजवादीहरूको सम्पर्कले गर्दा महान् दार्शनिक बन्न पुगे । विभिन्न लेखहरूमार्फत मार्क्सले पुँजीवाद तथा अन्य वर्गीय र शोषणमूलक समाजको विरोध गरे (श्रेष्ठ, २०६०, पृ. ७ ) । श्रेष्ठका अनुसार सामाजिक संरचनाका पारिवारिक, आर्थिक, राजनीतिक, सांस्कृतिक, ऐतिहासिक जस्ता संरचना रहन्छन् भन्ने विचार ठहर्छ ।

मार्क्सले समाजमा वर्गको उत्पत्ति, वर्ग सङ्घर्षको सिर्जना र विकासलाई बुझ्न द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवाद गरी दुई खालका दृष्टिकोण अगाडि सारेका छन् । मार्क्सका विचारमा मानिस मुख्य रूपमा बाँच्नका लागि भौतिक पदार्थ उत्पादन गर्न सङ्गठित भएको हुन्छ । त्यसैले मानिसले उत्पादन गर्ने उत्पादनका साधन उत्पादन गर्दा प्रयोग गर्ने ऊर्जा तथा श्रमको शक्ति र उत्पादित वस्तुहरूको वितरणमा हुने सम्बन्धको विश्लेषण गरेर मात्र समाजलाई प्रभाव पार्ने प्राकृतिक वस्तुहरूले संस्कृतिलाई प्रभाव पार्दछन् । समाज, सामाजिक वर्ग वा सामाजिक वर्गको उत्पत्तिकालदेखि वर्तमान कालसम्मको विकासक्रमलाई ऐतिहासिक भौतिकवादी दृष्टिकोणमा अध्ययन गरिन्छ (श्रेष्ठ, २०६०, पृ. १८

उद्धृत घिमिरे, २०७६, पृ. १२) । समाज निर्माणमा संस्कृतिले पनि विशेष भूमिका खेल्ने भएकाले सांस्कृतिक संरचना पनि सामाजिक संरचना निर्माणको एउटा मुख्य आधार हो ।

आदिम समाजमा वर्गहीनताको स्थिति थियो । उक्त समयमा व्यक्तिगत सम्पत्तिको व्याख्या थिएन । आर्थिक शोषणको स्थिति पनि थिएन । तेस्रो अवस्थामा पुग्दा समाज औद्योगिक समाजमा परिवर्तन हुन्छ र समाजको वर्गबीच पनि परिवर्तन आउँछ । समाजमा उद्योगपति र मजदुरबीचको वर्गीय सङ्घर्षको थालनी हुन्छ । चौथो अवस्थामा सर्वहारा वर्गबीचको वर्गसङ्घर्षमा बहुसङ्ख्यक सर्वहारा वर्गको अधिनायकत्व कायम हुन्छ र उत्पादनमा सम्पूर्ण साधनहरू समाजको पूर्ण स्वामित्त्वमा आउँछ भनेर मार्क्सले बताएका छन् । समाजसम्बन्धी दृष्टिकोणकै सन्दर्भमा मार्क्स र एङ्गेल्सले भौतिकवादी धारणा प्रस्तुत गरेका छन् । मानिसहरूको सामाजिक चेतनाले अस्तित्व निरूपण गर्ने होइन, सामाजिक चेतनाले निरूपण गर्दछ । समाजको विकास मानिसहरूको विचार, इच्छा र आकाङ्क्षाबाट होइन, भौतिक कारणद्वारा निर्धारित हुन्छ । मानिसलाई दर्शनका क्षेत्रमा संलग्न हुनुभन्दा पहिले खाने, पिउने, लाउने र बस्ने कुराको खाँचो पर्दछ । जीवनयापनका लागि चाहिने साधनहरूले आर्थिक विकासको आधार सिर्जना गर्दछन् जसबाट समाज वर्गमा विभाजित हुन्छ । यसै सन्दर्भमा मार्क्स र एङ्गेल्सले सामाजिक आर्थिक व्यवस्थाको अवधारणालाई सूत्रबद्ध गरेका छन् । सामाजिक, आर्थिक व्यवस्थाको नियमित परिवर्तन हुन्छ । आदिम साम्यवादी व्यवस्थाबाट दास, त्यसपछि क्रमशः सामन्तवादी र पुँजीवादी व्यवस्था हुँदै अन्त्यमा साम्यवादी व्यवस्थातर्फ मानव समाज चलिरहेको कुरालाई उनीहरूले अभिव्यक्त गरेका छन् (श्रेष्ठ, २०६०, पृ. १४४-१४५ उद्धृत घिमिरे, २०७६, पृ. १२) । आर्थिक विकासले पनि समाज निर्माणमा सशक्त भूमिका निर्वाह गर्ने भएकाले आर्थिक संरचना पनि सामाजिक संरचनाको मुख्य आधार मानिन्छ ।

इसाको १९ औं शताब्दीमा सुरु भएको साहित्यको समाजशास्त्रीय चिन्तनलाई बिसौं शताब्दीमा व्यवस्थित रूपमा विकास गर्ने काम गोल्डमानबाट नै भएको हो । उनले दर्शन, मनोविज्ञान र समाजशास्त्र मात्र होइन यो संस्कृतिका विभिन्न रूपमा ऐतिहासिक, सामाजिक विशिष्टताको विश्लेषण गर्ने पद्धति पनि हो भनेकाछन् । लुसिएँ गोल्डमान सुरुमा मार्क्सवादी चिन्तक रहेका र पछि मार्क्सवादी चिन्तनका कमीकमजोरीमाथि आलोचना गर्दै नवमार्क्सवादी समाजशास्त्रीय चिन्तक बन्न पुगेका हुन् । गोल्डमानले मार्क्सवादको केन्द्रीय

मान्यता ठानिएको सामाजिक परिवर्तनमा आर्थिक आधारको प्रमुख भूमिका रहने कुराप्रति आपत्ति प्रकट गरेका छन् । यसरी उनले मार्क्सवादबाट प्रभावित भएर मार्क्सवादको वर्गसङ्घर्ष र वर्गचेतनासम्बन्धी चिन्तनलाई समाजशास्त्रीय स्वरूप दिने काम गरेका छन् (पाण्डेय, २०७३, पृ. १८) । उनले समाजशास्त्रीय चिन्तनको मूल मान्यता उत्पत्तिमूलक संरचनावाद हो भन्ने मान्यता राखेका छन् । यही सिद्धान्तभित्र उनले कृति विश्लेषणका लागि विभिन्न दृष्टिकोणको विकास गरेका छन् । उनले आफ्ना कृतिहरूमार्फत एक व्यापक र सुसङ्गत साहित्यको ऐतिहासिक, सामाजिक तथा सौन्दर्यबोधीय सम्बन्धको खोज गर्ने पद्धतिका विकास गरेका छन् । उनले उत्पत्तिमूलक संरचनावादी समाजशास्त्रीय चिन्तनमा विशेष गरेर विशिष्ट संरचना परावैयक्तिक र वस्तुपरक संरचनासम्बन्धी मान्यतालाई विशेष महत्त्व दिएका छन् (श्रेष्ठ, २०७१, पृ. ५७) । सामाजिक संरचनाको आधार ऐतिहासिक, सामाजिक संरचना हो भन्ने धारणा रहेको छ ।

गोल्डमानले सामाजिक संरचनावादको आधारलाई लिएर साहित्य र समाजको सम्बन्धलाई उपाद्य र उत्पादकका रूपमा व्याख्या गरेका छन् । उनले मार्क्सवादी द्वन्दात्मकता एवम् वर्गीय दृष्टिकोण, युगको सामूहिक अवचेतन र साहित्यको संरचना प्रक्रियालाई जोडेर उत्पत्तिमूलक संरचनावादको विकास गरेका छन् । लेखकको विचार र समाजको विचारबाट औसत विचारको जन्म हुने धारणा राख्दै उनले त्यसलाई विश्वदृष्टिको रूपमा परिभाषित गरेका छन् (क्षेत्री, २०६४, पृ. २७) । यसरी गोल्डमानले सामाजिक संरचनाकै सन्दर्भमा विश्वदृष्टिलाई जोड्ने काम गरेका छन् । यसको विकास कुनै समूह वा वर्गले सामाजिक ऐतिहासिक प्रक्रियामा गर्छ । एक्लो व्यक्तिको विचार सुसङ्गत र एकत्वपूर्ण हुँदैन वा विरलै हुन्छ । समाजमा विभिन्न सोचविचार लिएका समूहका मानिसहरू बसोबास गर्ने हुनाले एउटा परिवेशको मानिसले अर्को मानिससँग सम्बन्ध बनाउँछ र अन्तरक्रिया गर्छ । विभिन्न पेसा, वर्गका एक समुदायका मानिसले अर्को समूहको चेतनामा प्रभाव पार्दछ जसबाट एउटा अनौठो संरचनाको निर्माण हुन्छ । यसरी एउटै परिवेशका एउटै खालका मानिसहरूको समूहले एउटा समान विचारको निर्माण गर्दछन् ।

संरचनालाई अर्थ्याउने क्रममा गोल्डमानले संरचनालाई विशिष्ट मानेका छन् । मानिसको सामाजिक संरचनाको विकास आनुवंशिक रूपमा मात्र हुँदैन यो समाजबाट प्रभावित भएर मात्र हुन्छ । गोल्डमानका अनुसार व्यक्तिले समाजका घटना तथा

तथ्यहरूबाट प्रभावित हुँदै आनुवंशिक रूपमा कतिपय कुराहरू ग्रहण गर्दै आफ्नो विशिष्ट संरचना बनाउँछ । यसको विकास र निर्माणको प्रक्रिया निरन्तर चलिरहन्छ । संरचनाको स्वरूप समाजका विभिन्न घटनाहरू तथा व्यक्तिका दैनिक व्यवहारबाट प्रभावित हुँदै निरन्तर परिवर्तन भइरहन्छ (गोल्डमान, सन् १९८०, पृ. १६) । कुनै पनि सामाजिक समूहको क्रियाकलाप उनीहरूको चेतनाअनुरूप सञ्चालित हुन्छ । समूहका यस प्रकारका गतिविधिले नयाँ सामाजिक संरचनाको जन्म दिन्छन् ।

सामाजिक, सांस्कृतिक व्यवस्था एवं संरचना भनेको धार्मिक, आर्थिक, राजनीतिक, पारिवारिक, शैक्षिक, वैवाहिक, नातासम्बन्ध, जाति, प्रजाति, संस्कृति, वातावरण, अन्तरक्रिया आदि थुप्रै संस्था र प्रक्रिया मिलेर बनेको एकीकृत प्रणाली हो । सामाजिक सदस्यका रूपमा रहेको समग्र आवश्यकता पूर्ति गर्ने यी संस्था र यी संस्थाभित्र पनि उपसंस्थाहरू निर्माण गरिएका हुन्छन् । यसले नै समाजमा रहेका समस्त व्यक्तिका सामाजिक, सांस्कृतिक मनोवैज्ञानिक, भौतिक र यौनजन्य आवश्यकता पुरा गर्दछन् । यसका साथै व्यक्तिका समस्त सामाजिक व्यवहारलाई नियमित, नियन्त्रित, निर्देशित, सङ्गठित एवम् एकीकृत गर्दछन् । समाजद्वारा स्वीकृत तथा मान्यता पाएका यस्ता संस्था र प्रक्रियाहरूको पारिवारिक सम्बन्धबाट नै सिङ्गो सामाजिक सांस्कृतिक व्यवस्थाको रचना, निर्माण र गठन भएको हुन्छ । यसकारण सांस्कृतिक र सामाजिक प्रणाली भन्नु नै मानवीय आवश्यकतालाई पूरा गर्ने व्यक्तिका व्यवहारलाई पथप्रदर्शन गर्ने समाजका मानिसहरूको सामूहिक सहमतिबाट स्थापित विविध संस्थाहरूको एकीकृत रूप हो । यी संस्थाहरूले नै व्यक्तिको सामाजिक जीवनको बहुआयामिक पक्षका साथै समाज, समुदाय, समूह, परिवार, राष्ट्र, एवम् सङ्घ-सङ्गठनका साथै कुनै पनि सांस्कृतिक पक्षमा महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । व्यक्तिको समस्त सामाजिक जीवनशैली, उसको सिङ्गो व्यक्तित्वका साथै समाज र समुदायमाथि यस्ता संस्थाहरूको निरन्तर प्रभाव परिरहेको हुन्छ । सामाजिक व्यवस्था, परिवार, सामाजिक सम्बन्ध, स्थान, अधिकार, नेतृत्व, समूहका रूप एवम् प्रकार कस्ता हुने भन्ने कुराको निर्धारण यी संस्थाहरूले गर्दछन् । यसर्थ के भन्न सकिन्छ भने सामाजिक वातावरण व्यवस्था भनेको व्यक्तिका व्यवहारहरूको एकीकृत र संस्थागत रूप हो । यिनै संस्थाहरूले व्यक्तिका सामाजिक स्तर, पारिवारिक स्तरण एवम् सिङ्गो सामाजिक जीवनमा प्रभाव पार्दछन् । यसरी समाज भनेको विभिन्न संस्था, प्रक्रियाहरूको गतिशील, पारस्परिक, अन्तरनिर्भर र अन्तरसम्बन्धित समुच्चय हो । समग्रमा भन्नुपर्दा सामाजिक र सांस्कृतिक संस्था र प्रक्रिया

भनेका विभिन्न प्रकारका सामाजिक र सांस्कृतिक सम्बन्धहरू र तिनीहरूको निरन्तर परिवर्तनका ढाँचाहरू हुन् (शर्मा, २०६९ क, पृ. १४ उद्धृत कार्की, २०७६,, पृ. ११) । सामाजिक र सांस्कृतिक संस्थाको पारस्परिक सम्बन्धबाट नै सामाजिक संरचना निर्माण हुने गर्दछ ।

नेपाली समाजको संरचनाले विभिन्न जाति, भाषा, संस्कृति, पेसा, व्यवसाय आदिमा संलग्न नेपालीहरूको समग्रजीवन प्रणालीलाई बुझाउँछ । यसले उनीहरूले विकास गरेका सामाजिक सङ्गठन, संस्था र समूहहरूको प्रकार्यात्मक स्वरूपलाई जनाउँछ । यसले विभिन्न जातिका मानिसहरूले समयका अन्तरालमा विकास गरेको अर्थ प्रणालीबीचको सम्बन्धलाई जनाउँछ । यसरी हेर्दा नेपाली समाज र संस्कृतिभित्र रहेका जेजति अन्तर्विरोधहरू छन् यी सबैको समुच्चय स्वरूप नै नेपाली समाजको संरचना हो (आचार्य, २०६९, पृ. ४६) । अतः विभिन्न जाति, भाषा, संस्कृति, पेसा व्यवसायले नै नेपाली समाजको संरचना निर्माण भएको पाइन्छ ।

गोल्डमानले संरचनालाई मानसिक संरचनाको अर्थमा प्रयोग गरेका छन् । उनले समाज र कृतिमा पाइने संरचनालाई विशिष्ट मानेका छन् । मानिसको सामाजिक संरचनाको विकास समाजबाट नै प्रभावित भएको हुन्छ । गोल्डमानका अनुसार व्यक्तिले समाजका घटना तथा तथ्यहरूबाट प्रभावित हुँदै आनुवंशिक रूपमा पनि कतिपय कुराहरू ग्रहण गर्दै आफ्नो विशिष्ट प्रकारको मानसिक संरचनाको विकास गर्दछ । समाजको विशिष्ट संरचना स्थिर नभई गतिशील हुन्छ । यसको विकास र निर्माणको प्रक्रिया निरन्तर चलिरहन्छ । केही महत्त्वपूर्ण विशेषताहरूबाहेक संरचनाको स्वरूप समाजका विभिन्न घटनाहरू तथा व्यक्तिका दैनिक व्यवहारबाट प्रभावित हुँदै निरन्तर परिवर्तन भइरहन्छ (गोल्डमान, सन् १९८०, पृ. १६) । गोल्डमानका अनुसार समाजका विभिन्न घटनाहरूबाट नै समाजको विकास हुन्छ ।

साहित्य समाजको दर्पण हो । लेखक तथा सर्जक समाजका सदस्य हुन् । साहित्यिक कृतिमा प्रयुक्त पात्र तथा चरित्र पनि त्यही समाजका सदस्यहरूमध्येकै हुन् । त्यसैले साहित्यिक संरचनाको अध्ययनका लागि सामाजिक संरचनाको अध्ययन जरुरी हुन्छ । समाजलाई सामाजिक सम्बन्धहरूको सञ्जालका रूपमा लिइन्छ । सामाजिक सम्बन्ध समाजका विभिन्न तह, स्वरूप र आयाममा प्रकट हुने गर्दछ । यस्ता विभिन्न तह, स्वरूप र आयाममा अभिव्यक्त हुने सामाजिक सम्बन्धहरूको धरातलीय यथार्थलाई बुझ्न तथा

वस्तुनिष्ठ अध्ययनका लागि सामाजिक संरचनाको अध्ययन, विश्लेषण आवश्यक पर्दछ (कार्की, २०७६, पृ. १२) । अतः साहित्यिक संरचनाले पनि सामाजिक संरचना निर्माणमा विशेष भूमिका रहने भएकाले साहित्यिक संरचनाको अध्ययन हुनु आवश्यक छ ।

सामाजिक संरचनाले मानसिक संरचनाको निर्माण गर्छ र मानसिक संरचना निर्माणमा सामाजिक संरचनाको भूमिका महत्त्वपूर्ण रहेको हुन्छ । यसरी निर्माण भएका सामाजिक संरचनाले विश्वदृष्टिको निर्माण र विकास प्रक्रियामा सघाउ पुऱ्याउँछन् । सामाजिक संरचनाभित्र पारिवारिक, समुदायिक, वैवाहिक, धार्मिक, वर्गीय, लैङ्गिक, जातीय, भाषिक, धार्मिक तथा सांस्कृतिक, राजनीतिक, आर्थिक, शैक्षिक, साहित्यिक आदि जस्ता विषयवस्तुहरूलाई समेट्न सकिन्छ । यी विषय र तिनीहरूको आपसी सम्बन्ध तथा अन्तरक्रियाले सामाजिक व्यवस्थाको धरातल निर्माण हुन्छ ।

सामाजिक संरचनाभित्र थुप्रै विषयवस्तु समेटिए तापनि हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा भने सामाजिक संरचनाको प्रबलताको आधारमा सामाजिक संरचनाको खोजी गरी त्यसका आधारमा विश्लेषण गरिएको छ । अतः यिनै विषयवस्तुलाई दृष्टिगत गरी प्रस्तुत अध्यायमा हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा अभिव्यक्त सामाजिक संरचनाको अध्ययन गरिएको छ । विशेषतः प्रधानका उपन्यासमा पारिवारिक, सामुदायिक, लैङ्गिक, धार्मिक जस्ता सामाजिक संरचनाको अध्ययन गरिने भएकाले तिनीहरूको केही सैद्धान्तिक परिचय निम्नानुसारका उपशीर्षकमा दिइएको छ ।

### २.२.१ पारिवारिक संरचना

परिवार भनेको रगत, वीर्य, नाता, घर, अनुकूलता र वैवाहिक सम्बन्धले संयुक्त भएका मानिसहरूको समूह हो । परिवारभित्रका सबै सदस्यहरूले एउटै भान्सामा बसेर भोजन गर्दछन् । दुई वा दुईभन्दा बढी व्यक्तिहरूको एकआपसमा बाँधिएको भावनात्मक नातासम्बन्ध पनि परिवारभित्र नै पर्दछ । विशेष रूपमा श्रीमान्-श्रीमती, छोराछोरी, बुहारी, नाति, नातिनी, हजुरबुबा, हजुरआमा जस्ता सदस्यहरू यसअन्तर्गत पर्दछन् । परिवार पनि एकल र संयुक्त परिवार गरी दुई प्रकारको हुन्छ । एउटै भान्सामा बुबाआमा र छोराछोरी मात्रै भएको सदस्यहरूको समूहलाई एकल परिवार भनिन्छ भने एउटै भान्सामा हजुरबुबा, हजुरआमा, बुबाआमा, श्रीमान्-श्रीमती, छोराछोरी, नातिनातिनी, बुहारीजस्ता सदस्यहरूको

समूहलाई संयुक्त परिवार भनिन्छ । सामाजिक संरचनाभित्र पर्ने परिवारलाई पनि समाजशास्त्रीय दृष्टिकोणले सामाजिक संरचनाको आधारभूमिका रूपमा लिने गरिन्छ ।

नातागोताभित्रका, एकै भान्सा भएका, एकै बसोबास भएका र साझा उत्तरदायित्व भएका मानिसहरूको समूह परिवार हो । परिवारभित्र दाजुभाइ, दिदीबहिनी, आमाबुबा, बाजेबजै हुने गर्छन् । परिवार पनि संयुक्त र एकल गरी मुख्य रूपमा दुई प्रकारका हुन्छन् । एकल परिवारमा बुबाआमा र छोराछोरी मात्र हुने गर्छन् भने संयुक्त परिवारमा नाति नातिनीसम्मका मानिसहरू पनि हुन्छन् । नेपाली समाजमा संयुक्त परिवार प्रथा कायम भई आएको पाइन्छ (दाहाल र खतिवडा, २०५७, पृ. २८२) ।

परिवारको सानो रूपलाई एकल परिवारको रूपमा लिइन्छ । यस्तो परिवारमा आमाबुबा, अविवाहित छोराछोरी रहेका हुन्छन् । यो परिवारमा आमाबुबा, दाजुभाइ आदिबाट पृथक् रहेर छुट्टै भान्सा, सम्पत्तिको स्वामित्व र घर भएको हुन्छ । संयुक्त परिवार एकल परिवारभन्दा ठूलो हुन्छ । संयुक्त परिवारमा आमाबुबा, विवाहित छोराछोरीहरू, अविवाहित नातिनातिनीहरू मिलेर साझा चुह्लो, साझा घर, साझा सम्पत्तिलगायतका आधारमा सामूहिक रूपमा मिलेर बसेका हुन्छन् (कार्की, २०७६, पृ.१४) । एकल परिवारमा आमाबुबा र अविवाहित छोराछोरी तथा संयुक्त परिवारमा आमाबुबा, विवाहित छोराछोरीहरू, अविवाहित नातिनातिनीहरू सामूहिक सम्पत्तिमा एउटै घरमा बस्छन् भन्ने धारणा रहेको छ ।

समग्रमा भन्दा परिवार एक सामाजिक संरचनाभित्र पर्ने एउटा घटक हो । समाजमा परिवार एकल र संयुक्त गरी दुई किसिमको रहेको देखिन्छ । एउटै भान्सामा बुबाआमा र छोराछोरी मात्रै भएको सदस्यहरूको समूहलाई एकल परिवार भनिन्छ भने एउटै भान्सामा हजुरबुबा, हजुरआमा, बुबाआमा, श्रीमान्-श्रीमती, छोराछोरी, नातिनातिनी, बुहारीजस्ता सदस्यहरूको समूहलाई संयुक्त परिवार भनिन्छ जुन परिवारमा साझा घर, साझा सम्पत्तिको सदुपयोग परिवारका सबै सदस्यहरूले गर्न पाउँछन् ।

### २.२.२ सामुदायिक संरचना

समुदाय पनि सामाजिक संरचनाभित्रको एउटा संरचना हो । कुनै साझा उद्देश्य वा साझा आवश्यकता भएको मानिसहरूको जमातलाई समाज भनिन्छ । समाजमा प्रायः सजातीय मानिसहरूले मैत्रीपूर्ण सम्बन्ध राख्छन् भने विजातीय मानिसहरूले अमैत्रीपूर्ण

सम्बन्ध राख्ने गर्दछन् । यो एउटा सामाजिक जीवनको सङ्गठन पनि हो । समुदाय भनेको एकै किसिमको जीवनपद्धति भएका एउटा निश्चित भूभागमा बसोबास गर्ने मानिसहरूको समूह हो । यसले विभिन्न धर्म, परम्परा, मूल्यमान्यता आदिको प्रतिनिधित्व गर्दछ । समाजमा भूगोल, जाति, भाषा, धर्म, संस्कृति, परम्परा, रीतिरिवाज आदिका आधारमा विभिन्न समुदायहरू रहेका हुन्छन् ।

कुनै निश्चित भौगोलिक क्षेत्रमा बसोबास गर्ने समान भाषा, धर्म, रीतिरिवाज र मूल्य एवम् मान्यता भएको समूहलाई समुदाय भनिन्छ । एक समुदायभित्र सामाजिक जीवन समग्र रूपमा एकै जीवनशैलीमा सङ्गठित भएको हुन्छ । त्यस्तो समुदायलाई समूहका रूपमा पनि वर्णन गर्न सकिन्छ । एक समुदायमा बस्ने मानिसहरूमा मभन्दा पनि हामीको धारणाका साथै हामी एक हौँ भन्ने मान्यता रहने गर्दछ । व्यक्तिगत धारणा, चाहना, मान्यता, विचार र आवश्यकता अलग-अलग रहे तापनि एक समुदायका सामूहिक मूल्यमान्यता, धारणा र परिस्थिति एकै रहने गर्दछन् । तिनीहरूका भाषा, धर्ममा, मात्र नभएर रीतिरिवाज, चालचलन, उत्सव, पर्व र विश्वास पनि एकै हुने गर्दछ (दाहाल र खतिवडा, २०५७, पृ. २८०) । समुदाय आम मानिसहरूको साझा नाम हो । हरेक समुदायका आआफ्ना पृथक विशेषता रहेका हुन्छन् ।

समुदाय एक भिडमा जम्मा भएको मानिसहरूको अस्थायी समूहमा मात्र केन्द्रित नभई एक निश्चित भौगोलिक क्षेत्रमा स्थायी बस्ती बसाउने निश्चित पहिचान भएका व्यक्तिहरूको समूह हो । यो कुनै मानिसहरूको इच्छाबमोजिम सिर्जना नभई प्राकृतिक रूपमा नै स्थापित भएको हुन्छ । यहाँ मानिसहरूले समुदायको सदस्यता प्राप्त गर्न पनि स्वेच्छाले नभई जन्मानुसार प्राप्त गरेका हुन्छन् । यसर्थ कुनै निश्चित भौगोलिक सीमाभित्र बसोबास गरी आफ्नो पहिचान झल्काउने व्यक्तिहरूको समूहलाई समुदाय भनिन्छ ।

### २.२.३ लैङ्गिक संरचना

लिङ्ग भनेको सामान्यार्थमा महिला र पुरुषको प्राकृतिक संरचना हो । लिङ्ग स्त्रीलिङ्ग, पुलिङ्ग र नपुंसकलिङ्ग गरी तीन किसिमको हुन्छ । पोथी वा महिला जाति बुझाउने शब्दलाई स्त्रीलिङ्ग भनिन्छ भने भाले वा पुरुष जाति बुझाउने शब्दलाई पुलिङ्ग भनिन्छ । न भाले न पोथी जाति बुझाउने शब्दलाई नपुंसक लिङ्ग भनिन्छ । यसरी महिला र पुरुषको बीचमा

भएको शारीरिक, प्राकृतिक तथा जैविकीय नभई तिनको सामाजिक तथा सांस्कृतिक आधारमा भएको भूमिका तथा पहिचानलाई लैङ्गिक संरचना भनिन्छ । त्यसैले लैङ्गिक संरचना पनि सामाजिक संरचनाको एक महत्त्वपूर्ण अध्ययन हो ।

अङ्ग्रेजीमा *जेन्डर* शब्द भनिने सामाजिक लैङ्गिक अध्ययन लिङ्गभन्दा विपरीत अवधारणा हो । लिङ्ग जीववैज्ञानिक विषय हो भने लैङ्गिक अध्ययन अथवा नारीत्व र पुरुषत्व सांस्कृतिक विषय हो । यस दृष्टिले लैङ्गिक अध्ययन मानिसको पुरुष र महिलामा आधारित व्यवहार र भूमिका हो जसले प्राकृतिक पक्षलाई अस्वीकार गर्दछ भनी एडगर र सेगविकको भनाइलाई भट्टराई (२०७७) ले उद्धृत गरेका छन् । उनका अनुसार जीववैज्ञानिक लिङ्ग पनि संस्कृति र इतिहासकै उत्पादन हुने हुँदा मानिसले जन्मनासाथ दुवैलाई फरक व्यवहार गर्दछन् । यसरी प्राकृतिक लिङ्गकै बारेमा पनि मानिसका फरक धारणा रहने हुँदा लिङ्ग स्वयम् पनि संस्कृतिकै उपजका रूपमा रहेको धारणा कार्टरको रहेको अभिव्यक्ति दिएका छन् । .... लैङ्गिक अध्ययन महिला अध्ययन भए पनि यथार्थमा यो महिला र पुरुषको अध्ययन हो । यसले नारीवाद र पुरुष समलिङ्गी अध्ययन र महिला समलिङ्गी अध्ययनका बीचको अन्तर्सम्बन्धको पनि अध्ययन गर्दछ । पछिल्लो चरणमा लैङ्गिक अध्ययन नारीको मात्र नभई पुरुष अध्ययनको विषय पनि बनेको छ । समाजमा पुरुषको भूमिका तथा सामाजिक, राजनीतिक र कलात्मक इतिहासका सन्दर्भमा पुरुषत्वका बारेमा विविध धारणाप्रति यसको ध्यान गएको छ (भट्टराई, २०७७, पृ. २१-२२) । त्यही आधारमा लैङ्गिक अध्ययनका सन्दर्भमा पुरुषको अध्ययन पनि प्रारम्भ भएको हो ।

कुनै पनि समाजको लैङ्गिक स्तरलाई समाजशास्त्रका रूपमा विशेष हेरिन्छ किनकि यसले सामाजिक स्तरलाई किटान गरिरहेको हुन्छ । कुन समाज वा समुदायमा स्त्री वा पुरुषको कस्तो स्थिति छ, परिवार पुरुषप्रधान या स्त्रीप्रधान या के छ, समाजमा स्त्री या पुरुषको स्थिति र स्तर कस्तो हुने गर्दछ आदि विषयवस्तु यसमा पर्दछन् । तसर्थ कुनै पनि समाजमा रहेको लैङ्गिक भूमिकालाई समाजशास्त्रीले विशेष चासोका साथ अध्ययन गर्ने गर्दछन् (दाहाल र खतिवडा, २०५७, पृ. २०६) । अतः समाजमा महिला वा पुरुषको के कस्तो भूमिका रहेको छ त्यसको अध्ययन नै लैङ्गिक संरचना हो ।

लैङ्गिकताको निर्धारण सामाजिक तथा सांस्कृतिक भूमिका र पहिचानबाट भएको हुन्छ । यस्तो पहिचान निर्माणका लागि समाज र संस्कृतिको स्वरूप, मान्यता, सम्बन्ध र

व्यवहारले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन् । सामाजिक भूमिकाका आधारमा निर्माण भएको हुनाले यसलाई सामाजिक लिङ्गका रूपमा लिइन्छ । सामाजिक लिङ्ग अथवा जेन्डर नितान्त सामाजिक, सांस्कृतिक व्यवस्थाबाट निर्धारण भएको हुन्छ । समाजले नै महिला तथा पुरुषलाई के गर्ने तथा नगर्ने भन्नेबारे पद तथा भूमिकाको निर्धारण गरेको हुन्छ । त्यसैले सामाजिक लिङ्गको निर्धारक तत्त्व कुनै जैविकीय विशेषता नभई सामाजिक, सांस्कृतिक विशेषता हो । समाजमा लिङ्गका आधारमा सामाजिक व्यवस्थाले निर्धारण गरेअनुरूप महिला र पुरुषबाट समाजले अपेक्षित गरेको भूमिका नै सामाजिक लिङ्ग हो । समुदायले सामाजिक, सांकृतिक व्यवस्थालाई मुख्य आधार बनाएर महिला र पुरुषको भूमिका निर्धारण गर्नका साथै अधिकार दिएर बन्देज पनि लगाएको हुन्छ । यसैलाई नै सामाजिक लिङ्ग भनिन्छ (कार्की, २०७६, पृ. ३१) । सामाजिक सांस्कृतिक जीवनका अनेकौँ पक्षमा महिला र पुरुषको भूमिका समाजअनुसार फरक-फरक रहेको पाइन्छ ।

वास्तवमा सामाजिक मूल्य र मान्यता, धर्म र संस्कृतिका आधारमा समाजमा महिला र पुरुषले पृथक्-पृथक् शैलीमा आआफनो भूमिका वहन गर्छन् । यसलाई नै सामाजिक लैङ्गिक संरचना मान्न सकिन्छ । समाजमा लैङ्गिक आधारमा असमानता कायम भएको हुन्छ जसको परिणामस्वरूप समग्रसमाजको विकासमा कतिपय सन्दर्भमा नकरात्मक असरसमेत देखिन सक्छन् । यसकारण पनि लैङ्गिक संरचनालाई सामाजिक संरचनाको आवश्यक भेद मान्न सकिन्छ ।

### २.२.४ धार्मिक संरचना

परम्परादेखि चल्दै आएको रीतिरिवाजलाई धर्म भनिन्छ । यसमा मानिसले गरेका आस्था र विश्वासमा आधारित अदृश्य शक्ति अँगाल्नका लागि धर्मलाई मानिन्छ । धर्मसँग सम्बन्धित आस्था, विश्वासलाई नै धार्मिक संरचना मान्न सकिन्छ । समाजमा पवित्र वस्तुलाई पूजाआजा वा सम्मान प्रकट गर्ने क्रियाकलापको पद्धतिका रूपमा लिए पनि समाजशास्त्रीय दृष्टिकोणमा धर्मलाई सामाजिक उत्पादनका रूपमा लिने भएकाले नै सामाजिक संरचनाभित्र धार्मिक संरचनाको पनि महत्त्वपूर्ण भूमिका रहन्छ । परम्परादेखि नै आम जनमानसले आफ्नो जीवनको रक्षाका लागि धर्मलाई पनि विशेष रूपमा अँगाल्ने गरेको पाइन्छ ।

अलौकिक शक्तिहरूमाथिको आस्था नै धर्म हो । धर्म भन्नु नै मानिसहरूको नीति, आदर्श, नैतिकता, आत्मा, ईश्वर तथा अदृश्य शक्तिमाथिको विश्वास हो । ब्रह्माण्ड तथा जीवनको सृष्टि, मृत्यु र त्यसपछिको जीवनको रहस्यका साथै मृत्युपछिको अलौकिक जीवनलाई पूर्ण बनाउने कुरा के हो भन्ने मानिसका मानसिक जिज्ञासाका परिणामस्वरूप यसको उत्पत्ति भएको हो । यस्तो कारणले व्यक्ति धार्मिक तथा आध्यात्मिक बन्न पुग्दछ र मानव जीवनको सत्यताभन्दा टाढा भ्रम नै भ्रमको गहिराइमा पुग्दछ । यसर्थ धर्मको सारतत्व भनेको नै अशक्तता, विघ्नबाधाहरू, आपतविपत, यातना अनभिज्ञताहरूबाट मुक्ति पाउन खोज्ने भ्रमात्मक प्रयास हो । अतः धर्म अलौकिक एवम् अदृश्य शक्तिहरूमाथिको विश्वास हो । मानव जीवनमा जेजति धर्मका रूपहरू भए पनि धर्मको एउटै उद्देश्य भनेको ईश्वरसँग साक्षात्कार हुनु, ईश्वर प्राप्त गर्नु, ईश्वरलाई खुसी बनाएर मृत्युपछि पनि सर्वश्रेष्ठ पुनर्जन्म प्राप्त गर्नु हो । पारलौकिक जीवनमा भोगप्रतिको आस्था र विश्वास हो (शर्मा, क २०६९, पृ. २१० उद्धृत कार्की, २०७६, पृ. ५२) । यसर्थ धर्म भनेको नै आपतविपत पर्दा ईश्रप्रति गरिने श्रद्धा, सम्मान हो ।

धर्म सामाजिक संसारभित्र घट्ने एउटा सामाजिक घटना हो । समाजको एउटा संस्था हो । मानव समाज व्यवस्थाको प्रारम्भदेखि नै धर्म सामाजिक व्यवस्थाको गठनमा एक अभिन्न अङ्ग वा सङ्घटकको रूपमा रहँदै आएको मानिन्छ । आखिर धर्म वास्तविकताको विकृत एवम् कपोकल्पित प्रतिबिम्ब तथा अदृश्य शक्ति ईश्वरमाथिको विश्वास भए पनि यसले सिङ्गो सामाजिक व्यवस्था, व्यक्तिका समस्त रूपहरू, उसका दृष्टिकोणहरू, बानी, व्यवहार नीति र नैतिकताहरू, परिवार, समूह, समुदाय, राष्ट्र एवम् समस्त सामाजिक विश्वलाई प्रभाव पारेको हुन्छ । सामाजिक व्यवहारका संस्थागतस्वरूप तथा अन्तरक्रियाबाट बन्ने अन्तरसम्बन्धको सञ्जाल सामाजिक व्यवस्थाको गठनमा महत्त्वपूर्ण अंसियारको रूपमा रहेको हुन्छ । यसैले समाज व्यवस्थाको गठनमा आउने थुप्रै संस्थाहरूमध्ये धार्मिक संस्था पनि एक निर्णायक संस्था हो (कार्की, २०७६, पृ. ५२) ।  आफ्ना मनका पीडा, व्यथाहरूबाट मुक्ति पाउन र जीवनलाई सदैव खुसी बनाउनका लागि ईश्वरमाथि गरिने प्रार्थना नै धर्म हो ।

धर्म सामाजिक संरचनाको एउटा महत्त्वपूर्ण अङ्ग हो । यसैले हरजनमानससामु आआफ्नो समाज, परम्परा, रीतिरिवाज, मूल्यमान्यताअनुसार धर्मप्रति जडा गाडिएको हुन्छ । कुनै पनि व्यक्तिले आफ्ना मनभित्रका पिर, व्यथा, सुख, दःुख ईश्वरसमक्ष प्रकट गर्दछ ।

आफ्ना जीवनमा आइपरेका र भविष्यमा आउने समस्या र सङ्कटबाट मुक्ति प्राप्त गर्नलाई आफ्ना कार्य र विचारहरू औपचारिक र अनौपचारिक माध्यमबाट पूरा गरिन्छ भने त्यो नै धर्म हुन्छ । धर्मसँग सम्बन्धित कार्य नै धार्मिक संरचना हुन् ।

## २.३ *स्वास्नीमान्छे* उपन्यासमा सामाजिक संरचना

*स्वास्नीमान्छे* उपन्यास हृदयचन्द्रसिंह प्रधानको नारीप्रधान उपन्यास हो । यो उपन्यास वि.सं.२०११ सालमा प्रकाशित भएको हो । २६ वटा परिच्छेदमा उपन्यासको संरचना निर्माण भएको छ । यस उपन्यासलाई प्रगतिवादी धाराको पहिलो उपन्यासको रूपमा लिइन्छ । उपन्यासमा समाजमा नारीलाई पछाडि पार्ने काम पुरुषप्रधान समाजबाट भएको देखिन्छ । नारीलाई पुरुषहरूले आफ्नो उपभोगका रूपमा लिने प्रवृत्तिको चित्रण यहाँ गरिएको पाइन्छ । नारीको पीडा नारीले नै बुझेर नारीले नारीलाई साथ दिएको सन्दर्भ पनि उपन्यासमा भएकाले पनि यसलाई नारीप्रधान उपन्यास मानिन्छ । यस उपन्यासले नेपाली समाजका नारीहरूले भोग्दै आएका शारीरिक एवम् मानसिक यातनाका सन्दर्भहरूलाई केलाएको छ । नेपाली समाज अहिले पनि थुप्रै खालका पुरुषसत्तात्मक अन्धविश्वासहरूमा जकडिएको छ भन्ने सन्दर्भ पनि यहाँ छ । यस उपन्यासमा विभिन्न सामाजिक संरचनाहरू रहेका छन् । पारिवारिक, सामुदायिक, लैङ्गिक, धार्मिक संरचनाका आधारमा यस उपन्यासको विश्लेषण तल गरिएको छ ।

### २.३.१ *स्वास्नीमान्छे* उपन्यासमा पारिवारिक संरचना

*स्वास्नीमान्छे* उपन्यासमा विभिन्न खालका पारिवारिक संरचना रहेका छन् । विशेष गरी पारिवारिक संचनाभित्र एकल परिवार र संयुक्त परिवार, परिवारभित्रको नातासम्बन्ध र ती परिवारको आर्थिक अवस्था वा पेसा, व्यवसायलाई हेरिएको छ । प्रमोदको परिवार, हिराज्यानको परिवार, मोहनबहादुरको परिवारलगायत रमानन्द, बाबुलाल, भक्तराज, मैयाँनानी, नानीप्राण, मिस्रीदिदी, भाइचा साल्गी आदि परिवारका रूपमा यहाँ आएका छन् । विशेष गरी प्रमोद, हिराज्यान, मोनबहादुर, मैयाँनानी, नानीप्राण र मिस्रीदिदीको परिवार सशक्त रूपमा रहेका छन् भने अरू गौण रूपमा आएका छन् ।

प्रमोदको परिवारमा मोतीमाया जेठी श्रीमती र कमला कान्छी श्रीमतीका रूपमा उपन्यासमा देखिएका छन् र मोतीमायाको एउटा छोरा विनोद मात्रै रहेको छ । एकल

पारिवारिक संरचनामा रहेको प्रमोदको परिवारमा घरको काम गर्ने चम्पा नोकर्नीका रूपमा देखा परेकी छे । प्रमोद नै घरको मुलीका रूपमा रहेको छ । उसले कमलाको सुन्दर यौवन देखेपछि बिस्तारै पतिव्रतामा रहेकी श्रीमती मोतीमायालाई बेवास्ता गर्दछ । उसको बेवास्ता र अनावश्यक कुरा लगाउने कान्छी श्रीमती कमलाको मात्रै कुरा सुन्ने प्रवृत्तिले सुन्दर परिवारलाई पनि तहसनहस पारेको छ । घरमा नोकर्नीसमेत हुँदा आर्थिक रूपमा सम्पन्न परिवार भएपनि प्रमोदले दोस्रो विवाहपछि आफ्नो सुन्दर घरलाई तहसनहस पारेर मोतीमायालाई विचल्लीमा पारेको छ ।

प्रमोदको परिवारभित्रको नातासम्बन्ध हेर्दाखेरि मोतीमाया र विनोदबिच आमा र छोराको रगतको सम्बन्ध रहेको छ भने प्रमोद र मोतीमायाका बिच पतिपत्नीको सम्बन्ध भए तापनि कान्छी श्रीमती कमलासित बिहे गरेपछि त्यो सम्बन्ध व्यावहारिक रूपमा प्रमोदले अगाडि बढाउन सकेको छैन जो परिवारभित्र प्रमोदको कमजोरी पनि रहेको देखिन्छ । कमला र मोतीमायाबिच सौतासौतेनीको सम्बन्ध रहेको छ । विनोद र प्रमोदबिच बुबाछोराको रगतको वंशीय नातासम्बन्ध रहे तापनि परिवारभित्र बुबाछोराको सम्बन्ध मोतीमायाका कारणले व्यावहारिक रूपमा अगाडि जान निकै कठिनाइहरू आएका छन् । परिवारभित्र मोतीमाया र विनोदको घनिष्ठ सम्बन्ध रहेको छ भने अर्कोतिर कमला र प्रमोदका बिच पनि घनिष्ठ सम्बन्ध पाउन सकिन्छ । मोतीमाया र विनोदको घनिष्ठ सम्बन्ध उपन्यासमा यसरी आएको छ :

> अनि बल्ल मोतीमायालाई सान्त्वना भयो । आमाको काखमा बस्दाबस्दै विनोदको मुखमा प्रसन्नताले राम्रै छाउन थाल्यो । साबिकै झैँ उसले मोतीमायाको चिउँडो समातीकन हाँसेर भन्यो, आमा ! अब म बाको कोठामा कहिल्यै पनि जान्नँ है ! तिमी पनि नजाऊ है आमा ! गयो भने बाले फेरि पिट्ला हकि आमा ? (पृ.१४)

माथिको उपन्यासांशमा बुबाले आमाछोरालाई माया नगर्ने, छोरालाई पनि हप्काउने, दप्काउने गर्नाले मोतीमायाले बुबाको कोठामा नजाऊ भन्दाभन्दै प्रमोदले विनोदलाई झपारे-पछि विनोद आमाको काखमा आउँदा मोतीमायालाई बल्ल सान्त्वना हुन्छ । विनोदले पनि अब म बुबाको कोठामा कहिले नजाने, गयो भने बुबाले पिट्ला है आमा भनी आफ्ना मनका वेदना आमासित पोखेको छ । यसले के सन्देश दिएको छ भने छोराछोरीलाई बुबाले भन्दा नि बढी माया आमाले गर्ने गर्दछन् । जो सत्यताको बाटोमा हिँड्छ, जसले धेरै माया गर्छ

उसैलाई छोराछोरीले साथ दिन्छन् भन्ने यथार्थ पनि विनोदले पुष्टि गरेको छ । मोतीमाया परपुरुषको घरमा बसे तापनि आफ्नो छोरासँग मोहनबहादुरलाई पटक-पटक भेट गराइ माग्छे । विनोद पनि आफ्नी आमा अर्कैसित पोइल गए तापनि सधैँ भेट्न जान्थ्यो । त्यति मात्रै होइन, कमला र प्रमोदले मोतीमाया मोहनबहादुरसित पोइल गएर त्यताबाट भागेर वेश्यालयमा पुगेको तिम्रो आमा नै खराब हो भनेर भन्दा विनोद रिसले आमालाई मार्छु भनेर खुकुरी बोकेर जान्छ । ऊ जसोतसो वेश्यालय पत्ता लगाउँछ । वेश्यालयमा मैयाँनानीले तिम्रा आमा खराब नभएको तिम्रो बुबा प्रमोद नै खराब भएको भनेर सत्यता सावित गर्छे । पछि वेश्यालयबाट आमालाई घरमा ल्याउन खोज्दा बुबाले घरभित्र नल्याऊ भन्दा पनि त्यसको सामना गर्दै घरभित्र आमालाई भित्र्याउँछ । उक्त प्रसङ्ग उपन्यासमा यसरी आएको छ :

> गौरवसाथ विनोदले जवाफ दिए, हो खास हो, “मेरी आमा द्यौता हुनुहन्छ, देवी हुनुहुन्छ । मोहनसित मेरी आमा पोइल जानुभएको होइन, बरु तपाईंलाई रन्डी अँगाल्नपरेकाले मेरी आमालाई तपाईंले अनेक निहुँ, बहाना झिकी चुटेर, पिटेर लत्त्याएर निकाल्नुभो । तपाईंकै सतीत्वमा अझ आमा आत्महत्या गर्न तयार भइसक्नुभएको थियो अनि धूर्त गुन्डा मोहनबहादुरले भेटाइ मानवताको आडमा आफ्नो पन्जा र कब्जामा पारी विवश र बाध्य गरेर आमालाई त्यसले फसाएको हो । त्यसको जवाफदेही तपाईं हुनुहुन्छ । मेरी आमालाई रन्डी नै मान्नुहुन्छ भने रन्डी बनाउने तपाईं नै हुनुहुन्छ ।” (पृ. १३७)

माथिको उपन्यासांशबाट आमा मोतीमायाका विरुद्ध बोलेका प्रमोदका हरेक शब्दको खण्डन अनि मण्डन गर्दै विनोदले आफ्नी आमा पतिव्रता नारी भएकी र उनलाई वेश्या बन्न बाध्य पार्ने तपाईं हो जबर्जस्ती सतीलाई रन्डी बनाउने तपाईको मुख्य भूमिका छ भनेको छ । मेरी आमालाई मात्र होइन, समाजको सुरक्षा गरी समाजलाई फलाउने, हुर्काउने नारी जातिलाई अपमान, अवहेलना गरी नेपाललाई समेत बरबाद गरिरहनुभएको छ, राष्ट्रमा कलङ्क लगाइरहनु भएको छ, राष्ट्रनायिका नारी जातिको जीवन र व्यक्तित्व नष्ट गरेर तपाईं जस्तो गुन्डाले यो संसारलाई धमिल्याइरहनुभएको छ भनेर विनोद आफ्नी आमाको पक्षमा बुबाका विरुद्ध सशक्त रूपमा कडा जवाफ दिएर आमाको न्यायका लागि बुबासँग द्वन्द्व गर्नसमेत पछि पर्दैन । विनोदले यसो गर्नु भनेको विनोदको बुबासित भन्दा पनि आमासँगको

गहिरो आत्मीय मायाममताको सम्बन्ध परिवारमा छ भन्ने बुझाउनु हो । यस्तै हिराज्यानको परिवारमा हिराको मात्रै वर्णन गरिएको छ ।

शारीरिक र मानसिक यातना सहन नसकेर मोतीमायाले घर छोडेर आत्महत्याको बाटो अपनाउनुपर्ने स्थितिले घरवरपर हिराज्यानजस्ता आइमाईलाई कुरा काट्ने माध्यम सिर्जना भएको देखिन्छ । हिराज्यानको परिवारका अरू सदस्यहरूको खासै उपन्यासमा उपस्थिति देखिँदैन । अरूको घरपरिवारमा झैझगडा उत्पन्न गराई त्यसबाट आनन्द लिने पात्रका रूपमा उसलाई लिन सकिन्छ । यसले के बुझाउँछ भने प्रमोद र हिराज्यानको नजिकको छिमेकी भए पनि यी दुई परिवारमा आपसी सद्भावको मित्रताको, छिमेकीको नाता नभएर परचक्रीको सम्बन्ध भएको उपन्यासमा पाउन सकिन्छ । यस्तै *स्वास्नीमान्छे* उपन्यासमा परिवारका रूपमा मोहनबहादुरको परिवार पनि आएको छ । उसको परिवारमा वर्तमान समयमा बहिनीहरू मात्रै घरमा भएको, श्रीमतीलाई घरबाट निकाल्दै अर्को विवाह गरेको सन्दर्भ उपन्यासमा देखा पर्दछ । मोतीमायालाई सुरुमा आत्महत्या गर्नबाट बचाई उसलाई बहिनी बनाएर घरमा राख्छु भनेर घर लग्छ । बिस्तारै मोतीमायाको घरको कमीकमजोरीको फाइदा उठाउँदै मोतीमायालाई मायाजालमा पारेर त्यसलाई लामो समयसम्म भोग गरी पछि घरबाट निकाला गर्छ ।

उपन्यासमा सबैको घरपरिवार एकल परिवारका रूपमा देखा परेका छन् । एकल परिवारका रूपमा देखापरे तापनि सबैको घरलाई सही व्यवस्थापन गर्न नसकेर घरको पारिवारिक स्थिति लथालिङ्ग भएको छ । उपन्यासमा धेरैजसो परिवारमा पुरुषले दोस्रो विवाह गरेपछि जेठी श्रीमतीले धेरै पीडा पाएको, महिलाले दोस्रो विवाह गरेर पनि यौनको सिकार हुनु मात्रै परेको, पुरुषहरूले प्यास मेटाएपछि अर्की स्त्री भेटेपछि अगाडिको बुढीलाई घरबाट काम नदिने गाईलाई निकाला गरेझैँ तिनलाई निकाला गरेको देखिन्छ । यो सबै हुनु भनेको पितृसत्तात्मक नेपाली समाज हुनुका साथै घरको मूलीले घरका सबै सदस्यको यथार्थ कुरा नबुझेर अरूको कुरा मात्रै सुन्ने प्रवृत्तिले हो । उपन्यासमा भएका अधिकांश महिलाले शारीरिक र मानसिक यातनाले घर छोडे तापनि पछि उनीहरूले गुठी, वेश्यालयजस्ता सङ्घसंस्था खोलेर आफ्नो वर्चस्व कायम गरेको, पीडामा स्वास्नीमान्छेहरूलाई उद्धार गर्न तथा आफ्नो जीवनलाई तिलाञ्जली दिनसमेत पछि नपरेको देखिन्छ । धेरैजसो महिलाको पहिलाको घरपरिवार भताभुङ्ग भएको उपन्यासमा देखिन्छ ।

पेसाका रूपमा पारिवारिक संरचना हेर्दा प्रमोद जागिरे र उसको छोरा विनोद विद्यार्थी, श्रीमतीहरू मोतीमाया धर्मभक्त, पतिव्रता नारीका रूपमा भए पनि परिबन्दले उनलाई वेश्या बनाएको, कमला भान्छे बाहुनीका रूपमा र चम्पालाई नोकर्नी पेसामा हुनुपरेको देखिन्छ । हिराज्यान अरूको चियोचर्चा गर्ने पेसामा नै आबद्ध देखिन्छ । मैयाँनानी गुठीकी नायिका र मिस्रीदिदी वेश्यालयको प्रमुख पेसामा आबद्ध रहेका छन् । यसका साथै विभिन्न सङ्घसंस्था खोलेर सामाजिक सेवा गर्नका लागि अन्यायका विरुद्ध आवाज उठाउन शक्ति एकीकरण गर्नका लागि परिस्थितिले वेश्याजस्ता पेसा अपनाउनुपर्ने बाध्यता भएको पारिवारिक संरचना यहाँ देखिन्छ । यस्तै वेश्यालयमा काम गर्ने सम्पूर्ण नारी वेश्या बन्नका लागि नभएर वेश्या बन्नबाट रोक्नका लागि वेश्यालय खोल्नु परिरहेको उनीहरूको पारिवारिक कथा, व्यथा रहेको देखिन्छ । साथै आफ्नो पारिवारिक जिम्मेवारीलाई वहन गरेर सबै आआफ्नो पेसाप्रति आबद्ध पारिवारिक संरचना यस *स्वास्नीमान्छे* उपन्यासमा भेटिन्छ ।

यसर्थ *स्वास्नीमान्छे* उपन्यासमा परिवारका रूपमा अधिकांश एकल परिवार, पेसाका रूपमा जागिरे, विद्यार्थी, भान्छे, भक्त, नोकरनोकर्नी, समाजसेवा, वेश्या, ठेकदार, पुरोहित, न्यायाधीश, पुलिस, सशस्त्रसैनिक, सिपाही आदिजस्ता विभिन्न पेसा अपनाएर बसेका मानिसहरूको पारिवारिक संरचनाहरू रहेका छन् । विशेष रूपमा प्रमोदको पारिवारिक नातासम्बन्ध हेर्दा परिवारभित्र मेलभन्दा पनि बेमेल भएको, परिवारभित्र चार सदस्य मात्रै भए पनि विनोद र मोतीमायाबिच आमाछोराको र रगतको सम्बध छ भने कमला र प्रमोदको सम्बन्ध श्रीमान् श्रीमती भए पनि प्रेमीप्रेमिकाको जस्तो सम्बन्ध रहेको देखिन्छ । मोतीमाया र विनोदलाई प्रमोदले घरबाट निकाल्नसमेत पछि पर्दैन । उता परिबन्दले विनोदले आफ्नै बुबाका विरुद्ध आमाको न्यायका लागि लड्नुपर्ने नियति सिर्जना भएको छ । यता मोतीमायाले श्रीमान्लाई धेरै माया गरे तापनि उसलाई श्रीमान्ले माया नगरेको पारिवारिक सम्बन्ध देखिन्छ । पुस्तागत रूपमा पारिवारिक संरचना हेर्ने हो भने दुईपुस्ते पारिवारिक सामाजिक संरचना उपन्यासमा भेट्न सकिन्छ ।

### २.३.२ *स्वास्नीमान्छे* उपन्यासमा सामुदायिक संरचना

सामुदायिक संरचना निर्माणका स्थितिलाई हेर्दा मुख्यतः आर्थिक, शैक्षिक, भौगोलिक, भाषिक आदि संरचना पर्दछन् । हृदयचन्द्रसिंह प्रधानको *स्वास्नीमान्छे* उपन्यासमा पनि सामुदायिक संरचनाका रूपमा भौगोलिक, आर्थिक, शैक्षिक संरचनाहरू देखा परेका छन् ।

यसका साथै न्यायालयको समुदाय, पुलिस, सैनिक, सशस्त्र, सिपाहीहरूको समुदाय, आन्दोलनकारीको समुदाय, राजनीतिक समुदाय आदि जस्ता सामुदायिक संरचना पनि यहाँ भेटिन्छन् ।

भौगोलिक सामुदायिक संरचनाका रूपमा काठमाडौं उपत्यकाभित्रको सामुदायिक संरचना उपन्यासमा देखा पर्दछ । काठमाडौंको उपत्यकाको पनि स्वयम्भूडाँडा, पशुपति मन्दिर, बागमती नदी, कलकत्ता सहर, काठमाडौंको गल्ली, सडक, इटुबहालको राजनीतिको आमसभा, पश्चिमाञ्चलको गीत र जेल, न्यायालय र त्यहाँवरपरको भौगोलिक समुदायको चित्रण गरेको पाइन्छ । मोतीमाया आत्महत्या गर्न जानेबेलामा स्वयम्भूडाँडाको भौगोलिक समुदाय आएको छ । उक्त तलको उपन्यासांशबाट केही भौगोलिक समुदायबारे स्पष्ट पार्न सकिन्छ :

> यस्तै प्रकारले मोतीमाया स्थितिबाट तानिँदातानिँदै फेरि सिम्भूको डाँडाउक्लन पुगिन् । मोतीमाया छोराकी आमा भइसके तापनि सौन्दर्यको बलियो टेवा पाएकी हुनाले उनको यौवन वसन्तमय नै थियो मानौं सोह्रवर्षीय कुमारीको भिटामिनदार यौवनजस्तै उनको तारुण्य फुलिरहेको थियो त्यसैले प्रायः सज्जन मानिसहरूका हृदयमा पनि लोभले घर गर्न खोज्दथ्यो । रावणका कैयन् अवतारले मोतीमायालाई एक्लै भेट्टाएका पनि थिए, तर बलात्कार गर्न खोज्ने दुष्टहरूबाट आफू निभेर होइन, जे अगाडि छ त्यसले हिर्काएर त्यसलाई निभाएर पनि स्त्रीहरूले आफ्नो सतीत्व रक्षा गर्नुपर्छ भन्ने गान्धीको उपदेशले स्त्रीहरूले उपाध्याया हुँदै आइरहेका देखेर हो कि कुन्नि किन हो, केवल लोभले हेरेर रावण मेटाइरहेको थिए । (पृ.३७)

प्रस्तुत उपन्यासांशमा साँझपख मोतीमाया आत्महत्या गर्नका लागि स्वयम्भूको डाँडाको एउटा जङ्गलमा जान लागेकी देखिन्छ । ऊ शारीरिक रूपले निकै सुन्दरी भएकाले सोह्र वर्षीय कुमारीको भिटामिनदार यौवनले जस्तोसुकै सज्जन मानिसहरूको हृदयमा पनि लोभ पलाएको हुन्छ भन्ने सन्दर्भ पनि यहाँ देखा पर्दछ । मोतीमायाले आफूमाथि कोही बलत्कार गर्न आए अगाडि जे छ त्यसैलै हिर्काएर आफ्नो सतीत्व रक्षा गर्नुपर्छ भनी गान्धीको उपदेशलाई पनि मनन गर्दै हिँडिरहेकी थिईन् । यसले के विचार प्रकट गरेको छ भने तत्कालीन समयमा त्यहाँको समुदायका मानिसहरूले एक्लै स्त्री साँझपख एकान्तमा भेटे बलात्कार गर्न पुग्छन् भन्ने विचार पनि प्रकट गरेको छ । उपन्यासकारले तत्कालीन

समयको चित्रण गरे तापनि वर्तमान समयमा पनि यो परिवेश सिर्जना भएको नै देखिन्छ । आफ्नो समुदायमा पनि मानिसहरू सुरक्षित नभएका, आफ्नै समुदायका मानिसहरूले पनि परस्त्रीप्रति आँखा लगाइरहेको मौका छोपेर त्यसको प्रत्यक्ष फाइदा लिन केही गोमन सर्पजस्ता प्रवृत्ति भएका मानिसहरू पनि समुदायमा छन् । तिनीहरूप्रति हरेक नारीहरू सदैव सचेत रहनुपर्छ भन्ने धारणा पनि उपन्यासकारको रहेको पाइन्छ ।

घर छोडेर हिँडेका नारीहरूले आफ्नो समाजमा भएको गिद्धेनजर प्रवृत्तिका पुरुषहरू-बाट पतिव्रता बचाइरहनका लागि उनीहरूले आफूले सकेको सुरक्षाका उपायहरू अपनाउनु-पर्दछ । तत्कालीन समयमा नारीहरू एक्लै हिँड्न डराउनुपर्ने समुदायको पनि चित्रण भएको देखिन्छ । तत्कालीन नेपाली समाजमा ठाउँठाउँमा धेरै गुन्डाहरू भएको तिनीहरूबाट अबला नारीहरू जोगिरहन पनि गाह्रो परेको समुदायको चित्रण गरेको पाइन्छ । मोतीमाया, मैयाँनानी, वासन्ती यसका प्रतिनिधि पात्रका रूपमा देखा परेका छन् । समाजमा हजारौँ मोतीमायाहरू परपुरुषबाट असुरक्षित छन् भन्ने सन्दर्भ पनि उपन्यासमा भेटिन्छ ।

शैक्षिक समुदायको रूपमा पनि *स्वास्नीमान्छे* उपन्यासमा केही झलकहरू पाइन्छन् । प्रमोद र उसको छोरा विनोद, मोहनबहादुर, मोतीमाया, कमला र मैयाँनानी, वासन्ती, मिस्री दिदी जस्ता पात्र शैक्षिक समुदायका सदस्यहरू हुन् । मैयाँनानी, वासन्ती, मिस्रीदिदीलाई नियतिले वेश्या बन्न बाध्य पारेको अवस्था उपन्यासमा देख्न सकिन्छ । प्रमोद जागिरे मान्छे हो । ऊ जागिरे यस अर्थमा छ कि ऊ शिक्षित पनि छ भन्ने अर्थ लाग्छ किनकी अशिक्षित मान्छेले कमै जागिर पाउँछन् । उसले सहजै जागिर पाएको र घरमा एउटा नोकर पनि राखेको सन्दर्भ उपन्यासमा भेटिन्छ । यस्तै उसको छोरा विनोद पनि शिक्षित भनेर भन्न सकिन्छ किनकि उसलाई आमा मोतीमायाबाट अलग्याउन अध्ययनका लागि जबर्जस्ती कलकत्ता पठाउन लाग्दा आमासँग बरु नभेट्ने म यतै बस्छु भनेर कागजपत्रमा हस्ताक्षर गर्दछ । यसकारण पनि विनोद शिक्षित छ भन्ने सन्दर्भ स्पष्ट हुन्छ । यस्तै मोहनबहादुर समाजमा विभिन्न दार्शनिक कुरा गरेर केटीहरूलाई एकैछिनमा पगाल्छ । उसले आत्महत्या गरेर मर्न लागेकी मोतीमायालाई विभिन्न उदाहरण दिँदै, दार्शनिक कुरा गर्दै मर्नबाट बचाउँछ । मोहनबहादुरका भनाइहरू मोतीमायालाई जति सुने पनि अझै सुनिरहन मन लाग्ने र अझ विनोदलाई भेट गराउँछु भनी मोतीमायासँग गरेको प्रेरणादायी कुराले आफ्नो घरसम्म लैजान सफल हुन्छ र उसबाट फाइदा लिन्छ । यो कारणले पनि ऊ शिक्षित भन्ने

कुरा बुझ्न सकिन्छ । उसले एउटा चिठी लेखेर मोतीमायालाई पढ्न दिन्छ । यसकारण मोतीमाया पनि शिक्षित नै भएको ठहरिन्छ । यदि मोतीमाया अशिक्षित भएको भए चिठी पढ्न उसलाई आउँदैन थियो । यस्तै प्रमोदकी कान्छी श्रीमती कमला शिक्षित व्यक्ति नै भएको कुरा ठहर्छ किनकि उसले कमल नाम गरेको चिठी आफ्नो श्रीमान् प्रमोद मोतीमायालाई लेखेको चिठी भनेर दिन्छे यदि ऊ अशिक्षित भएको भए यो चिठी भनेर थाहा पाउँदिन थिई । यस्तै मिस्रीदिदी पनि शिक्षित छ, ऊ शिक्षित भएर नै अप्ठ्यारोमा, अन्यायमा परेका नारीको उद्धार गर्नका लागि त्योभन्दा अगाडि शक्ति सञ्चित गर्नका लागि वेश्यालयसमेत खोल्न ऊ पछि पर्दिन । उसले रोडमा, सडकमा अलपत्र परेका नारीहरू लगेर वेश्यालयमा जागिर दिन्छे र परपुरुषसँग सुत्नका लागि आग्रह गर्दै पछि बिस्तारै महिलालाई अन्यायका विरुद्ध लड्न आम नारीलाई सचेत गराउँछे, अन्यायका विरुद्ध हतियार प्रयोग गरी गोली चलाउनसमेत ऊ पछि पर्दिन । न्यायको पक्षधर भएर वकालत गर्ने सचेत नारी भएकाले पनि उसलाई शिक्षित समुदायमा राख्न सकिन्छ । *स्वास्नीमान्छे* उपन्यासमा केही मात्रामा राजनीतिक समुदाय पनि आएको छ । अहिलेका मान्छेहरू राजनीतिको नाममा आफ्नो स्वार्थ पूरा गर्ने, यसले समाजमा एकआपसमा कलह निम्त्याउने पनि गराउँछन् । उक्त सन्दर्भ उपन्यासमा यसरी आएको छ :

> महिला संस्थाहरू त छन् २-४ वटा, अझ कति जन्मँदै  छन् तर ती संस्थाहरू त छन् तर ती संस्थाहरूले महिलाहरूको खास प्रतिनिधित्व गर्नुभन्दा राजनीतिक गुटहरूका कठपुतली बनिरहेका छन् । राजनीतिक स्वार्थले गर्दा महिला संस्थाहरू आपसमा कलह र फुट पैदा भई शक्ति र प्रभावहीन भइरहेका छन् । सामाजिक सुधार र आन्दोलन गर्न न तिनले अवकाश पाएका छन् न अध्ययन । तैपनि महिला संस्था भएको हुनाले म गौरव राख्दछु । अहिले भएका महिला संस्थाहरूसित पनि अपिल गरी संयुक्त मोर्चा खडाँ गरी तत्कालीन स्थितिको निम्ति नारीहित मात्रको आन्दोलन गर्ने विचार गरेकी छु । (पृ.१०७)

माथिको उपन्यासांशमा महिला हितका लागि खोलिएका केही संस्था भए पनि ती संस्थाहरूले महिलाहितका लागि काम गर्दैनन् बरु राजनीतिक गुटका कठपुतली बनी आफ्नो स्वार्थमा लागिरहेको प्रसङ्ग उपन्यासमा आएको छ । यहाँ मैयाँनानीले वर्तमान समयमा भएका महिला संस्थाहरूसित संयुक्त मोर्चा बनाएर तत्कालीन स्थितिको निम्ति नारीहितको

आन्दोलन गर्ने विचार गरेको देखिन्छ । सबै नारीहरूले सामाजिक हितका लागि एक हुनुपर्ने धारणा मैयाँनानीले मोतीमायालाई अभिव्यक्त गरेको देखिन्छ ।

उपन्यासमा यसरी हेर्दा शिक्षित र अशिक्षित समुदायको चित्रण गरेको पाइन्छ । अशिक्षित समुदायका पात्रको रूपमा चम्पा, नैनी, मोहनबहादुरले चम्पालाई बुझ्न लगाएको केटो आदि देखा परेका छन् । यहाँ शिक्षित र अशिक्षित समुदायको चित्रणभन्दा पनि पितृसत्तात्मक समुदायको चित्रण गरेको पाइन्छ । समुदायलाई आर्थिक दृष्टिकोणले हेर्ने हो भने उच्च वर्गको र निम्न वर्गको समुदायको चित्रण गरेको पाइन्छ । उच्चवर्गभित्र प्रमोदको परिवार, मोहनबहादुरको परिवार देखा पर्दछ भने निम्नवर्गभित्र चम्पा, चम्पालाई विनोदका लागि बोलाउने केटा, मैयाँनानी, नानीप्राण, लीलालगायतका घरखर्च चलाउनका लागि वेश्यालयमा काम गर्ने नारीका रूपमा देखा पर्दछन् । उनीहरूलाई आफ्नो राजीखुसीले नभई परिबन्दले नै त्यो ठाउँमा पुऱ्याइएको छ । भाषिक समुदायका दृष्टिले हेर्ने हो भने धेरैजसो नेवारी शब्दको प्रयोग भएकाले नेवारी समुदायभित्र पनि बाहुन जातिको समुदाय उपन्यासमा देखा पर्दछ ।

*स्वास्नीमान्छे* उपन्यासमा सामुदायिक संरचनाभित्र भौगोलिक समुदायका रूपमा काठमाडौँको स्वयम्भू वरिपरिको समुदायको चित्रण छ भने शिक्षित समुदायमा शिक्षित र अशिक्षित समुदाय, आर्थिक समुदायभित्र हुनेखाने र हुँदा खाने समुदायको र जातिगत रूपमा हेर्दा बाहुन समुदायका साथै न्यायालयको, आन्दोलनकारीको समुदाय, वेश्यालयको समुदाय, पुलिस, सैनिक, सिपाही, सशस्त्रहरूको समुदाय जस्ता थुप्रै समुदायहरू सामाजिक संरचनाको रूपमा उपन्यासमा खचाखच रूपमा भरिएका देखा पर्दछन् ।

### २.३.३ ***स्वास्नीमान्छे*** **उपन्यासमा लैङ्गिक संरचना**

सामाजिक संरचनाको अर्को मुख्य आधार लैङ्गिक संरचनालाई मानिन्छ । *स्वास्नीमान्छे* उपन्यासमा पनि लैङ्गिक संरचनाको सशक्त प्रयोग भएको पाइन्छ । पितृसत्तात्मक नेपाली समाज भए पनि उपन्यासकारले भने यस उपन्यासमा नारीप्रधानताको चित्रण व्यापक रूपमा गरेको पाइन्छ । उपन्यासको शीर्षक नै स्वास्नीमान्छे भनेर राखिएको छ । यस उपन्यासमा पुरुष र स्त्रीपात्र दुवैको प्रयोग गरिए तापनि कार्यका आधारमा भने नारी सशक्तता बढी देखिन्छ । प्रमोद, विनोद, मोहनबहादुर, रमानन्द बाबुलाल, भक्तराज,

भलादमी, इज्जतदार पुरुष, नवयुवक, पशुपतिको जोगी, गुन्डा, सुरप्रसाद, रामे, न्यायाधीश आदि जस्ता पुरुषपात्रको प्रयोग भएको छ भने मोतीमाया, कमला, हिराज्यान, चम्पा, अधबैसे आईमाई, मिस्री दिदी, नौली आइमाई (नानीप्राण), लीला, दालचिनी, चुली, मैयाँनानी, जूईनानी, वासन्ती, अञ्जनाकुमारीलगायतका नारी पात्रको प्रयोग हुनाका साथै पुलिस, सशस्त्र, सैनिक, सिपाही, आन्दोलनकारी, जनता आदि जस्ता पात्रहरूको प्रयोग पनि उपन्यासमा भएको देखिन्छ । विशेषतः मोतीमायाको केन्द्रीयतामा यो उपन्यासको सिर्जना भएको देखिए तापनि अरू स्वास्नीमान्छेको पनि निकै महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ । मैयाँनानी, वासन्ती, मिस्रीदिदीले नारीहिंसाका लागि बुलन्द आवाज उठाएका छन् । *स्वास्नीमान्छे* उपन्यासमा केकस्तो लैङ्गिक हिंसा भएको छ त्यसलाई यहाँ अध्ययन गरिएको छ ।

मोतीमाया प्रमोदकी जेठी श्रीमती हुन् । उनी पतिव्रता नारी, आफ्नो धर्मकर्म नछोड्ने नारी भए तापनि प्रमोदले निकै शारीरिक र मानसिक यातना दिएको छ । सौता कमलाको किर्ते शङ्काका आधारमा प्रमोदले मोतीमायालाई नानाभाँती अपच शब्द बोल्दै हातपात गर्दासमेत केही प्रतिकार नगरी निरीह भएर खालि यातना मात्रै सहिराख्छे । उक्त प्रसङ्गलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> एकदमै झम्टेर प्रमोदले भने, “के भनिस्, च्यातिदिऊँ तेरो मुख ! लाज छैन तँलाई ? (तकियामुनिबाट चिठी झिकी देखाएर) कसले लेखेको यो चिठी ?” लौ भन् रन्डी ( चुल्ठो समातेर भकाभक लत्याउँदै) कसले लेखेको यो चिठी ? “त्यस्तै गुन्डाहरूको-बाट मनग्गे भरथेग पाएर नै फुर्ती पनि बढ्न सकेको ।” प्रमोदको रिसको आगोमा कमलाले घिउ हालिदिइन् । (पृ.१३)

उक्त माथिको उपन्यासांशमा मोतीमायालाई आफ्नो श्रीमान्को मुखबाटै नै बिनागल्तीमा नै यस्तो रण्डी भन्ने शब्द सुनेपछि उनको मन छियाछिया हुन्छ । त्यसैमा उनकी सौता कमलाले गुन्डाहरू मनग्गे भरथेग पाएर फुर्ती बढेको भनेपछि कमलाको वाक्यले आगोमा घिउ थप्दा मोतीमायाको घाउँमा नुनचुक हालिदिएको जस्तो हुँदासम्म केही बोल्न सक्दिनन् केवल पीडा सहनबाहेक केही हुँदैन । यसले मोतीमायालाई सहनशील नारीका रूपमा पनि चिनाएको पाइन्छ । आफ्नो छोरा नाबालकमाथि विनाकारण अन्याय हुँदासमेत उनी केही विद्रोह गर्नसमेत आँट गर्न सक्दिनन् । जहिले पनि पतिबाट हुने लैङ्गिक

हिंसा सहेर मात्र बस्नुपर्ने मोतीमायाको दयनीय अवस्था सिर्जना भएको देखिन्छ । आफूमाथि सौता हाल्दासमेत केही बोल्न नसक्नु, सौताको किर्ते चिठीको समेत केही स्पष्ट जबाफ दिन नसक्ने खालि आँसु मात्रै बगाउने चरित्रका रूपमा उनलाई पाउन सकिन्छ ।

जति गर्दा पनि श्रीमान्को ज्यादती खप्नै नसकेपछि मोतीमाया कोठामा एक्लै विनोदलाई छोडेर आत्महत्या गर्ने सोचविचारले फेरि घरबाट निस्कन्छिन् । छोराप्रतिको मातृत्वपनको आभास गर्दै, छोराका लागि केही गर्न नसकेकाले आत्मग्लानि गर्दै पासोमा चढ्न लागेकी मोतीमायालाई मोहनबहादुरले देख्छ । मोहनबादुरले मर्न लागेकी मोतीमायाको यथार्थ बुझेर मरेर मात्रै तिम्रो समस्याको समाधान हुँदैन, अझ आत्महत्या गरेर मर्नु त महापाप हो भन्दै उसलाई सम्झाइबुझाइ गरी घर जाऊँ बरु म प्रमोदलाई सम्झाउँछु भन्दा पनि घर जान मान्दिनन् । घर जान नमानेपछि आफ्नो घर जाऊँ र बहिनीका रूपमा मेरो घरमा राख्छु भन्छ तैपनि मोतीमाया मान्दिनन् । जब मोहनबहादुरले विनोदलाई भेटाउने जिम्मा मेरो अब हिँड मेरो घर भनेर भन्छ तब मोतीमाया विनोद भेट्न पाइने, दाजुको नाताले भनेर स्वार्थी मोहनबहादुको घर जान बाध्य हुन्छिन् । बिस्तारै विभिन्न जालजेल किर्ते मायाप्रेम लगाएर मोतीमायालाई आफ्नो स्वास्नी बनाई उनलाई भोग गर्न ऊ सफल हुन्छ । लामो समय भोग गरी आफ्नो यौनिक प्यास मेटाएरपछि मोहनबहादुर मोतीमायालाई अनेक लाञ्छना लगाएर घरबाट काम नलाग्ने गाई धपाएझैँ धपाउँछ । यहाँ पनि मोतीमाया मोहनबहादुरबाट लैङ्गिक हिंसामा परेको सामाजिक लैङ्गिक संरचनालाई उपन्यासमा यसरी उद्धृत गरिएको छ :

> मोहनबहादुरले आगो भएर कुकुर चुटेझैं चुटी मोतीमायालाई घिसार्दै, पछार्दै घरबाट निकालिदिए । कोही मानिसले पनि रोक्न सकेनन्, ढोका बाहिर पुऱ्याएर पनि मोहनबहादुरले अझ कुट्दै थिए । मोतीमाया क्वाँ-क्वाँ रुँदै थिइन् । छिमेकका मानिसहरूले उनको अत्याचार हेर्न नसकेर बाहिर आएर मोहनबहादुरलाई सम्झाउन थाले । “हाई ! स्वास्नीलाई पनि यस्तरी कुट्ने, भइगो नकुट्नुहोस् ।” छिमेकीहरूतिर हेरेर मोहनबहादुरले भने “स्वास्नी त तब मात्र स्वास्नी हो जबसम्म लोग्नेको भलाइ चाहेर भक्ति गर्छे, जो पनि गुन्डालाई अँगालिहाल्छे भने त्यो बेला पनि स्वास्नी स्वास्नी हुन्छे ? यसको चरित्रको बारेमा म के भनूँ, लाजले कुरा घाँटीमै अड्छ ।” (पृ.८८)

माथिको उद्धरणले के सङ्केत गरेको छ भने जसरी प्रमोदले मोतीमायालाई घरबाट निकाला गरेको थियो त्यसैगरी मोहनबहादुरले पनि मोतीमायाबाट अघाइ सकेपछि विभिन्न आरोप लगाएर समाजका अगाडि बेइज्जत गरी निकालि दिन्छ । जति बिन्तीभाउ गर्दा पनि उसलाई घरभित्र पस्न दिँदैन । यहाँ एकपछि अर्को पुरुषले उसलाई भोग गरेर घरबाट जबरजस्ती निकालिन्छ । पतिव्रता श्रीमती मोतीमायालाई यसरी घरबाट बिनाकारण निकालेर सडकमा अलपत्र पार्नुपर्ने सामाजिक संरचना निर्माण भएको देखिन्छ । यसरी श्रीमान्प्रति भक्तिभाव जनाउँदाजनाउँदै पनि दुई-दुईवटा श्रीमान्बाट अपहेलित हुनुपरेको, आफ्नो सतीत्व लुटिनुका साथै शारीरिक र मानसिक यातना भोग्नुपरेका कारणले पनि उनलाई अभागी नारीका रूपमा हेर्न सकिन्छ । पुरुषप्रधान नेपाली समाजमा मोतीमायाजस्ता सोझासाझा सतीसावित्री नारीहरूलाई बाँच्न कठिनाइ परेको अवस्था सिर्जना भएको छ ।

मोहनबहादुरबाट अपहेलित भई सडकमा पुगेकी मोतीमाया गुन्डाको सिकार हुनबाट जोगिने उपाय खोज्ने सिलसिलामा पहिलोपटक अन्जानमा मिस्रीदिदी र दोस्रोपटक जानीजानी  मैयाँनानीको वेश्याकोठीमा शरण लिन पुगे पनि उनी वेश्या बन्न मान्दिनन् । पछि मैयाँनानीले मोतीमाया वेश्या बन्न नमानेपछि गीत गाउनेमा उसलाई राखिन्छ । मोतीमाया वेश्यालयमा आउने मानिसहरूलाई गीत गाएर मनोरञ्जन प्रदान गर्ने कार्यमा खप्पिस हुन्छे । उक्त प्रसङ्ग उपन्यासमा यसरी प्रस्तुत भएको देखिन्छ :

> हार्मोनियमको सुरमा मोतीमाया आफ्नो कण्ठ फुटाएर सुमधुर तान छोडिरहेकी थिइन्, मानौं ऋतुराज वसन्तै कोठामा आगमन भइरहेझैँ महफिलमा रमणीयता छाइरहेको थियो, रौनक बढिरहेको थियो, मोतीमायाको मीठो र सुरिलो तानमा त्यस्तो जादु थियो । तबला बजाउने बाईजी पनि टाउको र आङ हल्लाउँदै मस्त झुलिरहेकी थिई । अरू बाइजी र मोतीमाया लठ्ठ परेर मुखमुद्रामा मुस्कान उडाइरहेका थिए । पुरुष जातिमा एउटै व्यक्ति थियो, बोतलबाट काँचको गिलासमा रक्सी खन्याउँदै, पिउँदै मोतीमायाको गाना सुनेर लट्टपट्ट भएको थियो । ...ऊ बीच-बीचमा जुरुक्क उठ्थ्यो पनि । हातमा नोट लिएर बीच-बीचमा मोतीमायाको गालानिर हात लैजान्थ्यो, मोतीमायाले अनि उसको हात झट्कारिदिन्थिन् । मैयाँनानी अनि त्यस व्यक्तिको हातबाट नोट हत्याउँथिन् । (पृ.१२८-१२९)

माथिको साक्ष्यमा मोतीमायाको लय र सुर एकदमै राम्रो भएको, मुखमुद्रामा मुस्कानका साथ गीत गाउनमा तल्लिन भएकी मोतीमायासँगै तबला बजाउने बाईजी पनि निकै रमाई, टाउको र आङ हल्लाउँदै मस्त रमिरहेको परिवेश सिर्जना भएको देखिन्छ । एकजना पुरुष पनि सुरिलो भाकासित गीत गाएकी मोतीमायाको गीत सुनेर लठ्ठ परेको सन्दर्भ पनि उक्त उद्धरणमा आएको छ । मोतीमायाले गीत गाएर नै सबैलाई लठ्ठ पार्ने र तिनीहरूबाट नोटहरू झार्ने, त्यसपछि ती नोटहरू मैयाँनानीले जम्मा गर्ने गरेको सन्दर्भ पनि यहाँ आएको छ । यसर्थ तत्कालीन समयमा भद्रभलादमीहरू मनोरञ्जन लिनका लागि वेश्यालयमा धाउँथे भन्ने सन्दर्भ उपन्यासकारले व्यक्त गरेका छन् ।

उक्त सन्दर्भले के पुष्टि गर्छ भने तत्कालीन समयमा विभिन्न परिस्थितिले भनौं या परिबन्दले भनौं मोतीमायाजस्ती पतिव्रता नारीले दोस्रो विवाह गर्नुपरेको, त्यहाँबाट पनि घर निकाला भएपछि कताकताबाट परिबन्दले उनलाई वेश्यालयमा गीत गाउन बाध्य हुनुपरेको छ । मोतीमाया जस्ता नारीहरू समाजमा केवल मनोरञ्जनको साधन मात्रै हुन पुगेको देखिन्छ । नियतिले ठगिएकी मोतीमाया एक कोमल मातृहृदय भएकी पात्र हुन् । घरबाट लोग्नेले बिनाकारण शङ्का गरेर घरनिकाला गर्दा आत्महत्या गर्न जाँदा खेरी विनोदलाई सम्झेर घर आउँछिन् र आफ्नो विवाहको दाइजोको कपडा राखेर हिराज्यानकामा पच्चीस रुपैयाँ ऋण माग्दा उसले पाँच रुपैयाँ मात्र दिएको र त्यसको विनोदलाई बिस्कुट किनेर दिने मायालु पात्र हुन् । विनोदलाई बिस्कुट दिएर हिराज्यानलाई विनोदलाई आमाको माया दिनुहोला भन्दै स्वयम्भूको डाँडामा मर्न जाने नारी पनि हुन् । मर्नबाट मोहनबहादुरले मोतीमायालाई बचाउँछ । मोतीमायाजस्ती पतिव्रता नारीले दोस्रो विवाह गर्नुपरेको, त्यहाँबाट पनि घर निकाला भएपछि कताकताबाट परिबन्दले उनलाई वेश्यालयमा गीत गाउन बाध्य हुनुपरेको छ । खुसीको कुरा यो हो कि अन्ततः मोतीमायाले मर्नु नपरेर आफ्नो छोरा विनोदले गर्दा आफूमाथि अन्याय गर्ने प्रमोद र कमलालाई सजाय दिन र सत्यतथ्य बुझ्ने आफ्नो मायालु छोरा विनोदसँग घरमा बस्न सफल भएकी छिन् । आमा र छोराको सम्बन्ध श्रीमान् श्रीमतीभन्दा पनि निकै घनिष्ठ हुन्छ भन्ने भाव पनि यसले दिएको छ ।

उपन्यासका अर्का सशक्त पात्र विनोद पनि नारी पक्षधरका रूपमा आएको छ । आफू पुरुष भए तापनि अन्यायमा परेका नारीहरूको हितका लागि आफ्नो बुबालाई समेत गुमाउनुपरेको अवस्था भएको छ । अन्याय गर्ने समाजमा जो सुकै किन नहोस् त्यसका

विरुद्ध सदैव लडिरहनुपर्दछ । नारीलाई बिगार्ने भनेको नै पुरुषले हो त्यसैले समाजमा भएका गुन्डा प्रवृत्तिका मानिसहरूको अन्त्य गर्नुपर्छ भन्ने धारणा विनोदको रहेको छ । ऊ उपन्यासमा प्रगतिशील विचारको वाहकका रूपमा पनि देखा पर्दछ । मैयाँनानी जेल परे पनि उसकी आमा मोतीमायासित मिलेर मैयाँनानीका नाममा उसले मैयाँ-महिला सङ्घ स्थापना गराएको छ । उक्त सन्दर्भ उपन्यासमा यसरी आएको छ :

> आखिरमा मैयाँनानीको फैसला सुनेर विनोद र मोतीमाया ज्यादै पीडित भए । उनको स्मृतिमा विनोदले आफ्नो घर 'मैयाँ-मन्दिर'को नामले आफ्नी आमा मोतीमायाको अध्यक्षतामा 'मैयाँ-महिला सङ्घ' स्थापना गराई त्यही सङ्घलाई अर्पण गरिदिए । घोषणामा विनोदले भनेका थिए, "सीता सती स्त्रीलाई भन्दा म मैयाँनानीजस्ती रण्डीलाई हृदय दिएर पूजा गर्दछु, म आशा गर्दछु, यो घर 'मैयाँ-मन्दिर' बाट नारी जातिमा असङ्ख्य मैयाँनानी तयार हुनेछन् र यो 'मैयाँ-मन्दिर' लाई देखेर तथा सम्झेर रावणजस्ता अमानुष मानव पनि राम बन्नेछन् ।" (पृ.१४७)

माथिको सन्दर्भ विनोदले मैयाँनानीको आजीवन जेलको सजायपछि नारी हकहितका लागि सदैव आफ्नो ज्यान धरापमा राखेर लडिरहेकी मैयाँनानी अन्यायका विरुद्ध लड्दा आफ्नो बुबालाई गोली हानेर मार्दासमेत मैयाँनानीको पक्षमा नै वकालत गर्ने विनोदको चरित्र देखा पर्दछ । चरित्र पुरुषप्रधान नेपाली समाजको अन्त्य गर्न र बिनागल्ती अन्याय, अत्याचारमा परेका नारीको उद्धार गर्न विनोदले आफ्नी आमा मोतीमायाको अध्यक्षतामा मैयाँ-महिला सङ्घ स्थापना गराएको देखिन्छ । यो संस्थाले सदैव मैयाँनानीलाई रण्डीको रूपमा परिचित नगराई मैयाँमन्दिरको नामले परिचित हुने धारणा विनोदले राखेको छ । जसले हजारौं मैयाँनानी निर्माण गर्ने छ । ती मैयाँनानीहरूले रावणजस्ता अमानुषीलाई पनि राम बनाउन मद्दत गर्नेछन् भन्ने प्रगतिशील विचार विनोदले उक्त सन्दर्भले गरेको छ ।

पुरुषप्रधान समाज भए पनि अन्ततः सत्यताको जित भएको, न्यायको जित भएको, महिलाको जित भएको सन्दर्भ उपन्यासकारले गर्विलो तरिकाले प्रस्तुत गरेका छन् । यसले लैङ्गिक सामाजिक संरचनालाई दरिलो बनाएको छ । विनोदजस्तो प्रगतिशील विचार भएको पुरुष र मैयाँनानी, मिस्रीदिदी, वासन्ती जस्ता न्यायका लागि सदैव लडिरहने नारीहरूको समाजमा सदैव आवश्यकता छ । नारीका पक्षधर मात्र नभई न्याय, उत्पीडनका पक्षधरका

रूपमा विनोद, मैयाँनानी र वासन्तीजस्ता चरित्रलाई उभ्याएर उपन्यासकारले पनि प्रगतिशील विचार यस उपन्यासमा अभिव्यक्त गरेका छन् ।

## २.३.४ *स्वास्नीमान्छे* उपन्यासमा धार्मिक संरचना

धार्मिक संरचना पनि सामाजिक संरचना निर्माण गर्ने एक प्रमुख आधार हो । *स्वास्नीमान्छे* उपन्यासमा आफ्नो घरको मुक्ति र पारिवारिक सुखका लागि विभिन्न सन्दर्भमा धार्मिक सामाजिक संरचना निर्माण भएको देखिन्छ । उपन्यासमा मोतीमाया नै धार्मिक संरचनामा पनि अरूभन्दा बढी सशक्त देखा पर्दछे । सैदव पति र छोरा विनोदको रक्षाका लागि र दुःखबाट मोचन हुनका लागि बेलाबेला भगवान्को नाम जप्छे । मोतीमायाको घरमा पूजाकोठा पनि छुट्टै भएको हुनाले बिहान, बेलुका उक्त कोठामा उसले पूजा गर्छे । उक्त सन्दर्भ उपन्यासमा यसरी प्रस्तुत भएको छ :

> आँखाभरि आँसु गरी अनि कृष्णको मूर्ति देखेर हाँसी-हाँसी करुणहँस्य मुद्रामा मोतीमायाले आरतीको दीप घुमाइरहेकी थिइन् । घडीघडी उनी आरतीको दीप घुमाउँथिन्, छिनछिनमा फेरि आरतीलाई भुइमा राखी दुवै हात जोडेर कृष्णमूर्तिसित आफ्नो दुःख पोख्दै उद्धारका निम्ति निवेदन गरिरहन्थिन्, “हे प्रभु, दुःखभञ्जक, मेरो आँसु पुछ्ने यो संसारमा कोही छैन ! हे अनाथका नाथ, दुःखसागरमा डुबिरहेकी यस अबलालाई उतार ! सर्वान्तर्यामी करुणानिधान ! तातो फलामबाट पोलाइरहेका यस असहायमाथि पनि दृष्टिपात गर । हे भगवान् मेरो बालक छोरालाई बचाउन पाउनलाई जस्तै दुःखकष्टमा पनि मलाई बाँच्न सक्ने बल देऊ ! ” यस्तै गरी-गरी मोतीमायाले आधारात बिताइन् । कृष्णको पाउ परिरहँदारहँदै भुसुक्क नीद आएको पनि मोतीमायालाई पत्तै भएन । (पृ.१)

माथिको साक्ष्यबाट नै मोतीमाया धार्मिक सामाजिक संरचनाकी प्रतिमूर्ति हो भन्ने बुझ्न सकिन्छ । उसले बिहान पूजा गर्नुका साथै सधैँभरि बेलुका नि पूजा गर्ने गरेकी छे । आँखाभरि आँसु गरी आफ्नो दुःख, पीडाँबाट मुक्ति प्राप्त होस्, मेरो संरसारमा आँसु पुछ्ने कोही नभएको, दुःखसागरमा सधैंभरि डुबिरहनुपर्ने, तातो फलामबाट पोलाइरहेका असहायलाई अब दुःख नेदउ भगवान भनी बेलाबेला भगवान्को नाम जप्दै घरीघरी आरती कृष्णको मूर्तिमा घुमाउँदै केही हाँसेर, बेलाबेला दुवै हात जोडेर भगवान् कृष्णको भक्तिमा

तल्लीन हुन्छे । आफ्नो छोरा विनोदलाई कहिले पनि दु:खकष्ट नआओस् भनी भगवान्लाई बेलाबेला पुकार्छे । मलाई जस्तोसुकै पीडामा पनि बाँच्न सक्ने शक्ति देऊ भगवान् भनेर विचरा मोतीमाया भगवान्को भक्ति गर्दा, कृष्णको पाउ पर्दा अनि दिनभरिको थकानले निद्रा लागेको पत्ता नै पाउँदिन र भुसुक्क त्यही पूजाकोठामा नै निदाउँछे । पुसको जाडोमा पनि उसलाई जाडोको महसुस नभई ऊ निकै गहिरो निद्रामा मस्तसित सुत्छे । उसलाई हौसला, माया दिने मान्छे कोही नभएकी मोतीमाया कोमल हृदय भएका कारणले कसैले हेलचक्र्याइँ गरी आँखाले हेरे पनि उसलाई गहिरो चोट पुग्छ । ऊ जतिबेला पनि पीडामा हुन्छे उसलाई घरमा कोही पनि सहानुभूति दिने मान्छे पाउँदिन । मोतीमाया बिहान र बेलुका भगवान् कृष्णको पूजा गर्न पाउँदा मात्रै खुसी देखिन्छे । उक्त सन्दर्भलाई यसरी प्रस्तुत गरिएको छ :

> कसैले पनि हेलचक्राइँका आँखाले हेरेमा मोतीमायाको कोमल हृदयमा तुरुन्तै चोट लागिहाल्थ्यो । केवल यति कुराको आँखाले हेरेमा मोतीमायामा सहानुभूति चाहन्थिन् । तर सधैंजसो मोतीमायाले सुस्केराबाट सास फेर्नुपर्थ्यो, कहिले पनि सन्तोषको सास फेर्नु तिनले पाउँदैनथिन् । त्यसैले मोतीमाया बिहान पूजा र बेलुका आरतीको रूपमा दिनहुँ घण्टौँ-घण्टौँ कृष्णजीको मूर्तिअगाडि बसेर जिन्दगी गुजार्थिन् । केवल त्यसैमा उनलाई आनन्द उपभोग हुन्थ्यो । (पृ.१)

माथिको साक्ष्यमा पनि धार्मिक सामाजिक संरचनाको प्रयोग भएको देखिन्छ । मोतीमायाले अरू बेला सुखको साससमेत फेर्न नपाएको, घरको मान्छेले अनि समाजले उसको करुणादायी अवस्थालाई नबुझ्ेर नै ऊ घण्टौँ-घण्टौँ कृष्णजीको मूर्तिअगाडि बसेर हरदिन आफ्ना मनभित्रका पीडा वेदना पोख्थी र केही आनन्दको अनुभूति गर्थी । यसबाट के बुझ्न सकिन्छ भने मान्छेलाई खुसी पार्ने भनेको ईश्वर नै हो, भगवान् नै हो, पूजा गरेर आरती गरेर नै मानिसले आफूलाई सन्तोषमा पार्न सक्छ भन्ने हो । मानसिक पीडालाई भगवान्बाहेक अरू कसैले हटाउन सक्दैनन् । पूजाआजा नै दु:खीको अन्तिम खुसी हो, धार्मिक कार्यले नै मान्छेमा खुसी दिने गर्छ भन्ने सन्दर्भ उपन्यासकारले *स्वास्नीमान्छे* उपन्यासमा मोतीमायाका माध्यमबाट स्पष्ट पारेका छन् ।

यहाँ मोतीमाया मात्रै धार्मिक कार्यमा संलग्न नभई मिस्री दिदी, मैयाँनानी, विनोद जस्ता पात्रहरू पनि प्रगातिशील विचारका भए पनि आफ्नो धर्मलाई भने उनीहरूले भुलेका छैनन् । मिस्रीदिदी हेरक दिन बागमती नदी जाने कुरा पनि लीलाले बताएको छ । बागमती

आफैँमा धार्मिक नदी हो । अझ बागमतीजस्तो पवित्र नदीमा बिहानै जानु भनेको त त्यहाँ पूजा गर्न, नुहाउन, जल लिन जानु भन्ने बुझिन्छ । यसकारण पनि मिस्रीदिदी पनि धार्मिक सामाजिक संरचनामा ध्यान दिन्छिन् भन्ने हो । यस्तै मैयाँनानीले पनि मोतीमायालाई म आफ्नो धर्म त कहिले नि बिर्सन्न तर म पशुपतिमा सन्न्यासी भएर बस्दा पनि त्यहाँका जोगीले मलाई भोगदृष्टि लगाए भन्ने सन्दर्भ आएको छ । भिक्षुणी बनी भिक्षा माग्दा पनि गुन्डाको घरमा परेकाले उसले आफ्नो सबै सतीत्व हनन गरेको त्यसपछि मात्रै आफूले वेश्यालय खोल्नुपरेको बाध्यात्मक अवस्था उनले अवगत गराएकी छिन् । यस्तै विनोदले आफ्नी आमालाई वेश्यालयबाट घर लिएर आउँदा प्रमोदले तेरी आमा दुईदुईवटा विवाह गरेर पनि वेश्यालयमा पुगेकी हो । तैँले आमालाई देउता सम्झेर, भगवान् सम्झेर मेरो घर ल्याइस् यो रण्डीलाई भन्दा विनोदले त्यसको कडा जबाफ दिएका छन् । हो मेरी आमा देउता हो, मेरी आमा भगवान् हो, देउता, भगवान्जस्ती मेरी आमालाई रण्डी बनाउने तपाई हो पतिव्रता रहेकी मेरी आमा भनेर आफ्नो बुबा प्रमोदलाई भन्छन् । यसबाट के बुझ्न सकिन्छ भने आमा देवतासमान हो, ऊ सधैं पतिव्रता हुन्छे, आफ्नो सतीत्व जोगाउन आफूले सकेको हरदम कोसिस गर्छे भन्ने सन्दर्भ उपन्यासमा आएको छ ।

यसर्थ यस *स्वास्नीमान्छे* उपन्यासमा पूजा गर्नु, आरती गर्नु, बागमती जानु, पशुपति जानु, स्वयम्भू, जोगी भिक्षु कृष्णको मूर्ति, भगवान्को पुकार आदिजस्ता विषयवस्तु धार्मिक सामाजिक संरचना निर्माण गर्नका लागि सशक्त रूपमा आएका छन् भनेर बुझ्न सकिन्छ । धार्मिक संरचनाको परिपोषण गर्नमा उपन्यासमा मुख्य भूमिका मोतीमायाको नै रहेको देखिन्छ । उनले हरेक बिहान पूजाकोठामा गई पूजापाठ गर्ने र हरेक बेलुका कृष्णमूर्तिको वरिपरि दीप बालेर आरती गर्ने गरेकी छिन् । यसरी *स्वास्नीमान्छे* उपन्यासमा मोतीमायालाई धार्मिक संरचना निर्माण गर्ने प्रतिमूर्तिका रूपमा लिन सकिन्छ । धार्मिक कार्यमा पुरुषभन्दा पनि महिला नै बढी सक्रिय रहेको देखिन्छ । मोतीमायालगायत मिस्रीदिदी, मैयाँनानी पनि धार्मिक कार्यमा अगाडि नै रहेकाले पनि यो कुरा अझ बढी पुष्टि भएको देखिन्छ ।

## २.४ *एक चिहान* उपन्यासमा सामाजिक संरचना

*एक चिहान* उपन्यास हृदयचन्द्रसिंह प्रधानको प्रसिद्ध उपन्यास हो । यो उपन्यास वि.सं.२०११ मा लेखिए तापनि प्रकाशन भने वि.सं.२०१७ पछि मात्र भएको हो । यो उपन्यासको संरचना ३४ वटा परिच्छेदमा संरचित छ । यस उपन्यासमा सामाजिक यथार्थ

प्रस्तुत गरी समाजसुधार गर्नु नै मूल उद्देश्य रहेको पाइन्छ । यो उपन्यासमा किसानहरूमाथिको आर्थिक शोषण, सामाजिक अन्धविश्वास र त्यसले निम्त्याएका विकृतिहरूबाट मुक्तिको मार्ग निर्देशन उपन्यासकारले गरेका छन् । प्रधानले उपन्यासमा सामाजिक विकृतिलाई केलाउँदै प्रगतिवादी विचार पनि अभिव्यक्त गरेको देखिन्छ । उपन्यासमा विभिन्न सामाजिक संरचनाहरू भेटिन्छन् । विशेषतः पारिवारिक, सामुदायिक, लैङ्गिक, धार्मिक सामाजिक संरचनाहरूका आधारमा यस उपन्यासको अध्ययन गर्नु आवश्यक देखिन्छ । यिनै सामाजिक संरचनाको आधारमा *एक चिहान* उपन्यासको विश्लेषण यस परिच्छेदमा गरिएको छ ।

### २.४.१ *एक चिहान* उपन्यासमा पारिवारिक संरचना

पारिवारिक संरचना सामाजिक संरचनाको आधारभूमिका रूपमा रहेको हुन्छ । हृदयचन्द्रसिंह प्रधानको *एक चिहान* उपन्यासमा सामाजिक संरचनाभित्र पर्ने पारिवारिक संरचना विभिन्न परिवारको रूपमा देखापरेको पाइन्छ । मुख्यतः पारिवारिक संरचनाभित्र पारवारको किसिम, नेतृत्व, पेसा वा व्यवसाय र नातासम्बन्धलाई विशेष जोड दिई हेरिएको छ । अष्टनारान, गोदत्त, सुरमान सुब्बा आदिका परिवार पारिवारिक संरचनाका रूपमा आएका छन् । यस उपन्यासमा एकल र संयुक्त गरी दुवै पारिवारिक संरचना रहेको पाइन्छ । शिवनारानको परिवार संयुक्त परिवारका रूपमा देखिन्छ जहाँ बुबा अष्टनारान, आमा लतमाया, भाइ पुननारान, हर्षनारान, बहिनी नानीथकुँ, श्रीमती हाकुमाया, छोरीहरू र भाइबुहारी सुन्तली, पुतली जस्ता पारिवारिक सदस्यहरू रहेका छन् । उनीहरू सबैले एउटै भान्सामा खाना खाने, धनसम्पत्ति पनि सामूहिक रूपमा उपभोग गर्ने आदि विविध कारणले गर्दा शिवनारानको परिवार संयुक्त परिवार हो भन्ने स्पष्ट हुन्छ । शिवनारानको सपरिवार उपन्यासको पूर्वार्द्धतिर बुबा अष्टनारानको नेतृत्वमा चल्दै आएको छ । जब अष्टनारानको मृत्यु हुन्छ तब सपरिवार शिवनारानको नेतृत्वमा केन्द्रित भएको पाउन सकिन्छ । यसले के जनाउँछ भने कुनै पनि एउटा असल परिवार एउटा व्यक्तिको नेतृत्वमा अगाडि बढ्छ भन्ने आम जनमानसमा धारणा निर्माण गरेको पाइन्छ । यसलाई अझ स्पष्ट पार्नको लागि उपन्यासका केही अंशलाई साक्ष्यका आधारमा देखाउन सकिन्छ :

> सर्वप्रथम उनले आफ्नो जेठा छोरा शिवनारानलाई सम्बोधन गरेर भने, “शिवनारान ! यतिका दिन भइसक्यो, खेतमा नगईकन किन मलाई कुरिरहेको ? ग्रीष्मऋतुको घाम

खाएर वज्र भइरहेको माटो भिजाउन प्रकृतिले पानी दिइरहेको छ, पानी पुग्न नसकी भिज्न नपाएको तलतिरको साह्रो माटो उल्टाउन जान ढिलो भएको म देख्तछु । बाबु हो ! किसानको छोराका निम्ति धरतीमाताको सेवा गर्नु नै एक मात्र धर्म र कर्तव्य हो । तिम्रो पसिनाले भोलि बाली भएर हाँस्ने छ, अन्न भएर तिम्रो प्राण बन्नेछ । तिम्रो पसिनाले फलेको अन्नबाट तिमीले पुरा पेट भर्न नपाए पनि तिमीले धरतीमाताको सेवा गर्न एक दिन नेपाल-माताले त्यो छोरा पनि जन्माउने छन् जसले तिमीले कमाएको फल तिमीलाई नै भोग्न सहायता गर्नेछ । रातदिन पसिना चुहाएर अन्न फलाउने किसान हुनाले आफ्नो हकको दावा तिमीले गर्नु सक्नुपर्ने हो, तिमीजस्तै कमजोर भएरै म पनि इतिश्री हुन लागिरहेको छु तर बाबु ! विस्मात् गर्नु छैन, हामीहरूको सुस्केरा नै एक दिन शक्ति भएर हामीहरूको परिश्रमलाई पूजा गराउनेछ ।" (पृ.२६)

प्रस्तुत साक्ष्यमा अष्टनारानले आफ्नो जेठो छोरा शिवनारानलाई आश्चर्य मान्दै तिमी अझै खेतमा गएका छैनौं भनेर उनलाई नम्र भाषामा सम्झाइबुझाइ गरी खेतमा काम गर्न जान आग्रह गरेका छन् । अष्टनारानले शिवनारानलाई केवल खेतमा जान आग्रह मात्र नगरेर उनले किसानको छोराले धरतीमाताको सदैव सेवा गर्नुपर्छ, यो धर्म र कर्तव्य पनि हो भनेका छन् । चाहे त्यो खेतबारीले पेटभर खान नपुगे तापनि किसानको परिश्रमले धरतीमाताले एक दिन यस्तो छोरा जन्माउने छन् तिमीले कमाएको फल तिमीलाई नै भोग्न सहायता गर्ने छ, रातदिन पसिना चुहाउने किसानले हरेस खान नहुने र किसानको एउटा सुस्केराले एकदिन शक्ति भएर किसानको परिश्रमलाई पूजा गराउने छ, तिम्रो पसिनाले भोलि बाली भएर हाँस्ने छ, अन्न भएर तिम्रो प्राण बन्नेछ भनेर छोरालाई आशावादी प्रेरणा दिन उनी सक्षम भएका छन् । किसानले आफ्नो कर्ममा निरन्तरता दिनुपर्छ । कर्म गर फलको आशा नगर भनेझै अष्टनारानले खेतबारीमा खान नपुगे पनि आफूले कर्म गर्नुपर्छ भन्ने धारणा परिवारका सबै सदस्यहरूलाई बताएका छन् जसले सामाजिक संरचना निर्माण गर्नमा असल परिवारको ठुलो भूमिका हुन्छ भन्ने भाव प्रस्तुत गरेको छ ।

मरणासन्न बाबुको यस्तो प्रेरणादायी कुरा सुनेर शिवनारान जिल्ल परेर केही नबोली एकछिनपछि चुपचाप आफ्नो बाबुको आज्ञानुसार आफ्नो काममा जान्छ । यसले के बुझ्न मदत गर्छ भने घरका मुली बुबाले भनेको छोराले सहजै रूपमा स्वीकार गर्छन् । बिरामी

बुबाको कुरा काट्न नसकेर मात्र नभई आफ्नो बुबाको गहकिला प्रेरणादायी भनाइलाई शिवनारानले गहन रूपमा बुझ्ने गरेको छ । ऊ बुबाको मृत्युपश्चात् घरको सम्पूर्ण व्यवस्थापन गरी बुबाको इज्जतमाथि कहिले आँच आउने काम गर्दैन र अरू कसैलाई त्यस्तो कार्य गर्न पनि दिँदैन । उसले आफ्नो पारिवारिक जिम्मेवारी राम्रोसँग वहन गरेको छ । उक्त सन्दर्भलाई तलको साक्ष्यमा देखाइएको छ :

> सुरुदेखि म कुनै कुराबाट पनि नाखुस छैन । त्ससैले मलाई हरेक कुरामा सन्तोषै छ । तिमीहरूमा मेरो यही एउटा सिकायत छ कि काम छाडेर बसिरहनु, ठीक छैन । लौ जाऊ हर्षनारान पनि जाऊ, नानीथकुँ पनि जाऊ मलाई कुर्नै परे एउटा जाँगर कमी भइसकेकी एउटी बुढिया बसिरहोस् । सबै किन बस्नुपरेको छ ? तिमीहरू सबैकी उनी आमा हुन् । कदाचित् अकस्मात् मेरो व्यथा बढेर तुन्तै म खतम भए तिमीहरूको सबैको नामबाट उनले मलाई एकएक पसर बढ्ता पानी ख्वाउँछिन् । आमा नै वारिस भएपछि तिमीहरूलाई केको दुःख ? देखिहालेका छौ, पोहोर सालको बाली बिग्रेको हुनाले कुत तिर्न नसकी हामीले कत्रो हडन्र खायौँ, अब यस सालको बाली पनि बिग्र्यो भने के गर्ने ? भविष्यमा सारा सन्तानको जिन्दगी धुलोमा मिल्दैन ? बस्, यही कुरालाई तिमीहरूले बढ्ता ध्यान राख्नुपर्छ । (पृ.२८)

माथिको साक्ष्यमा अष्टनारानलाई आफ्नो बिरामीपनाको चिन्ताभन्दा पनि परिवारलाई पछि के पो समस्या आउँछ भनी चिन्ता हुन्छ । यस्तो समस्या नआइलागोस् भनेर सबैलाई काममा जान मृदुल भाषामा अष्टनारान निर्देशन गर्दछन् । उनलाई आफ्नो व्यक्तिगत चिन्ताभन्दा पनि पारिवारिक चिन्ता धेरै देखिन्छ । आफू मरे पनि परिवारले कसैको हन्डर खान नपरोस् भनी उनी अगाडि नै परिवारका सदस्यहरूलाई सचेत गराउनमा ध्यान दिन्छन् । यसरी उनको आदेशानुसार सबैजना बिरामी बुबासित धेरै तर्कवितर्क गर्नुभन्दा पनि चुपचाप आआफ्नो कामधन्दामा लाग्दछन् र केवल लतमाया मात्रै त्यहाँ बिरामीको हेरचाह गर्न बसिरन्छिन् । उक्त सामाजिक संरचनाको सिर्जना गर्नका लागि पारिवारिक संरचनामा पनि आपसी सद्भाव, मेलमिलाप, सहकार्य, सहमति हुनपर्छ भन्ने विचार यहाँ राखिएको पाइन्छ ।

यो केवल अष्टनारानको परिवारमा मात्रै यस्तो सुझावसल्लाह दिने नभएर हरेक नेपालीको परिवारमा एउटा घरमुलीले आफूले भोगेको, अनुभव गरेको सुझावसल्लाह दिन्छन् भन्ने विचार पनि यहाँ प्रकट भएको देखिन्छ । घरको घरमुलीले आफू जेजस्तो अवस्थामा

भए पनि उसलाई पारिवारिक चिन्ताले सदैव पिरोलिरहेको हुन्छ । आफ्नो परिवार अरूको परिवारभन्दा राम्रो होस् भनेर सबैले सोच्दछन् भन्ने धारणा पनि यहाँ व्यक्त भएको देखिन्छ । आफू मर्नुभन्दा अगाडि नै आफ्नो परिवारलाई सही बाटो देखाउन सके मात्रै पुण्य मिल्छ अनि मात्र मनले शान्ति पाउँछ भन्ने विचार हरघरको नेतृत्वले सदैव सोचिरहेको हुन्छ र अष्टनारानको मानसपटलमा पनि त्यो विचार हरसमय खेलिरहेको हुन्छ जुन मानिसको स्वाभाविक प्रक्रिया पनि हो । यस कार्यले परिवारलाई अझ एकताबद्ध गर्ने गरेको छ । एकताबद्ध पारिवारिक संरचनाले नै सामाजिक संरचना निर्माण गर्नमा विशेष भूमिका खेल्दछ ।

अष्टनारान आफ्नो उपचार गर्न आउने डाक्टर गोदत्तप्रति पनि निकै सचेत भएकाले आफ्नो परिवारलाई कुदृष्टिले हेर्ने मौकासमेत नपाओस् भनी उनलाई उपचार गर्नसमेत नबोलाउनु अबदेखि भनी छोरालाई आग्रह गर्छन् । गोदत्तमाथि सदैव सचेत हुनसमेत सुझावसल्लाह दिन्छन् । पहिला जति बोलाए पनि नआउने गोदत्त अझ फिस नलिएर उपचार गर्ने गोदत्तको भित्री केही स्वार्थ लुकेको रहस्यसमेत थाहा पाउने एक सचेत व्यक्तिका रूपमा समेत अष्टनारान उनको परिवारमा देखा परेका छन् । उनी तत्कालको समस्याको समाधान मात्र नखोजी त्यसले भोलि परिवारमा पार्ने असरप्रति सचेत भई दूरदृष्टि राख्ने गर्दछन् । यिनका परिवारका सदस्यहरू पेसाले खेती, सिकर्मी, डकर्मी जस्ता ज्यामी पेसामा आबद्ध रहेका छन् । अष्टनारानको पारिवारिक नातासम्बन्ध हेर्ने हो भने अष्टनारान र लतमाया श्रीमान् श्रीमतीका रूपमा, शिवनारान र हाकुमाया जेठो छोरा जेठी बुहारीमा, पुननारान र सिन्तली माइला छोरा र माहिली बुहारी, हर्षनान र पुतली कान्छो छोरा र बुहारी, नानीथकुँ र रामखेलावन एक मात्र कान्छी छोरी र ज्वाइँका रूपमा, बाँकी शिवनारानका छोराछोरीका रूपमा उपन्यासमा देखा पर्दछन् । अष्टनारानको परिवार परम्परादेखि नै कृषि पेसामा आबद्ध रहेका पाइन्छ । अष्टनारानको मृत्युपछि घरको नेतृत्व शिवनारानले गर्दछ । आज शिवनारानको परिवारमा खेतमा रोपाइँ चलिरहेकाले परिवारमा आजको जस्तो खुसी अरू दिन हुँदैन थियो । आज दुईचार जना खेताला खोजेर शिवनारानको खेतबारीमा रोपाइँ चल्दै छ । उक्त प्रसङ्ग उपन्यासमा यसरी आएको छ :

> आज शिवनारानको खेतमा रोपाइँ भइरहेको छ । आज आफ्नो खेतको रोपाइँको दिन हुनाले पुननारान र हर्षनारान आफ्नो सिकर्मी र ज्यामीको काममा नगईकन खेतमा रोपाइँ गर्न जुटिरहेका छन् । लतमाया र नानीथकुँ पनि रोपाइँमा लागिरहेका छन् ।

> शिवनारानका सारा सदस्यहरू रोपाइँको काममा मग्नमस्त छन् । सबै खुसी भएर, दङ्ग भएर, नाचेर, रोपाइँ गरिरहेका छन् । (पृ.१२९)

माथिको उद्धरणमा रोपाइँको दिन सपरिवार एकआपसमा मिलेर, खुसी भएर रोपाइँ गरिरहेको देखिन्छ । हिजो बेलुका नानीथकुँको विषयमा जेजस्तो भए पनि आज सबै जना मिलेर आपसमा गीत गाउँदै, रमाइलो गर्दै, नाचेर रोपाइँमा तल्लीन भएका छन् । यसले के सन्देश दिन्छ भने विगतमा पनि रोपाइँमा यसै गरी गीत गाउँदै, नाचेर रमाइलो गरेको, आजको दिनजस्तो खुसियाली अरू दिन नभएको परिवेश सिर्जना गरेको देखिन्छ । आजको दिन सबैले आफ्ना दुःख, पीडा, व्यथाहरू सबै भुलेको देखिन्छ । आजको रोपाइँले रोपाइँमा बुबाले गर्दै आएको रीतिरिवाज, परम्परा पनि झल्किएको देखिन्छ । उक्त प्रसङ्गलाई पनि यहाँ उद्धृत गरिएको छ :

> रोपाइँको दिन अष्टनारान दुईचार रुपियाँको मुख नहेरीकन दुईचार खेताला बढी राखेर पनि रोपाइँ चलाउँथे । खेतालाहरूलाई प्रशस्त जाँडरक्सी र खाजा-खाना ख्वाएर पनि प्रसन्न गराउँथे । अष्टनारानको खेतमा रोपाइँ हुँदा खेतालाहरू नाचगान गरीकन बडो रमाइलोसँग काम गर्थे । बाबुको त्यही इच्छा र परम्पराअनुसार आज शिवनारानले पनि दुईचार रुपियाँको वास्ता नगरीकन जाँडरक्सी र खाजा-खानामा मनग्य खर्च गरेर रोपाइँ रमाइलो तुल्याइरहेका छन् । खेतालाहरूका साथ आफूहरू पनि रमाएर नाचगान गर्दै रोपाइँ गरिरहेका छन् । जाँडरक्सीले सब टन्न छन्, सब मदले बेहोस छन् । (पृ.१२९)

माथिको उपन्यासको अंशले बुबाले गर्दै आएको परम्पराअनुसार छोरा शिवनारानले अँगाल्दै रोपाइँ गरिरहेको सन्दर्भ देखाएको छ । यसले के सन्देश दिन्छ भने तत्कालीन समयमा रोपाइँ गर्दा आवश्यकतानुसार उपत्यकाभित्र कृषि पेसामा लाग्ने ज्यापूहरूले खेताला खोज्ने तिनीहरूलाई खाजा, खाना र रक्सीको उचित व्यवस्था गर्ने, तिनीहरूसितै सपरिवार पनि गीत गाउँदै नाचेर रमाइलो गर्ने गरिन्थ्यो भन्ने बुझाउँछ । वर्तमान समयमा पनि नेपालको धेरैजसो ठाउँहरूमा यो परम्परा कायमै देखिन्छ । यसरी मिलेर काम गर्दा परिवारमा पनि खुसी जागृत हुन्छ र एकआपसमा सद्भाव, मेलमिलाप भई छिमेकीसित पनि राम्रो सम्बन्ध स्थापित हुन्छ ।

यसरी रमाइलो परिवेशमा रोपाइँ सम्पन्न भई सकेपछि पारिवारिक जीवनमा केही आरोहअवरोह उत्पन्न भए तापनि हर्षनारान र नानीथकुँको विवाह सम्पन्न गरिसकेपछि परिवारमा भौतिक सुख नभए तापनि पारिवारिक सुख शिवनारानको परिवारमा बढेको पाउन सकिन्छ । उक्त प्रसङ्ग उपन्यासमा यसरी आएको छ :

> नानीथकुँको बिहे भएको आज तीन दिन भयो । हर्षनारानको पनि सिद्धिसक्यो । यी दुई दाजुबहिनीहरूको व्यवहार बाँकी भएर शिवनारानलाई बिघ्नै ताप हुन्थ्यो, अब निश्चिन्त भएर शिवनारान आनन्दको सास फेरिरहेका छन् । लतमाया, पुननारान, परिवारका सबै सदस्य यी सबै जनाको व्यवहार सकिनाले प्रसन्न छन् । शिवनारानको घरमा अरू भौतिक सुख केही नभए तापनि पारिवारिक सुख त निकै छ । उनको परिवारमा मेलमिलाप ज्यादै छ, त्यसैले प्रेमको सरिता उनको परिवारमा ज्यादै छ, त्यसैले प्रेम उनको छाप्रोमा सदा बसिरहन्छ, त्यसैले त्यहाँ सुख-शान्ति हमेसा परिहास गरिरहन्छ । (पृ.१९७)

माथिको उपन्यासको अंशमा शिवनारानले आफ्नो दायित्व पूरा गरेपछि उसलाई पारिवारिक आनन्दानुभूति हुन्छ । जब उसले आफ्नो कान्छो भाइ हर्षनारानको विवाह पर्वतेकी छोरी पुतली तामाङसित र बहिनी नानीथकुँको विवाह मधेसी समुदायका रामखेलावनसित गरिदिन्छ तब उसलाई अन्तर्जातीय विवाह गर्न पाउँदा र त्रिकोणत्मक सम्बन्ध गाँस्न पाउँदा अझ बढी खुसी हुन्छ । नेवार, पर्वते र मधेसी समुदायको त्रिकोणात्मक संस्कृति मिश्रण हुँदा आफूलाई बाबुको प्रगतिशील विचार लागु भएको साबित गराउँदा अझ शिवनारानको परिवारमा पारिवारिक खुसी निकै हुन्छ । यसरी पारिवारिक संरचनाका रूपमा विवाह, खेतीपाती र दाजुको दायित्वबोध जस्ता संरचनाहरू आएर पनि सामाजिक संरचना निर्माण गर्न टेवा पुगेको देखिन्छ ।

आर्थिक रूपमा विपन्न परिवारका रूपमा शिवनारानको परिवार उपन्यासमा देखापर्दछ । शिवानारानको बुबाको मृत्यु हुँदा किरिया गर्न र  हर्षनारानको विवाह गर्नसमेत ऋण निकालेर गर्नुपर्ने अवस्था सिर्जना भएको छ । शिवानारानको परिवारमा डाक्टर गोदत्तप्रसाद र सुरमान सुब्बाको ऋण भएकाले पनि उसको परिवार आर्थिक रूपले विपन्न परिवारका रूपमा उपन्यासमा पाउन सकिन्छ । आर्थिक रूपमा शिवनारानको परिवार विपन्न भए तापनि पारिवारिक सुखका रूपमा भने सम्पन्न नै रहेको छ ।

डाक्टर गोदत्तप्रसादको परिवार एकल परिवारको रूपमा उपन्यासमा देखापर्दछ । उनको घरमा श्रीमती र तीन जना छोराछोरी मात्रै रहेकाले एकल परिवारका रूपमा देखिन्छ । उनको परिवार शिक्षित परिवारका रूपमा देखापर्दछ । श्रीमती रञ्जनादेवी आदर्श नारीका रूपमा परिवारमा देखा पर्दछिन् । गोदत्त पेसाले डाक्टर हुन् । यिनको परिवार आर्थिक रूपले सम्पन्न भए तापनि डाक्टर स्त्रीलम्पट चरित्र भएका कारणले रञ्जनादेवीले त्यसको अनेक सामना गर्नुपरेको देखिन्छ । सुरमान सुब्बाको परिवारमा धेरै नोकरचाकर भएकाले उनको परिवार सम्पन्न परिवारका रूपमा देखा पर्दछ ।

पारिवारिक नातासम्बन्धका दृष्टिले हेर्दा शिवनारान र डाक्टर गोदत्तको परिवारमा एक किसिमको सम्बन्ध छ भने सुरमान सुब्बासित र अष्टनारानको अर्को किसिमको सम्बन्ध रहेको देखिन्छ । शिवनारानकी बहिनी नानीथकुँलाई गिद्धेनजरले हेर्ने गोदत्त र सुरमान सुब्बा शिवनारानको परिवारसित अनेक प्रपञ्च रचेर नानीथकुँसित विवाह गर्ने योजना गर्छन् तर औपचारिक रूपमा त्यो सफल हुन सक्दैन । उपन्यासको पूर्वाद्धतिर शिवनारानको परिवारको सम्बन्ध डाक्टर गोदत्तको परिवार र सुरमान सुब्बाको परिवारसित नानीथकुँका कारणले सम्बन्ध बिग्रेर वर्तमान समयमा त्यति राम्रो नभएको देखिन्छ । शिवनारानको सबैसित आपसी मेलमिलापको सम्बन्ध राख्ने मनसाय भए पनि खराब मान्छेलाई किनारा लगाउन उनले त्यसको सामना गर्नुपरेको उपन्यासमा देख्न सकिन्छ ।

यसर्थ यस *एक चिहान* उपन्यासमा पारिवारिक संरचाहरू आएका छन् । विशेष गरी मलामी, विवाह, रोपाइँ, पारिवारिक नेतृत्वलगायत आर्थिकस्तर, रीतिरिवाज, संस्कार पारिवारिक संरचनाका रूपमा देखा पर्दछन् । यी पारिवारिक संरचनाले गर्दा पनि सामाजिक संरचना अझ परिपुष्ट हुन पुगेको देखिन्छ ।

### २.४.२ *एक चिहान* उपन्यासमा सामुदायिक संरचना

सामाजिक संरचनाको अर्को महत्त्वपूर्ण आधारका रूपमा सामुदायिक संरचनालाई मान्न सकिन्छ । हृदयचन्द्रसिंह प्रधानको *एक चिहान* उपन्यासमा पनि विभिन्न प्रकारका सामुदायिक संरचना रहेका छन् । विशेष गरी *एक चिहान* उपन्यासमा काठमाडौँ उपत्यकाभित्रको नेवारी समुदाय, हिमाली पर्वते समुदाय र मधेसी समुदायजस्ता सांस्कृतिक भौगोलिक समुदायहरू यस उपन्यासमा देखा परेका छन् । यसका साथै आर्थिक, भाषिक,

शैक्षिक दृष्टिले पनि समुदायलाई हेर्न सकिन्छ । आर्थिक हिसाबमा हेर्ने हो भने एउटा निम्न वर्गको समुदाय खेतीकिसानी गरेर कृषि पेसामा आबद्ध छ भने उच्च वर्गको समुदाय डाक्टर, सुब्बाजस्ता पेसामा आधारित छ । कुनै-कुनै समाजका अति निम्न व्यक्तिहरू अरूको घरमा नोकरचाकरको रूपमा पनि आबद्ध भएका व्यक्तिहरू पनि समुदायमा रहेका छन् ।

उपन्यासमा हिमाली पर्वते समुदायकी छोरी लतमाया नेवारी समुदायका अष्टनारानकी श्रीमतीका रूपमा आएकी छे भने पर्वते तामाङ समुदायकी छोरी पुतलीको विवाह पनि नेवारी समुदायका अष्टनारानको कान्छो छोरासित हुन पुगेको देखिन्छ । यहाँ नेवार र तामाङ समुदायको अन्तर्जातीय विवाह मात्रै नभई संस्कृति पनि मिश्रण हुन गएको देखिन्छ । यस्तै भौगोलिक समुदायका रूपमा उपत्यकाभित्र रहेका काठमाडौं र हिमाल पर्वतको समुदाय उपन्यासमा आएको छ । यसै गरी नानीथकुँको विवाह पनि मधेसी समुदायका रामखेलवानसित भएका कारणले पनि उपत्यकाको र मधेसी समुदायको सांस्कृतिक समुदाय पनि एकआपसमा बाँधिएको देखिन्छ । तामाङ जातिकी केटी पुतलीले आफ्नो विवाहको बेला दाइजोको रूपमा डोको, नाम्लो र हँसिया ल्याएको देखिन्छ । उक्त प्रसङ्ग उपन्यासमा यसरी आएको छ : माहिला तामाङले छोरीलाई दिन ल्याइराखेको डोको, नाम्लो र एउटा हँसिया दौडँदै लिन गएर पुतलीलाई सुम्पिँदै भने- "मेरी छोरी ! लौ यो डोको, नाम्लो र हँसियालाई कहिले पनि नबिर्स र खर्पन, नोल, कोदालीको साथ सुहाएर नेपाललाई हँसाउने कोसिस गर" (पृ.१६८) । यस सन्दर्भले माइतीले विवाहमा छोरीलाई सम्झनाका स्वरूपमा केही सामान्य दाइजो दिने गरिन्छ भन्ने खुलेको छ । पर्वतमा घाँस बाक्ने डोको, नाम्लो र हँसियालाई काठमाडौंमा खेतीकिसानी गर्ने ज्यापूको घरमा रहेका कोदाली, खर्पन, नोलसित सजाउनु भनेको पर्वतेली तामाङ र उपत्यकाली नेवारको संस्कृतिको मिश्रण गरेर नेपाललाई हसाउँनुपर्छ भन्ने सन्देश दिनु हो । पुतलीलाई डोलीमा नचढाई हिँडाएर नै दुलाहाको घरमा भित्र्याइएको छ जसले प्रगतिवादी विचारतिर उपन्यासलाई डोहोर्‍याउन खोजेको पनि देखिन्छ । यस्तै हर्षनारानकी दुलही बाटोमा यसरी डोको, नाम्लो र हँसिया बोकेर आएको देख्दा झ्यालबाट अचम्म मानेर थापाथलीका छिमेकी समुदायहरूले हेरिरहेको सन्दर्भ पनि उपन्यासमा आएको छ । उक्त सन्दर्भलाई यसरी तल देखाउन सकिन्छ :

> नयाँ दुलही घरमुनि आइपुगिन् । पछिपछि तीनै दाजुभाइ साथमा छन् । हर्षनारानको घरमा बिजुली नभए तापनि छिमेकी एक जनाको घरमा बिजुली बत्ती बाहिर राखिछाडेकाले बाटामा आउने मानिसहरूको रूपरेखा देखिन्थ्यो । हर्षनारानकी नयाँ दुलहीको रूपरेखा पनि माथि झ्यालबाट बसिरहने छिमेकी आइमाईहरूले देखे । यी ! डोको बाक्ने पखिनी पो रहिछ । नयाँ दुलही भएर पनि डोको बोकी, हँसिया समाएर आउने कस्ती गरिबकी छोरी रहिछ । झ्यालमा बस्ने छिमेकी आइमाईहरू एक घरबाट अर्को घरमा कुरा चल्न थाल्यो । (पृ.१६९)

माथिको उद्धरणमा दुलहीले नै हिडेर डोको बोकी, हँसिया समाएको देखेर अचम्म मान्दै छिमेकीहरू झ्यालबाट एकआपसमा कुरा काट्ने गरी कस्ती गरिबकी छोरी रहिछे भनी गाँइगुइँ हल्ला चल्छ । परम्परागत रूढिवादी सोच भएका नेवारी समुदायले प्रगतिशील शिवनारानको वास्तविक कुरा बुझ्न सक्दैनन् । परम्पराभन्दा भिन्न संस्कृति जगेर्ना गर्दा सर्वप्रथम सबै आश्चर्य मान्दछन् भन्ने विचार पनि यसले स्पष्ट पारेको देखिन्छ । यदि आफूलाई प्रगतिवादी तुल्याउने हो भने परम्परादेखि चल्दै आएको अन्धविश्वास रूढिवादी परम्परालाई भत्काई नयाँ रीतिरिवाजको जग बसाल्नुपर्दछ भन्ने विचार अभिव्यक्ति भएको छ । बुबा अष्टनारानको मान्यताअनुसार शिवानारानले आफ्ना भाइबहिनीको अन्तर्जातीय विवाह गरेर समुदायमा नयाँ संस्कृतिको सुरुवात गरेका छन् । उनको परिवारमा नेवार, तामाङ र मधेसी जातिको सांस्कृतिक समुदायको त्रिकोणात्मक सम्बन्ध कायम गरेका छन् जसले गर्दा भौगोलिक दूरी टाढा भए तापनि नेपालका विभिन्न संस्कारहरूलाई आफ्नो समुदायमा जगाउनका लागि परम्परालाई तोडी आफूलाई प्रगतिवादी तुल्याउन शिवनारानको परिवार सफल भएको देखिन्छ ।

शैक्षिक हिसाबले पनि *एक बिहान* उपन्यासमा शिक्षित र अशिक्षित समुदायको प्रयोग गरिएको पाइन्छ । शिवनारानको सारा परिवार, डाक्टरको घरमा भएकी नोकर्नी, पुननारान र हर्षनारानको ससुराली परिवार, सुरमान सुब्बाको घरमा भएका नोकरचाकरहरू अशिक्षित परिवारका रूपमा समुदायमा देखा पर्दछन् भने डाक्टर गोदत्तप्रसाद र सुरमान सुब्बाको परिवार शिक्षित परिवारका समुदायका रूपमा उपन्यासमा आएका छन् । जातीय हिसाबले नेवारी समुदाय, तामाङ समुदाय, मधेसी समुदाय उपन्यासमा आएका छन् ।

यसर्थ *एक चिहान* उपन्यासमा सांस्कृतिक, आर्थिक, भौगोलिक, जातीय, भाषिक संरचनाले समुदायमा विविधता भए तापनि विविधतामा पनि एकता भएको सामुदायिक संरचना रहेको छ जसले सामाजिक संरचना निर्माण गर्नमा परिपोषण गरी विश्वदृष्टि निर्माणसमेत गरेको यस उपन्यासमा पाइन्छ ।

### २.४.३ *एक चिहान* उपन्यासमा लैङ्गिक संरचना

सामाजिक संरचना निर्माण गर्ने अर्को प्रमुख आधार लैङ्गिक संरचनालाई मानिन्छ । *एक चिहान* उपन्यासमा स्त्रीलिङ्गी र पुलिङ्गी पात्रहरूको प्रयोग भएको पाइन्छ । स्त्रीपात्रको रूपमा नानीथकुँ, रञ्जनादेवी, लतमाया, हाकुमाया उपन्यासमा कार्यका आधारमा प्रमुख भूमिकाको रूपमा आएका छन् भने सिन्तली, पुतली, पुन्याकी स्वास्नी, छिमेकी आइमाईहरू उपन्यासमा गौण भूमिकाका रूपमा आएको देखिन्छ । पुरुषपात्रको रूपमा शिवनारान, अष्टनारान, गोदत्तप्रसाद, पुननारान, सुरमान सुब्बा र रामप्रसाद उपन्यासमा कार्यका आधारमा प्रमुख भूमिकाका रूपमा आएका छन् भने हर्षनारान, रामखेलवान राउत, सुब्बाको छोरा, माहिला कविराज, तुयु गुभाजु आदि पात्रहरू कार्यका आधारमा गौण भूमिकामा रूपमा आएका छन् । यस उपन्यासमा लैङ्गिक संरचनाको रूपमा धेरै कुरा आए पनि लैङ्गिक हिंसालाई मात्र यहाँ प्रस्तुत गरिएको छ ।

नानीथकुँ *एक चिहान* उपन्यासकी प्रमुख पात्र हो । यिनको केन्द्रीयतामा नै उपन्यासको कथानक वरिपरि घुमेको देखिन्छ । नानीथकुँ उपन्यासको पूर्वार्द्धमा नजानीनजानी मायाजालमा फस्छे भने उपन्यासको मध्यान्तरमा जानीजानी आफ्नो यौवनलाई डाक्टर गोदत्तप्रसादसित सुम्पिन पुग्छे । गोदत्तप्रसादको घरमा श्रीमती, छोराछोरी हुँदा पनि कताकता गोदत्तको स्वार्थी मायाजालबाट ऊ उम्कन पाउँदिन । ऊ लुकी लुकी गोदत्तलाई भेट्न गोदत्तको घरसमेत पुग्छे र गोदत्तको घरमा गोदत्तसित जिस्किएर बस्छे । उक्त प्रसङ्ग उपन्यासमा यसरी आएको छ :

> "छिः भइगो डाक्टरसाहेब । धेरै नजिस्काउनुहोस् ।" अलि नखराएको भावमा नानीथकुँले भनिन् । "ल फेरि डाक्टरसाहेब ? कति डाक्टरसाहेब, डाक्टरसाहेब ? मलाई ज्यादै काउबुडी लाग्यो तिम्रो डाक्टरसाहेबको सम्बोधनले । मेरो बिन्ती लाग्छ भने कृपा गरेर अबदेखि डाक्टरसाहेब नभन नानीथकुँ । बिन्ती ।" ठट्यौलो अनुहारमा

डाक्टर गोदत्तप्रसादले भने । "के भन्ने त ?" ठट्यौलो अनुहारले नानीथकुंले पनि सोधिन् । "बस् गोदत्त । खालि गोदत्त ।" ... "नाइँ म गोदत्त-सोदत्त केही पनि भन्दिनँ, डाक्टरसाहेब नै भन्छु, त्यही सम्बोधन मलाई मीठो लाग्छ ।" मुसुक्क हाँसेर नानीथकुँले भनिन् । (पृ.९३)

माथिको उद्धरणमा नानीथकुँ जस्ती कुमारी परपुरुषको घरमा गएर परपुरुषसित जिस्किएको देखिन्छ । यसबाट के बुझ्न सकिन्छ भने नानीथकुँले डाक्टर गोदत्तप्रसादको प्रेममा अन्धभक्त भएर आफ्नो कुमारीत्व डाक्टरलाई सुम्पिरहेको बुझ्न सकिन्छ । डाक्टरको किर्ते मायाजालमा परेर नानीथकुँले आफ्नो परिवारले दिएको सुझाब-सल्लाहभन्दा विपरीत बाटो लागेर सबै थोक गोदत्त नै हो भनेर आफ्नो जीवन बर्बाद गरिरहेको देख्न सकिन्छ । उसका दाजु शिवनारानले धेरै सम्झाई, बुझाई गरी गोदत्तसित भेट्न नदिए तापनि लुकी, छिपी गरेर भेट्न गएको देखिन्छ । केही दिनपछि रञ्जनादेवीले पनि आफ्नो पतिको प्रेमसम्बन्धमा रहेको थाह पाउँदा उसलाई रञ्जनादेवीले आफ्नो घरमा बोलाइ आफ्नो घरमा आगो नलगाउ, अर्काको पोइ नखोस्नु, अरूका छोराछोरीको बिचल्ली नपार्नु भनेर सम्झाईबुझाई गर्छिन् । उक्त सन्दर्भ उपन्यासमा यसरी आएको छ :

केही नबोलिकन रञ्जनादेवीले फेरि भनिन् : "त्यस्ता तीनवटा छोराछोरीका बाबु, कप्पालमा जौतिल पाकिसकेका बुढासित पनि तिमीजस्तो भरभराउँदी तरुनीले प्रेम गर्ने ? जात फ्याँक्नु गहतको झोलमा भनेको यही हो । प्रेम गरेर पोइल मात्रै जान भए आफू सुहाउँदो कुनै एउटा लहलहाउँदो कुमार युवकसित जानु नि । छि ! धनदौलतको लोभले जिन्दगीको बाजी लगाउन खोजेकी ? साँचो कुरा म भनिदिन्छु श्रीसम्पत्तिमा तिमीले मोजमज्जा गर्न पाउली ? सुँघ्नसम्म पनि पाउने छैनौ । ...घरखर्च त सारा म आफैले गर्ने गरेकी छु । यसरी सौता र झड्केला छोराछोरी भएको घरमा दोस्री पोथी हुन गएर किञ्चित् मात्र कुनै स्वास्नीमान्छेले सुखशान्ति पाउन सकेको कुरा एक जना मात्र पेस गर्न सक्छौं ?" (पृ.१०१)

माथिको उद्धरणमा रञ्जनादेवीले कतै नानीथकुँ आफ्नो पोइमाथि मेरो सौता बनेर आउँछे कि, यदि आई भने पछि घाँडो हुन्छ भनेर नानीथकुँलाई विभिन्न तरिकाले सम्झाउन खोज्छे । रञ्जनादेवी एउटा आदर्श नारी भएकी हुनाले उसले हरेक तरिकाले सम्झाईबुझाई गर्छे । मेरो घरलाई भत्काउने काम नगर, विवाह गर्नु नै छ भने पनि कुमार युवक खोजेर

विवाह गर, अरूको पोइ खोस्ने काम राम्रो होइन । यसले तिमीले पछि पाउनुसम्म दुःख पाउँछौ । गोदत्तले तिमीलाई माया गरेको होइन तिम्रो जवानीलाई माया गरेको हो । यस्तो मान्छेलाई आफ्नो कुमारीत्व नलुटाऊ भनेर रञ्जनादेवीले नानीथकुँलाई भन्छे । यदि धनसम्पत्ति, पैसा देखेर विवाह गर्न लागेकी हो भने पनि म एउटा पैसा डाक्टरसाहेबलाई त छुन दिन्न तँलाई म के सुँघ्न पनि दिन्थे । घर खर्च सबै मैले नै हेरेर मैले नै चलाउँछु त्यसैले यसरी अरूको सुन्दर घर भाँड्ने काम नगर भनी नानीथकुँलाई सचेत गराउने एक आदर्शनारीका रूपमा रञ्जनादेवीले आफ्नो धारणा व्यक्त गरेकी छिन् । पुरुषहरूले नारीको सौन्दर्य मात्र हेरेर केही समय उपभोग गर्न खोज्छन् । सौन्दर्य सकिएपछि दुध नदिने गाई घरबाट धपाएझैँ धपाउँछन् भनी रञ्जनादेवीले थप कुरा बताउँछिन् । त्यो कुरा तिमीले राम्रोसँग बुझ्न सकिनौ भने पाउनु दुःख पाउँछौ भनी नानीथकुँलाई सचेत गराउनतिर लाग्छिन् । उक्त सन्दर्भ उपन्यासमा यसरी आएको देखिन्छ :

> सित्तैमा पाएको मोज  कसले छोड्छ ! तर यो कुरा याद गर नानीथकुँ ! हाम्रो गालामा पानी छउन्जेल, हाम्रो यौवनमा मस्ती छउन्जेल मात्र हामी लोग्नेमानिसहरूलाई राम्रा लाग्छौं, मीठा हुन्छौं, गालामा पानी कम हुनासाथ यौवनमा मस्तानी सकिनासाथै हामी उनीहरूलाई खल्लो लाग्न थाल्छौं अनि दुध नदिने गाई धपाएझैँ धपाइदिन्छन् । उनीहरूको प्रेम हामीहरूको दिललाई पाएर हुने होइन, हामीहरूमाथि उनीहरूको प्रेम हुने होइन केवल हामीहरूको यौवनीय रस र रूपबाट आकर्षित भएर उनको अस्तित्व छउन्जेल मात्र उनीहरूले हामीलाई प्रेम गर्छन् । (पृ.१०२)

माथिको उद्धरणमा रञ्जनादेवी एउटा सहनशील नारीका रूपमा देखापरेकी छे । आफ्नो श्रीमान्माथि प्रेम गर्ने, सौता बन्न आउन लागेकी नानीथकुँलाई विवेकपूर्ण शैलीमा सम्झाउन खोजिएको देखिन्छ तर नानीथकुँ चुपचाप केही नबोली रञ्जनादेवीका कुरालाई ध्यानपूर्वक सुनिरहेकी हुन्छे । गहकिला रञ्जनादेवीका वाणीहरू जति सुने पनि सुनिरहूँ लाग्ने गर्छन् । लोग्नेमान्छेहरूले माया गर्ने भनेको गालामा पानी छउन्जेल हो । गालाको पानी सकिएपछि दूध नदिने गाई धपाएझैँ धपाउँछन्, केवल नारीलाई मनोरञ्जनको साधनका रूपमा मात्रै हेर्ने गरिन्छ । तिमीजस्ती नारीलाई सित्तैमा मोज गर्न पाए कसले गर्दैन । केवल मेरो श्रीमान् गोदत्तले तिमीलाई मोज गर्नको लागि मात्रै माया गरेको हो । अबदेखि मेरा

श्रीमान्‌बाट टाढा रहनु भन्ने रञ्जनादेवीको महत्त्वपूर्ण भनाइबाट मायाप्रेमको नाममा अर्काको श्रीमानसित लाग्ने हजारौं नानीथकुँहरूले पाठ सिक्नुपर्ने देखिन्छ । नारीले आफ्नो अस्तित्व आफै जोगाएर राख्नुपर्ने देखिन्छ ।

यता नानीथकुँले आफूले सम्झाएको कुरा मान्दिनन्‌कि भनेर एकपल्ट उसको दाजु शिवनारानलाई भन्नुपर्छ कि भनेर शिवनारानको खेतबारीमा नै रञ्जनादेवी जान्छिन् । रञ्जनादेवी आफ्नो खेतबारीमा आएको देखेर अचम्म हुँदै शिवनारान र हाकुमायाले किन आएको होला भनेर आश्चर्य मान्छन् र उनको स्वागत गर्न खोज्दा भो भो पर्दैन भन्दाभन्दै उनीहरूको कस्ता मेहनती बुढाबुढी भनेर प्रशंसा गर्छे, अहिले खेती गर्दा केही दु:ख भएपनि पछि तिमीहरूको भविष्य राम्रो छ भन्दै बिस्तारै नानीथकुँको प्रसङ्ग निकालिदिन्छे । उक्त सन्दर्भ उपन्यासमा  यसरी आएको छ :

> रञ्जनादेवीको यो कृतज्ञताज्ञापन कुरा सुनेर शिवनारान बडो कृतज्ञ भए । बडो शिष्टताका साथ उनी हात मलेर उभिरहे । मौका यही हो भन्ने विचार गरी सिलसिलामा रञ्जनादेवीले भन्न लागिन्-“तर तिमीहरूको यस्तो पवित्र कुल, यस्तो बेदाग खान्दानमा तिम्री एक मात्र बहिनी नानीथकुँले अलि कलङ्क लगाउली कि भन्ने मलाई डर भइरहेको छ शिवनारान ! उसैको बारेमा यही कुरा गरूँ भनेर आज यहाँ आएकी हुँ ।” (पृ.१११)

माथिको उद्धरणमा नानीथकुँको कुरा भन्न लागेको देखिन्छ । उसले नानीथकुँलाई राम्रोसँग सम्झाउने कोसिस गर, आज पनि मेरो घरमा डाक्टरसित जिस्किँदै थिई पछि मैले देखेपछि भङ्ग गरेर यता आए, तिमी पनि सम्झाऊ भनी शिवनारालाई रञ्जनादेवीले शिष्टतापूर्वक आफ्ना भनाइहरू राखी त्यताबाट बिदा मागी घरतिर आउँछे । यसले के सन्देश दिन्छ भने आफ्नो पतिलाई नानीथकुँले खोसेर लान्छेकी भनेर रञ्जनादेवी त्यसबाट सचेत भई उसका परिवारलाई पनि जानकारी गराउनुपर्छ भन्ने हो । यिनी आफूमाथि सौता आए निकै गाह्रो हुन्छ भनी त्यसप्रति अगाडि नै सचेत भएकी हुन् । यो रञ्जनादेवीको मात्र पीडाँ नभएर हरनेपाली समाजमा लोग्नेले बाहिरबाहिर केटी खेलाएर हिँड्न र सौता हाल्नसमेत पछि पर्दैन भन्ने देखाउनु हो । यस्तो प्रवृत्तिको अन्त्य गर्नुपर्छ, सौता आउन खोज्नेलाई राम्रोसँग अगाडि नै सचेत गराउनुपर्दछ भन्ने सन्देश पनि यसले आम जनमानसलाई दिन खोजेको देखिन्छ । उपन्यासको उत्तरार्द्धतिर नानिथकँले रञ्जनादेवी र

आफ्नो परिवारको कुराले डाक्टर गोदत्तप्रसादप्रति माया नगर्ने भने तापनि डाक्टर गोदत्तप्रसादले मैलै तिम्रा लागि गोप्य घरको व्यवस्था गरेको छु भन्दा पनि नानीथकुँले नमाने पनि अनेक प्रपञ्च रचेर डाक्टर गोदत्तप्रसादले हैजाको इन्जेक्सन भनेर नानीथकुँलाई बेहोस हुने इन्जेक्सन दिन्छ । उक्त सन्दर्भ उपन्यासमा यसरी आएको छ : डाक्टर गोदत्तप्रसादले सबभन्दा पहिले नानीथकुँलाई इन्जेक्सन दिए । उनलाई इन्जेक्सन दिँदा औषधि सिरिन्जमा पहिले नै भरिएको थियो । त्यो कसैलाई पत्तो थिएन (१७५) । उक्त सन्दर्भ हेर्दा पनि नानीथकुँ लैङ्गिक हिंसामा परेकी देखिन्छे । उसले डाक्टर गोदत्तप्रसादसित जान नमान्दा थाहा नपाई बेहोसको इन्जेक्सन लगाउनुपरेको परिवेश सिर्जना भएको देखिन्छ । यसले डाक्टर गोदत्तप्रसादजस्ता व्यक्तिले गर्दा नानीथकुँजस्ता कुमारीहरू लैङ्गिक हिंसामा पर्नुपरेको स्थिति देखिन्छ । यस्ता व्यक्तिबाट हामीले सचेत नहुँदा नानीथकुँजस्ता सोझासाझा नारीले धेरै अन्याय सहनुपरेको स्थिति पनि यहाँ देखा पर्दछ । नानीथकुँलाई एउटी नोकर्नीका माध्यमबाट कालिकास्थानको गोप्य घरमा डाक्टर गोदत्तप्रसादद्वारा रञ्जनादेवीको नाम बेचेर बोलाउन लगाइन्छ । रञ्जनादेवीले बोलाएको भनेर नानीथकुँ पनि जान्छे तर डाक्टर गोदत्तप्रसादको फन्दामा पर्छे । उक्त सन्दर्भ उपन्यासमा यसरी आएको छ :

> अगि डाक्टर गोदत्तप्रसादले नानीथकुँको घरमा हैजा र टाइफाइटको इन्जेक्सन दिन आउँदा अरू सबैलाई मात्र हैजा र टाइटफाइट इन्जेक्सन दिएका थिए । नानीथकुँलाई चाहिँ दुई घण्टापछि करिब दुईतीन घण्टा बेहोस हुने इन्जेक्सन दिएका थिए । उनले यसो गरेको नानीथकुँले आफूकहाँ आउन नमानेको र उनलाई हात पार्ने अरू कुनै सौभाग्य र संयोग नपाएको हुनाले हो । उनले रञ्जनादेवीले बोलाउन पठाएकी भन्ने ठीक पारी एउटी आइमाईलाई पचास रुपियाँ बक्सिस दिई नानीथकुँलाई यसरी हात पार्ने सफलता प्राप्त गरेका हुन्, अस्ति एकचोटि नानीथकुँलाई रञ्जनादेवीले बोलाउन पठाएको कुरा डाक्टर गोदत्तप्रसादलाई थाहा भयो । बस् यही आज उनलाई साधन भयो । अस्ति बोलाउन जाने मानिसलाई नै हात लिएर आज पनि बोलाउन पठाएका थिए । (पृ. १७८)

माथिको उद्धरणमा नानीथकुँमाथि फेरि लैङ्गिक हिंसा भएको देखिन्छ । डाक्टर गोदत्तप्रसादले आफूले बोलाए नानीथकुँ आउँदिन भनेर रञ्जनादेवीले अस्ति बोलाएको भएर उसैले बोलाएको भनी अस्तिकी नोकर्नीलाई नै बोलाउन लगाइन्छ । यसरी बोलाएर ल्याएकी

नानीथकुँ बोल्दाबोल्दै बेहोस हुन्छे । बेहोस भएकी नानीथकुँको सौन्दर्यलाई देखेर डाक्टर गोदत्तप्रसाद घरीघरी छुन खोज्ने, चुम्बन गर्न खोज्दाखोज्दै करिब दुई घण्टापछि नानीथकुँ होसमा आउँछे । होसमा आएको बेला डाक्टर गोदत्तप्रसाद खिस्स हाँस्छन् । उपन्यासको उक्त सन्दर्भलाई तल देखाइएको छ :

> करिब दुई घण्टापछि होसमा आएर नानीथकुँले आँखा खोल्दा उनले आफ्नो अगाडि डाक्टर गोदत्तप्रसाद हाँसिरहेका पाइन् । नानीथकुँलाई बडो नमीठो लाग्यो, दुःख लाग्यो र चिन्ता लाग्यो । होसमा आउनासाथ आज भएका सारा घटना र कुरा पनि उनलाई तुरुन्तै थाहा भएर आयो । तत्क्षणात् अनि उनलाई मरिहालूँजस्तो रिस उठेर आयो । किन्तु बिचरीले गरून् के ? फन्दामा परिरहेकी छन् । झन् निस्सहाय छन् । रिसलाई सहेर, पचाएर नानीथकुँले विनीत स्वरमा डाक्टर गोदत्तप्रसादलाई भनिन् "डाक्टरसाहेब ! के गर्नु भएको यो ?" (पृ. १८१)

माथिको उद्धरणमा पनि नानीथकुँ लैङ्गिक हिंसामा परेको देखिन्छ । डाक्टर गोदत्तप्रसादले उसलाई उपभोग गरेको देखिन्छ । यसरी जबर्जस्ती बेहोसको इन्जेक्सन दिएर बेहोस गराएर त्यसमाथि रजाइँ गर्नु यो सामाजिक लैङ्गिक हिंसा हो । यसरी त्यो कालिका-स्थानमा गोप्य घरमा लगेको दुई महिना भई सक्छ । यता शिवनारानको परिवार र रञ्जनादेवी तिनीहरूको खोजी गर्दा दुई महिनासम्म नभेटेपछि रञ्जनादेवीले नोकर्नीलाई अलि बढी पैसा लिएर उसैमार्फत पत्ता लगाइन्छ । पत्ता लगाइसकेपछि डाक्टर गोदत्तप्रसादलाई केही नगर्ने बाचामा शिवनारानलाई रञ्जनादेवीले उक्त ठाउँ बताउँछे । शिवनारानका दाजुभाइ त्यो कालिका स्थानको गोप्य घरमा पुग्दा डाक्टर गोदत्तप्रसादले ढोका खोलिदिँदैन र नानीथकुँलाई पनि खोल्न दिदैन । अन्ततः शिवनारानका दाजुभाइले ढोका फोडेर भित्र पस्छन् । यतिबेला डाक्टर गोदत्तप्रसाद डराएर बस्छ । दाजुभाइले डाक्टर गोदत्तप्रसादको गर्दन समातेर झपार्दा नानीथकुँले उहाँलाई केही नगर्नु, गल्ती मेरो नै हो भन्छे त्यही बेला रञ्जनादेवी पनि आइपुग्छे र एकचोटिलाई डाक्टर गोदत्तप्रसादलाई माफ गरी छोडीदिनुहोस् उहाँको तर्फबाट म माफी माग्छु भनी शिवनारानको पाउ पर्छे र अघिको बाचा पनि याद गराउँछे । त्यसपछि नानीथकुँलाई शिवनारानका दाजुभाइले घर ल्याउन खोज्छन् र ल हिँड् घर जाऊँ भन्दा नानीथकुँले अप्ठ्यारो मानेर, लजाएर अब म डाक्टर

गोदत्तप्रसादसँगै बस्छु, घर जान लायक म छैन, दोजिया भइसकेकी छु भन्ने कुरा बताउँछे । उक्त सन्दर्भ उपन्यासमा यसरी आएको छ :

> नानीथकुँ झन् लजाइन् । लाजले मुन्टै ठड्याउन सकिनन्, अनि शिवनारानले नानीथकुँतिर हेरेर भने- "लौ हिड ।" नानीथकुँ त्यसै उभिरहिन् । केही पनि उनले बोलिनन् । "हिड जाऔं" शिवनारानले फेरि भने । अझ पनि नानीथकुँ पूर्ववत् नै उभिरहिन् । शिवनारानले अनि रिसले भने- "किन तिम्रो आउने इच्छा छैन कि ? किन इच्छा नहोला, लाज भइरह्यो होला ?" रञ्जनादेवीले भनिन्- "जाऊ, दाजुहरूसँग घर जाऊँ ।" "म अब कहीं जान्नँ ।" लजाएको भावमा साहस गर्दै नानीथकुँले भनिन् । "किन ?" अलि रिसाएको भावमा शिवनारानले भने । ...नानीथकुँले नजाने दिट्टी गर्दा र बिन्तीभाउ गर्दा पनि नमाने पछि लाज पचाउँदै उनले भनिन्- "मलाई लैजाने जिद्दी नगर्नुहोला दाजुहरू ! म दोजिया भइसकेकी छु ।" (पृ. १८८)

माथिका उद्धरणमा हेर्दा डाक्टर गोदत्तप्रसादले आफ्नो घरमा छोराछोरी, श्रीमती हुँदाहुँदै नानीथकुँलाई दोजिया बनाएको देखिन्छ । यसरी घरमा छोराछोरी, श्रीमती हुँदाहुँदै नानीथकुँलाई दोजिया बनाउनु सामाजिक हिंसामा नानीथकुँलाई पार्नु हो । नारी जातिलाई जति उपभोग गरे पनि हुन्छ भन्ने पुरुषको पितृसत्तात्मक सोच पनि यहाँ देखा परेको छ । हाम्रो नेपाली समाजमा यस्ता नानीथकुँजस्ता हजारौं नारीहरू परपुरुषको फन्दामा परेको देखिन्छ । यस्ता दोजिया भएका नारीहरूलाई समाजले घृणाका रूपमा नहेरी तिनीहरूलाई हौसला प्रदान गर्नुपर्छ । शिवनारानको परिवार र रञ्जनादेवीको जस्तो प्रगतिवादी सोच राख्नुपर्छ भन्ने लैङ्गिक विचारहरू पनि समाजमा आएका छन् ।

*एक चिहान* उपन्यासमा नारी र पुरुष दुवै पात्रको प्रयोग भएको देखिन्छ । यस उपन्यासमा लैङ्गिक संरचनाले हेर्दा नानीथकुँ र रञ्जनादेवी लैङ्गिक हिंसामा परेका देखिन्छन् । यता रञ्जनादेवीको श्रीमान्सित नानीथकुँले प्रेमसम्बन्ध राख्दा रञ्जनादेवी हिंसामा पेरकी देखिन्छे भने उता डाक्टर गोदत्तप्रसादले घरमा श्रीमती, छोराछोरी हुँदाहुँदै आफूभन्दा धेरै कम उमेरकी नानीथकुँलाई किर्ते मायाजालमा पारेर नानीथकुँको यौवनलाई लुटेको हेर्दा नानीथकुँ पनि हिंसामा परेको देखिन्छ । यता सुरमान सुब्बाले शिवनारानको परिवारमा अष्टनारानले आफूलाई नानीथकुँको विवाह गराउने वचन दिएको भन्दै किर्ते जालमा

रामबहादुरमार्फत बनावटी प्रपञ्च रचेर शिवनारानलाई अन्यायमा पारेको देखिन्छ । यहाँ पनि लैङ्गिक सामाजिक संरचना निर्माण भएको देखिन्छ । यसर्थ *एक बिहान* उपन्यासमा लैङ्गिक संरचना प्रयोग भएको देखिन्छ जसले सामाजिक संरचनालाई परिपोषण गरेको देखिन्छ ।

## २.४.४ *एक बिहान* उपन्यासमा धार्मिक संरचना

परम्परादेखि चल्दै आएका धार्मिक रीतिरिवाजलाई धार्मिक संरचना भनिन्छ । धार्मिक संरचना पनि सामाजिक संरचना सिर्जना गर्ने एक महत्त्वपूर्ण संरचना हो । *एक बिहान* उपन्यासमा पूजापाठ गर्नु, किरिया गर्नु, भगवानको नाम जप्नु, ज्योतिषीलाई चिह्ना देखाउनु आदि धार्मिक संरचना हुन् । जसले सामाजिक संरचना निर्माण गर्नमा सघाउ पुऱ्याएको देखिन्छ ।

अष्टनारानले निराश भएर मैले तिमीहरूलाई सुँगुरले जन्माएजस्तै जन्माएँ तर तिमीहरूलाई उचित पालनपोषण गरी शिक्षादीक्षा दिन सकिनँ भनेर आफू बिरामी परेको बेला आफ्ना छोराछोरीलाई यो कुरा सुनाउँछ । भगवान्ले पनि मेरो गुनासो केही सुनेन् भनेर भन्छ । उक्त सन्दर्भ उपन्यासमा यस यसरी आएको छ :

> सुँगुरले झैँ मैले तिमीहरूलाई केवल जन्माएँ, तिमीहरूको गाँसबासको मैले केही बन्दोबस्त गर्न सकिनँ । जिन्दगीभर पूजा-प्रर्थना गराएर भगवान्ले मेरो केही सुनिदिएन । यिनीहरू देखेर मलाई बहुतै लाज भइरहेको छ । मैले केही गर्न नसके पनि केही बनाउन-तुल्याउन नसके पनि तिमीहरूलाई पाएँ, जन्माएँ, तिमीहरूलाई यस संसारको अगाडि राखिदिएँ, यसलाई गुण सम्झेर क्षमा गर बाबू हो ! यो बुढिया तिमीहरू सबैकी आमा र बहिनी एक जनालाई अन्यथा नगर । (पृ. ५)

माथिको उद्धरणमा धार्मिक संरचना आएको देखिन्छ । तिमीहरूको भलाइका लागि जिन्दगीभर मैले देवतालाई पूजापाठ गर्दै दिनदिनै प्रार्थनासमेत गरेँ । भगवान्ले मलाई केही दिन्छन् कि भनेर पर्खिरहेँ तर भगवान्ले पनि मलाई अन्याय गरे केही दिन सकेनन् भनेर अष्टनारानले भगवानप्रति यहाँ आफ्नो निराशा व्यक्त गरेका छन् । तिमीहरूका लागि गाँसबासको राम्रो व्यवस्था गर्न नसके पनि तिमीहरूलाई यो संसारको अगाडि राखिदिएको छु, यसलाई गुण सम्झेर तिमीहरू असल बाटोमा लाग्नुपर्छ । आफूले कर्म गरेर, मेहनत

गरेर खानुपर्छ भगवान्‌को धेरै आशा राख्नु हुँदैन भन्ने विचार उसले प्रकट गरेको देखिन्छ । यसका साथै जन्म दिने आमालाई सदैव राम्रोसँग पालनपोषण गरेर राख्नु, यो एउटा बहिनीलाई पनि खुसीका साथ राख्नु, कहिले पनि आँखामा आँसु आउन नदिनुजस्ता विचारहरू अष्टनारानले परिवारमा सबै छोराहरूलाई आग्रह गरेको देखिन्छ । केही समयपछि उसको मृत्यु हुन्छ । उसको मृत्युपछि छोराहरू किरियामा बसेका हुन्छन् । किरिया बसेको समयमा काममा जानु हुदैन भन्ने उनीहरूको धर्म रहेको छ । उक्त सन्दर्भ उपन्यासमा यसरी आएको छ :

> "अरू थोक के उपाय छ त भन न तिमी नै ?" शिवनारानले भने । "जुठो नफुकेसम्म केही काम गर्न जानु हुन्न, आफ्नै बाबु मरेर घरमा परेको जुठो मान्नैपर्छ । त्यतिन्जेल एकछाक मात्र भए पनि खाएर हामीले ज्यान बचाउनुपर्छ । अर्को कुरा भाइभताहाहरूलाई ख्वाउनैपर्छ ।" "घरमा भएका अन्नपात बेइज्जत खाई बेचेर फेरि किनेर टुट्टा खानुपर्ने हुन्छ ।" वेदना सहँदै गम्भीरतापूर्वक नानीथकुँले भनिन् । (पृ. ३७)

माथिको प्रसङ्गमा धार्मिक संरचना सिर्जना भएको देखिन्छ । मान्छे मरेपछि एक छाक मात्रै खाना खानुपर्छ, जुठो नफुकाउन्जेल काम गर्नु हुँदैन भन्ने धार्मिक परम्परा समाजमा विद्यमान अवस्थामा रहेको पाउन सकिन्छ । हरनेपाली समाजमा मानिस मरिसकेपछि जुठो बार्नुपर्ने, छोराहरू किरियामा बस्नुपर्ने, जुठो नफुकाउन्जेलसम्म काम गर्न नहुने धार्मिक संरचना अहिले पनि विद्यमान नै रहेको देखिन्छ । पुण्य कमाउनका लागि हरनेपाली समाजले यस्ता कार्यहरू गर्ने गर्दछन् । यो परम्परा नेपाली समाजमा हिजो पनि थियो, आज पनि छ र भोलि पनि रहिरहने छ । तर केही मात्रामा परिवर्तनशील भए तापनि नयाँ शैलीमा भए पनि धार्मिक परम्परा बाँचि नै रहने छ । धार्मिक परम्परालाई जोगाउनका लागि गोदत्तप्रसादकहाँ नानीथकुँ र हर्षनारानलाई शिवनारान र पुननारानले ऋण माग्न पठाउँछन् । गोदत्तको अस्पतालमा एक्कासि के भो नि बालाई कस्तो भो भन्दा हर्षनारानले बा त जानुभो भनेपछि नानीथकुँ आँसु झारेर रुन्छे । त्यस बेला पनि गोदत्तले भगवान् रामको नाम जप्छ जहाँ धार्मिक संरचना निर्माण भएको देखिन्छ । उक्त सन्दर्भ उपन्यासमा यसरी आएको छ : "हे राम ! राम ! कुन बेला ? कुन बेला डाक्टर गोदत्तप्रसादले आश्चर्यचकित भएर शोकिलो स्वरमा सोधे (पृ.३९) ।"

यहाँ शोक परेको बेला होस् या अप्ठ्यारो परेको बेला नेपाली समाजमा सजिलै राम ! राम ! भन्ने शब्द छिटो निस्किन्छ जुन शब्द कल्याण होस् भन्ने सन्दर्भमा आएको हुन्छ । राम भनेका भगवान् हुन्, नेपाली समाजमा दुःख पर्दा राम भगवान्को नाम धेरैले जप्ने गरेको धार्मिक परम्परा देखिन्छ ।

समय बित्दै जाँदा नानीथकुँ र डाक्टर गोदत्तप्रसादबिच एकआपसमा मायापिरती सुरु हुन्छ । बेलामौकामा दुवैजना जिस्कने, एकअर्कासित ठट्टा गर्ने गर्छन् । ठट्टा गर्ने सिलसिलामा नानीथकुँले डाक्टर गोदत्तप्रसादलाई त्यसो भए तपाईं लाखेनाच नाच्नुहोस् भन्ने सन्दर्भ आउँछ । उक्त सन्दर्भ उपन्यासमा यसरी आएको छ : "त्यसो भए लौ लाखेनाच नाच्नुहोस् त, लौ म बाजा बजाइदिन्छु-टुमटुम छ्याँय्" (पृ. ५४) ।

उक्त उद्धरणमा धार्मिक परम्परा आएको देखिन्छ । काठमाडौँ उपत्यकाभित्रका नेवार जातिहरूले ठुलो पर्व बनाउने, त्यो पर्वमा कसैले बाजा बजाउने, कसैले लाखेनाच नाच्ने गर्दछन् । यो परम्परा नेपाली समाजको नेवार जातिमा परापूर्वकालदेखि चल्दै आएको छ । यो रीतिरिवाजलाई जोगाउनका लागि वर्तमान समयमा पनि यो पर्व विद्यमान नै रहेको देखिन्छ । त्यसैले लाखेनाच र त्यसमा बजाइने बाजाले नेवार जातिको धार्मिक परम्परालाई झल्काई सामाजिक संरचना निर्माण गर्नमा यसले परिपोषण गरेको पाउँन सकिन्छ ।

उपन्यासमा रामबहादुरले नानीथकुँको विवाह सुरमान सुब्बासित गराउने कुरा अष्टनारानले गरेका थिए भनेर अष्टनारानको मृत्युपछि किर्ते कुरा लतमायासँग गर्छ । उक्त विषयमा आफूलाई केही थाह नभएको र सुरमान सुब्बाको पनि उमेर धेरै फरक भएको कुरा गर्दा रामबहादुरले सुरमान सुब्बाको बढाइचढाइ गरी सुरमानले धेरै राम्रा छोरीहरू बिहे गर्न सक्छन् भन्दछ । उक्त सन्दर्भ उपन्यासमा यसरी आएको छ :

> "सत्ते हो हेर ! आज एकादशीको दिन, त्यसमाथि निधारमा पशुपतिको चन्दन र टाउकोमा गुह्येश्वरीको फूल लाइराखेको छु, हिन्दुको छोराले झुटो बोलेर नरकमा जाने साहस गर्न सक्ला र ? म त मामुली कारिन्दा भनुँला त्यत्रो दर्जामा पुगिरहेका सुब्बासाहेबजस्ताले यस्तो कुरामा झुटो बोल्नुहोला ? उहाँले चाहनुभएमा कत्राकत्राका कस्ताकस्ता राम्रा छोरीहरू लहरै सातओटी भने पनि बिहे गर्न सक्नुहुन्छ आजको दिनमा ।" विश्वासलाग्दो भावमा रामहादुरले भने । (पृ. ६६)

माथिको उद्धरणमा एकादशीको दिन, पशुपतिको चन्दन, गुह्येश्वरीको फूल, हिन्दुको छोराजस्ता शब्दहरू धार्मिक संरचनालाई परिपोषण गर्नका लागि आएका छन् । एकादशीको दिन धार्मिक दृष्टिले नेपालीहरूको महत्त्वपूर्ण दिन रहेको देखिन्छ । त्यस्तै पशुपतिको चन्दनले भगवान्को निसाना र हिन्दु शब्दले आम नेपालीहरू हिन्दु भएको सन्दर्भ देखाएको छ । हिन्दु धर्म मान्ने मान्छेले झुटो बोल्नु भनेको पाप हो भन्ने सन्दर्भ उद्धरणमा आएको छ ।

यस्तै डाक्टर गोदत्तप्रसाद दैनिक शिवनारानको घर आउने गर्दा समाजमा नानीथकुँ र डाक्टर गोदत्तप्रसादको कुरा गाइँगुइँ हुन लागेकाले शिवनारानले डाक्टर गोदत्तप्रसादलाई घर नआउनु भन्ने आदेश दिनु भनेर आमा लतमायालाई भन्छ । आजबाट खान पकाउन पनि नानीथकुँलाई भन्नु तपाईं तान बुन्नु यानि कि डाक्टर गोदत्तप्रसाद र नानीथकुँले सधैंको झैँ भेट्ने अवसर नपाइराखुन् । लतमायाले अब डाक्टर गोदत्तप्रसादलाई यसरी हाम्रो घरमा दिनदिनै नआउनुहोला, यसरी आइँरहँदा बिरामी अन्यायमा पर्छन् भनेर भन्छे । उक्त सन्दर्भ उपन्यासमा यसरी आएको छ : "भइगो डाक्टरसाहेब । बेकारमा तपाईं यसरी हामीकहाँ आइरहनुभयो भने हामीलाई पाप लाग्छ, किनभने तपाईं बिरामीहरूका देवता हुनाले एकछिन पनि तपाईंले यरी बेकारमा समय बर्बाद गर्नु हुँदैन" (पृ.७६) । उक्त यस उद्धरणमा पाप र देवता शब्द धार्मिक संरचनाको रूपमा अभिव्यक्त भएको पाइन्छ । यहाँ डाक्टर गोदत्तप्रसाद सधैं लतमायाको घरमा आउने गर्नाले बिरामीले उचित उपचार नपाएमा त्यसबाट हामीलाई पाप लाग्ने कुरा लतमायाले बताउँछे । कसैको काममा अनावश्यक बाधा, अवरोध पुऱ्याउनु नै नेपाली समाजमा पाप ठहरिन्छ । दीनदुःखी-लाई सहयोग गर्दा पुण्य मिल्छ र मर्न लागेका बिरामीहरूलाई बचाउने डाक्टर गोदत्तप्रसाद जस्ता घृणाको पात्र नभई देवताको रूपमा मान्ने हाम्रो धार्मिक परम्परा रहेको छ । तसर्थ यहाँ आएका पाप र देवता शब्दले सामाजिक धार्मिक संरचनालाई परिपोषण गरेको देखिन्छ ।

यता रञ्जनादेवीले नानीथकुँलाई आफ्नो पति डाक्टर गोदत्तप्रसादसित अनावश्यक स्वार्थी मायाजालमा नपरोस् भनी सम्झाइबुझाइ गर्छिन् । सम्झाइबुझाइ गर्ने क्रममा रामायणमा भएका प्रसङ्गहरू रञ्जनादेवी नानीथकुँलाई सुनाउँछिन् । उक्त प्रसङ्ग उपन्यासमा यसरी आएका छन् :

> उही रामायणको कुरा रावणकी बहिनी शूर्पणखालाई हेर, अर्काका पोइसित प्रेम गर्न आएकी हुनाले नाक कटाउनुपऱ्यो । आज शूर्पणखाको नाम सुनेर सबै स्वास्नीमान्छे

थुक्न खोज्छन्, सीताको नाम सुनी गौरवले मस्तक ठाडो गर्छन् । शूर्पणखा र रावणको कारण हेर आज उसको जाति निन्दित भएर अँध्यारोमा विलीन भइसक्यो, सीताको चरित्रले गर्दा यता हिन्दू जातिको मस्तक ठाडो मात्र होइन, उनको सभ्यता नै चहकिलो भइरहेको छ । (पृ. १०६)

माथिको उपन्यासांशमा रामायण, रावणकी बहिनी शूर्पणखा, सीताजस्ता शब्दहरू धार्मिक संरचनाका रूपमा आएका छन् । रामायण आफैँमा धार्मिक भावनामा आधारित कृति हो । रावणकी बहिनी शूर्पणखाले अर्काको पोइसित प्रेम गरेका हुनाले नाक काटिएको देखिन्छ ।  रावण उसकी बहिनीको नराम्रो कार्यले गर्दा आज पनि तिनीहरूलाई समाजमा निन्दित जातिको रूपमा हेरिएको पाइन्छ । सीतालाई रावणले अपहरण गरेर लगे पनि आफ्नो सतीत्व जोगाउने नारी सीताको आज पनि नेपाली समाजमा र हिन्दु धर्मावलम्बिमा निकै पूजा गरिन्छ । हामी नारी जातिहरूले रावणकी बहिनी शूर्पणखाजस्ती होइन सीताजस्ती भएर जिउन सक्नुपर्छ भनेर रञ्जनादेवीले नानीथकुँलाई गहन तरिकाले सम्झाइबुझाइ गरेको देखिन्छ । यसर्थ माथिका रामायण, रावणकी बहिनी शूर्पणखा, सीताजस्ता शब्दहरूले धार्मिक सामाजिक संरचनालाई परिपोषण गरेकाले उक्त उद्धरणमा धार्मिक संरचना रहेको स्पष्ट हुन्छ ।

यता आफ्नो पति डाक्टर गोदत्तप्रसादको चरित्रले हैरान भएकी रञ्जनादेवी आफ्नो पतिको निन्दा गर्नु पनि हिन्दु धर्ममा पाप सम्झिन्छ तर पनि निन्दा नगरूँ पनि कसरी भनेर आफ्ना पीडित भावहरू नानीथकुँलाई विवेकपूर्ण तरिकाले सम्झाउँछिन् । हिन्दु धर्म र पापको सन्दर्भ आएकाले पनि यहाँ धार्मिक संरचना निर्माण भएको देख्न सकिन्छ । यता शिवनारानको खेतमा हालसालै रोपाइँ गरेको खेतबारीमा गाई पसेर बालीनाली खाएर सखाप पारेको रिसमा शिवनारानले गाईलाई बेस्सरी कुटेको देख्दा हाकुमायालाई गोमातालाई नपिट्नु राम्रो भन्ने सन्दर्भ आएको छ । उक्त सन्दर्भलाई यसरी तल प्रस्तुत गरिएको छ :

अति भएको देखेर हाकुमायाले रोक्तै भनिन् : “जे भए पनि गाई गोमाता हो, भइगो छोडिदिनुहोस् ।” “केको गोमाता ! रगतपसिना गरी यसरी कमाएको खेत खाने पशुलाई तिमी गोमाता भनेर पूजा गर्न खोज्छ्यौ ? पिट्तापिट्तै नमारी छोड्दिनँ म यसलाई ।” रिसले चुरचुर हुँदै शिवनानले भने । “हा ! हिन्दु भएर नेपाली भएर गाईमाथि यस्तो शब्द मुखबाट निकाल्नु ठीक छैन ।” धर्मभीरु भावमा हाकुमायाले भनिन् । (पृ. १५२)

माथिको उद्धरणमा गोमाता र हिन्दु शब्द धार्मिक संरचनाका रूपमा आएको देखिन्छ । गाईलाई हिन्दुधर्ममा गोमाताको रूपमा पूजा गरिन्छ । त्यसले जस्तोसुकै अपराध गरे पनि त्यसलाई पीडा हुन सम्म कुट्नु हुँदैन । हामीजस्तो हिन्दु धर्मावलम्बीका लागि त गाई गोमाता हो, यसलाई हामीले यसरी पिटेको सुहाउँदैन । हिन्दु धर्म पनि मान्ने तर गाईलाई गोमाता नमान्ने कस्तो हिन्दुधर्म हो भनेर हाकुमायाले आफ्ना श्रीमान् शिवनारानलाई भन्छे । नेपाली समाजमा हिन्दुधर्म मान्नेले गाईलाई गोमाताको रूपमा पूजा गर्ने सन्दर्भ परम्परादेखि हालसम्म विद्यमान नै रहेको पाउन सकिन्छ । यसरी माथिको गोमाता र हिन्दु धर्म शब्दले धार्मिक सामाजिक संरचना निर्माण गर्नमा ठुलो भूमिका खेलेको देखिन्छ ।

वास्तवमा भन्नुपर्दा *एक चिहान* उपन्यास प्रगतिवादी उपन्यास भएर पनि कतै प्रत्यक्ष कतै अप्रत्यक्ष रूपमा धार्मिक सामाजिक संरचनाले भरिपूर्ण नै देखिन्छ । विशेष रूपमा पूजापाठ गर्नु, किरिया गर्नु, ज्योतिषीले चिह्ना हेरेको सन्दर्भ, देवीदेवताको नाम उच्चारण गर्नु, गाईलाई गोमाता मान्नु, रावणको सन्दर्भ आउनु, हिन्दु धर्मको पालना गर्नु, किसानलाई देवताको परमात्माका रूपमा लिनु, उपन्यासका पात्र भगावान्को नाममा आउनु, पाप गर्नु, धर्म गर्नु, देवताको नाम लिएर व्यङ्ग्य गर्नु आदि धार्मिक संरचनाका रूपमा आएका छन् । यी धार्मिक संरचनाले नै सामाजिक संरचनामा पनि विशेष भूमिका खेलेकाले यिनलाई धार्मिक सामाजिक संरचनाका रूपमा लिन सकिन्छ । जसले विश्वदृष्टिको विकासमा पनि ठुलो भूमिका खेलेको देखिन्छ ।

## २.५ निष्कर्ष

हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा सामाजिक संरचना प्रशस्त मात्रामा भेटिएको पाइन्छ । विशेष गरेर पारिवारिक, सामुदायिक, लैङ्गिक र धार्मिक संरचनाहरू बढी मात्रमा देखिन्छन् । पारिवारिक संरचनामा पारिवारिक नेतृत्व, पेसा, व्यवसाय, एकल र संयुक्त पारिवारिक संरचना, नातासम्बन्धजस्ता संरचनाहरू देखा परेका छन् । *स्वास्नीमान्छे* उपन्यासमा एकल पारिवारिक संरचना, पेसाका हिसाबले जागिरे, वेश्या, पुलिस सैनिक, समाजसेवी, न्यायाधीश, राजनीतिज्ञ आदि पारिवारिक सामाजिक संरचनाका रूपमा भेटिन्छन् भने *एक चिहान* उपन्यासमा एकल र संयुक्त परिवार, पेसाका हिसाबले किसान, डाक्टर, सुब्बा, सिकर्मी, डकर्मी र विवाह आदि सामाजिक संरचनाहरू देखापर्दछन् । *स्वास्नीमान्छे* उपन्यासमा सामुदायिक संरचनाभित्र भौगोलिक समुदायका रूपमा पशुपति, काठमाडौँको

स्वयम्भू, वरिपरिको समुदायको चित्रण छ भने शिक्षित समुदायमा शिक्षित र अशिक्षित समुदाय, आर्थिक समुदायभित्र हुनेखाने र हुँदा खाने समुदायको र जातिगत रूपमा हेर्दा बाहुन समुदायका साथै न्यायालयको, आन्दोलनकारीको समुदाय, वेश्यालयको समुदाय, पुलिस, सैनिक, सिपाही, सशस्त्रहरूको समुदाय देखापर्दछन् भने *एक चिहान* उपन्यासमा नेवारी, तामाङ मधेसी जातिगत समुदाय, शिक्षित र अशिक्षित समुदाय, हिमाली, पर्वते र उपत्यका भित्रको समुदाय, आर्थिक हिसाबले उच्च वर्ग, निम्न वर्ग र अति निम्न वर्गको समुदाय आदि सामुदायिक सामाजिक संरचनाका रूपमा देखापर्दछन् । लैङ्गिक संरचनाका रूपमा *स्वास्नीमान्छे* उपन्यासमा मोतीमाया, विनोद, मैयाँनानी, प्रमोद र मोहनबहादुर सशक्त रहेका छन् भने *एक चिहान* उपन्यासमा नानीथकुँ, रञ्जनादेवी, शिवनारान, डाक्टर गोदत्तप्रसाद, सुरमान सुब्बा प्रमुख रूपमा आएका देखिन्छन् । *स्वास्नीमान्छे* उपन्यासमा पूजा गर्नु, आरती गर्नु, बागमती जानु, पशुपति जानु, स्वयम्भू, जोगी, भिक्षु, कृष्णको मूर्ति, भगवान्को पुकार आदि जस्ता विषयवस्तु धार्मिक सामाजिक संरचना निर्माण गर्नका लागि सशक्त रूपमा आएका छन् भने *एक चिहान* उपन्यासमा पूजापाठ गर्नु, किरिया गर्नु, देवीदेवताको उच्चारण गर्नु, गाईलाई गोमाता मान्नु, रावणको सन्दर्भ आउनु, हिन्दु धर्मको पालना गर्नु, किसानलाई देवताको परमात्माका रूपमा लिनु, उपन्यासका पात्र भगवान्को नाममा आउनु, ज्योतिषीलाई चिह्ना देखाउनु, पाप गर्नु, धर्म गर्नु, देवताको नाम लिएर व्यङ्ग्य गर्नु आदि धार्मिक संरचनाका रूपमा आएका छन् ।

# तेस्रो परिच्छेद

# हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा वर्गीय विश्वदृष्टि

## ३.१ विषयपरिचय

प्रस्तुत परिच्छेद हृदयचन्द्रसिंह प्रधानका उपन्यासहरूमा वर्गीय विश्वदृष्टिको खोजी र त्यसको विश्लषणमा केन्द्रित छ । यसमा सुरुमा विश्वदृष्टिको सैद्धान्तिक चिनारी दिएपछि प्रधानका *स्वास्नीमान्छे* उपन्यासमा सामन्तवर्गीय, उत्पीडित वर्गीय, शासक वर्गीय, शासित वर्गीय र उपभोगवादी वर्गीय विश्वदृष्टिका आधारमा खोजी र विलेषण गरिएको छ भने *एक चिहान* उपन्यासको सामन्त वर्गीय, उत्पीडित वर्गीय र उपभोगवादी वर्गीय विश्वदृष्टिका आधारमा खोजी र विश्लेषण गरिएको छ ।

## ३.२ विश्वदृष्टिको सैद्धान्तिक स्वरूप

विश्वदृष्टि भनेको एउटा सामूहिक विचार हो, जसले कुनै वर्ग वा समाजको प्रतिनिधित्व गर्दछ । दर्शनकोशमा उल्लिखित परिभाषाअनुसार सिद्धान्त, विचार तथा आस्थाको योग जुन कुनै व्यक्ति, सामाजिक समूह, वर्ग या समग्र रूपमा समाजको कार्यकलापको दिशा र यथार्थतर्फ मार्ग निर्धारित गर्दछ, त्यसलाई नै विश्वदृष्टि भनिन्छ ( फ्रोलोव, सन् १९८८, पृ. ५९८, उद्धृत श्रेष्ठ, २०६९/७०, पृ. ३२) । लुसिएँ गोल्डमानले विकास गरेको विश्वदृष्टिको धारणालाई महत्त्वपूर्ण धारणा मानिन्छ । उनले साहित्यको समाज-शास्त्रीय अध्ययनका लागि यसलाई प्रमुख मापदण्डका रूपमा लिएका छन् । उनले एक वर्ग वा समूहको जीवनजगत्का बारेमा हुने सुसङ्गत दृष्टिलाई नै विश्वदृष्टि भनेका छन् (गोल्डमान, सन् १९८०, पृ. १११) । विश्वदृष्टिको अभिव्यक्ति दर्शन, कला र साहित्यमा हुन्छ रचनाको स्तरमा धारणा तथा कल्पनाको माध्यमबाट त्यसको अभिव्यक्ति हुन्छ । विश्वदृष्टि वर्ग समाज एवम् इतिहाससँग सम्बद्ध हुन्छ र त्यसको अभिव्यक्ति साहित्य, कला आदिमा नै सम्भव हुन्छ । साहित्यमा अभिव्यक्त विश्वदृष्टि र वास्तविक जीवनका तत्त्वहरूबीच समानता हुनु स्वाभाविक हुन्छ जसलाई गोल्डमान विश्वदृष्टिको समानधर्मिता भन्दछन् । विश्वदृष्टिले समाजका सदस्यहरूको विचार, इच्छा, आकांक्षाको र भावनाको अन्तरसम्बन्ध प्रतिपादन गर्ने र तिनको मिश्रणबाट समाजका सदस्यहरूलाई एकअर्कामा

सम्मिलित गराउने काम गरेको हुन्छ । यसैबाट विश्वदृष्टिको विकास हुन्छ (१९६४, पृ. १७ उद्धृत श्रेष्ठ, २०६९/७०, पृ. ३३) । विश्वदृष्टि एउटा व्यक्तिको नभएर वर्ग वा समुदायको हुन्छ । व्यक्तिको विचारमा प्रायः सङ्गति र एकान्विति हुँदैन । कुनै वर्ग वा समूहले सामाजिक ऐतिहासिक प्रक्रियामा नै विश्वदृष्टिको विकास गर्न सक्छ । विश्वदृष्टिको सन्दर्भमा समाजका कतिपय उच्चस्तरीय बौद्धिक व्यक्तित्वहरूले वर्ग तथा समूहको चेतना र इच्छा, आकांक्षा एवम् विचारलाई सुसङ्गत ढङ्गमा आत्मसात गर्न सक्छन् । तिनै व्यक्तिहरूले काल्पनिक तथा वैचारिक धरातलमा समाजको सामूहिक चेतनालाई अभिव्यक्ति दिन सक्दछन् र सामाजिक विचारहरूको अन्तर्सम्बन्धको अधिकतम संवेदनालाई अभिव्यक्ति दिन सक्दछन् । यस किसिमको बोध गर्न लेखक कलाकार तथा दार्शनिकहरू जस्ता असाधारण व्यक्तित्वहरू मात्र सक्षम हुन्छन् (गोल्डमान, सन् १९६४ , पृ. १७ उद्धृत श्रेष्ठ, २०६९/७०, पृ. ३३) । यसरी कुनै वर्गले सामाजिक ऐतिहासिक प्रक्रियाबाट नै विश्वदृष्टिको विकास गर्न सक्छ भनेर गोल्डमानले आफ्नो विचारलाई अघि सारेका छन् ।

गोल्डमानले विश्वदृष्टिसम्बन्धी मान्यता साहित्यको समाजशास्त्रीय अध्ययनका निम्ति सैद्धान्तिक मापदण्डको रूपमा विकसित गरेका छन् । गोल्डमान साहित्यको समाजशास्त्रीय अध्ययनलाई संस्कृतिसँग जोडेर हेर्ने काम गर्दछन् । उनका अनुसार प्रत्येक कृति लेखकको व्यक्तिगत रचना भए पनि त्यसले लेखकको समाजको अभिव्यक्ति गर्दछ । लेखकले साहित्यमा अभिव्यक्त गरेको विचार तथा चेतना त्यस समाजका विभिन्न वर्गका व्यक्ति तथा समूहका व्यक्तिको विचारसित अन्वित भई विश्वदृष्टिको निर्माण गर्दछन् । त्यसैले विश्वदृष्टिको निर्माण समाजका मानवीय समुदायमा र खास गरी एउटै समुदायका वैचारिक धारणा भएका मानिसका बीच हुन्छ । विश्वदृष्टिको संरचना लेखकद्वारा निर्मित भएको हुँदैन बरु त्यस वर्ग र अन्य वर्गका अरू विश्वदृष्टिको निर्माणमा सहभागी भएका हुन्छन् (पाण्डेय, सन् १९८९ , पृ. १४८-१४९) । यसले लेखकको कृति व्यक्तिगत भए पनि त्यसले समाजको अभिव्यक्ति दिन्छ भन्ने बुझ्न सकिन्छ ।

विश्वदृष्टिको विकासको सम्बन्ध समाजका वर्ग र समूहको इतिहाससँग हुन्छ । एउटा समयमा जुन विश्वदृष्टि देखिन्छ ; समय परिवर्तन हुँदै जाँदा अर्को विश्वदृष्टि पनि विकसित हुन सक्छ त्यसैले समाजका वर्ग वा समूहको इतिहासको बोधबाट कृतिमा व्यक्त विश्वदृष्टिको बोध गर्न सकिन्छ । कृतिमा विश्वदृष्टिको खोजी गर्ने सन्दर्भमा ऐतिहासिक

प्रक्रियामा त्यसको सम्बन्धबारे पनि विवेचना गर्न सकिन्छ (गोल्डमान, सन् १९८० : २१-२२) । एलेन सिङ्गउडले गोल्डमानको विश्वदृष्टिका सन्दर्भमा यो समष्टिगत चेतनाको अवधारणामा केन्द्रित रहेको हुन्छ भन्ने विचार व्यक्त गरेका छन् (जैन, सन् १९९२ , पृ. १००) । गोल्डमानले विश्वदृष्टिलाई विचार र भावनाको रूप मानेका छन् जसले वर्गसङ्घर्षका सदस्यहरूलाई एकआपसमा सहबद्ध गराएको हुन्छ ।

गोल्डमानका मतमा साहित्यमा व्यक्त विश्वदृष्टि समाजका वर्ग तथा समूहको सम्भावित चेतनासँग सम्बन्धित हुन्छ । त्यस्तो चेतना एउटा समाजमा सम्भावित चेतनाको विकास भई समाजमा रहेका वर्ग वा समूहबाट निर्माण भएको हुन्छ । उनको मतमा समूहको चेतना नै विश्वदृष्टि हो (स्विङ्उड, सन् १९७२ , पृ. ६६ उद्धृत श्रेष्ठ, २०७१, पृ. ५९) । सामाजिक चेतनाले समाजका व्यक्तिहरूलाई एउटा समूहमा आबद्ध गरेर उनीहरूको पहिचान स्थापित गरेको हुन्छ (गोल्डमान, सन् १९६४ , पृ.१८, उद्धृत लम्साल, २०६९, पृ. ४१) । समाजमा सम्भावित चेतनाबाट एउटा वर्ग निर्माण हुन्छ ।

साहित्यकार तथा कलाकारहरू समाजका सदस्य भएकाले समाजको इतिहास तथा राजनीतिक घटनाहरूबाट उनीहरू सदैव प्रभावित हुन्छन् । त्यसैले उनीहरूले आफ्नो साहित्यिक कृतिमा अभिव्यक्त गरेको विचारबाट समाजका वर्ग तथा समूहको विचार प्रकट गरिरहेका हुन्छन् । यसरी साहित्यमा व्यक्त विचार तथा सामूहिक चेतनालाई नै गोल्डमानले विश्वदृष्टिको संज्ञा दिएका हुन् (सेल्डन, सन् १९८९ , पृ. ९९, उद्धृत क्षेत्री, २०६४, पृ. ४६) । प्रत्येक कृतिमा लेखकले आफ्ना विचार तथा चेतनाको अभिव्यक्ति गर्दछ । त्यस्ता विचार तथा चेतना लेखक बाँचेको समाज तथा वर्ग तथा समुदायका अन्य व्यक्तिहरूको व्यवहार र चिन्तनबाट प्रभावित हुन्छ । यसरी लेखकले आफ्नो संस्कार निर्माण गरेको समाज वर्ग/समुदायका विचार भावना, चेतना आदि कुराहरू लेखकको विचारसँग अन्वित भई विश्वदृष्टिका रूपमा विकसित भएको हुन्छ (फर्गेसस, सन् १९८२ , पृ. १४८ उद्धृत लम्साल, २०६९, पृ. ४१) । जुन विश्वदृष्टि त्यस समुदायको हुन्छ त्यो वास्तविक चेतना र सम्भाव्य चेतनाका रूपमा रहन्छ । लुकाचले *हिस्ट्री एन्ड क्लास कन्सियसनेस* नामक पुस्तकमा सर्वहारा चेतना वा मजदुर चेतनाका बारेमा लामो लेख लेखेका छन् जसमा उनले सम्भावित चेतनालाई वर्गचेतनासँग जोडेका छन् (लुकाच, सन् २०१४, पृ. १४१-२६९, उद्धृत श्रेष्ठ, २०६९/७०, पृ. ३४) । आफ्नो सामाजिक स्थितिमा, ऐतिहासिक स्थितिमा जुन चेतना हुन्छ,

त्यसलाई वास्तविक चेतना भनिन्छ । लेनिनले सर्वहारा वर्गको चेतनालाई सामान्यतः ट्रेड युनियनको चेतना भनेका छन् (सिंह, सन् २०१४, पृ. ७२, उद्धृत श्रेष्ठ, २०६९/७०, पृ. ३४) । मजदुर वर्गले आफ्नो ज्याला वृद्धि होस्, दैनिक जीवनमा सुविधाको बढोत्तरी होस् भन्ने चाहन्छन् जुन उनीहरूको वास्तविक चेतना हो । तर ज्यालामा वृद्धि हुनु मात्र मजदुर वर्गको मुक्ति होइन । शोषणबाट मुक्त हुनु र सम्पूर्ण समाजलाई मुक्त गराउनु नै साँचो अर्थमा सर्वहारा चेतना हो र यो वास्तविक नभएर सम्भावित चेतना हो । गोल्डमान विश्वदृष्टिलाई वर्गचेतना मान्दैनन् । सर्वहारा चेतना हुनुलाई सर्वहारा वर्गमै जन्मनुपर्छ भन्ने छैन किनभने मार्क्स पनि मजदुर परिवारमा जन्मिएका थिएनन् ।

कुनै पनि समाजमा त्यहाँका वर्ग समूहको अन्तर्वैयक्तिक सम्बन्धबाट एउटा विशेष प्रकारको विचार तथा चेतनाको विकास भएको हुन्छ । त्यस चेतनाले लेखकको मानसिकतालाई प्रभावित पारेको हुन्छ । त्यसैले साहित्यमा व्यक्त विचारको स्वरूपलाई लेखकको वर्ग, समुदाय तथा लेखकको समाजका अन्य व्यक्तिहरूको विचार अनि भावनासँग जोडेर बुझ्नुपर्छ । साहित्यकारले कृतिमा व्यक्त गरेको विश्वदृष्टिको संरचना लेखकको निजी निर्माण तथा सिर्जना मात्र होइन त्यसैले लेखकका वर्गका अन्य सदस्यका विचारबाट विश्वदृष्टि प्रभावित भएको हुन्छ । एउटा वर्ग वा समूहको सम्भावित चेतनाले नै विश्वदृष्टिको निर्माण गर्दछ जसको अभिव्यक्ति धर्म, दर्शन, कला र साहित्यमा व्यक्त भएको हुन्छ (गोल्डमान, सन् १९५२ , पृ. १०२-१०३, उद्धृत क्षेत्री, २०६४, पृ. ४९) । लेखकले कृतिमा व्यक्त गरेको व्यक्तिगत नभई त्यो अन्य व्यक्तिको नि हुन्छ भन्ने धारणा गोल्डमानको रहेको छ ।

समालोचक गोविन्द भट्टले "साहित्यमा विश्वदृष्टिकोणको प्रश्नबारे" भन्ने लेखमा आधिभौतिक र वैज्ञानिक विश्वदृष्टिकोणको चर्चा गरेका छन् । उनले साहित्य र कलाको जन्म, प्रकृति, भूमिका, विकास आदिलाई समाजसापेक्ष रूपमा मात्र व्याख्या गर्ने विश्वदृष्टिकोण नै वैज्ञानिक विश्वदृष्टिकोण हो भनेका छन् । वैज्ञानिक विश्वदृष्टिकोण आधिभौतिक दृष्टिकोणभन्दा बढी प्रजातान्त्रिक, मानवतावादी र लोककल्याणकारी हुने बताउँदै विश्वदृष्टिकोणको धारणा गतिशील रहने, यो खास खास ऐतिहासिक अवधिमा तत्कालीन ज्ञानविज्ञानको विकासस्तर र सामाजिक व्यवस्थामा निर्भर हुने र यसले मूलतः

सामाजिक सत्ताकै प्रतिबिम्बन गर्ने बताएका छन् (श्रेष्ठ, २०६९/७०, पृ. ३५) । यसैले विश्वदृष्टिकोणलाई नै वैज्ञानिक दृष्टिकोणका रूपमा लिन सकिन्छ ।

विश्वदृष्टिको विकासको सम्बन्ध समाजका वर्ग वा समूहको इतिहाससँग हुन्छ । एउटा ऐतिहासिक कालखण्डमा जुन विश्वदृष्टि प्रगतिशील हुन्छ, त्यही विश्वदृष्टिले समाजको बदलिँदो परिवेशमा प्रतिक्रियावादी भूमिका पनि निर्वाह गर्न सक्दछ । गोल्डमानको विश्वदृष्टिको धारणा समग्रताको धारणाबाट अनुप्राणित रहेको छ । समग्रताको आशय कृतिको बोधबाट व्यापक सामाजिक ऐतिहासिक प्रक्रियाको बोध गर्नु भन्ने हुन्छ । गोल्डमानले ऐतिहासिक प्रक्रियाबाट कृतिमा व्यक्त विश्वदृष्टिको सम्बन्धको व्याख्यामा जोड दिएका छन् । समाजको वर्ग वा समूहको इतिहासको बोधबाट कृतिमा व्यक्त विश्वदृष्टिको बोध गर्न सकिन्छ भन्ने उनको धारणा रहेको देखिन्छ । कृतिमा विश्वदृष्टिको खोजी गर्ने सन्दर्भमा ऐतिहासिक प्रक्रियामा त्यसको सम्बन्धको पनि विवेचना गर्न सकिन्छ (गोल्डमान, सन् १९८०, पृ. २१-२२) । गोल्डमानले कृतिका विभिन्न पक्षको वर्णन, त्यसको आन्तरिकताको बोध र इतिहास प्रक्रियासँग त्यसको सम्बन्धको व्याख्यालाई महत्त्व दिएका छन् ।

समाजका सबै व्यक्तिहरू सामाजिक र राजनीतिक परिवर्तनसँग जोडिएका हुन्छन् । व्यक्तिको समूहसँगको अन्तर्सम्बन्धले नै उसको चेतनाको विकास तथा परिष्कार भएको हुन्छ । यही परिष्कृत विचारलाई असाधारण व्यक्ति तथा साहित्यकारले आफ्ना साहित्यिक तथा दार्शनिक रचनामा आफ्नो युगको महत्त्वपूर्ण सामाजिक चेतना तथा प्रवृत्तिलाई चित्रण गरेका हुन्छन् (स्विङउड, सन् १९८६ , पृ. १०१, उद्धृत श्रेष्ठ, २०७४, पृ. ३६) । गोल्डमानले साहित्यिक सृजना कसरी हुन्छ भन्ने सम्बन्धमा धारणा राख्दै समूह मनको चेतनाले महान् व्यक्ति तथा कलाकारको मानसिकतामा उत्कर्ष पैदा गर्दछ, जसलाई साहित्यकारले आफ्नो सिर्जनाको काल्पनिक जगत्मा व्यवस्थित रूपमा अभिव्यक्त गर्दछ भनेका छन् (गोल्डमान, सन् १९६४, पृ.१९, उद्धृत श्रेष्ठ, २०६९/७०, पृ. ३६) । जसरी समाजमा एउटा चेतनाले मानिसको एउटा मानसिक संरचनाद्वारा त्यस कृतिको संसार निर्माण गर्दछ त्यही चेतनाका माध्यमले नै लेखकले काल्पनिक संसारको निर्माण गरेको हुन्छ, त्यसलाई नै विश्वदृष्टि भनिन्छ (सिंह, सन् २०१४, पृ. ७६, उद्धृत श्रेष्ठ, २०६९/७०, पृ. ३६) । कुनै पनि सामाजिक

समूहको क्रियाकलापले उनीहरूको चेतनामा त्यस्तो मानसिक संरचनाको जन्म दिन्छ जसद्वारा व्यक्तिको गतिविधिको नियन्त्रण हुन्छ ।

विश्वदृष्टिले समग्र जीवनको अभिव्यक्ति गर्दछ । प्रतिभासम्पन्न व्यक्तिहरू विश्वदृष्टिलाई सिर्जनात्मक विचारको स्तरमा मूर्तरूप प्रदान गर्दै त्यसमा धेरैभन्दा धेरै सुसङ्गति ल्याउने प्रयास गर्दछन् (जैन, १९९२, पृ. १०१-१०२) । समाजमा विभिन्न विशेषता भएका मानिसहरू हुन्छन् । विश्वदृष्टि समान विशेषता भएका मानिसहरूका समुदायमा साझा तथा सामूहिक चेतनाका रूपमा विकसित हुन्छ । पछि वर्ग तथा समूहको त्यही सम्भावित चेतनालाई साहित्यकारले कृतिमा व्यक्त गरेका हुन्छन् । कृतिमा अभिव्यक्त चेतनाका माध्यमबाट कृतिभित्रको समाज र त्यस समाजका वर्ग वा समुदायका मानसिक संरचनाबारे अर्थबोध गर्न सकिन्छ । वर्ग वा समूहको मानसिक संरचनामा अन्तर एकात्मक रहेको हुन्छ (क्षेत्री, २०६४, पृ. ५०) । कुनै वर्ग वा समूहको विश्वदृष्टिको संरचना र काल्पनिक कृतिमा रचित संसारको संरचनाबीच समानधर्मिता हुन्छ । साहित्यको समाजशास्त्रीय अध्ययनले कृति र समूहबीचको समानधर्मिताको खोजी गर्दछ । जुन कृतिमा वर्ग वा समूह तथा साहित्यबीच सुसङ्गत रूपमा समानधर्मिता प्रकट भएको हुन्छ त्यही कृति महान् हुन पुग्छ । एउटा समाजमा एकै समयमा लेखिएका विभिन्न लेखकका कृतिहरूमा अभिव्यक्त चेतनाको संरचनाको संरचनामा समानता वा समानधर्मिता पाइन्छ भन्ने गोल्डमानको विचार रहेको छ (घिमिरे, २०७६, पृ. ७६) । कुनै कृतिमा उही समयमा लेखिएका लेखक र कृतिका बीच समानधर्मिता हुन्छ भन्ने यहाँ स्पष्ट हुन्छ ।

कृतिमा व्यक्त विश्वदृष्टिको माध्यमबाट कृति तयार भएको समाज र त्यस समाजका वर्ग वा समूहको मानसिक संरचनाबारे जान्न सकिन्छ (गोल्डमान, सन् १९६४, पृ. ८५, उद्धृत घिमिरे, २०७६, पृ. ७६) । गोल्डमानले फ्रान्सका सत्रौं शताब्दीका दार्शनिक पास्कल र नाटककार रेसिनका रचनाहरूको विश्लेषण गरेका छन् । उक्त कृतिहरूको अध्ययनका क्रममा त्रासदीय स्वरूपलाई स्पष्ट पारेका छन् । उनले साहित्यिक कृति अनि सामाजिक इतिहास र सामाजिक वर्गका विश्वदृष्टिको संरचनात्मक सम्बन्धको खोजी गरेका छन् ।

गोल्डमानका अनुसार कृतिमा अभिव्यक्त समाज र समाजबाट प्रभावित कृति अर्थात् साहित्यका आधारमा समाज र समाजका आधारमा कृतिको खोजी हुन्छ । उनले कृतिमा अभिव्यक्त संसार, वर्ग वा समूहको विश्वदृष्टिको संरचनात्मक सम्बन्धका बीचमा

समानधर्मिताको पहिचान गराएका छन् (पाण्डेय, सन् १९८९, पृ. १५१-१५२) । कुनै पनि वर्गले अन्य वर्गका मानिससँग विभिन्न प्रकारको सम्बन्ध बनाउने क्रममा विचारको एउटा व्यवस्था निर्माण गरेको हुन्छ । यही व्यवस्थाको प्रकृतिबाट समाजका समूहमा एउटा विचार, व्यवस्था विकास हुन्छ जसले विश्वदृष्टिको रूप धारण गरेको हुन्छ । यसको निर्माण कुनै एक व्यक्तिबाट हुँदैन । कुनै एउटा वर्ग वा समूहको कर्म, चिन्तन तथा भावनामा प्रकट हुन्छ । विश्वदृष्टि रचनाको त्यो प्रारूप हो जसले सामाजिक जीवनमा वास्तविक आधार दिन्छ । त्यसै कारण यो काल्पनिक होइन, निश्चित खण्डमा र त्यस समाजका वर्ग वा समूहको मानसिक संरचनामा यो विद्यमान हुन्छ र यसलाई चिन्न सकिन्छ (गोल्डमान, १९६४, पृ. ८५, उद्धृत घिमिरे, २०७६, पृ. ७६) ।

कुनै कृतिको अन्तर्वस्तुको विश्लेषण नगरेर अन्तर्वस्तुको रूपको विश्लेषण गर्नुपर्ने मान्यता गोल्डमानको छ । प्रत्येक अन्तर्वस्तु एक निश्चित रूपमा प्रकट हुन्छ । अन्तर्वस्तुले रूपलाई अनुकूलित, नियमित र प्रभावित गर्दछ (चापागाई, २०७३, पृ. ७६, उद्धृत श्रेष्ठ, २०७४, पृ. ३६) । अन्तर्वस्तुको रूप एउटा निश्चित संरचनामा र विन्यासमा व्यक्त हुन्छ र त्यसले नै विश्वदृष्टिलाई दर्साउँदछ । विश्वदृष्टिको विश्लेषणका लागि साहित्यिक रचना कुन आवश्यकताको पूर्तिका लागि रचना गरिएको हो र त्यो कुन समुदायको आवश्यकता हो भन्ने थाहा पाउनु जरुरी हुन्छ । तर समुदायको आवश्यकता असम्बद्ध र छरिएको पनि हुन सक्ने भएकाले यो सधैं स्पष्ट चाहिँ नहुन पनि सक्छ (घिमिरे, २०७६, पृ. ७६) । तसर्थ साहित्यिक रचनाले पनि विश्वदृष्टि निर्माण सशक्त रूपमा गर्दछ ।

माथि उल्लिखित भनाइलाई समग्रमा हेर्दा साहित्यको समाजशास्त्रीय अध्ययन परम्परामा विभिन्न विद्वान्हरूको महत्त्वपूर्ण योगदान रहिआएको छ । यस परम्परालाई अगाडि बढाउँदै गोल्डमानले विश्वदृष्टिसम्बन्धी दृष्टिकोण प्रस्तुत गरेर साहित्यको समाजशास्त्रीय अध्ययन परम्परामा नयाँ आयाम थपेका छन् । एउटा निश्चित कालखण्डमा एउटा वर्ग वा समुदायको विचार, अनुभूति र व्यवहारलाई नै विश्वदृष्टिले समेटेको हुन्छ । विश्वदृष्टिको सिर्जना नभएर विकास हुन्छ र विकासका निम्ति पनि सङ्घर्ष अनि आन्दोलनको आवश्यकता हुन्छ भन्ने गोल्डमानको धारणा रहेको छ । यसको विकास प्रक्रियाले समाजको विकासको प्रक्रियालाई उद्घाटित गर्दछ । विश्वदृष्टिको विकासको

अध्ययनबाट समाजको चरित्र र विकास प्रक्रिया बुझ्न सकिन्छ । प्रस्तुत अध्ययनमा यसै परिप्रेक्ष्यमा प्रधानका उपन्यासको विश्लेषण गरिएको छ ।

## ३.३ वर्गीय विश्वदृष्टिको सैद्धान्तिक स्वरूप

सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक, शैक्षिक अवस्था र स्तर समान भएका समाजका सदस्यहरूको समूह नै वर्ग हो । पेसा, व्यवसाय, संस्कृति, उमेर, लिङ्ग, धर्म, जाति, र स्तरअनुरूप समाजमा वर्गको निर्धारण भएको हुन्छ । समान उद्देश्य, चाहना र पहिचान भएका व्यक्तिहरूको समूह नै वर्ग भएकाले यसमा विभिन्न सामाजिक र आर्थिक विशेषताहरूको प्रतिनिधित्व भएको हुन्छ । समुदायमा प्रत्येक वर्गको दायित्व, शक्ति र सुविधामा समानता हुने हुनाले एउटा खास वर्गभन्दा भिन्न पहिचान र स्वरूप हुन्छ (कार्की, २०७६, पृ. ७३) । यसर्थ विश्वदृष्टि विभिन्न वर्गका विचारहरूबाट निर्माण हुन्छ ।

वर्ग समाजको विभिन्न भेदमध्येको एउटा भेद हो । समाजमा श्रमको विभाजनसँगै वर्ग शब्दको जन्म भएको हो । वर्ग अङ्ग्रेजी 'क्लास' शब्दको नेपाली रूपान्तर हो । सामान्यतः प्राकृतिक र सामाजिक सांस्कृतिक गरी मानिसका दुई भेद रहेका हुन्छन् । लिङ्ग, वर्ण आदि प्राकृतिक भेद हुन् । वर्गको जन्म सामाजिक सांस्कृतिक भिन्नताबाट भएको हो । वर्ग सामाजिक जीवनको आधारभूत एकाइ हो । समाज विकासको ऐतिहासिक प्रक्रिया उत्पादन पद्धतिको विकाससँगै अघि बढेको हुन्छ । उत्पादक शक्ति उत्पादन सम्बन्ध तथा आर्थिक आधार र अधिरचनासँगै वर्ग र वर्गका बीचको सङ्घर्ष पनि विकसित हुन्छ । मार्क्सवादी सन्दर्भ नै वर्ग उत्पत्तिको मूल आधार हो । सामाजिक आर्थिक संरचनाका जगमा उत्पादन पद्धतिको विकास हुन्छ र त्यो पद्धति मानिसको श्रम प्रक्रियाबाट अघि बढ्दछ । श्रम र उत्पादनको यही सम्बन्धलाई हेर्ने र विश्लेषण गर्ने क्रममा वर्ग, वर्गीय शोषण, वर्ग सङ्घर्षको उत्पत्ति र विकास भएको पाइन्छ (भट्टराई, २०७७, पृ. ६७) । मार्क्सवादी सन्दर्भ नै वर्ग उत्पत्तिको मूल आधार हो यो वर्ग, वर्गीय शोषण, वर्गसङ्घर्ष बाट यसको विकास हुन्छ भन्ने भट्टराईको धारणा रहेको छ ।

गोल्डमानले साहित्यमा व्यक्त विश्वदृष्टिको खोजीबाट कुनै पनि समाजका मानिस -हरूको वर्गीय भावनालाई समग्ररूपमा बोध गर्न सकिन्छ भन्ने विचार व्यक्त गरेका छन् । उनले एउटा वर्ग वा समूहको जीवनजगत्का बारेमा साहित्यमा अभिव्यक्त भएको सुसङ्गत

विचार नै विश्वदृष्टि हो भनेका छन् (गोल्डमान, सन् १९८०, पृ. ७०) । उनले कुनै पनि वर्गले अन्य वर्गमा विभिन्न प्रकारको सम्बन्ध बनाउने क्रममा कुनै भावना तथा विचारको व्यवस्था निर्माण गरेको हुन्छ भन्ने मत व्यक्त गरेका छन् । उनका अनुसार विश्वदृष्टिको निर्माण कुनै एक व्यक्तिबाट नभएर कुनै एउटा वर्गबाट भएको हुन्छ जसमा वर्गका चेतना, कर्म, चिन्तन तथा भावना प्रकट भएको हुन्छ (गोल्डमान, सन् १९६४, पृ. १७, उद्धृत तिवारी, २०७५/७६, पृ. ४६) । गोल्डमानले व्यक्ति जहिले पनि समाजबाट प्रभावित हुन्छ र उसलाई सामाजिक चेतनाले बाँधेको हुन्छ भन्ने विचार व्यक्त गरेका छन् । समाजको धारणा तथा विचारलाई त्यहाँको इतिहास र राजनीतिले प्रभाव पारेको हुन्छ भन्दै उनले समाजका सबै मानिसहरूलाई राजनीति तथा इतिहासले एउटै सुसङ्गत विचारधारामा आबद्ध गर्ने कुरा उल्लेख गरेका छन् (गोल्डमान, सन् १९८०, पृ. २२) । यस आधारमा साहित्यकारले आफ्ना सिर्जनामार्फत अभिव्यक्त गरेको विचारबाट समाजका वर्गको विचार उद्घाटित भएको हुन्छ भन्न सकिन्छ ।

समान सम्पत्ति, हैसियत र धारणा भएको मानिसको समूहलाई वर्ग भनिन्छ । वर्गको निर्माणमा एकै किसिमको पेसा, धर्म, सामाजिक चालचलनलगायतका विभिन्न पक्षले सहयोग गर्दछन् । त्यसै गरी शक्ति, अधिकार र प्रतिष्ठामा समानता भएका व्यक्तिहरूको समूहलाई वर्गका रूपमा लिन सकिन्छ । आर्थिक आधारमा वर्गीकरण गर्दा धनी र गरिब वर्ग, पेसाका आधारमा कर्मचारी, उद्योगपति, व्यापारी कृषक आदि वर्गीकृत वर्गहरू हुन् । सामाजिक आधारमा हेर्दा लिङ्ग, जात, धर्म, पेसा, भाषा आदिका आधारमा विभाजित मानिसहरूको समूहलाई वर्ग भनिन्छ । प्रत्येक समाजमा यस प्रकारका वर्गीय असमानता पाउन सकिन्छ (भट्टराई २०७७, पृ. ८०) । समाज विभिन्न वर्गगत तहमा विभाजित छ । समाजको वर्गीकरणमा कुनै निश्चित आर्थिक विशेषता भएका व्यक्तिहरूको प्रतिनिधित्व वर्गले गरेको हुन्छ । समाजलाई मार्क्सले आर्थिक आधारमा श्रमजीवी वर्ग र पुँजीपति वर्गमा विभाजन गरेका छन् । समाजशास्त्रीय व्याख्या र विश्लेषणमा वर्गलाई आर्थिक आधारमा मात्र विभाजन नगरी यसलाई सामाजिक वर्गका रूपमा विभाजन गर्न सकिन्छ । त्यसैले धनसम्पत्ति, पेसा, लिङ्ग, शक्ति, धर्म आदिमा विभक्त मानिसहरूको निश्चित समूहलाई सामाजिक वर्ग भनिन्छ । सामाजिक संरचनामा विभिन्न वर्गहरू रहेका हुन्छन् । यसैका आधारमा समाज स्तरीकरण भएको हुन्छ । सामाजिक आधारमा कोही तल्लो कोही उपल्लो जात, प्रजातीय आधारमा काला र गोरा, आर्थिक आधारमा धनी र गरिब आदि अवस्था

समाजमा देख्न सकिन्छ । त्यसैले निश्चित विशेषतामा आबद्ध मानिसहरूको समूह नै वर्ग हो (आचार्य, २०६९, पृ.१४२) । जाति, धर्म, पेसा, लिङ्ग, धर्म, शक्ति आदिका आधारमा वर्ग विभाजन हुन्छ भन्ने आचार्यको धारणा रहेको छ ।

नेपाली समाजमा आर्थिक रूपमा शक्ति र सम्पत्ति ज्यादा भएका मानिसहरू उच्च वर्गमा गणना गरिएका छन् । ठूला भूमिपति वा जमिनदार, उच्च ओहोदाका कर्मचारी वा उच्च पदस्थ कर्मचारी, राजनीतिज्ञ, सेना र प्रहरीका उच्च पदस्थ, आयात-निर्यातकर्ता जस्ता ठुला व्यापारी, ठुला उद्योगपति आदि उच्च वर्गमा गणना हुने मानिस हुन् । उनीहरूका हातमा प्रशस्त मात्रामा सम्पत्ति र शक्ति निहित रहेको हुन्छ । ठुला व्यापारी, उद्योगपति र जमिनदारहरूले आर्थिक कारणले गर्दा शक्तिको सञ्चय गरेका हुन्छन् । त्यसकारण देशको अर्थतन्त्र र राजनीति उनीहरूको नियन्त्रणमा रहेको देखिन्छ । कानुनलाई उल्लङ्घन गर्ने, आफ्नो अनुकूल परिभाषित गर्ने अवैध कार्य गर्नमा उच्च वर्गका मानिसहरू संलग्न रहेका हुन्छन् । शक्ति र सम्पत्तिका कारणले उनीहरूका अवैध कार्यहरू प्रकाशमा कम मात्रामा आउने गर्छन् । कमिसन खाने, घुस खाने, भ्रष्टाचार गर्ने, कर छल्ने आदि अवैध कार्यमा पनि उच्च वर्ग नै सक्रिय रहेको देखिन्छ । नेपाली समाजमा त्यस्ता मानिसहरूको संख्यामा कमी छ तर पनि उनीहरूको प्रभुत्व प्रभावशाली रूपमा रहेको देखिन्छ । वर्तमान सन्दर्भमा यस वर्गका मानिसहरूको दिनहुँ उन्नति हुँदै गइरहेको पाइन्छ (दाहाल र खतिवडा, २०५७, पृ. २४९) । उच्च वर्गहरू जहिले पनि सत्ताको वरिपरि केन्द्रित हुन्छन् ।

सत्ता, शक्ति र प्रभुत्व नभएका मानिसहरूको समूहलाई निम्न वर्ग भनिन्छ । निम्न वर्गका मानिसहरूका रूपमा श्रमिक वर्ग पर्दछन् । कार्यालय सहायक, चौकीदार, सिपाही, न्यून जमिन भएका र जमिन नभएका, सानो रोजगारी भएका र रोजगारी नै नभएका मानिसहरू निम्न वर्गमा पर्दछन् । यिनीहरूमा शिक्षा, चेतना, अज्ञान आदिको प्रभाव बढी मात्रामा रहेको देखिन्छ । यिनीहरू निजी सम्पत्ति आर्जन गर्ने दरिलो आधार नभएकाले जीविकोपार्जनका लागि सङ्घर्षरत रहनुपर्दछ (भट्टराई २०७७, पृ. ९०) । निम्न वर्गका मानिसहरू बेरोजगार हुन्छन् भन्ने धारणा भट्टराईको रहेको छ ।

नेपाली समाजमा धनी र गरिब गरी दुई वर्ग रहेको देखिन्छ । आर्थिक रूपमा सम्पन्नलाई धनी र विपन्नलाई गरिब भनिन्छ । आर्थिक रूपले सम्पन्न व्यक्तिहरूको हातमा अथाह सम्पत्ति रहेकाले गरिबको संख्या दिन प्रतिदिन बढ्दै गएको देखिन्छ । समाजमा

सांस्कृतिक, धार्मिक, भाषिक, पेसागत, जातीय आदिका आधारमा वर्गको विभाजन भएको पाइन्छ । पेसागत आधारमा नयाँ-नयाँ वर्गको निर्माण भइरहेको छ । कामका आधारमा वर्ग निर्माण हुँदै गएको पाइन्छ । शक्ति, सम्पत्ति, आर्थिक अवस्था, शिक्षा, राजनीतिलगायतका विषयमा शक्तिशाली भएर शासकीय भूमिकामा रहेका वर्गलाई उच्च वर्गका रूपमा लिइन्छ (पाण्डेय, २०७३, पृ. १८) । उच्च वर्गका रूपमा शक्ति, सम्पत्ति, आर्थिक अवस्था, शिक्षा, राजनीतिलगायतका विषयमा शक्तिशाली भएको शासकीय वर्गलाई शासक वर्ग भनिन्छ ।

वर्ग विश्लेषण भनेको सामाजिक वर्गहरूको उपस्थिति समाजमा कसरी भएको छ भन्ने कुराको अध्ययन हो । समाजमा कस्ता वर्गहरू छन् र उनीहरूको उत्पादन प्रणालीमा कस्तो स्वामित्व छ र श्रमको अवस्था, नाफा र पुँजीको निर्माण एवम् पुँजी र श्रममा वर्गहरूको पहुँचको आधार कस्तो छ भन्ने विषयको खोजी नै वर्ग विश्लेषण हो । वर्ग सामाजिक, आर्थिक विषयसँग सम्बन्धित हुन्छ र आख्यानले पनि समाजको आर्थिक अवस्थाको उद्घाटन गर्दछ । हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा वर्गको उपस्थिति, चरित्रहरूको वर्गीय सम्बन्ध, वर्गीय दृष्टिकोण तथा वर्ग सङ्घर्षमा वर्गहरूका बीचको अवस्थाको अध्ययन आवश्यक देखिन्छ । लुसिएँ गोल्डमानको विश्वदृष्टिका आधारमा प्रधानका उपन्यासलाई वर्गीय विश्वदृष्टिमा केन्द्रित रहेर विश्लेषण गर्नुभन्दा अगाडि सामन्त वर्ग, उत्पीडित वर्ग, शासक वर्ग, शासित वर्ग र उपभोगवादी वर्गको केही सैद्धान्तिक आधारको परिचय तल उपशीर्षकमा गरिएको छ ।

### ३.३.१ सामन्त वर्गीय विश्वदृष्टि

सामन्त वर्गीय विश्वदृष्टिको एउटा प्रमुख आधार मान्न सकिन्छ । उच्च ओहोदामा रहेको शासकको आड लिएर सर्वसाधारण व्यक्तिलाई दुःख दिने वर्गलाई सामन्त वर्ग भनिन्छ । पुँजीपति, शक्तिशाली र अधिकारप्राप्त शासक वर्गको जमातलाई सामन्त वर्ग मानिन्छ । यसलाई समाजमा शक्ति, सम्पत्ति, पहुँच आदिका दृष्टिले सर्वश्रेष्ठ ठानिएको पाइन्छ । यस्ता वर्गद्वारा उत्पीडित वर्गहरू शासित र दमित वर्ग मानिन्छन् । सामन्तहरू कुनै जातजाति, वर्ण, लिङ्ग, पेसा, व्यवसाय आदिका दृष्टिले माथिल्लो श्रेणीमा रहेका हुन्छन् । सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक आदि दृष्टिले यस्तो वर्ग सधैँ केन्द्रमा तथा उच्च तह र तप्कामा रहेको हुन्छ र त्यो ठाउँमा सदैव रहन खोज्दछ । जस्तोसुकै शोषण, दमन, अन्याय र अत्याचार गर्न पनि पछि नपर्ने, यहाँ सामन्त वर्गले उत्पीडित वर्गमाथि सदैव राज गर्ने र

राज गर्न खोजिरहेको सन्दर्भमा यस वर्गको विश्वदृष्टिको निर्माण र अभिव्यक्ति भएको हुन्छ । जुनसुकै जाल, झेल र षड्यन्त्र गरेर भएपनि आफ्नो वर्चस्व कायम गरिरहने विश्वदृष्टि समाजका यस्ता वर्गमा रहेको पाइन्छ (कार्की, २०७६, पृ. ७५) । जाति, वर्ण, लिङ्ग, पेसाका साथै सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक आदि कुनै दृष्टिले सधैँ आफ्नो वर्चस्व कायम गर्ने वर्ग नै सामन्त वर्ग हो ।

यसर्थ सामन्त वर्ग भनेको पुँजीपति, अधिकारप्राप्त शक्तिशाली वर्ग हो । यसले निम्न वर्ग, उत्पीडित वर्गमाथि सदैव राज गर्न खोज्छ तर कहिलेकाहीँ उत्पीडित वर्गहरूले एकजुट भएर त्यसको प्रतिवाद गरी राज गर्न नदिन पनि सक्छन् ।

### ३.३.२ उत्पीडित वर्गीय विश्वदृष्टि

उत्पीडित वर्ग विश्वदृष्टि निर्माण गर्ने अर्को आधार हो । सामन्त वर्गबाट सदैव हेपिएका, सताइएका, दुःख पाएका वर्गलाई नै उत्पीडित वर्ग भनिन्छ । यस्ता वर्गलाई समाजमा सामन्त वर्गको सत्ता र हैकमबाट टाढा राखिएको हुन्छ । यिनीहरू शक्ति, सम्पत्ति, जातजाति, धर्म, संस्कृति, वर्ण आदि जुनसुकै दृष्टिमा तल्लो वर्ग वा निम्न वर्ग मानिएका व्यक्तिहरूको सामूहिक जमातमा रहेका हुन्छन् । आधिपत्य र हैकमबाट माथि उठ्न नसक्ने शासित वर्ग नै उत्पीडित वर्ग हो ।

भाषा, धर्म, संस्कृति, आवास, राजनीतिक र प्रशासनिक सेवा तथा सुविधा आदि सबै दृष्टिले शासित र पीडित वर्ग नै उत्पीडित वर्ग हो । सामन्त वर्गको हैकमवादी प्रवृत्तिबाट उत्पीडित वर्ग शासित भएका हुन्छन् । अभाव, कमजोरी र दिनहीनता नै यस वर्गका पहिचनात्मक तत्त्वहरू हुन् । सामन्त वर्गका अगाडि यी दिनहीन वर्गले निरीह बनेर दुई गाँस भातका लागि सामन्त वर्गको जयजयकार गर्नुपर्ने अवस्था सिर्जना भएको हुन्छ (कार्की, २०७६, पृ. ७८) । उत्पीडित वर्ग सामन्त वर्गको सेवाचाकडीमा लागेका हुन्छन् तर कहिलेकाहीँ आफू ज्यादै उत्पीडनमा परेपछि विद्रोह गर्नसमेत पछि पर्दैनन् ।

यसर्थ आर्थिक, शैक्षिक, राजनीतिक हरेक हिसाबले पछाडि परेका वा सामन्त वर्गले सदैव आफ्नो हैकममा राख्न खोजेका उत्पीडन वर्गलाई उत्पीडित वर्ग भनिन्छ । यस्ता वर्गलाई सामन्तवर्गले सधैं अनावश्यक हेपेमा पछाडि धकेल्न खोजेमा त्यसको प्रतिवाद पनि उत्पीडित वर्गले गर्न सक्छन् ।

### ३.३.३ शासक वर्गीय विश्वदृष्टि

शासक वर्ग पनि विश्वदृष्टि निर्माणको प्रमुख आधार हो । राज्यको प्रबन्ध तथा सञ्चालन गर्ने व्यक्ति वा सरकार, शासन गर्ने व्यक्ति, शासनकर्ता नै शासक वर्ग हो । यस्ता व्यक्तिले राज्य सञ्चालन र नीति निर्माणको तहमा रहेर नेतृत्व गर्ने गर्दछन् । यिनीहरू राज्यसत्तामा पहुँच भएकाले राज्य सञ्चालनको नेतृत्वमा हुन्छन् । अधीनस्थ व्यक्तिहरूलाई अनुशासित वा नियन्त्रित गर्ने प्रमुख व्यक्तिका रूपमा पनि यस्ता व्यक्ति रहन्छन् ।

ग्राम्सीका अनुसार सेना, पुलिस, प्रशासनका बलले शासक वर्गले शासितमाथि दमन तथा नियन्त्रण गर्दछ । शासक तथा अभिजात वर्गले आफ्नो हितअनुकूलको मूल्य, मान्यताको विकास गरेका हुन्छन् । आफ्नो अधिकारलाई निरन्तरता दिनको लागि सक्षम र पर्याप्त नभएको अवस्थामा राज्यसंयन्त्रका सेना, पुलिस प्रशासन, जेल, दण्ड प्रणाली आदिको उपयोग गरेका हुन्छन् । शासक वर्गले राज्य सञ्चालनमा जेजस्ता नीति निर्माण वा व्यवस्थाहरू गरेका छन् तिनीहरू एकदमै उपयुक्त छन् भन्ने विश्वदृष्टि निर्माण गरेका हुन्छन् (कार्की, २०७६, पृ. ८० ) । शासक वर्ग सत्ताको भुमरीमा रहेको हुन्छ भन्ने कार्कीको ठहर छ । शक्ति, सम्पत्ति, आर्थिक अवस्था, शिक्षा, राजनीतिलगायतका विषयमा शक्तिशाली भएर शासकीय भूमिकामा रहेका वर्गलाई उच्च वर्गका रूपमा लिइन्छ (पाण्डेय, २०७३ : १८) । उच्च वर्गका रूपमा, शक्ति, सम्पत्ति, आर्थिक अवस्था, शिक्षा, राजनीतिलगायतका विषयमा शक्तिशाली भएको शासकीय वर्गलाई शासक वर्ग भनिन्छ भन्ने पाण्डेयको धारणा रहेको छ ।

यसर्थ आर्थिक, शैक्षिक, राजनीतिक आदि हिसाबले तथा सत्ता र शक्तिको आडमा तल्लो वर्गलाई शोषण गरिहने, तिनीहरूलाई कहिले पनि माथि उठ्न नदिने वर्गलाई शासक वर्ग भनिन्छ ।

### ३.३.४ शासित वर्गीय विश्वदृष्टि

शासित वर्गलाई पनि अर्को विश्वदृष्टिको सिर्जना गर्ने प्रमुख आधारको रूपमा लिन सकिन्छ । शासकहरूद्वारा सजाय वा दण्डित गरिएका व्यक्तिहरूको समूहलाई नै शासित वर्ग भनिन्छ । सत्ताधारी तथा शासक वर्गको हैकमबाट परतन्त्र बनेको समूहलाई शासित वर्गका

रूपमा लिएको छ । यिनीहरू सबै क्षेत्रमा कमजोर भएर दमित र उत्पीडित हुन पुगेका सर्वहारा वर्ग नै शासित वर्ग हुन् ।

शासित वर्ग प्रायः राजनीतिक रूपमा हेपिएका र ठगिएका निम्न वर्गहरूको समूह हो । यिनीहरू राजनीतिक संरचनामा प्रतिनिधित्वका हिसाबले उपेक्षित र सीमान्तकृत भएका हुन्छन् । यस वर्गको प्रतिनिधित्व सत्ता र शासनसम्म पुग्न सकेको हुँदैन । शासक वर्गको शोषण र दमनका कारणले गर्दा पीडित बनेको यस वर्गमा विद्रोही चेतना पाउन सकिने कुरा विश्वदृष्टि निर्माणमा रहेका हुन्छन् (कार्की, २०७६, पृ. ८३) । हरेक तहमा उपेक्षित र सीमान्तकृत समूह नै शासित वर्ग हो भन्ने कार्कीको धारणा हो ।

यसर्थ शासित वर्ग भनेको आर्थिक, शैक्षिक, राजनीतिक आदि रूपमा शासक वर्गले पछाडि पारेको वर्ग हो । यस्तो वर्गले आफ्नो हक अधिकारका लागि पनि स्वतन्त्र रूपमा आवाजसमेत उठाउन सक्दैन ।

### ३.३.५ उपभोगवादी वर्गको विश्वदृष्टि

उपभोगवादी वर्ग पनि विश्वदृष्टि सिर्जना गर्ने प्रमुख आधार हो । सुख वा आनन्द प्राप्तिका निम्ति कुनै वस्तुलाई भोग्ने वा व्यवहारमा ल्याउने समूह नै उपभोगवादी वर्ग हो । आर्थिक वर्गका आधारमा समाजमा उच्च वर्ग र निम्न वर्गका मानिसहरू रहेका हुन्छन् । यी उच्च र निम्न वर्गका मानिसहरूले धन तथा सम्पन्नताका विषयमा निर्माण गरेको विचारधारा तथा दृष्टिकोणलाई नै उपभोगवादी वर्गको विश्वदृष्टिका रूपमा लिइएको पाइन्छ ।

उपभोगवादी वर्गले समाजमा मानिसहरूको विलासी जीवनशैली र यस्तो जीवन बाँच्न चाहने अभिलाषाले गर्दा इज्जतप्रतिष्ठा, मानसम्मान, शिक्षा आदि कुराभन्दा धन तथा सम्पत्ति नै ठूलो हो भन्ने विश्वदृष्टि निर्माण भएको पाइन्छ (कार्की, २०७६, पृ. ८५) । समाजका उच्च र निम्न वर्गका मानिसहरूले निर्माण गरेको विचारधाराबाट नै उपभोगवादी विश्वदृष्टि निर्माण हुन्छ भन्ने कार्कीको धारणा रहेको पाइन्छ ।

यसर्थ उपभोगवादी वर्ग भनेको धनसम्पत्तिको दुरप्रयोग गरेर त्यसबाट आनन्दानुभूति प्राप्त गर्ने, विलासिताको जीवन बिताउन खोज्ने, आफ्नो स्वार्थ पूरा गर्न जस्तोसुकै कार्य गर्न पनि अगाडि बढ्ने वर्ग हो ।

## ३.४ *स्वास्नीमान्छे* उपन्यासमा वर्गीय विश्वदृष्टि

हृदयचन्द्रसिंह प्रधानको *स्वास्नीमान्छे* उपन्यासमा नेपाली समाजका पुरुषहरूले नारीमाथि गरेको घृणित व्यवहारको चित्रण गरी त्यसका विरुद्ध सशक्त प्रतिकारको सन्देश प्रस्तुत गरिएको पाइन्छ । उपन्यासकी पात्र मोतीमायाको श्रीमान् प्रमोदले कान्छी स्वास्नीका रूपमा कमलालाई भित्र्याएपछि मोतीमायाले अनेक शारीरिक र मानसिक यातना भोग्नु-परेको बाध्यात्मक अवस्थाको चित्रण उपन्यासमा गरिएको छ । यो उपन्यास विश्वदृष्टिको अध्ययनका सन्दर्भमा पनि महत्त्वपूर्ण भएकाले यस परिच्छेदमा विभिन्न वर्गीय विश्वदृष्टिका खोज गरी त्यसको निर्माण कसरी भएको पाउन सकिन्छ भन्ने अध्ययन गरिएको छ । प्रस्तुत उपन्यासलाई सामन्त, उत्पीडित, शासक, शासित र उपभोगवादी वर्गको विश्वदृष्टिका कोणबाट विशेष रूपमा हेरिएको छ । यिनै उपशीर्षकमा प्रधानका उपन्यासमा निर्माण भएको विश्वदृष्टिको खोजी र विश्लेषण यहाँ गरिएको छ ।

### ३.४.१ *स्वास्नीमान्छे* उपन्यासमा सामन्त वर्गीय विश्वदृष्टि

पुँजीपति, शक्तिशाली र अधिकारप्राप्त शासक वर्गहरूको समूहलाई सामन्त वर्ग भनिन्छ । यस्ता सामन्त वर्गले उत्पीडित वर्गमाथि जहिले पनि राज गरिरहेका हुन्छन् । *स्वास्नीमान्छे* उपन्यासमा प्रमोद, कमला, मोहनबहादुर आदिजस्ता व्यक्तिहरू सामन्त वर्गको रूपमा देखा परेका छन् । प्रमोद पुँजीपति, शक्तिशाली र अधिकारप्राप्त व्यक्ति हो किनकि उसले घरमा दोस्रो विवाह गर्नुका साथै घरमा धेरै नोकरहरू राखेको, पासमा बन्दुक पनि राखेको, उसको घरका सम्पूर्ण मान्छे उसले भनेअनुसार चल्ने गर्दछन् । उसले थर्काएर जबर्जस्ती आफ्नो कुरालाई लाद्ने गर्छ । उसको सामन्तीपन झल्किने केही उद्धरणलाई यसरी प्रस्तुत गरिएको छ :

> चिन्तामाथि चिन्तामा मोतीमाया डुबिरहेकी थिइन्, यतिकैमा प्रमोद ढोकामा उभिएर भन्न थाले, “तँलाई म एकछिन पनि मेरो घरमा राख्न चाहन्नँ, अब घण्टाभित्रमा पनि मेरो घरबाट निस्किनस् भने तेरो जात्रा नदेखाई छोड्दिनँ, त्यसबेला अनि थाहा पाउलिस् घर डुलेर र नाठो खेलाएर खाएको नतिजा कस्तो हुँदो रहेछ !” (पृ.१९)

प्रस्तुत उद्धरणमा प्रमोदले वास्तविक कुरा नबुझी कान्छी श्रीमतीको प्रपञ्चमा लागेर जेठी श्रीमतीलाई थर्कमान भाषामा अपच शब्दको प्रयोग गरी मोतीमायालाई घरबाट एक

घण्टाभित्र यदि निस्किनस् भने तेरो म जात्रा देखाइदिन्छु भनी आदेश दिन्छ । यसले धम्कीपूर्ण सामन्त वर्गीय विश्वदृष्टिको निर्माण गरेको छ । उसकी श्रीमती कमलाले पनि घरमा राखेकी नोकर्नीलाई दुर्व्यवहार गर्छे । उक्त दुर्व्यवहारको साक्ष्यलाई तल प्रस्तुत गरिएको छ : "प्रमोद गइसकेपछि अग्निशर्मा भएर कमलाले भन्नु नभन्नु भनेर चम्पाको जगल्टा लुछ्न थालिन् । मालिकलाई चिया टक्र्याउन आएकी होस् कि मुलुकभरका हावभाव-कटाक्ष गरेर मालिकको अगाडि मेनका बन्न आएकी ? भन्दै कमलाले चम्पाको गालैगालामा ठटाइन्" (पृ.७५) । प्रस्तुत साक्ष्यबाट के बुझ्न सकिन्छ भने कमलाले आफ्नो हैकमी प्रवृत्तिबाट सोझीसाझी नोकर्नी चम्पालाई जे गरे नि हुन्छ, यो त मान्छे नै हैन कि भन्ने जस्तो अमानवीय प्रवृत्ति देखाउँछे । बिचरी चम्पालाई शारीरिक यातना दिनुका साथै मानसपटलमा आघात गर्ने अपाच्य शब्दबाट गाली पनि गर्छे । चम्पालाई यस्तो व्यवहार गर्नु भनेको नै हैकमवादी सामन्त वर्गीय विश्वदृष्टि निर्माण गर्नु हो । यस्तै उपन्यासको अर्को चरित्र मोहनबहादुरमा पनि सामन्ती वर्गको झलक पाइन्छ । उक्त झलकलाई तल उद्धरणमा प्रस्तुत गरिएको छ :

> त्यसै पनि निहुँ खोतल्न पर्खिरहेका मोहनबहादुरलाई एकाबिहानै एक्कासि मोतीमाया आएर "लौ न विनोदलाई एकचोटि कुनै सुरतले मगाइदिनुस् । आज रातभरि सुत्नै सकिनँ । के-के उसको नराम्रो सपना मात्तै देखिरहें, साह्रै मन कल्पेर आयो ।" यिति भनिदिँदा त शत्रुको मुलुकमा फ्याँकिएको परीक्षा नै गर्न नपाएको नवनिर्मित 'टाइम बम' टायमैमा फुटेजस्तो भयो । केही दिनदेखि मोहनबहादुरले कोठामा नसुतिकन बैठकमा सुत्ने गरेका थिए । ती सबै उनका चालबाजी थिए । मोतीमायाले त्यति के भनेकी थिइन्, ती सबै आगो आँखाले हेरी मोहनबहादुरले तोपमुख छाडिहाले, "के म तेरो छोरा बोक्ने भरिया हुनलाई जन्मिरहेको हुँ ? तेरो कमारो हुँ कि म तेरो खनपटन सधैं शिरोपर गरिरहनलाई । (पृ.८६)

माथिको साक्ष्यमा उत्पीडनमा परेकी नारीलाई घरमा छोरा विनोदलाई भेटाइदिनुहोस् न भन्दा अब यसलाई घरबाट कसरी निकाला गर्ने भनी निहुँ खोजेर बसेका मोहनबहादुरले एकएक रिस पोख्न थाले । उनले म तिम्रो छोरा बोक्ने भरिया, कमारो हो भनेर थर्कमान आवाजमा उनी बेस्सरी मोतीमायालाई निकै अपाच्य भाषामा गाली गर्नसम्म गरेको देखिन्छ । सुरुमा मर्न लागेकी मोतीमायालाई विनोदलाई सधैं भेटाउँछु, तिमीलाई बहिनी बनाएर घरमा

राख्छु भनेर घर ल्याए तर मोतीमायालाई जबर्जस्ती मायाप्रेमको नाटक गरी उसलाई भोग गरी अघाएपछि घरबाट निकाल्ने बाटो खोज्नु यो प्रसङ्ग मोहनबहादुरका लागि सुनौलो मौका मिलेको यहाँ स्पष्ट देखिन्छ । मोहनबहादुरको यस्तो हर्कतबाट समाजमा थर्कमान पार्ने, षड्यन्त्रकारी सामन्त वर्गीय विश्वदृष्टि निर्माण भएको देखिन्छ ।

यसर्थ *स्वास्नीमान्छे* उपन्यासमा विभिन्न व्यक्तिहरूबाट सामन्त वर्गीय विश्वदृष्टि देखा परेको छ । त्यसमा पनि विशेषतः प्रमोद, कमला, मोहनबहादुरजस्ता चरित्रका माध्यमबाट हैकमवादी, थर्कमान र षड्यन्त्रकारी सामन्तवादी वर्गीय विश्वदृष्टि सिर्जना भएको पाइन्छ ।

### ३.४.२ *स्वास्नीमान्छे* उपन्यासमा उत्पीडित वर्गीय विश्वदृष्टि

समाजमा सामन्त वर्गको सत्ता र हैकमबाट परतन्त्र बनेको जमातलाई उत्पीडित वर्ग भनिन्छ । शक्ति, सम्पत्ति, धर्म, जाति, धर्म, वर्ण आदि जुनसुकै दृष्टिले तल्लो वर्गमा परेका समूहलाई उत्पीडित वर्ग मानिन्छ । *स्वास्नीमान्छे* उपन्यासमा मोतीमाया, चम्पा, विनोद, लीला, नानीप्राण जस्ता पात्रका माध्यबाट उत्पीडित वर्गीय विश्वदृष्टि निर्माण भएको देखिन्छ । मोहनबहादुरले मोतीमायालाई अनावश्यक शङ्का गरेर, बेइज्जत भो भनेर भन्छ त्यसपछि पीडित मोतीमायाले आफ्ना भनाइहरू रिसले ओकल्छे । उसका उत्पीडित भावहरू उपन्यासमा यसरी आएका छन् :

> बरबरती आँसु चुहाउँदै अलि आश्चर्य र अलि रिसको भावमा मोतीमायाले भनिन्, “आमै, तपाईंलाई पनि त्यसो भन्नु ? त्यस्तो घाँडी भएकी आइमाई हो भनेर तपाईंलाई अघि थाहा नभएको होइन, अब तपाईंले यस्तो भन्न पाइन्छ ? सुहाउँछ ! अझ दिनदिनै भेटाइदिरहुँला भनेर कबुल गर्नुभएको होइन ? कि मलाई नफसेसम्म फसाउनलाई मात्रै धुर्त्याइँ गर्नुभएको हो ?” (पृ.८७)

माथिको उद्धरणमा मोतीमाया अन्यायमा परेकी छे, मोतीमाया उत्पीडनमा परेकी छे । उसलाई मोहनबहादुरले नानाभाँती भनेपछि, यदि म त्यस्तो घाँडी भएकी आइमाई भएको भए तपाईंले अघि नै थाहा थियो त किन मलाई अँगाल्नुभयो अहिले स्वार्थ लुटिसकेपछि त्यस्तो भन्न पाइँदैन । उ बेला तपाईंले विनोदलाई दिनदिनै भेटाउँछु भनेर, बहिनी बनाएर राख्छु भनेर ल्याएको तर अहिले मेरो विगतको परिवारको कमजोरीको फाइदा उठाई अहिले

यस्तो भनेर तपाईं सुख पाउनुहुन्न भनेर मोतीमायाले आफूभित्रको उत्पीडन दमित विचारहरू व्यक्त गरेकी छिन् । यो मोतीमायाको मात्र पीडा नभएर हर नेपाली समाजका नारीहरूको पीडा हो केवल मोतीमाया एउटा प्रतिनिधि पात्र मात्र हो, मोतीमायाले सामूहिक विचार दृष्टिकोण दिएकाले यसमा दमित नारीको उत्पीडित वर्गीय विश्वदृष्टि निर्माण भएको पाउन सकिन्छ ।

उपन्यासमा मोतीमायाको छोरा पनि उत्पीडित वर्गमा परेको छ । बिचरा नाबालक विनोदले विनागल्ती आमाको कुराले सामन्ती बुबा र सौतेनी आमा कमलाको बारबार पिटाइ खानु परेको छ । उक्त विनोद उत्पीडनमा परेको प्रसङ्ग उपन्यासमा यसरी आएको छ :

> विनोदले कोही पनि आएन सिवाय अरू एक शब्द पनि बोलेन अनि कमलाले भुइँबाट नली उठाई विनोदका हातका स्याउ, बिस्कुट र पिपलमेन्ट सब खोसेर रिसाउँदै भनिन्, “भन्ने भए भन् नत्र तँलाई यही नलीले ठोक्छु, तेरो बङ्गारो झार्छु ।” विनोद क्वाँ-क्वाँ रुन लाग्यो । मोतीमायाले अत्याचारलाई केही गरेर पनि सहन सकिनन्, डरको साथसाथै मोतीमायाको भित्र आँटले पनि प्रवेश गऱ्यो । अनि त मोतीमाया बघिनी भएर एक्कासि कमलाको कोठाभित्र पसिन् र भनिन्, “अर्काको छोरालाई त्यसै पिट्न पाइन्न, के गरेको छ उसलाई पिट्नलाई ? के बाबुबाट मन नपर्नु नै उसको अपराध हो कि ?” (पृ.१२)

माथिको उद्धरणमा नाबालक विनोदले मोतीमायाका बारेमा केही नबोले पछि विभिन्न खानेकुरा अगाडि राख्दा नि विनोद निशब्द भएपछि कमलाले भन्छस् कि यो नलीले तँलाई ठोकु भन्दा पनि विनोद डरले राम्रोसित रुन नि पाउँदैन । जबर्जजस्ती उसकी आमालाई गलत तुल्याउने प्रवृत्तिमा विनोद र मोतीमायालाई उत्पीडनमा पारिएको छ । विनोद क्वाँक्वाँ रुनुबाहेक केही छैन, छोरा रुन लागेपछि मोतीमायाले कमलालाई अर्काको छोरा त्यसै पिट्न पाउँछस् भनिन् । विनोदले पनि खानेकुराको लोभमा नपरेर आफ्नी आमाको बारेमा केही अनावश्यक शब्द बोल्दैन । यसबाट के बुझ्न सकिन्छ भने आमा र छोराको जस्तो निस्वार्थ माया अरू केही हुँदैन । विनोद र मोतीमाया नेपाली समाजका उत्पीडनमा परेका प्रतिनिधि पात्र मात्र हुन् । नेपाली समाजमा यस्ता हजारौं व्यक्तिहरू छन् भन्ने धारणा यहाँ पाइन्छ । यसबाट मातृत्वबाट उत्पीडित वर्गीय विश्वदृष्टिको निर्माण भएको देखिन्छ ।

उपन्यासमा चम्पालाई पनि कमलाले पटक-पटक डर, धम्की दिनुका साथै शारीरिक मानसिक पीडा दिएकी छे । उसलाई मालिकसित चिया पनि हाँसेर दिन निषेध गरिएको छ । उसलाई पनि आफ्नो स्वार्थका लागि मोहनबहदुरले पनि मैनाको ५ रुपैयाँ दिएर विनोदलाई मोतीमायासित भेटाउने कार्यमा प्रयोग गरिएको छ । यसरी उसले दुवैतिरको मेसो मिलाउँदा मालिकनीको शोषकीय प्रवृत्तिबाट कुटाइ खानुका साथै अपहेलित हुनु परेको छ । उपन्यासमा मालिकनीको उत्पीडनमा पर्ने चम्पा एउटी प्रतिनिधि पात्रको रूपमा मात्र देखापरेकी छे । तत्कालीन समयमा नेपाली समाजमा घरमा राखेका नोकर, नोकर्नीलाई निकै उत्पीडनमा राख्ने गरेको सन्दर्भ उपन्यासमा व्यक्त गरेको देखिन्छ । त्यसैले यहाँ चम्पामाथि भएको दमन, शासकीय उत्पीडन वर्गीय विश्वदृष्टिको निर्माणमा केन्द्रित देखिन्छ । यस्तै उपन्यासका अर्का पात्र लीला र नानीप्राणलाई घरपरिवार, समाजमा पनि सामन्त वर्गले निकै पीडा दिएका कारण उनीहरूले वेश्यालयमा राजीखुसी काम गर्ने बाध्यात्मक अवस्था  पनि सिर्जना भएको देखिन्छ । यसले बाध्यात्मक उत्पीडित वर्गीय विश्वदृष्टिको सिर्जना गरेको पाइन्छ । यसर्थ यस *स्वास्नीमान्छे* उपन्यासमा उत्पीडित वर्गीय विश्वदृष्टिका रूपमा बाध्यात्मक, मातृत्व, दमित नारी उत्पीडित जस्ता विश्वदृष्टिहरू देखा परेका छन् ।

### ३.४.३ *स्वास्नीमान्छे* उपन्यासमा शासक वर्गीय विश्वदृष्टि

राज्य सञ्चालन र नीति निर्माणको तहमा रहेको नेतृत्व गर्ने समूहलाई शासक वर्गका रूपमा लिने गरिन्छ । ग्राम्सीका अनुसार सेना, पुलिस, प्रशासनका बलले शासक वर्गले शासितमाथि दमन तथा नियन्त्रण गर्दछ । *स्वानीमान्छे* उपन्यासमा पनि केही मात्रामा यस्तो शासक वर्गीय विश्वदृष्टि निर्माण भएको देखिन्छ । राज्य सञ्चालनमा रहेका पुलिस, प्रशासन, न्यायधीशबाट शासित वर्गको यथार्थ कुरा नबुझी उनीहरूमाथि कानुन र बलका आडमा शासक प्रवृति देखा पर्दछ । सत्ताको आडमा रहेका अञ्जनाकुमारी र सुरप्रसादले देशका सोझा युवतीहरूलाई विदेशीसित कमिसन खाएर बेच्ने गरेको, तिनीहरूले गुपचुप चिठी लेखको नि पाइन्छ । सुरुमा अञ्जनाकुमारीले लेखेको चेलीबेटी बेचबिखनको चिठीको सन्दर्भ उपन्यासमा यसरी तल प्रस्तुत गरिएको छ :

'प्राणेश्वर, १०, माघ ०७।

तपाईंको चिट्ठी पाएँ। साथै १०० रुपियाँ पनि। निगाहका निम्ति धन्यावाद। नेपालीमा पनि तपाईं लेख्न जान्ने हुनुहँदो रहेछ। अरू २ जना केटीलाई पनि कुरा मिलाइराखेकी छु। कुमारी नै हुन्। तर प्रार्थना छ, कत्ति पनि चुहन नजाओस्। म सच्चा दिलले भन्छु मेरो तपाईंमाथि मुहब्बत पनि बढ्दै आएको छ। तपाईंले निगाह राख्नुभए म त तपाईंकै दासी बन्न चाहन्छु। हेरूँ मेरो भाग्य कस्तो होला। अलि सञ्चो नभएको र अलि काम पनि भएकाले हाजिर हुन नसकेकी हुँ, नत्र तपाईंको बोलावट मैले किन खेर फाल्थैँ ? आउन नसकेकोमा पनि अझ खाँचो पनि टारिदिनुभयो। ममाथिको यो तपाईंको सानो निगाह होइन।

बिशेष भेटमा

कृपाकांक्षिणी

अञ्जनाकुमारी'

(पृ.११६)

माथिको उद्धरणको चिट्ठीबाट के स्पष्ट देखिन्छ भने अञ्जनाकुमारी शासक नै हो। उसले सत्ताको आडमा विदेशमा लगेर चलीबेटी बेच्ने गरेको, त्यहाँबाट केही अग्रिम १०० रुपियाँ पेस्कीसमेत लिएको त्यो चिट्ठीबाट प्रस्ट देख्न सकिन्छ। त्यसका लागि दुई जना केटी मिलाएको कुरा कसैलाई थाहा नहोस् भनेर विदेशीलाई पत्र लेखेको कुरा सर्वविदित नै छ। यसबाट के देखिन्छ भने सत्तामा बस्नेहरूले सोझासाझालाई जे गरे पनि हुने, उनीहरूलाई जनावर, पशुपंक्षी जसरी बेचबिखन गरे पनि हुन्छ भन्ने षड्यन्त्रकारी नियति सिर्जना भएको देखिन्छ जसले षड्यन्त्रकारी शासक वर्गीय विश्वदृष्टि निर्माण गरेको छ। यस्तै सुरप्रसादको चिट्ठी पनि षड्यन्त्रकारी चिट्ठी नै रहेको छ। उक्त चिट्ठीलाई यसरी तलको साक्ष्यमा देखाउन सकिन्छ :

१७ माघ,०७, नेपाल

'महोदय,

सादर प्रणाम । मुझे २०० रुपिये की सख्त जरुरत है, इसलिये आप को कष्ट दे रहा हुँ, कृपा फौरन इस पत्र लानेवाले मेरे आदमी के हाथ २०० रुपिये भेज दीजिएगा । अगर आप कृपा न करे तो मै बडी मुसीबत में फस जाऊँगा ।

आज रात के ७ बजे आप की सेवा में एक १८ वर्षीया कुमारी लडकी भेज देने की व्यवस्था कर रहा हूँ । आ जायेगी । इन्तजार मे रहिएगा । उस लडकी को ५० से भी कुछ ज्यादा दे दीजिएगा तो अच्छा होगा, क्योंकि, वह लडकी अच्छी घराने की और कुछ पढी लिखी भी है । बडी मुश्किल से हाथ लगी हुई है ।

विशेष पीछे

कृपाकांक्षी

सुरप्रसाद ।' (११७)

माथिको उद्धरणको चिठ्ठीमा पनि सत्ताधारी कर्मचारी सुरप्रसादले आफ्नो भाषालाई भन्दा पनि विदेशीलाई खुसी बनाउनका लागि उनीहरूको हिन्दी भाषामा नै पत्र लेखेको छ । उक्त पत्रमा २०० रुपैयाँ कमिसन चाहेको कुरा उल्लेख गर्नुका साथै राम्रो घरानाकी केटीलाई धेरै मिहेनत गरेर  विदेशमा राम्रो काममा लागाउँछु भनेर ठिक्क पारेको प्रसङ्ग उल्लेख गरेको छ । सरकारी ओहोदामा बसेका मान्छेले आफ्नो भलाइका लागि जे पनि गर्न सक्छन् । सोझासाझा परिवारका सोझासाझा स्त्रीलाई पैसाको प्रलोभन देखाई नेपाली चेलीलाई भारतमा लगेर वेश्यावृत्तिमा लगाउने, त्यहाँबाट केही कमिसनले आफ्नो खुसी भर्ने कायरहरूलाई वासन्तीजस्ती निमुखा, अन्यायका लागि सदैव आवाज उठाउने नारीले तिनीहरूलाई एउटा राजनीति आमसभामा गोली हानी हत्या गरेको प्रसङ्ग पनि उपन्यासमा देखिन्छ । यसरी अञ्जनाकुमारी र सुरमानको चरित्रका माध्यमबाट नेपाली समाज ठगिने गरेको र यस्ता व्यक्तिले गर्दा समाज एक कदम पछाडि धकेलिएको देखाइएको छ । यस्ता शोषित वर्गले सदैव आफ्नो भलाइका लागि सोझासाझालाई प्रयोग गरेको हुन्छ । यसर्थ उक्त सन्दर्भबाट ठगी शासक वर्गीय विश्वदृष्टिको सिर्जना भएको देखिन्छ । यसरी अन्यायका

विरुद्ध सदैव लडिरहेकी वासन्तीलाई पनि पुलिसहरूले अदालतमा लगेको प्रसङ्ग उपन्यासमा यसरी आएको छ :

> यति बोली वासन्ती चूप लागिन् ! भिडका धेरै मानिसले त वासन्तीलाई 'छोडिदिनुपर्छ' भन्ने आवाज उठाएका थिए । तर अञ्जनाकुमारी र सुरप्रसादका तर्फदारीहरूले वासन्तीलाई घेरिराखेका थिए । जनताको अनुरोधले मात्र त्यति बोल्न पनि दिइएको थियो । जनताले वासन्तीलाई भगाउन पनि खूब कोसिस गरेको थियो तर सकिएन किनभने पुलिसहरू पनि थिए । वासन्तीले हातमा पेस्तोल नचाइरहेकै थिइन् । आखिरमा उनलाई अदालत लगिहाले । (पृ.११७)

माथिको साक्ष्य वासन्तीले अञ्जनाकुमारी र सुरमानको हत्या गर्नुको कारण बताई सकेपछि आएको हो । उनले अञ्जनाकुमारी र सुरमानको हत्या नगरेर समाजका देशको बदनाम गर्न खोज्ने, समाजलाई विकृति, विसङ्गतितिर धकल्ने, देशका चेलीबेटी बेचेर आनन्द लिने दलालहरूलाई मारेको भनेर यथातथ्य प्रमाण पेस गरे तापनि पुलिसले वासन्तीलाई कानुनको कठघेरामा लगेको देखिन्छ । आमजनताले उनलाई भगाउन खोजे तापनि अञ्जनाकुमारी र सुरप्रसाद पक्षका केही मानिसहरूले उनलाई आक्रमणसमेत गर्न खोजको देखिन्छ । यहाँ न्यायको पक्षको वकालत गर्ने अन्यायका विरुद्ध लड्ने, समाजलाई धमिल्याउने किराहरूलाई नष्ट गर्ने वासन्तीलाई शासकको सत्ताधारी पुलिसले हतकडी लगाएर अदालतमा लगेको पाइन्छ । यसरी अन्यायका विरुद्ध लड्ने विद्रोही नारीलाई पुलिसले हतकडी लगाएर लानु नै दमनकारी शासक वर्गीय विश्वदृष्टि सिर्जना हुनु हो । वासन्तीजस्ता अन्यायका विरुद्ध सदैव लिडिरहेका कयौं नागरिकलाई नेपालजस्तो मुलुकमा जेल हाल्ने प्रवृत्ति भएको विषयलाई उपन्यासकारले दरिलो ढङ्गमा प्रस्तुत गरेका छन् ।

### ३.४.४ *स्वास्नीमान्छे* उपन्यासमा शासित वर्गीय विश्वदृष्टि

सत्ताधारी तथा शासक वर्गको हैकमबाट पछाडि पारिएका वर्गहरूको समूहलाई शासित वर्ग भनिन्छ । सबै क्षेत्रमा कमजोर भएर दमित र उत्पीडित हुन पुगेका सर्वहारा वर्ग नै शासित वर्ग हो । *स्वास्नीमान्छे* उपन्यासमा शासित वर्गहरू रहेका पाइन्छन् जसले शासित वर्गीय विश्वदृष्टि निर्माण गर्नमा ठुलो टेवा पुऱ्याएका छन् । मैयाँनानी, वासन्ती, नानीप्राण, लीलाजस्ता पात्र शासित वर्गभित्र पर्दछन् । मैयाँनीले समाजलाई धमिल्याउने,

समाजलाई अराजकतातिर धकेल्ने परिवारलाई छिन्नभिन्न बनाउने प्रमोद र कमलाको हत्या गर्न पुग्छे । हत्या गरेपछि पुलिस, सैनिकहरूले उनलाई पक्राउ गरेर न्यायालयमा हाजिर गराई बयान दिन न्यायाधीशले निकै कर गरेपछि बल्ल मैयाँनानीले बयान दिन्छे । उक्त बयानलाई साक्ष्यको रूपमा तल प्रस्तुत गरिएको छ :

> मैयाँनानीले बयान दिन थालिन्, "एउटी रण्डी हुँ तर रण्डी कर्मलाई म ज्यादै घृणा गर्छु । क्षयका कीटाणु फैलिरहेभैँ फैलिरहेका अमानुषी पुरुषहरूको गुन्डागिरी र बदमाशीको कारण जबर्जस्ती मैले रन्डी हुनुपर्‍यो, अब म रण्डी नै बनेर स्वास्नीमान्छेहरूले रन्डी हुन नपाउने सपना हेरिरहेकी छु । त्यही सपनाको आधारमा मैले प्रमोदको हत्या गरेकी हुँ । मलाई अगावै थाहा थियो, मेरो यो कामले मैले चिरबन्दिनी मात्रै होइन, आजीवन काराबास भोग्नुपर्ला, तर नारीजातिको उद्धार गरी मानवमा मानवता प्रकाशित गर्नाका निम्ति यो कष्टलाई मानिनँ । मैले यो पनि सम्भिरहेकी छु, मैले प्रमोदलाई मारेकी होइन, बरु अमानुषी पुरुषहरूको गुन्डागिरी र बदमासीलाई मात्रै मारिरहेकी छु किनभने विश्वकी जननी नारीजातिलाई फुलाएर असल मानिस, उत्तम मानव र महामानवहरू फलाउने मेरो उद्देश्य छ । (पृ.१४४)

माथिको साक्ष्यबाट बयानमा मैयाँनानी आफूले प्रमोदलाई हत्या नगरेर अमानुषीलाई हत्या गरेको सन्दर्भ आएको देखिन्छ । समाजमा एउटा मान्छेले अर्को मान्छेलाई मानवीय व्यवहार देखाउन सक्दैन भने त्यस्ता मान्छे समाजका लागि बोभ हुन् । गुन्डागिरी, बदमासी पुरुषहरूले गर्दा विश्वकी जननी नारीलाई आफ्नो अस्तित्व जोगाउन गाह्रो परेको छ । यस्ता अमानुषीको अन्त्य गरी जननी नारी जातिलाई फुलाएर असल मानिस, उत्तम मानव र महामानवहरू फलाउने उद्देश्य हामीले राख्नुपर्ने हुन्छ भन्ने धारणा उपन्यासकारले मैयाँनानीको चरित्रबाट स्पष्ट पारेका छन् । यसले समाजसुधार गर्नका लागि, देशनिर्माणका लागि यस्ता किराहरूको अन्त्य गर्नुपर्छ भन्ने विद्रोही चेतनात्मक शासित वर्गीय विश्वदृष्टिको सिर्जना गरेको छ ।

मैयाँनानीले आफू आजीवन जेल गए पनि आफूले गरेको सुकार्यबाट समाजमा अन्याय र अत्याचारको विरुद्ध हजारौं मैयाँनानीहरू जन्मन्छन्, अब देशमा हरेक लोग्नेमानिसहरू प्रमोदजस्ता पुरुष होइन विनोदजस्ता पुरुषहरू बन्नेछन् भनेर आफ्नो बुलन्द आवाजमा अदालतमा बयान दिएकी छिन् । उक्त सन्दर्भ उपन्यासमा यसरी आएको छ :

"अब मलाई आशा छ, स्वास्नीमानिसहरूमाथि अत्याचार, आक्रमण र गुन्डागिरी गर्ने लोग्नेमानिसहरूलाई अन्त गर्न नेपालमा हज्जार मैयाँनानी हुनेछन् र लोग्नेमानिसहरू पनि प्रमोद भनईकन विनोद बन्नेछन्" (पृ.१४६) । प्रस्तुत सन्दर्भबाट अबको नेपाली समाज गुन्डाविहीन भई स्वास्नी-मान्छेहरूमाथि अन्याय, अत्याचार, आक्रमणजस्ता कुकार्यहरूबाट मूक्त हुने बुझिन्छ । अबका हरेक स्वास्नीमान्छेहरूमा मैयाँनानीको विचारको साथसाथै, अन्याय र अत्याचारका विरुद्ध लड्ने जोसजाँगर पलाउनेछ । यस्ता समाजका लागि सत्कार्य गर्ने समाजसेवी र समाजसुधारको चाहना राख्ने नारीलाई आजीवन जेलको सजाय हुनु भनेको मैयाँनानीलाई मात्र आजीवन सजाय हुनु नभई हजारौं मैयाँनानीहरूको जेलमा आजीवन सजाय हुनु हो । यसले शोषकहरूले जहिले पनि शासितमाथि राज गरिरहेको सन्दर्भ देखाएको छ । यहाँ हत्याहिंसामुक्त सुशान्त समाजसुधारको विश्वदृष्टिको सिर्जना भएको छ ।

### ३.४.५ *स्वास्नीमान्छे* उपन्यासमा उपभोगवादी वर्गीय विश्वदृष्टि

उपभोगवादी वर्गीय विश्वदृष्टि भनेको मानिसले सबैभन्दा ठुलो आन्दानुभूति तथा विलासी जीवनबाट हुने वा भोग गरेर उत्पन्न हुने आनन्दानुभूति हो । *स्वास्नीमान्छे* उपन्यासमा पनि उपभोगवादी वर्गीय विश्वदृष्टि निर्माण भएको देखिन्छ । विशेष गरेर *स्वास्नीमान्छे* उपन्यासमा प्रमोद र मोहनबहादुरका क्रियाकलापबाट उपभोगवादी विश्वदृष्टि सिर्जना भएको देखिन्छ । प्रमोद उच्च वर्गीय परिवारको व्यक्ति हो । उसको घरमा थुप्रै नोकरचाकरहरू रहेका छन् । मोतीमाया राम्री देखेर विवाह गरेका प्रमोद एकाएक विनोद जन्मिएपछि उसको आँखामा कमलाको सौन्दर्य झल्किएकाले कमलासित दोस्रो विवाह गर्दछन् । कमलाले भनेअनुसार प्रमोद आफ्नो कार्य गर्छ । उक्त सन्दर्भ उपन्यासमा यसरी आएको छ :

> प्रमोदलाई भनेजस्तो नचाउन सकेको अरू थोकले होइन, कमला अत्यन्तै रूपवती थिइन् अनि यौवन पनि उनको तौलमा पुगेर वजनदार थियो । त्यसैले कमलाको कण्ठबाट फुटेको वाणी मोतीलाई झैँ भुइँमा खस्न-पोख्न नदिईकन सधैं शिरोपर गरेर हिँड्नमा परेपछि कमलाको मुखमण्डलमा खेलिरहेको थियो । आफ्नो मर्जी भुइँमा परेपछि कमलाको मुखमण्डलमा खेलिरहेको मुस्कान, उनको कण्ठमा भरिरहेको वाणी एकएक ओइलाउँछ, लाटो हुन्छ अनि प्रमोद आफूलाई अँध्यारोमा

हिँडिरहेको पाउँछन् किनभने प्रमोदका निम्ति कमलाको प्रसन्नता नै उज्यालो थियो । (पृ. ६)

माथिको उद्धरणमा उपभोगवादी विश्वदृष्टि सिर्जना भएको देखिन्छ । प्रमोदले विलासी जीवन जिउनका लागि नै कमलाजस्ती सौन्दर्य भएकी केटीसित विवाह गर्छ र उसको यौवन देखेर उसको गुलाम बन्नसमेत पछि पर्दैन । कमलाले भनेअनुसार नै उसको सम्पूर्ण घरव्यवहार चल्छ । कमलाको सौन्दर्य र यौवन देखेपछि जेठी श्रीमती मोतीमायालाई घरबाट समेत निकाल्न पछि पर्दैन । यहाँ प्रमोद तत्कालीन नेपाली समाजको प्रतिनिधि पात्र मात्र हो । आम नेपाली समाजको त्यो बेला विलासी जीवन बिताउनलाई दोस्रो विवाह गर्ने प्रचलन विद्यमान हुनु र वर्तमान समयमा पनि यो कतै न कतै यस्तो प्रमोदजस्तो दोस्रो विवाह गर्ने प्रचलन समाजमा विद्यमान नै छ । यसैले यस घटनाले उपभोगवादी विश्वदृष्टिको निर्माण गरेको छ । प्रमोदले कमलाको सौन्दर्य र यौवन मात्र देखेर मोतीमायालाई घरबाट निकालेको देखिन्छ । उक्त प्रसङ्ग उपन्यासमा यसरी आएको छ : “मोतीमाया नराम्री थिइनन् । विनोद जन्मेदेखि प्रमोद एउटी चुट्किली सुन्दरी आइमाई कमला देखी एकोहोरिएर भुलिदिएदेखि मोतीमायामा भएको सौन्दर्य जबर्जस्ती धमिलिइरहेको थियो । अनि उनको यौवन पनि मलिन हुँदै गयो किनभने प्रमोदले अनेक गरेर सताउन थाले” (पृ. ६७) । उक्त प्रसङ्गबाट पनि प्रमोदले मोतीमायालाई वास्ता नगर्नु भनेको विनोदको जन्म हुनु र कमलाको सौन्दर्य र यौवन देखेर हो भन्ने बुझिन्छ । यहाँबाट पनि विलासी जीवन बिताउनलाई नै प्रमोदले यसो गरेको भेटिन्छ जसले उपभोगवादी विश्वदृष्टि निर्माण गर्नमा परिपोषण गर्ने गरेको देखिन्छ । प्रमोदले घरबाट धपाएकी मोतीमाया अलपत्र परेर आत्महत्या गर्न लागेकी हुन्छे तर मोहनबहादुरले अनेक तरिकाले फकाइफुलाइ गरी आफ्नो घर लगेर किर्ते मायाजालमा फसाई मोतीमायालाई उपभोग गर्न पुग्दछ । उक्त सन्दर्भलाई उपन्यासमा यसरी दिइएको छ :

मोतीमाया र मोहनबहादुर दुई जना एकअर्काको हृदयको हार भएर दुई शरीर एक आत्मा भएको कुरा उनका साथीसम्बन्धीहरूमा छिट्टै फैलिएछ । शरद्पूर्णिमाको रात उनीहरूका निम्ति शुभसाइत भएको थियो । शरद्पूर्णिमाको चन्द्रमाबाट रसाइएका र रमाइएका ती दुई प्राणी त्यस रातदेखि एउटै कोठामा सुतेर दुवै जना जागा भएर आएका देखेदेखि नपत्याउनेहरू पनि सब पत्याउन लागे । (पृ.६७)

माथिको उद्धरणमा उपभोगवादी विश्वदृष्टि निर्माण भएको देखिन्छ । यहाँ मोहनबहादुर र प्रमोदकी श्रीमती मोतीमायाले शरद्पूर्णिमाको रात साइत जुराएर, किर्ते मायाजाल बुनेर  उपभोग गरेको अवस्था सिर्जना भएको देखिन्छ जसले बनावटी मायाजाल उपभोगवादी विश्वदृष्टिलाई अभिव्यक्त गरेको पाइन्छ । यसरी मोहनबहादुरले सदैव विलासी जीवन जिउने गरेको देखिन्छ । ऊ मनोरञ्जनका लागि एकदिन मोतीमायालाई जबर्जस्ती गीत गाउन लगाउँछ । उक्त सन्दर्भ उपन्यासमा यसरी आएको छ :

> "मलाई थाहा छ, कोइलीलाई माथ गर्न सक्छ्यौ, मनुष्यलोककी तिमी गन्धर्व-सुन्दरी हौ मोती ! लौन एक चोटि गला फुटाल, अनि यो मेच, यो टेबुल, ती तस्बिरहरू, त्यो अम्खोरा, त्यो बिजुलीको चिम, यो कोठाका सब निर्जीव पदार्थ पनि तिम्रो तानको प्रभावले सजीव भई नाच्नेछन् मोती !" मोतीमायालाई बेस्करी देब्रे हातको अँगालोले बाँधी दाहिने हातले ओठ निचोरी चुम्बन खाँदै मोहनबहादुरले भने । (पृ.६८)

माथिको उद्धरणमा पनि उपभोगवादी वर्गीय विश्वदृष्टि निर्माण भएको देखिन्छ । विलासी जीवन बिताउने हेतुले मोहनबहादुर मोतीमायालाई फकाइ-फुलाइ गरेर गीत गाउन लागाउँछन् । कोइली उपनाम दिँदै गन्धर्व सुन्दरी हौ भनी मख्ख बनाउँछ । देब्रे हातले अँगालोले बाँधी दाइने हातले ओठ निचोरी चुम्बन गर्ने मोहनबहादुरका यी क्रियाकलापबाट उपभोगवादी विश्वदृष्टि निर्माणलाई परिपोषण गर्ने कार्य भएको छ । उपन्यासको मोहनबहादुर प्रतिनिधि पात्र मात्र हो । मोहनबहादुर जस्ता विलासी जीवन बिताउने अनेक पात्रहरू नेपाली समाजमा रहेको पुष्टि हुन्छ ।

मोहनबहादुरले मोतीमायाभन्दा अगाडि तीन–तीन जना केटीहरूलाई भोग गरी छोडिसकेको र मोतीमायालाई लामो समय उपभोग गरेपछि उसले मोतीमायालाई केही वास्ता नगरेको अवस्था देखिनु उसको भोगवादी प्रवृत्तिले गर्दा हो । उसले मोतीमायाभन्दा अगाडि तीन-तीन जना महिलालाई उपभोग गरी धपाएको र मोतीमायाको बेवास्ता गरेको सन्दर्भ उपन्यासमा यसरी आएको छ :

> अब मोहनबहादुरले केको मोतीमायालाई विनोद भेटाइरहन्थे पनि ? किनभने खास गरेर मोतीमायाको मन राखिदिनलाई नै मोहनबहादुरले यो ठेक्का लिएका त

थिएनन्, वसन्तमा फुलिरहेको मोतीमायाको यौवन लुट्नका निम्ति उनको मन कब्जा गर्नलाई सम्म मोहनबहादुरले यो झन्झट उठाइरहेका थिए । मोहनबहादुरले यस्तै धुर्त्याइँ र बदमासी गरेर अरू तीन सिधासिधी नवयुवतीहरूको जीवन धुलोमा मिलाइदिइसकेका थिए । तर मोतीमायाले यतिका वर्ष मोहनबहादुरबाट हदै प्रणय-सुख भोगिरहन पाएकी छन्, यो मोतीमायाका निम्ति अहोभाग्यको कुरा हो किनभने मोहनबहादुरका निम्ति यो भद्रता अपवाद थियो । (पृ.८५)

माथिको उद्धरणमा पनि उपभोगवादी वर्गीय विश्वदृष्टि सिर्जना भएको देखिन्छ । मोहनबहादुरले तीन-तीन जना सीधासाधी केटीसँग विलासी जीवन बिताएर उनीहरूलाई घरबाट निकालेको देखिन्छ । आजकाल मोतीमायालाई विनोद भेट्न आए पनि उसले फर्काइ दिन्छ, मोतीमायालाई भेट्न दिँदैन किनकि आजकाल मोतीमायासित पनि अघाइसकेको देखिन्छ । केही पछि मोतीमायाले विनोदलाई भेट गराइदिनु न भन्दा टाइमबम फुटेजस्तो गरी मोतीमायालाई अनेक लाञ्छना लगाएर उसलाई घरबाट पनि निकाला गरिदिन्छ । यसबाट के बुझ्न सकिन्छ भने मोहनबहादुरले मोतीमायाको यौवन लुट्नलाई मात्र विनोदलाई सधैँ भेट गराउँछु भनेको हुन्छ । मोतीमायाको अस्तित्व लुटेपछि बेवास्ता गरेर जगल्टा समाएर घरबाट निकाला गरी उसलाई सडकमा अलपत्र पार्ने कार्य गर्दछ । यसले मोहनबहादुरले विलासी जीवन जिउन फरक फरक स्त्रीसित सम्बन्ध राख्ने गरेको देखिन्छ ।

यसर्थ *स्वास्नीमान्छे* उपन्यासमा प्रमोद र मोहनबहादुर उपभोगवादी वर्गका रूपमा समाजमा स्थापित भएका देखिन्छन् । यसका साथै वेश्यालयमा आउने भलादमी र इज्जतदार पुरुष पनि विलासी जीवन बिताउन आएकाले तिनलाई पनि उपभोगवादी वर्गको रूपमा लिन सकिन्छ । यिनीहरूले नेपाली समाजको प्रतिनिधित्व गरेकाले यिनले उपभोगवादी वर्गीय विश्वदृष्टि निर्माण गर्नमा परिपोषण गरेको देखिन्छ ।

## ३.५ *एक चिहान* उपन्यासमा वर्गीय विश्वदृष्टि

*एक चिहान* उपन्यासमा नारीमा आफ्नो अस्तित्व र अधिकारप्रतिको सजगता रहनुपर्ने विचार प्रस्तुत गरेको पाइन्छ । यस्तै दुष्ट व्यक्तिहरूमाथि कारबाही गरी चरित्र सुधारको सम्भावनालाई यस उपन्यासमा व्यक्त गरिएको छ । प्रगतिवादी विचारधाराबाट प्रभावित हृदयचन्द्रसिंह प्रधानले *एक चिहान* उपन्यासमा नारी मुक्ति अभियानलाई वर्गीय

मुक्तिसँग जोड्न खोजेका छन् । सामन्त वर्ग वा उच्च वर्गका डाक्टर गोदत्तप्रसादलाई माफी मगाएर तथा सुरमान सुब्बालाई घुँडा टेकाएर पराजित गरिएका सन्दर्भले उत्पीडित वर्ग वा निम्न वर्गको विजयलाई प्रकट गरेको छ । यस उपन्यासमा सामाजिक यथार्थ प्रस्तुत गरी समाजसुधार गर्नु नै उपन्यासको मूल उद्देश्य रहेको पाइन्छ । यो उपन्यासमा किसानहरू माथिको आर्थिक शोषण, सामाजिक अन्धविश्वास र त्यसले निम्त्याएका विकृतिहरूबाट मुक्तिको मार्गनिर्देशन गर्ने उद्देश्य उपन्यासकारले लिएका छन् । प्रधानले उपन्यासमा सामाजिक विकृतिलाई केलाउँदै त्यसका साथ प्रगतिवादी विचार पनि उपन्यासमा अभिव्यक्त गरेको देखिन्छ । यसै यथार्थवादी तथा प्रगतिवादी उपन्यास *एक चिहान* उपन्यासको वर्गीय विश्वदृष्टिका आधारमा यहाँ अध्ययन गरिएको छ । उपन्यासमा विभिन्न वर्गीय विश्वदृष्टि निर्माण भएको भेटिन्छ । विशेषतः सामन्त वर्गीय विश्वदृष्टि, उत्पीडित वर्गीय विश्वदृष्टि र उपभोगवादी वर्गीय विश्वदृष्टिजस्ता वर्गीय विश्वदृष्टिहरूका आधारमा यस उपन्यासको अध्ययन गर्नु आवश्यक देखिन्छ । यिनै वर्गीय विश्वदृष्टिका आधारमा *एक चिहान* उपन्यासको विश्लेषण यहाँ गरिएको छ ।

### ३.५.१ *एक चिहान* उपन्यासमा सामन्त वर्गीय विश्वदृष्टि

*एक चिहान* उपन्यासमा सामन्त वर्गीय विश्वदृष्टि निर्माण भएको पाइन्छ । पुँजीपति, शक्तिशाली र अधिकारप्राप्त शासक वर्गहरूको समूहलाई सामन्त वर्ग भनिन्छ । यस्ता सामन्त वर्गले उत्पीडित वर्गमाथि जहिले पनि राज गरिरहेका हुन्छन् । *एक चिहान* उपन्यासका डाक्टर गोदत्तप्रसाद र सुरमान सुब्बाजस्ता पात्रलाई सामन्त वर्गीय विश्वदृष्टि निर्माण गर्ने पात्रको रूपमा लिन सकिन्छ । डाक्टर गोदत्तप्रसाद समाजको शिक्षित वर्ग भए तापनि सामन्त प्रवृत्तिको देखिन्छ । उससित टन्न धनसम्पत्ति भएको, घरमा नोकरचाकर राखेको, विलासी जीवन बिताउन गाउँका सोझासाझा अविवाहित स्त्रीमाथि बिरामीको नाममा शोषण गर्ने गरेको जस्ता उसका सामन्ती प्रवृत्तिहरू देखा पर्दछन् ।

गाउँका गरिबहरूलाई बेवास्ता, गरिबहरूबाट पैसा आउँदैन भनी उनीहरूले उपचार गर्न घरमा बोलाउँदा पनि कुरा सुनेर बेवास्ता गर्ने गर्दछ । बुबा बिरामी भएर शिवनारान डाक्टर गोदत्तप्रसादकहाँ बिरामी बुबाको कुरा भन्न जाँदा आधा घण्टासम्म कुनै प्रतिक्रिया दिँदैन । त्यहाँ शिवनारानले डाक्टर गोदत्तप्रसादलाई फेरि आग्रह गर्छन । उपन्यासको उक्त सन्दर्भ यसरी आएको छ :

> शिवनारानले डाक्टर गोदत्तप्रसादसित फेरि अनुरोध गरे- डाक्टरसाहेब ! आधा घण्टा भइसक्यो म आएको...। "एकछिनपछि एक घण्टा पनि हुन्छ तिमीलाई चाहियो भनेर के समय पर्खिरहन सक्छ ?" डाक्टर गोदत्तप्रसादले तिरस्कारको भावमा भने । "बाबु साह्रै हुनुहन्छ डाक्टरसाहेब !" ..."पख कचकच नगर, किताब हरिरेको छु, ध्यान खलबल नगर ।" (पृ.१२)

माथिको उद्धरणमा सामन्त वर्गको विश्वदृष्टि निर्माण भएको देखिन्छ । यहाँ उत्पीडित वर्गको शिवनारानलाई हप्काइदप्काइको भाषामा डाक्टर गोदत्तप्रसादले सामन्ती वर्गको प्रवृत्ति देखाउँछन् । बिरामी हेर्न जानुपर्नेमा किताब हेरेर बसिरहेको डाक्टर गोदत्तप्रसादभित्र अलिकति पनि मानवता नभएको प्रवृत्ति देखाइएको छ । सामन्ती वर्गहरू जहिले पनि उत्पीडित वर्गलाई होच्याइराख्ने, दबाइराख्ने गर्छन् भन्ने कुरा यहाँ स्पष्ट रूपमा डाक्टर गोदत्तप्रसादका क्रियाकलापबाट देखा पर्दछ । डाक्टर गोदत्तप्रसादका यी क्रियाकलापबाट नै व्यवास्थामुखी, हैकमवादी सामन्त वर्गीय विश्वदृष्टिलाई परिपोषण गर्ने कार्य गरेको देखिन्छ । शिवनारान डाक्टर गोदत्तप्रसादलाई लिएर नआएपछि भाइ पुननारान पनि दाजुको खोजीमा आई बुबाको नराम्रो खबर सुनाउँदा बालाई झन गाह्रो भो भनेको सुनेर शिवनारान डाक्टर गोदत्तप्रसादलाई बालाई झन गाह्रो भो झट्टै हिँडिदिनुहोस् भन्छ तर डाक्टर गोदत्तप्रसादले फिस धेरै लाग्ने कुरा बताउँछ । उक्त उपन्यासको सन्दर्भलाई यसरी प्रस्तुत गरिएको छ :

> पुननारानबाट बुबाको झन खराब स्थिति सुनेर शिवनारानले हड्‌बडाँएर डाक्टरलाई भने- "डाक्टरसाहेब ! बालाई झन् बढिरहेको छ रे । झट्टै हिँडिदिनोस् ।" "गुभाजु-सुभाजू यस्तै अरू नै कसैलाई देखाए पनि त हुन्छ नि । तिनीहरूलाई देखाएको भए किफायत पनि पर्थ्यो । फिस धेरै दिनु पर्दैनथ्यो । मलाई त फिस दिनुपर्दछ, यही तिमीहरूलाई मुस्किल पर्ला डाक्टर त देखाउन खोज्यौ ।" डाक्टर गोदत्तप्रसादले प्रस्टै भनिदिए । "... त्यसो भए आएको फिस पाँच रुपियाँ यहीँ दिइहाल न त मेरो यस्तै दस्तुर छ ।" (पृ.१५)

माथिको उद्धरणमा पनि सामन्त वर्गीय विश्वदृष्टि सिर्जना भएको देखिन्छ । डाक्टर गोदत्तप्रसादले खालि पैसाका लागि मात्र काम गर्छ, गरिबदु:खीको पिरमर्का बुझ्दैन । बिरामी बोलाउन आउँनेलाई पनि कडाँ भाषाको प्रयोग गर्ने गर्छ जसले पीडितवर्गका मस्तिष्कमा

चोट पुग्ने सम्भावना हुन्छ । यसरी घरमा बिरामी हेर्न बोलाउन आउनेसित यस्तो कडा भाषाको प्रयोग गर्नु भनेको उसको हैकमवादी सामन्ती सोच हो । आफूभन्दा तल्लो वर्गसित जेजसरी बोले पनि हुन्छ भन्ने उसको नीच सोच रहको पाइन्छ । स्वार्थका लागि गरिब, निमुखाको भलोका लागि भन्दा पनि तिनीहरूबाट के फाइदा लिन सकिन्छ त्यतातिर मात्र उसको ध्यान गएको देखिन्छ । गोदत्तप्रसाद सामन्त वर्गको एउटा प्रतिनिधि पात्र मात्र हो । यस्ता पात्र नेपाली समाजका तत्कालील समयमा पनि प्रतिबिम्बनका रूपमा रहेको देख्न सकिन्छ ।

सामन्त वर्गका अर्का पात्र सुरमान सुब्बा पनि आफ्नो हैकमवादी प्रवृत्तिका छन् । अरूका चेलीबहिनीमाथि आँखा गाड्ने गर्दछन् । यिनी घरमा टन्न नोकरचाकर राखेर रामबहादुरका माध्यमबाट आफ्नो काम सम्पन्न गर्न खोज्ने, किसानलाई हप्काउने, दप्काउने गर्दछन् । धनसम्पत्तिले मात्तिएका सुरमान सुब्बा तल्सिङ पनि हुन् । आफूलाई जोजसले जे भने पनि भर्खरैकी कन्यासित विवाह गर्न सहजै छ भन्ने ठान्दछन् । शिवनारानको घरमा शिवनारानकी बहिनी नानीथकुँलाई राम्री देखेपछि त्यसलाई आफ्नो हात पार्न लतमायालाई तान दिएर मख्ख पार्न रामबहादुरलाई प्रयोग गर्ने चरित्रको रूपमा उनी देखा पर्दछन् । उक्त सन्दर्भ उपन्यासमा यसरी आएको छ :

> लतमायालाई रामबहादुरले भने- “तिमीलाई थाहै होला नि, अष्टनारानले नानीथकुँ हाम्रा सुब्बासाहेबलाई कन्यादान दिन वचन दिइसकेको छ । सुब्बासाहेबलाई नानीथकुँको चिह्ना साह्रै जुरेको रहेछ ज्योतिषीहरूको भनाइ छ, नानीथकुँको बिहे भयो भने हाम्रा सुब्बासाहेब काजी नभई छोड्दैनन्, साहै लक्षण र मिल्दो ग्रहको छ रे ! सुब्बालाई नानीथकुँ ज्यादै मन परेको पनि रहेछ । उसको हातबाट सुब्बासाहेबले भात पनि खान कबुल गर्नुभएको छ ।” (पृ. ६६)

माथिको उद्धरणमा षड्यन्त्रकारी सामन्त वर्गीय विश्वदृष्टि निर्माण भएको देखिन्छ । सुरमान सुब्बाले रामबहादुरका माध्यमबाट लतमायासित नानीथकुँलाई आफ्नो बनाउन अनेक किर्ते प्रपञ्च रचेको देखिन्छ । झुटको सहारा लिन खोजेर सोझासाझा तल्लो वर्ग, तल्लो जातिलाई माथिल्लो वर्गले जे गरे पनि हुन्छ भन्ने सामन्त वर्गको सोच रहेको देखिन्छ । सामन्तीको मतियार रामबहादुर सुब्बाका लागि जे गर्न पनि तयार हुन्छ । मर्न लागेको सुब्बालाई भर्खरैकी नानीथकुँ मिलाउन अनेक उपायहरू अपनाउँछ । लतमायासित

रामबहादुरले सुब्बालाई अष्टनारानले छोरी दिन्छु भनी ठिक्क पारेको थियो भन्ने झुटो कुरा बताउँछ । यहाँ तत्कालीन नेपाली समाजमा आफ्नो खुसीका लागि सामन्त वर्गले उत्पीडित वर्गलाई मनोरञ्जनको साधनका रूपमा लिने गरेको देखिन्छ ।

### ३.५.२ *एक चिहान* उपन्यासमा उत्पीडित वर्गीय विश्वदृष्टि

सामन्त वर्गले जहिले पनि निम्न वर्गलाई थिचोमिचोमा राखेको छ वा दिनभरि काम गरेर बेलुका खान पनि धौधौ हुने अवस्था छ भने त्यस्तो वर्गलाई उत्पीडित वर्ग भनिन्छ । *एक चिहान* उपन्यासमा शिवनारानको परिवार उत्पीडित वर्गको रूपमा देखिएको छ । यहाँ डाक्टर गोदत्तप्रसाद र सुरमान सुब्बाजस्ता सामन्तले शिवनारानको परिवारलाई उत्पीडनमा पारेको देखिन्छ । विशेष गरेर यस उपन्यासमा शिवनारानको परिवारकी छोरी नानीथकुँ अझ बढी उत्पीडनमा परेको देखिन्छ र गोदत्तप्रसादकी श्रीमती रञ्जनादेवी पनि नानीथकुँका कारणले उत्पीडनमा परेको देखिन्छ । यसरी उत्पीडनमा परेका व्यक्तिहरूको अभिव्यक्तिबाट उत्पीडित वर्गीय विश्वदृष्टि निर्माण हुने गर्दछ । शिवनारानको परिवारमा बुबा बिरामी हुँदा उपचार गर्न औषधी किन्ने पैसा त परै जाओस् बुबाको मृत्यु हुँदासम्म कात्रो किन्ने पैसासमेत हुँदैन । उक्त सन्दर्भ उपन्यासमा यसरी आएको छ :

> शिवनारान घरका जेठा छोरा भएका हुनाले धन्दासुर्ता सब उनैले नबोकी भएन । घरमा भने फुटेको पैसा थिएन । यहाँसम्म कि कात्रोसम्म पनि किन्नलाई पैसा थिएन । भएका दुई-चार रुपियाँ र एकाध मुरी अन्न पनि अष्टनारानको औषधीखर्चमा सिद्धिसकेको थियो । भण्डारमा अन्नको नाउँमा दुई-तीन पाथी चामल र पाँच-छ पाथी पीठो अनि बीस-पच्चीस धार्नी आलु बाँकी थिए । (पृ. ३५)

माथिको उद्धरणमा निम्न वर्गका शिवनारानको परिवारमा बुबाको कात्रोसम्म किन्ने पैसा नभएको दयनीय अवस्था देखिन्छ । अन्नको नाउँमा पनि केही नहुनु, अलिअलि आलु मात्रै हुनुले उनलाई उत्पीडित वर्गको रूपमा चिन्न सकिन्छ । यो केवल शिवनारानको मात्र समस्या नभएर तत्कालीन समयका उत्पीडित वर्गको साझा सम्मस्या हो । वर्तमान समयमा पनि नेपालमा केही यस्ता उत्पीडित वर्गहरू रहेको पाइन्छ जसले आफ्नो एउटा पेट पाल्नका लागि दिनभरि काम गर्दा पनि खान नपुग्ने अवस्था विद्यमान नै छ । आफ्नो घरमा त्यतिका समस्या हुँदा पनि शिवनारान अरूको सहयोग माग्न निकै हिचकिचाउँछ । यता छिमेकी

गुठियारहरू आएको धेरै बेर भएको हुनाले मुर्दा लिन ताकिता गरिराखेका छन् तर शिवनारानलाई के गरौं गरौं हुन्छ । उक्त सन्दर्भ उपन्यासमा यसरी आएको देखिन्छ : "गुठियारहरू धमाधम भेला भई चाँडै मुर्दा लैजान ताकिता गर्न थालिसके, उता भने सिन्को पनि जुटिसकेको छैन । बाबु खसेको सन्तापमाथि दाहसंस्कार पनि गर्न नसकिने बेइज्जती खप्टँदा शिवनारानको सुद्धिबुद्धि गुम भई इन्तु न चिन्तु भएर उनी त्यसै टोलाइरहे" (पृ. ३६) । उक्त उद्धरणमा पनि उत्पीडित वर्गको विश्वदृष्टि निर्माण भएको देखिन्छ । शिवनारानलाई आफ्नो बुबाको दाहसंस्कारका लागि पनि सामान जुटाउन हम्मे परेको देखिन्छ । जसले शिवनारान उत्पीडित वर्गको व्यक्ति हो भन्ने स्पष्ट भएकाले यसले उत्पीडित वर्गीय विश्वदृष्टि निर्माण गर्नमा उसका अभिव्यक्ति र विचारहरूले प्रतिनिधित्व गरेको प्रस्ट पारेको देखिन्छ ।

शिवनारानले घरमा भएको अलिकति चालम, पिठो र आलुलाई बेचेर बुबाको दाहसंस्कार गर्ने योजना बनाउँछ । आफ्नो योजनाअनुसार घरपरिवारका अरू सदस्यलाई सुनाउँदा लतमाया र नानीथकुँले बरबर आँसु चुहाउँछन् । उक्त सन्दर्भ उपन्यासमा यसरी आएको छ :

> लतमायाले केही पनि जवाफ दिइनन् । दुवै आँखाले बरबरी आँसु चुहाइरहिन् । अनि नानीथकुँले  बरबरती चुहाइरहेको आँसु पुछ्दै भनिन्- "सबको अगाडिबाट चामल, पिठो र आलु कसरी बेच्न लैजाने दाजु ? यो त साह्रै नराम्रो लाग्यो मलाई । त्यसै पनि हामीलाई हाहा गर्न खोज्नेहरूले देखे भने के मात्र नभन्लान् उनीहरू ?" (पृ. ३७)

माथिको उद्धरणमा शिवनारानको सुझाव सुनेर भावविभोर भएर नानीथकुँले यो बेला सबैको अगाडि बाबुको दाहसंस्कारका लागि घरको अन्न कसरी बेच्ने ? यस्तो बेला मलाई त  नराम्रो लागेको छ भनेको अवस्था देखिन्छ । यो सबै नानीथकुँको भनाइ मात्र नभएर सबै उत्पीडित वर्गको भनाइ हो । यहाँ दयनीय अवस्था देखिन्छ । यता मरेको चार घण्टा भइसक्यो, अझसम्म केही जोरजाम र सुरसार नभएको देखेर उता गुठियारले अलि झर्केर शिवनारान साह्रै अबेर भयो, के गर्न लाग्नुभएको हो तपाईंहरू, दिनभरि यहीँ गुम्न लागिसक्यो, कहिले मुर्दा लैजाने, कहिले दाहसंस्कारको काम सिध्याउने भनेर भन्छ । यस्तो अवस्थामा पनि केही गर्न नसक्नु यो शिवनारानको गरिबीको कारणले हो । उत्पीडित गरिब

परिवारका लागि दाहसंस्कारको सामान जुराउन पनि नसकेको अवस्था यहाँ देखा पर्दछ । अन्ततः डाक्टर गोदत्तप्रसादसित ऋण मागेर अष्टनारानको दाहसंस्कार गर्ने गरिन्छ ।

यता सुरमान सुब्बाले पठाएको कारिन्दा रामबहादुर शिवनारानजस्ता सोझा किसानलाई तुच्छ व्यवहार गर्न पुग्दछ । अनावश्यक रूपमा घरमा आएर धम्क्याउन खोजेपछि शिवनारानले पनि त्यसको प्रतिक्रिया त्यस्तै किसिमको दिन्छ । यसरी रामबहादुर र शिवनारानबिच एकआपसमा सवालजवाफ हुन्छ । उक्त सन्दर्भ उपन्यासमा यसरी आएको छ :

> "तैपनि तिमीले होसियार भएर जवाफ दिनुपर्ने हो । उहाँ र आफ्नो अवस्था पनि तिमीले हेर्नुपर्छ ! सानो मुख ठुलो कुरा नहुनुपर्ने हो ।" अलि रिसाएर रामबहादुरले भने । "अलि मुख सँभालेर बोल्न सिक्नुस् रामबहादुरजी । धेरै सहनु भनेको जल्लाई पनि गाह्रो हुन्छ, तपाईं यसको पनि विचार गर्नुहोला ।" शिवनारानले पनि अलि रिसाएर जवाफ दिए । "त्यसो भए त सुब्बासाहेबसित तिम्रो जोरी खोज्ने नै विचार छ त ? अलि ठन्डा मगजले सोच्ने काम गर शिवनारान ! पछुताउन नपरोस् धम्क्याएर रामबहादुरले भने । के त यसको माने यही हो, किसानका छोरा केही होइनन् ? किसान केही होइन ? त्यसमा मनुष्यत्व केही छैन ?" शिवनारानले पनि अलि दह्रो भएर जवाफ दिए । (पृ.१३९)

माथिको उद्धरणमा पनि शिवनारानले दिएका अभिव्यक्तिबाट उत्पीडित वर्गीय विश्वदृष्टि निर्माण भएको छ । तत्कालीन समयमा मोही किसानलाई केही नसोच्ने तल्सिङहरू आफ्ना नोकर कारिन्दामार्फत सोझासाझा किसानलाई आफ्नो भनेबमोजिम काम गरेन भने डरधम्की देखाउँदा अब उत्पीडित वर्ग सधैंभरि सहेर नबस्ने, सहनुको पनि हद हुन्छ भनेर त्यसको प्रत्यक्ष सवालजवाफ दिन सक्षम भएका छन् भन्ने पुष्टि हुन्छ । अब किसानले आफूमाथि भएको अनावश्यक अन्याय सहन सक्दैनन्, आफ्नो अस्तित्वको लडाइँ लड्न तयार छन् । धेरै दबिएर, चेपिएर बस्न नसक्ने स्थितिको सिर्जना भएको छ । यो उत्पीडित वर्गको सामन्त वर्गप्रतिको प्रतिवाद हो । यसर्थ यहाँ उत्पीडित वर्गले जहिले सामन्त वर्गको अनावश्यक अन्याय नसहेर त्यसको प्रतिवाद पनि गर्दछन् भन्ने सन्दर्भ पनि प्रत्यक्ष रूपमा देखापर्दछ । रामबहादुरलाई शिवनारानले घोक्र्याएर घर पठाएकाले सुरमान सुब्बा आगो हुँदै अरू नोकरचाकरहरू लगेर शिवनारानलाई धुलो खुवाउन गएका आफू नै धुलो खाएर आउँछन् । उक्त सन्दर्भ उपन्यासमा यसरी आएको छ :

सुरमान सुब्बा आगो हुनासाथ रामबहादुरले खुब जमेर नोकरहरूलाई अह्राए- "लौ, त्यो कोठामा भएका तानहरू जम्मै बोकेर लैजाओ ।" नोकरहरू तान बोक्न सुरिन्छन् । रामबहादुर पनि शिवनारानलाई घोक्र्याउन पुग्छन् । सुरमान सुब्बाबाट अर्घेली र अचाक्ली हुनासाथ शिवनारान, हर्षनारानले समाएर धोबीले लुगा पछारेझैँ पछारिदिए । शिवनारानले सुरमान सुब्बालाई समाई माटो ख्वाइदिए । नोकरहरू त त्यसै जिल्ल परिरहे । घार्रघरै भएको आवाज सुनेर पुननारान र सब आइमाई, केटाकेटीहरू पनि भेला भए । एकछिन त पुननारान जिल्ल परेर किन, किन ? भनी त्यसै उभिरहे । शिवनारान र हर्षनारान सुरमान सुब्बा रामबहादुरलाई यताबाट उता, उताबाट यता उचाल्दै फ्याँकिरहे । ...सुरमान सुब्बा डराउँदै छिटोछिटो लम्कन थाले सुरमान जानासाथ रामबहादुर, नोकरहरू पनि लम्कँदै पछिपछि लागे । (पृ. १४६-१४७)

माथिको उद्धरणमा सान्मन्त वर्गहरूले अनावश्यक हमला गर्न आउँदा उत्पीडित वर्गले त्यसका विरुद्ध तिनीहरूलाई धुलोसमेत चटाउन पुगेको देखिन्छ । यहाँ सामन्त वर्गको पराजित र उत्पीडित वर्गको विजय भएको देख्न सकिन्छ । यो हुनु भनेको अन्यायको हार र न्यायको जित भएको हुनु हो । यसका साथै सुरमान सुब्बाको हार हुनु भनेको सिङ्गो सामन्त वर्गको हार हुनु हो र शिवनारानको जित हुनु भनेको सिङ्गो उत्पीडित वर्गको जित हुनु हो । यसर्थ यी उत्पीडित वर्गको वर्गसङ्घर्षका कार्यहरूले नै परिपोषण गरी उत्पीडित वर्गीय विश्वदृष्टि सिर्जना भएको हो ।

### ३.५.३ *एक चिहान* उपन्यासमा उपभोगवादी वर्गीय विश्वदृष्टि

उपभोगवादी वर्गीय विश्वदृष्टि भनेको मानिसले प्राप्त गर्ने सबैभन्दा ठुलो आनन्दानुभूति तथा विलासी जीवनबाट हुने वा भोग गरेर उत्पन्न हुने आनन्दानुभूति हो । *एक चिहान* उपन्यासमा पनि उपभोगवादी वर्गीय विश्वदृष्टि निर्माण भएको पाउन सकिन्छ । विशेष गरी उपन्यासमा डाक्टर गोदत्तप्रसाद र सुरमान सुब्बाको क्रियाकलापबाट उपभोगवादी वर्गीय विश्वदृष्टि सिर्जना भएको देखिन्छ ।

डाक्टर गोदत्तप्रसाद अलि सम्पन्न परिवारको व्यक्ति हो । उसको घरमा नोकरचाकरहरू पनि रहेको देख्न सकिन्छ । ऊ डाक्टरजस्तो पेसामा आबद्ध भए पनि आफ्नो कर्तव्यप्रति त्यति जिम्मेवारी हुन नखोजेको देखिन्छ । एउटा उत्पीडित, गरिब किसानको बुबा

बिरामी भएको बेला सहजै नजाने, केवल पैसाका लागि र स्त्रीको कुमारीत्व लुट्नलाई मात्र काम गर्ने व्यक्तिका रूपमा ऊ देखिन्छ । शिवनारानको घरमा उपचार गर्न जान नमानेका डाक्टर गोदत्तप्रसाद उपचार गर्न जाने क्रममा एक्कासि नानीथकुँलाई देखेपछि दिनदिनै नबोलाए पनि जाने गर्छन् । शिवनारानको बुबाको मृत्यु हुँदासमेत ऋण दिएर सहयोग गर्छन् । यो उनको दयामायाले भन्दा पनि उनले नानीथकुँलाई हात पार्न चारो फालेको हो । यसरी घरमा श्रीमती, छोराछोरी हुँदाहुँदै भरखरैको उमेर भएकी नानीथकुँलाई विभिन्न तरिकाले उसको घरमा अप्ठ्यारो परेको बेला आर्थिक सहयोग गरेर, मन जितेर मायाजालमा पार्न सफल हुन्छ । यसरी युवतीसित लागेर तिनीहरूलाई भोग गरेर आनन्द प्राप्त गर्ने पुरुषका रूपमा ऊ देखापर्दछ । उक्त सन्दर्भ उपन्यासमा यसरी आएको छ : “तिमी मदेखि साह्रै खुसी भएर निगाहको काखमा सुताएर मलाई तिमीले स्वर्गदान दिइरहेको सुअवसरमा तिमीसित आज म एकथोक माग्ने बिन्ती बसाऊँ है त नानीथकुँ ? प्रेमपूर्ण भावमा डाक्टर गोदत्तप्रसादले भने” (पृ.९२) । उक्त उद्धरणमा डाक्टर गोदत्तप्रसाद आफ्नी घरकी श्रीमतीलाई छोडेर अर्कै स्त्रीसित एकान्त गुपचुप कोठामा अरूको काखमा सुतेर आनन्द प्राप्त गर्छ । यो उसको नानीथकुँप्रतिको स्वच्छ पवित्र प्रेम नभएर कन्याकुमारीको कुमारीत्व लुटेर विलासी जीवन जिउने तरिका हो । यहाँ डाक्टर गोदत्तप्रसादको यी क्रियाकलाप र उसका अभिव्यक्तिले उपभोगवादी वर्गको सिर्जना गरेको देखिन्छ र यसले उपभोगवादी वर्गीय विश्वदृष्टि निर्माण गर्नमा ठुलो सघाउ पुगेको देखिन्छ । यसरी गोदत्त हर दिन नानीथकुँलाई भेट्न उसको घरमा हाजिर हुन्छ । श्रीमतीले अनेक गाली गरेर सम्झाउन खोजे तापनि केवल हाँसेर टारिदिन्छ । भात खाने बेलामा डाक्टर गोदत्तप्रसादकी श्रीमती रञ्जनादेवीले तपाईंको कस्तो बानी हो यो जता पनि स्वास्नीमान्छे चाहिन्छ मात्रै भन्छे । उक्त उपन्यासको सन्दर्भलाई यसरी प्रस्तुत गरिएको छ :

> डाक्टर गोदत्तप्रसादले भात खाइरहेको बेलामा कोही नभएको मौका छोपी रञ्जनादेवीले भनिन्- “होइन हो तपाईंको कस्तो बानी यो, के खुड्किलापिच्छे तपाईंलाई स्वास्नीमान्छे चाहिन्छ कि ? त्यत्रा बडाँदमी भएर कस्तो चाला यो ? कसैले थाहा पाए भने के भन्ने होला ? यस्तो पनि बानी । धेरै आँखा चिम्लिसकें, अब पनि आँखा चिम्लिरहनु त फसाद मोल्नु सम्झेर आज त भनिहालेकी- होस गर्नोस् है टाउको फोरेर कमाइराखेको इज्जत पानी भएर नपोखियोस् ।” (पृ. ९५)

माथिको उद्धरणमा पनि गोदत्तको बानी र रञ्जनादेवीले गोदत्तका बारेमा दिएका अभिव्यक्तिबाट डाक्टर गोदत्तप्रसाद उपभोगवादी नियतको मान्छे भएको प्रस्ट छ । उसले नानीथकुँजस्ता नारीहरूबाट आनन्द लिनलाई नै छुट्टै बिरामी कोठा खोली तिनीहरूसित जिस्किने र तिनीहरूबाट स्वर्गको आनन्दानुभूति लिएको महसुस गर्ने गर्छ । डाक्टर गोदत्तप्रसादका यस्ता क्रियाकलापबाट उपभोगवादी वर्गीय विश्वदृष्टि निर्माण हुन पुग्दछ । यो डाक्टर गोदत्तप्रसादको मात्र चरित्र नभएर तत्कालीन नेपाली समाजको उपभोगवादी वर्गहरूको आम चरित्र हो भन्ने विचार पनि पुष्टि भएको देखिन्छ । सधैँभरि बिरामी कोठामा बसिरहनुको कारण कृष्णलीला देखाउनका लागि हो कि बिरामी हेर्न हो भन्ने सन्दर्भले पनि उपन्यासमा डाक्टर गोदत्तप्रसादको उपभोगवादी प्रवृत्ति देखिन्छ । उक्त उपन्यासमा आएको सन्दर्भलाई यसरी प्रस्तुत गरिएको छ :

> "खुब हेर्नुभयो बिरामी ।" रोषपूर्ण भावमा रञ्जनादेवीले फेरि भनिन्- "मलाई थाहा छैन ? एक-एक देखेकी छु मैले तपाईंको साधुभेषमा कृष्णलीला । अगि आउने नानीथकुँ भन्ने किसानबालासित के गरिरहनुभएको ? के कुरा गरिरहनुभएको त्यो तारुण्य-तटिनी रमणीसित ? कि उसमा अटाई-नअटाई बगिरहेको उसको वर्षाकालीन यौवन-यमुनादेखि मस्त भएर आफू एउटा बिरामी हेर्न बसिरहेको डाक्टर हुँ भन्ने कुरा नै बिर्सनुभयो ?" (पृ.९८)

माथिको उद्धरणमा पनि डाक्टर गोदत्तप्रसादको चरित्रबाट नै उपभोगवादी वर्गीय विश्वदृष्टि सिर्जना भएको देखिन्छ । उसले बिरामी कोठामा तरुनीहरू बोलाएर तिनीहरूलाई मायाको जाल बुनेर मस्ती गर्ने साधनको रूपमा प्रयोग गरेको देखिन्छ । कामवास्नाले भरिएको डाक्टर गोदत्तप्रसाद शिवनारानको परिवारलाई ऋण दिएर त्यसको प्रत्यक्ष फाइदा नानीथकुँलाई प्रेमजालमा पारेर उपभोग गरेर लिन्छ । यसर्थ यो डाक्टर गोदत्तप्रसाद प्रतिनिधि चरित्रका रूपमा मात्रै देखा परेको छ । तर तत्कालीन नेपाली समाजमा भएका सिङ्गो डाक्टर गोदत्तप्रसादहरूको चरित्र यहाँ उपभोगवादी वर्गीय विश्वदृष्टिमा झल्किन्छ ।

यस्तै अर्का चरित्र सुरमान सुब्बा पनि शिवनारानको परिवारलाई तान किनेर उपहार दिएर, पोहोरसालको बाली मिनाहा गरेर, नानीथकुँलाई विवाहका लागि प्रस्ताव राख्न रामबहादुरलाई हतियार बनाएर प्रयोग गर्दछन् । धनसम्पत्तिले, उपहारले मान्छेलाई प्रयोग गर्न सकिन्छ भन्ने सोच भएका सुरमान सुब्बा पनि उपभोगवादी वर्गअन्तर्गत पर्दछन् ।

आफ्नी नातिनीसमान उमेरकी केटीसित विवाह गर्न खोज्नु, तल्लो जातकी केटीसित विवाह गर्न खोज्नु आदि यी सबै क्रियाकलाप कामवासनाले भरिएका छन् जो उपभोगवादी चरित्र प्रदर्शन गर्नु हो । यसले गर्दा यहाँ उपभोगवादी वर्गीय विश्वदृष्टि सिर्जना भएको देखिन्छ । सुरमानको मात्र चरित्र नभएर आम नेपाली समाजका सुरमानहरूको तत्कालीन समयको चित्रण गर्नु यस उपन्यासको लक्ष्य हो ।

## ३.६ निष्कर्ष

हृदयचन्द्रसिंह प्रधानका उपन्यास वर्गीय विश्वदृष्टिकोणले सबल नै देखिन्छन् । प्रधानको *स्वास्नीमान्छे* उपन्यासमा सामन्त, उत्पीडित, शासक, शासित र उपभोग वर्गीय विश्वदृष्टिको प्रयोग भएको पाइन्छ भने *एक चिहान* उपन्यासमा सामन्त, उत्पीडित र उपभोग वर्गीय विश्वदृष्टिको प्रयोग भएको पाइन्छ । *स्वास्नीमान्छे* उपन्यासमा हैकमवादी, धम्कीपूर्ण भाषाको प्रयोग, षड्यन्त्रकारी आदि सामन्त वर्गीय विश्वदृष्टि, बाध्यात्मक, मातृत्व, नारीत्व, दमित व्यक्तित्वजस्ता उत्पीडित वर्गीय विश्वदृष्टि, षड्यन्त्रकारी, दमनकारी, सत्ताधारी, आक्रमणकारी, निरङ्कुशकारीजस्ता शासक वर्गीय विश्वदृष्टि, अमानुषी, विद्रोही, चेतनात्मक, समाजसुधार, देशनिर्माण, सुशान्त समाजसुधार शासित वर्गीय विश्वदृष्टि र विलासियता, बहुविवाह, मनोरञ्जन, बनावटी मायाप्रेम, कामवासनात्मक, जबर्जस्तीपना उपभोगवादी वर्गीय विश्वदृष्टिको विकास भएको देखिन्छ ।

*एक चिहान* उपन्यासमा हैकमवादी, बेवास्तामुखी, अमानुषी, हेपाहा, षड्यन्त्रकारी सामन्त वर्गीय विश्वदृष्टि, दयनीय, आर्थिक कमजोरी, अस्तित्वको खोजी, प्रतिवादामत्क उत्पीडित वर्गीय विश्वदृष्टि र आनन्दानुभूति, विलासियता, षड्यन्त्रकारी, कृष्णलीलावादी, बनावटी मायाप्रेम, कामवास्नात्मक उपभोगवादी वर्गीय विश्वदृष्टिको विकास भएको पाइन्छ ।

# चौथो परिच्छेद
# सारांश तथा निष्कर्ष

## ४.१ सारांश

पहिलो परिच्छेदमा शोधप्रबन्धको विषयपरिचय दिइएको छ । यस क्रममा शोधशीर्षक सम्बद्ध दुईवटा शोधसमस्या उल्लेख गर्दै हृदयचन्द्रसिंह प्रधानका उपन्यासलाई गोल्डमानको विश्वदृष्टिसम्बन्धी मान्यताका आधारमा व्याख्या, विश्लेषण गर्ने उद्देश्य राखिएको छ । यस्ता उद्देश्य पूरा गर्नका लागि कालक्रमिक रूपमा पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा उल्लेख गरिएको छ । हालसम्म प्रधानका उपन्याससँग सम्बन्धित अध्ययन यसभन्दा अगाडि थुप्रै भए तापनि शोधप्रबन्ध शीर्षकसम्बद्ध अध्ययन नभएकाले यस अध्ययनको महत्त्व रहेको देखिन्छ । अध्ययनलाई वस्तुनिष्ठ, तार्किक, विश्वसनीय र वैधताका लागि पुस्तकालय स्रोतबाट प्राथमिक र द्वितीयक स्रोतका सामग्री सङ्कलन गरी अध्ययन, विश्लेषणसहित निगमनात्मक विधिको ढाँचाबाट व्यवस्थित गरी शोधप्रबन्धको परिच्छेदगत रूपरेखा प्रस्तुत गरिएको छ ।

दोस्रो परिच्छेद शोधप्रबन्धको पहिलो प्रश्नको समाधानसँग सम्बन्धित रहेको छ । यसमा सामाजिक संरचनाको सैद्धान्तिक चिनारी दिँदै हृदयचन्द्रसिंह प्रधानका *स्वास्नीमान्छे* र *एक चिहान* उपन्यासमा सामाजिक संरचनाको पहिचान गरी विश्लेषण गरिएको छ । हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा विभिन्न सामाजिक संरचना पाइन्छ । उनका उपन्यासमा विशेष गरी पारिवारिक, सामुदायिक, लैङ्गिक र धार्मिक सामाजिक संरचनात्मक विश्वदृष्टि प्रबल रूपमा पाइन्छ । पारिवारिक संरचनामा पारिवारिक नेतृत्व, पेसा, व्यवसाय, एकल र संयुक्त पारिवारिक संरचना, नातासम्बन्धजस्ता संरचनाहरू देखा परेका छन् । *स्वास्नीमान्छे* उपन्यासमा एकल पारिवारिक संरचना, पेसाका हिसाबले जागिरे, वेश्या, पुलिस, सैनिक, समाजसेवी, न्यायाधीश, राजनीतिज्ञ आदि पारिवारिक सामाजिक संरचनाका रूपमा भेटिन्छ । सामुदायिक संरचनाभित्र भौगोलिक समुदायका रूपमा काठमाडौँको स्वयम्भू, बागमती, पशुपतिवरिपरिको समुदायको चित्रण छ भने शिक्षित समुदायमा शिक्षित र अशिक्षित समुदाय, आर्थिक समुदायभित्र हुनेखाने र हुँदा खाने समुदायको र जातिगत रूपमा हेर्दा बाहुन समुदायका साथै न्यायालयको, आन्दोलनकारीको समुदाय, वेश्यालयको समुदाय,

पुलिस, सैनिक, सिपाही, सशस्त्रहरूको समुदाय देखापर्दछन् । लैङ्गिक संरचनाका रूपमा स्वास्नीमान्छे उपन्यासमा पुलिङ्गी र स्त्रीलिङ्गी पात्रको प्रयोग भएको देखिन्छ । मोतीमाया, विनोद, मैयाँनानी, प्रमोद र मोहनबहादुर यस उपन्यासमा मुख्य चरित्रका रूपमा आएका छन् । *स्वास्नीमान्छे* उपन्यासमा पूजा गर्नु, आरती गर्नु, बागमती जानु, पशुपति जानु, स्वयम्भू, जोगी भिक्षु, कृष्णको मूर्ति, भगवान्को पुकार आदि जस्ता विषयवस्तु धार्मिक सामाजिक संरचना निर्माण गर्नका लागि सशक्त रूपमा आएका छन् ।

*एक चिहान* उपन्यासमा एकल र संयुक्त परिवारका रूपमा पारिवारिक संरचना आएको पाइन्छ । शिवनारानको परिवार संयुक्त परिवारको रूपमा देखा पर्दछ भने अरू परिवारहरू एकल परिवारका रूपमा आएका छन् । पेसाका हिसाबले किसान, डाक्टर, सुब्बा, सिकर्मी, डकर्मी आदि सामाजिक संरचनाहरू देखापर्दछन् । विशेष गरी *एक चिहान* उपन्यासमा विवाह, पेसा, व्यवसाय, जागिर आदि पारिवारिक सामाजिक संरचनाका दृष्टिले विश्वदृष्टिको विकास भएको पाइन्छ । यस उपन्यासमा नेवारी, तामाङ, मधेसी जातिगत समुदायका रूपमा देखापर्दछ भने शैक्षिक दृष्टिले शिक्षित र अशिक्षित समुदाय, भौगोलिक हिसाबले हिमाली, पर्वते र उपत्यकाभित्रको समुदाय, आर्थिक हिसाबले उच्च वर्ग, निम्न वर्ग र अति निम्न वर्गको समुदाय आदि सामुदायिक सामाजिक संरचनाका रूपमा देखापर्दछ जसले विश्वदृष्टिको विकास गर्न निकै ठुलो टेवा पुगेको देखिन्छ । लैङ्गिक संरचनाका दृष्टिले यस उपन्यासमा पुलिङ्ग र स्त्रीलिङ्ग पात्रको प्रयोग भएको देखिन्छ । उपन्यासमा नानीथकुँ, रञ्जनादेवी, शिवनारान, डाक्टर गोदत्तप्रसाद, सुरमान सुब्बा प्रमुख रूपमा आएका देखिन्छन् । धार्मिक संरचनाका दृष्टिले पूजापाठ गर्नु, किरिया गर्नु, देवीदेवताको उच्चारण गर्नु, गाईलाई गोमाता मान्नु, रावणको सन्दर्भ आउनु, हिन्दु धर्मको पालना गर्नु, किसानलाई देवताको परमात्माका रूपमा व्यङ्ग्य गर्नु, उपन्यासका पात्र भगवान्को नाममा आउनु, ज्योतिषीलाई चिह्ना देखाउनु, पाप गर्नु, धर्म गर्नु, देवताको नाम लिएर व्यङ्ग्य गर्नु आदि धार्मिक संरचनाका रूपमा आएका छन् । यसरी प्रधानका *स्वास्नीमान्छे* र *एक चिहान* उपन्यासमा पारिवारिक, सामुदायिक, लैङ्गिक र धार्मिक संरचनात्मक विश्वदृष्टि निर्माण भएको पाइन्छ । यो सामाजिक संरचनाको निर्माण उपन्यासकारले समकालीन नेपाली समाजको अवलोकन गरेर निर्माण गर्ने कार्य भएको विश्वदृष्टि हो । उक्त उपन्यासमा समकालीन अवस्थाका सामाजिक संरचना देखा परे तापनि वर्तमान नेपाली समाजमा पनि यस्ता सामाजिक

संरचना विद्यमान नै छन् । तसर्थ प्रधानका उपन्यासहरू सामाजिक संरचनात्मक विश्वदृष्टिका कोणले हेर्दा उत्कृष्ट नै रहेका छन् ।

तेस्रो परिच्छेद शोधप्रबन्धको दोस्रो प्रश्नको समाधानसँग सम्बन्धित रहेको छ । यसमा विश्वदृष्टिको सैद्धान्तिक चिनारी दिँदै हृदयचन्द्रसिंह प्रधानको *स्वास्नीमान्छे* उपन्यासमा सामन्त वर्गीय, उत्पीडित वर्गीय, शासक वर्गीय, शासित वर्गीय र उपभोगवादी वर्गीय विश्वदृष्टिका आधारमा अध्ययन, विश्लेषण गरिएको छ भने *एक चिहान* उपन्यासमा सामन्त वर्गीय, उत्पीडित वर्गीय र उपभोगवादी वर्गीय विश्वदृष्टिका आधारमा मात्र अध्ययन, विश्लेषण गरिएको छ । हृदयचन्द्रसिंह प्रधानका उपन्यास वर्गीय विश्वदृष्टिकोणले सबल नै देखिन्छन् ।

प्रधानको *स्वास्नीमान्छे* उपन्यासमा सामन्त, उत्पीडित, शासक, शासित र उपभोग वर्गीय विश्वदृष्टिको प्रयोग भएको पाइन्छ । उपन्यासमा सामन्त वर्गीय विश्वदृष्टिका सन्दर्भमा प्रम्रोद, मोहनबहादुर, कमला आदिको क्रियाकलापबाट हैकमवादी, धम्कीपूर्ण भाषाको प्रयोग, षड्यन्त्रकारी आदि सामन्त वर्गीय विश्वदृष्टि विकास भएको पाइन्छ । उत्पीडित वर्गीय विश्वदृष्टिका रूपमा विनोद, मोतीमाया, मैयाँनानी, मिस्रीदिदी, नानीप्राण, लीलाका चरित्रबाट बाध्यात्मक, मातृत्व, नारीत्व, दमित व्यक्तित्वजस्ता उत्पीडित वर्गीय विश्वदृष्टिको विकास पनि उपन्यासमा भएको देखिन्छ । शासक वर्गका रूपमा अञ्जनाकुमारी, सुरप्रसाद, पुलिस, न्यायाधीशका चरित्रका माध्यमबाट षड्यन्त्रकारी, दमनकारी, सत्ताधारी, आक्रमणकारी, निरङ्कुशकारीजस्ता शासक वर्गीय विश्वदृष्टिको विकास उपन्यासमा भएको देखिन्छ । शासित वर्गका रूपमा वासन्ती, मैयाँनानी, नानीप्राणका चरित्रबाट अमानुषी, विद्रोही, चेतनात्मक, समाजसुधारक, देशनिर्माण, सुशान्त समाजसुधार-जस्ता शासित वर्गीय विश्वदृष्टिको विकास भएको पाइन्छ । उपभोगवादी वर्गका रूपमा प्रमोद, मोहनबहादुर, इज्जतदार पुरुषका विभिन्न चरित्रबाट विलासियता, वहुविवाह, मनोरञ्जनानत्मक, वनावटी मायाप्रेम, कामवास्नात्मक, जबर्जस्तीपना उपभोगवादी वर्गीय विश्वदृष्टिको विकास भएको देखिन्छ ।

*एक चिहान* उपन्यासमा सामन्त, उत्पीडित र उपभोगवादी वर्गीय विश्वदृष्टिको प्रयोग भएको पाइन्छ । उपन्यासमा सामन्त वर्गको रूपमा डाक्टर गोदत्तप्रसाद, सुरमान सुब्बा, रामबहादुरका चरित्रबाट तथा तिनीहरूको क्रियाकलापबाट हैकमवादी, बेवास्तावादी,

अमानुषी, हेपाहा, षड्यन्त्रकारी सामन्त वर्गीय विश्वदृष्टि पाइन्छ । उत्पीडित वर्गका रूपमा शिवनारानको परिवार, नानीथकुँको व्यवहार, शिवनारानको चरित्रबाट दयनीय, आर्थिक कमजोरी, अस्तित्वको खोजी, प्रतिवादात्मक उत्पीडित वर्गीय विश्वदृष्टिको विकास भएको पाइन्छ । उपभोगवादी वर्गको रूपमा डाक्टर गोदत्तप्रसादको र सुरमान सुब्बाको क्रियाकलाबाट आनन्दानुभूति, विलासीता, षड्यन्त्रकारी, बनावटी मायाप्रेम, कामवासनात्मक उपभोगवादी वर्गीय विश्वदृष्टिको विकास भएको पाइन्छ ।

यसरी प्रधानका *स्वास्नीमान्छे* उपन्यासमा वर्गीय विश्वदृष्टिकोणले हेर्दा सामन्त वर्गीय, उत्पीडित वर्गीय, शासक वर्गीय, शासित वर्गीय र उपभोगवादी वर्गीय विश्वदृष्टिको विकास भएको पाइन्छ भने *एक चिहान* उपन्यासमा सामन्त वर्गीय, उत्पीडित वर्गीय र उपभोगवादी वर्गीय विश्वदृष्टिको विकास भएको पाइन्छ । यो वर्गीय विश्वदृष्टिको निर्माण उपन्यासकारले समकालीन नेपाली समाजको अवलोकन गरेर निर्माण भएको विश्वदृष्टि हो । उक्त उपन्यासमा समकालीन अवस्थाको वर्गीय विश्वदृष्टि देखा परे तापनि वर्तमान नेपाली समाजमा पनि यस्तो वर्गीय विश्वदृष्टि विद्यामान नै देखिन्छ । तसर्थ प्रधानका उपन्यास वर्गीय विश्वदृष्टिका कोणले हेर्दा पनि *एक चिहान* भन्दा *स्वास्नीमान्छे* उपन्यासमा वर्गीय विश्वदृष्टि सशक्त रूपमा विकास भएको देखिन्छ ।

चौथो परिच्छेद शोधप्रबन्धको अन्तिम परिच्छेद हो । यसमा परच्छेदगत सारांश प्रस्तुत गरी अन्तमा निष्कर्ष प्रस्तुत गरिएको छ ।

## ४.२ निष्कर्ष

हृदयचन्द्रसिंह प्रधानको *स्वास्नीमान्छे* र *एक चिहान* उपन्यासमा तत्कालीन नेपाली समाजको विद्यमान यथार्थलाई चित्रण गरेको देखिन्छ । सामाजिक चेतनाले समाजमा भएका व्यक्तिहरूको समूह वा वर्गलाई एउटै समूहमा रहेर उनीहरूको पहिचानको धरातल निर्माण हुन्छ भन्ने गोल्डमानको मान्यतास्वरूप प्रधानका उपन्यासमा सामन्त र उत्पीडित, शासक र शासित तथा राज्यसत्ता र विद्रोही समूहको उपस्थिति पाइन्छ । यसरी प्रधानका उपन्यासमा एकातिर उत्पीडित समुदायको प्रतिवादात्मक विचार आएको छ भने अर्कोतिर शासक र शासित वर्गको विचारविमर्शले पनि त्यस वर्गको अभिव्यक्तिले विश्वदृष्टिको निर्माण भएको देखिन्छ । यहाँ  हृदयचन्द्रसिंह प्रधानको उपन्यासमा विश्वदृष्टिका कोणबाट गरिएको प्रस्तुत

अध्ययनबाट प्राप्त निष्कर्षलाई शोधप्रश्नका सापेक्षतामा बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

(१) हृदयचन्द्रसिंह प्रधानको उपन्यासमा विश्वदृष्टि शीर्षकको शोधप्रबन्धको पहिलो समस्या हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा सामाजिक संरचना के कस्तो छ भन्ने हो । यो पहिलो समस्यामा केन्द्रीकृत हुँदा उनका उपन्यासमा सामाजिक संरचनाका रूपमा पारिवारिक संरचना, सामुदायिक संरचना, लैङ्गिक संरचना र धार्मिक संरचना रहेका छन् । पारिवारिक संरचनाका रूपमा स्वास्नीमान्छे उपन्यासमा प्रमोद हिराज्यान, मोहनबहादुर, मैयाँनानी, मिस्रीदिदी, नानीप्राण, वासन्ती आदिका परिवारहरू एकल परिवारका रूपमा देखापर्दछन् । किनकि यी सबैको परिवारमा बुबाआमा र छोराछोरीबाहेक अरू सदस्यहरूको उपस्थिति देखिदैन । यिनीहरूको हरेकका परिवारमा श्रीमानले दोस्रो विवाह गरेका कारण जेठी श्रीमतीले पीडा सहन नसकेर घर छोडेर जानुपर्ने पारिवारिक सम्बन्ध पनि उपन्यासमा पाइन्छ । पेसाका हिसाबले प्रमोद जागिरे, विनोद विद्यार्थी हुन् भने चम्पा नोकर्नी, मैयाँनानी, सिस्रीदिदी, नानीप्राण आदि परिबन्दले वेश्या बन्नुपरेको बाध्यात्मक अवस्था सिर्जना भएको पाइन्छ । उपन्यासमा विशेष गरेर प्रमोदको परिवारको नातासम्बन्ध हेर्दा मोतीमाया र विनोदको आमाछोराको एक किसिमको पवित्र हार्दिक प्रेम छ भने प्रमोद र कमलाबीच अर्को किसिमको पतिपत्नीको हार्दिक प्रेम रहेको पाइन्छ । छोरा विनोदले अन्यायका लागि लड्दा आफ्नो बुबासित नै लड्नु पर्ने बाध्यात्मक अवस्था पाइन्छ । परिवारलाई शैक्षिक रूपमा हेर्दा मोतीमायाको परिवारका सबै सदस्यहरू शिक्षित रहेका छन् । यसरी *स्वास्नीमान्छे* उपन्यासलाई पारिवारिक संरचनाका रूपमा एकल परिवार, पेसा, नातासम्बन्ध, विवाह, नेतृत्व आदि देखापर्दछन् । उपन्यासलाई सामुदायिक संरचनाका दृष्टिले हेर्दा भौगोलिक, आर्थिक, शैक्षिक, भाषिक, जातीय संरचनाहरू रहेका छन् । भौगोलिक संरचनाका रूपमा गाउँ र सहरका विभिन्न ठाउँहरूको समावेश भएको पाइन्छ । विशेष गरी स्वयम्भू, पशुपति मन्दिर, बागमती नदी, कलकत्ता सहर, काठमाडौँका गल्ली, इटुबहालको आमसभा आदि भौगोलिक संरचनाका रूपमा रहेका छन् । आर्थिक रूपले हेर्दा प्रमोद, मोहनबहादुर, इज्जतदार पुरुष, न्यायाधीश, अञ्जनाकुमारी, सुरप्रसादजस्ता पात्रले सम्पन्न समुदायको प्रतिनिधित्व गरेका छन् भने मैयाँनानी, मिस्रीदिदी, चम्पा, नानीप्राण, वासन्ती आदिजस्ता पात्रले विपन्न समुदायको प्रतिनिधित्व गरेका छन् । शैक्षिक दृष्टिले समाजमा धरै पात्रहरू सरकारी जागिरे, सैनिक, सिपाही, न्यायाधीशजस्ता पात्रले शिक्षित समुदायको प्रतिनिधित्व

गरेका छन् भने चम्पा नानीप्राण आदि पात्रले अशिक्षित समुदायको प्रतिनिधित्व गरेका छन् । लैङ्गिक संरचनाका दृष्टिले पुलिङ्गी र स्त्रीलिङ्गी दुवै पात्रको प्रयोग भए तापनि विचारका हिसाबले स्त्रीलिङ्गी पात्रहरूको भूमिका सशक्त रूपमा आएको छ । समाजमा पितृसत्तात्मक सोचले नारीहरूलाई दमन गर्न खोज्दा त्यसका बिरुद्ध नारीहरू सबै एकजुट भएर नारी हकहितका लागि विभिन्न महिला सङ्घसंस्थाहरू खोलिनुका साथै अन्यायअत्याचारका विरुद्ध मैयाँनानी, वासन्तीजस्ता नारीहरूले नेतृत्व गरेर, उत्पीडित नारीहरूलाई अग्रसर गराउन, हतियार समाएर, गोली चलाउनसमेत पछि परेका छैनन् । यसरी नारी सशक्तताले समाजलाई परिवर्तन गर्न खोजिएको *स्वास्नीमान्छे* उपन्यासमा पाइन्छ । यसमा विनोदजस्ता कुशल पुरुषहरूले पनि नारीका हकहितका लागि सदैव साथ दिनुपर्छ भन्ने सन्देश दिएको छ । धार्मिक सामाजिक संरचनाका दृष्टिले मोतीमायाले बिहान पूजाकोठामा पूजाआजा गर्ने र साँझ कृष्णमूर्तिको वरिपरि घुमेर आरती गर्ने भएकाले उसलाई धार्मिक संरचनाको प्रतिमूर्तिका रूपमा हेर्न सकिन्छ । यस्तै मिस्रीदिदी हरेक बिहान बागमती नदी नुहाउन जाने गरेको, मैयाँनानीले पशुपति जान नछाड्ने सन्दर्भले धार्मिक संरचनाको विकास हुन पुगेको पाइन्छ । यसरी *स्वास्नीमान्छे* उपन्यास विभिन्न सामाजिक संरचनाले परिपोषण भई यसले साझा  विश्वदृष्टिको विकास गरेको पाइन्छ ।

प्रधानको *एक चिहान* उपन्यासमा पनि पारिवारिक संरचनाका रूपमा संयुक्त र एकल परिवार रहेका छन् । शिवनारानको परिवारमा बुबाआमा, श्रीमती, छोराछोरी, भाइबुहारी, बहिनी सबैले एउटै भान्सामा खानाखानुका साथै पैतृक सम्पत्तिको पनि कुनै भागवण्डा नगरेकाले उनको परिवार संयुक्त हो भने डाक्टर गोदत्तप्रसादको परिवारमा श्रीमान्श्रीमती र छोराछोरी मात्रै भएकाले उनको परिवार एकल परिवार हो । शिवनारानको परिवारमा भौतिक सुखसुविधाको अभाव भए तापनि पारिवारिक सुखसुविधा भने निकै पाइन्छ । तर डाक्टर गोदत्तप्रसादको परिवारमा भौतिक सुखसुविधा भए पनि पारिवारिक सुखसुविधाको भने अभाव रहेको पाइन्छ । पेसाका हिसाबले शिवानारानको परिवार कृषि पेसामा नै बढी सक्रिय देखिन्छ भने डाक्टर गोदत्त र सुरमान सुब्बाको परिवारमा गोदत्त र सुरमान सुब्बा सरकारी जागिरेमा आबद्ध रहेका छन् । उपन्यासलाई सामुदायिक दृष्टिले हेर्दा भौगोलिक, आर्थिक, जातीय, भाषिक संरचनाहरू रहेका छन् । भौगोलिक संरचनाका रूपमा थापाथलीको कुरियागाउँ, हिमाल, मधेस, पर्वत, पुतली सडक, गाउँ र सहरको सामुदयिक भौगोलिक संरचनाहरू रहेका पाइन्छन् भने आर्थिक रूपमा गोदत्त र सुरमान सुब्बाले सम्पन्न

समुदायको, शिवनारानले विपन्न समुदायको प्रतिनिधित्व गरेका छन् । रञ्जनादेवी र शिवनारानले नेवारी, माहिला तामाङ र पुतली तामाङले तामाङ, रामखेलवानले मैथली भाषाजस्ता भाषिक समुदायिक संरचनाहरूको प्रतिनिधित्व गरेका छन् । शैक्षिक दृष्टिले हेर्दा शिवनारानको परिवारले अशिक्षित समुदायको प्रतिनिधित्व गरेको छ भने गोदत्तको परिवारले शिक्षित समुदायको भूमिका निर्वाह गरेको छ । लैङ्गिक संरचनाका आधारमा *एक चिहान* उपन्यासमा पुलिङ्गी र स्त्रीलिङ्गी दुवै पात्रको प्रयोग भएको पाइन्छ । विशेष गरी शिवनारान, नानीथकुँ, डाक्टर गोदत्तप्रसाद आदिको भूमिका सशक्त रूपमा आएको पाइन्छ । यसका साथै रञ्जनादेवीको विशिष्ट भनाईहरूबाट लैङ्गिक संरचनालाई थप टेवा पुऱ्याएको देखिन्छ । धार्मिक संरचनाका दृष्टिले हेर्दा *एक चिहान* उपन्यासमा अष्टनारानको मृत्युपछि छोराहरू किरिया बस्नु, नानीथकुँका लागि सुरमान सुब्बाले चिह्ना हेरेको कुरा रामबहादुरले लतमायालााई बताउनुका साथै उपन्यासमा देवीदेवताको पूजा गर्नु, हिन्दु धर्मको सन्दर्भ आउनु, रामसीता र रावणको प्रसङ्ग आउनु, गाईलाई गोमाता मान्नुजस्ता क्रियाकलापले धार्मिक संरचनाको परिपोषण गरेको छ ।

उपन्यासका यस्ता विभिन्न सामाजिक संरचनाले पितृसत्तात्मक, वहुविवाह, अनमेल विवाह, पारिवारिक नेतृत्व, नातासम्बन्ध, पेसा, व्यवसाय, कृषि, जातीय, भाषिक धार्मिक, लैङ्गिक, शैक्षिक, आर्थिक, राजनीतिक, भौतिक, सांस्कृतिक, भौगोलिक, वर्गीय आदि संरचनाले सामाजिक संरचनालाई परिपोषण गर्ने गरेका छन् । उपन्यासकार प्रधानले तत्कालीन समयको नेपाली समाजको वास्तविकताको आधारमा यिनको चित्रण गरेका छन् । उनले तत्कालीन नेपाली समाजको अनुगमन गरेर यस किसिमको सामाजिक संरचनालाई परिचिन्तन गरेका छन् । यो नेपाली समाजको यथार्थको प्रतिबिम्बन हो । यस्ता सामाजिक संरचनात्मक संरचनाले विश्वदृष्टिको विकास गरेको पुष्टि हुन्छ ।

(२) हृदयचन्द्रसिंह प्रधानको उपन्यासमा विश्वदृष्टि शीर्षकको शोधप्रबन्धको दोस्रो समस्या हृदयचन्द्रसिंह प्रधानको उपन्यासमा के कस्तो वर्गीय विश्वदृष्टिको प्रयोग गरिएको छ भन्ने हो । यो दोस्रो समस्यामा केन्द्रीकृत हुँदा उनका उपन्यासमा वर्गीय विश्वदृष्टिका रूपमा सामन्त वर्गीय, उत्पीडित वर्गीय, शासक वर्गीय, शासित वर्गीय र उपभोगवादी वर्गीय विश्वदृष्टि रहेका छन् । उपन्यासका विभिन्न पात्रका विचार, अनुभूति र व्यवहारका माध्यमबाट यस्ता विश्वदृष्टिको विकास भएको पाइन्छ । *स्वास्नीमान्छे* उपन्यासमा विशेष

गरी प्रमोद, मोहनबहादुर, कमला, हिराज्यान आदि पात्रको विचार, अनुभूति र व्यवहारले हैकमवादी, विभेदकारी, षड्यन्त्रकारी, धम्कीपूर्ण सामन्त वर्गीय विश्वदृष्टिको विकास गरेका छन् भने मोतीमाया, विनोद, मिस्रीदिदी, मैयाँनानी, चम्पा आदि पात्रहरूको विचार, अनुभूति र क्रियाकलापले बाध्यात्मक, मातृत्वप्रेम, समाजसुधार, विद्रोही चेतनात्मक उत्पीडित वर्गीय विश्दृष्टिको विकास गरेका छन् । यस्तै अञ्जनाकुमारी, सुरप्रसाद, पुलिस, न्यायाधीश आदिको चरित्रबाट सत्ताधारी, आक्रमणकारी, बेवास्तावादी, अमानुषी शासित वर्गीय विश्वदृष्टिको विकास भएको देखिन्छ भने वासन्ती, मैयाँनानी, नानीप्राण, लीलाजस्ता चरित्रका विचार, अनुभूति र क्रियाकलापले सुशान्त समाजसुधार, देशनिर्माण, पहिचानात्मक, विद्रोही चेतनात्मक शासित वर्गीय विश्वदृष्टिको सिर्जना भएको देखिन्छ । प्रमोद र मोहनबहादुरको अनुभूति, विचार र क्रियाकलापबाट विलासी जीवन, मनोरञ्जनात्मक, किर्ते मायाप्रेम, जबर्जस्तीकरण, कामवासनात्मक, हेपाहा प्रवृत्ति, धनसम्पत्तिको मात, आनन्दानुभूतिजस्ता उपभोगवादी वर्गीय विश्वदृष्टिको निर्माण भएको पाइन्छ । यस्तै *एक चिहान* उपन्यासमा पनि डाक्टर गोदत्तप्रसाद, सुरमान सुब्बा र रामबहादुरजस्ता प्रतिनिधि पात्रका विभिन्न विचार, अनुभूति र क्रियाकलापबाट हैकमवादी, पितृसत्तात्मक, विभेदकारी, षड्यन्त्रकारी, धम्कीपूर्णजस्ता सामन्त वर्गीय विश्वदृष्टिको विकास भएको देखिन्छ । शिवनारानको परिवारबाट समग्र उत्पीडित वर्गको प्रतिनिधित्व गरी उपन्यासकारले विद्रोह चेतनात्मक, प्रगतिवादी, प्रतिवादात्मक उत्पीडित वर्गीय विश्वदृष्टिको सिर्जना गरेका छन् । डाक्टर गोदत्तप्रसाद र सुरमान सुब्बाजस्ता चरित्रका विभिन्न विचार, अनुभूति र क्रियाकलापले विलासी, काम्वास्नात्मक, मनोरञ्नात्मक, षड्यन्त्रकारी, विसङ्गतिवादीजस्ता उपभोगवादी वर्गीय विश्वदृष्टिको विकास भएको देखिन्छ । यसरी विभिन्न व्यक्ति वा वर्गका विभिन्न व्यवहार, अनुभूति र विचारबाट सामूहिक विचारको निर्माण भएर, विश्वदृष्टिको विकास भई वर्गीय विश्वदृष्टिलाई परिपोषण गर्ने कार्य गरेको पाइन्छ । यसरी प्रधानले *स्वास्नीमान्छे* र *एक चिहान* उपन्यासमा समकालीन नेपाली समाजको अनुगमन गरेर यस किसिमको वर्गीय विश्वदृष्टिलाई विशेष चिन्तन गरेका छन् । यो नेपाली समाजको यथार्थ प्रतिबिम्बन हो । यस्ता वर्गीय विश्वदृष्टिले समग्र विश्वदृष्टिको विकास गरेको पुष्टि हुन्छ ।

समग्रमा यी निष्कर्षबाट हृदयचन्द्रसिंह प्रधानका *स्वास्नीमान्छे* र *एक चिहान* उपन्यासमा तत्कालीन नेपाली समाजमा प्रचलित विचार, मूल्यमान्यताहरू, सामाजिक सम्बन्धहरू, पारिवारिक संरचना, सामुदायिक संरचना, लैङ्गिक संरचनाजस्ता सामाजिक

संरचना तथा सामन्त वर्ग, उत्पीडित वर्ग, शासक वर्ग, शासित वर्ग र उपभोगवादी वर्गबाट विशिष्ट किसिमको विश्वदृष्टिको विकास भएको देखिन्छ । यस्ता सामाजिक संरचना तथा वर्गले युगीन नेपाली समाजको प्रतिबिम्बन गरेको यसको निष्कर्ष हो ।

# सन्दर्भ सामग्रीसूची


अर्याल, विष्णुप्रसाद (२०६७), काठमाडौँमा कामरेड कथा सङ्ग्रहको समाजशास्त्रीय अध्ययन, अप्रकाशित स्नातकोत्तर शोधप्रत्र, मानविकी तथा सामाजिकशास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर ।

आचार्य, अमृतप्रसाद (२०६९), आख्यानकार हृदयचन्द्रसिंह प्रधान : लैङ्गिक समानताका प्रवक्ताका रूपमा, *सुकुना सौरभ* पृ. ३२-९४ ।

आचार्य, युवती (२०६९), छापामारको छोरो कथा सङ्ग्रहको समाजशास्त्रीय अध्ययन अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर ।

उप्रेती, कमला (२०६३), स्वास्नीमान्छे उपन्यासको कृतिपरक अध्ययन, अप्रकाशित स्नातकोत्तर शोधपत्र, मानविकी तथा सामाजिकशास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर ।

कार्की, दीपक (२०७६), राजेन्द्र विमलका कथामा विश्वदृष्टि, अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, मानविकी तथा सामाजिकशास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर ।

क्षेत्री, उदय (२०६४), समाजशास्त्रीय दृष्टिमा इन्द्रबहादुर राईका आख्यानको अध्ययन अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, काठमाडौँ : मानविकी तथा सामाजिक शास्त्र सङ्काय. त्रि.वि.कीर्तिपुर ।

खत्री, कमलबहादुर (२०५८), एक चिहान उपन्यासको कृतिपरक अध्ययन, अप्रकाशित स्नातकोत्तर शोधप्रबन्ध. त्रि.वि., कीर्तिपुर ।

खनाल, राजेन्द्र (२०६९), लैङ्गिक चर्चामा तीन घुम्ती, *अन्वेषण,* (वर्ष १, अङ्क १), पृ. ७३-७८ ।

खनाल, राजेन्द्र (२०७५), *लैङ्गिक समालोचना सिद्धान्त र प्रयोग,* कीर्तिपुरः सनलाइट पब्लिकेसन ।

खनाल, विन्दुदेवी (२०७२), महेशविक्रम शाहका कथामा अनुभूतिको संरचना, अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, मानविकी तथा सामाजिकशास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर ।

गडतौला, नारायणप्रसाद (२०७४), *समकालीन नेपाली कविताको समाजशास्त्र,* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

गिरी, अमर (२०७०), सांस्कृतिक अध्ययनका सैद्धान्तिक आधार र अवधारणा, *भृकुटी* ( सांस्कृतिक अध्ययन विशेषाङ्क, भाग १९) पृ. ११-४६) ।

गोल्डमान, लुसिएँ (सन् १९९०), एस्से अन मेथड इन द सोसियोलोजी अफ लिटेचर, सम्पा. विलियम क्यु बोएलआवर सेन्ट लुइस : अमेरिका टेलोस प्रेस ।

घर्ती, दुर्गा बहादुर (सन् २०११), साहित्यको समाजशास्त्रका प्रमुख मान्यता, *पर्सपेक्टिव अन हायर एड्केसन,* भोल्यसम भोल्युम ६ अक्टोबर, त्रिभुवन युनिभर्सिटी टिचर्स एसोसिएसन युयिनभर्सिटी क्याम्पस युनिट २३२-२४० ।

घिमिरे, तुलसी (२०७६), महेशविक्रमका कथामा विश्वदृष्टि*,* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, मानविकी तथा सामाजिकशास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर ।

चौहान, ईश्वर (२०७४), हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा जाति, क्षण र पर्यावरण, अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, मानविकी तथा सामाजिशास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर ।

जैन, निर्मला (सम्पा.) (सन् १९९२), *साहित्यका समाजशास्त्रीय चिन्तन,* दिल्ली : हिन्दी माध्यम कार्यान्वयन निर्देशनालय, दिल्ली विश्वविद्यालय ।

ढकाल, रजनी (२०७०), सांस्कृतिक अध्ययनमा लैङ्गिकता *भृकुटी* (सांस्कृतिक अध्ययन विशेषाङ्कक, भाग १९), पृ. ३२७-३३) ।

तिवारी, जीवनाथ (२०७५/७६), भागीरथी श्रेष्ठका कथामा विश्वदृष्टि, अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, मानविकी तथा सामाजिकशास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर ।

त्रिपाठी, सुधा (सन् २०१२), नेपाली उपन्यासमा नारीवाद, काठमाडौँ : *भृकुटी* एकेडेमिक पब्लिकेसन ।

दाहाल, खेम (२०५८). आधुनिक नेपाली उपन्यासको समाजशास्त्र, अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, काठमाडौँ : नेपाली विभाग त्रि.वि. ।

दाहाल, भीमप्रसाद (२०७०), तीन बास कथामा विश्वदृष्टि, *प्राज्ञिक संसार,* वर्ष १ अङ्क ९. पृ. ८६-९० ।

पाण्डे, ज्ञानू (२०६२), तीन घुम्ती उपन्यासलाई लैङ्गिक दृष्टिले नियाल्दा, *गरिमा,* (वर्ष ३०, अङ्क ७, पूर्णाङ्क ३६५-७३ ।

पाण्डे, ज्ञानू (२०६९), *नेपाली उपन्यासमा लैङ्गिकता,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

पाण्डेय, ताराकान्त (२०७३), *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र,* ललितपुर, साझा प्रकाशन ।

पाण्डेय, ताराकान्त (२०७३), *सांस्कृतिक अध्ययन र साहित्य समाजशास्त्र,* ललितपुर : साझा प्रकाशन ।

पाण्डेय, मैनेजर (इ.१९८९), *साहित्य के समाजशास्त्र की भूमिका,* चण्डीगड : हरियाणा साहित्य अकादमी ।

प्रधान, कृष्णचन्द्रसिंह (२०५२), *नेपाली उपन्यास र उपन्यासकार* (तेस्रो संस्क.), ललितपुर : साझा प्रकाशन ।

प्रधान, कृष्णचन्द्रसिंह (२०५८), *साझा समालोचना* (पाँचौं संस्क.), ललितपुर : साझा प्रकाशन ।

प्रधान, हृदयचन्द्रसिंह (२०७४), *स्वास्नीमान्छे* (दसौं संस्क.), ललितपुर : साझा प्रकाशन ।

प्रधान, हृदयचन्द्रसिंह(२०७५), *एक चिहान* (दोस्रो संस्क.), ललितपुर : साझा प्रकाशन ।

बराल, ऋषिराज (२०४८), प्रगतिवादी नेपाली उपन्यासका मूल प्रवृत्ति*,* अप्रकाशित विद्यावारिधि शोधपत्र, त्रि.वि. , कीर्तिपुर ।

बराल, ऋषिराज (२०६३). *उपन्यासको सौन्दर्यशास्त्र* (दोस्रो संस्क.), ललितपुर : साझा प्रकाशन ।

बराल, ऋषिराज (२०६७). *मार्क्सवाद र उत्तर आधुनिकतावाद,* ललितपुर : साझा प्रकाशन ।

बराल, कृष्णहरि र एटम, नेत्र (२०५८), *उपन्यास सिद्धान्त र नेपाली उपन्यास* (दोस्रो संस्क.), ललितपुर : साझा प्रकाशन ।

भट्टराई, रमेशप्रसाद (२०७७), *सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ,* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

भेटवाल, भागीरथी (२०७१/७२), *हृ*दयचन्द्रसिंह प्रधानका उपन्यासमा सामाजिक यथार्थ*,* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, मानविकी तथा सामाजिकशास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर ।

राई, इन्द्रबहादुर (२०५८), *नेपली उपन्यासको आधारहरू* (तेस्रो.संस्क), ललितपुर : साझा प्रकाशन ।

लुइटेल, खग्रेन्द्रप्रसाद (२०३९), *नेपाली उपन्यासको इतिहास,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

श्रेष्ठ, उषा (२०७९/७०), ऋषिराज बरालका कथामा विश्वदृष्टि*,* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, मानविकी तथा सामाजिकशास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर ।

श्रेष्ठ, चन्द्रमान (२०७१), पारिजातका उपन्यासको समाजशास्त्रीय अध्ययन*,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, मानविकी तथा सामाजिकशास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर ।

श्रेष्ठ, जीवन (२०७०), टेष्ट्युव बेवी र मेरी प्रेमिका कथा र लुसिएँ गोल्डमानको समाजशास्त्र, *प्राज्ञिक संसार,* वर्ष १, अङ्क १० पृ. २८-३८ ।

श्रेष्ठ, वंशी (२०३०), *स्वास्नीमान्छे :* केही टिप्पणी, *विदेह* (वर्ष २) पृ. ९८-९४) ।

शर्मा, पौडेल हीरामणि (२०६१), *समालोचनाको बाटोमा* (दोस्रो संस्क), ललितपुर : साझा प्रकाशन ।

शर्मा यादवप्रसाद (२०७०), रातभरि हुरी चल्यो कथामा विश्वदृष्टि, *प्राज्ञिक संसार,* वर्ष २, अङ्क ३, पृ. ३०-३३) ।